# रामेछाप नगरपालिकाको रणनीतिक योजना

## आ.व. २०७५/०७६–२०७९/०८०

## भाग -३ विस्तृत योजना



रामेछाप नगर कार्यपालिकाको कार्यालय, रामेछाप

प्रदेश ३, नेपाल

पौष, २०७५

# रामेछाप नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
३ नं प्रदेश, नेपाल

www.ramechhapmun.gov.np
Email: ramechhapmun@gmail.com
फोन नं. :- ०४८-४००११७ (प्रमुख)
०४८-४००११८ (उपप्रमुख)
०४८-४००११६ (प्र.प्र.अधिकृत)
फ्याक्सनं.:- ०४८-४०००१२


प.सं.:
च.नं.:

मितिः २०७५।०६।२१

# दुई शब्द



नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीन वटै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संविधानको अनुसूची-८ को स्थानीय तहको अधिकारको सूचीले स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन र बेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदनले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, वेरोजगारको तथ्याङ्क सहित स्थानीय तहको आधारभूत तथ्याङ्क, सँम्भाव्य प्राकृतिक, भौतिक र साँस्कृतिक श्रोत साधनको तथ्याङ्कीय अभिलेख, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनलाई स्थानीय तहको कार्य क्षेत्र भनी उल्लेख गरेको छ ।

यसै सन्दर्भमा रामेछाप नगरपालिकाको ऐतिहासिक प्रथम नगर सभाले लिएको लक्ष्य **“कृषि, पर्यटन, सडक, खानेपानी हाम्रो पुर्वाधार, रामेछाप नगर विकासको दिगो आधार”** प्राप्तिको लागि रामेछाप नगरपालिकाले नगरको वस्तुगत विवरणमा आधारमा रही योजना तर्जुमा, नतिजा अनुगमन तथा सेवा प्रवाहको लागि आवश्यक आधारभूत विवरण संकलन गर्ने र उपलब्ध स्रोत साधनको समुचित उपयोग सुनिश्चित गर्ने उद्देश्यका साथ सुचना प्रविधिमा आधारित वस्तुगत विवरण तयारी गर्नुका साथै नगरको पाचवर्षे रणनीतिक योजना तयार गर्ने सोचका साथ यो **“रामेछाप नगरको वस्तुगत विवरण तथा पाँचवर्षे रणनीतिक योजना २०७५”** नामक पुस्तिका प्रकाशन गर्न लागिएको छ । प्रस्तुत पुस्तिकाले नगरपालिकाको बस्तुगत विवरण, श्रोत नक्साहरुको संगालो,रणनीतिक योजना र नगर, वडा तथा वस्तीबाट प्राप्त योजनाहरुलाई समेटिको छ भने भर्खरै स्थापना भएको नगरपालिकामा नगर विकासको लागि आवश्यक नक्सा, तथ्य/तथ्यांकहरुको अभाव भईरहेको सन्दर्भमा यस नगर वस्तुगत विवरणले योजना निर्माणको लागि आधार प्रदान गर्ने तथा पाचवर्षे रणनीतिक योजनाले योजनाबद्ध विकासको आधार दिने अपेक्षा राखेको छु ।

अन्त्यमा, यस पुस्तिका तयारीका लागि सहयोग, सल्लाह, सुझाव दिनु हुने सम्पुर्ण नगर कार्यपालिका सदस्य, नगरसभा सदस्यहरु, सवै राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, कर्मचारीहरु, समस्त नगरबासी, यो पुस्तिका तयार गर्न सहयोग गर्ने यस नगरपालिका वडा नं. ५ स्थित रामपुरका सामाजिक संस्था श्री चारघरे सेवा समितिलाई विशेष धन्यबाद दिन चाहन्छु ।

..............................
नर बहादुर थापा मगर
नगर प्रमुख

# कृतज्ञता ज्ञापन



संघीय संरचनामा स्वरुपमा गठित रामेछाप नगर कार्यपालिकाले नागरिकको ईच्छा, आकांक्षा पूरा गर्ने दस्तावेजको रुपमा प्रस्तुत नगर वस्तुगत विवरण तथा रणनीतिक योजना तयार गर्ने महत्वपूर्ण र ऐतिहासिक जिम्मेवारीका लागि प्राविधिक सहयोग र सहजीकरणका निम्ति श्री चारघरे सेवा समितिलाई प्रदान गरेकोमा नगर प्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्न चाहन्छ । यस महत्वपुर्ण अवसरका लागि नगर प्रमुख श्री नरबहादुर थापामगर ज्यू, उप प्रमुख श्री सिर्जना खड्का ज्यू,कार्यकारी प्रमुख श्री ईश्वरराज दाहाल ज्यू, वडा नं. १ देखि ९ सम्मका वडा अध्यक्षज्यूहरु क्रमशः श्री नरबहादुर थापा, श्री निरबहादुर श्रेष्ठ, श्री भुपालराज श्रेष्ठ, श्री टुपेन्द्र तामाङ, श्री भीमबहादुर तमाङ, श्री धनबहादुर खड्का, श्री समीर कार्की, श्री केदार कार्की र श्री चन्द्रबहादुर श्रेष्ठ र नगर कार्यपालिकाका सम्पुर्ण सदस्यहरु, वडाका सदस्यज्यूहरु लगायत आम नगरवासी जनसमुदायहरु प्रति आभार प्रकट गर्दै प्राप्त सहयोग सुझाव र सकृय सहभागिताको लागी कृतज्ञता ब्यक्त गर्न चाहान्छ ।

यस वस्तुगत विवरण (नगर प्रोफायल) तथा रणनीतिक योजनाको खाका निर्माणका लागि आ-आफ्नो तर्फबाट सहयोग गर्नुहुने राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष श्री जगदीशचन्द्र पोखरेल, उद्योग, वन तथा वातावरण मन्त्रालय प्रदेश नं. १ का वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत श्री शेरवहादुर श्रेष्ठ (नगरवासी), वातावरण तथा अर्थविद् डा. राजेश राई (नगरवासी) , लामो समय शिक्षा सेवामा कार्यरत शिक्षा मन्त्रालयका उप-सचिव श्री राधाकृष्ण घिमिरे (नगरवासी) र शहीद स्मृति बहुमुखी क्याम्पस मन्थलीका पूर्व प्राचार्य श्री गुन्जवहादुर श्रेष्ठ ,स्वास्थ्य क्षेत्रका अभियन्ता डा. सुमन कर्माचार्य (नगरवासी) लगायत राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु लक्ष्मण कुमार घिमिरे, रोशन पाख्रिन, कमलबिक्रम कार्की, मोतीलाल तामाङ, विषयगत कार्यालय, विषयगत समितिका सदस्यहरु, महिला सदस्यहरु, दलित जनजाती समुदायका प्रतिनिधिहरु, सामुदायिक वन उपभोक्ता नगर महासंघका प्रतिनिधिहरु, समाजसेवी वुद्धिजिवी, पत्राकार, संञ्चारकर्मी, सरकारी तथा गैरसरकारी संस्था, विद्यालय, सामाजिक संघ-संस्था प्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यसैगरी महत्वपूर्ण र ऐतिहासिक कार्यमा प्राविधिक सहयोगीको भूमिका निर्वाह गर्नु हुने भूगर्भविद् डा.प्रदीप पौडल, अर्थविद् एवम् जिविस महासंघका पूर्व महासचिव डा. शेषरमण न्यौपाने, भू सुचना प्रविधि विज्ञ श्री निरोज तिमल्सिना, सुचना ब्यवस्थापन तथा तथ्यांक विश्लेषक श्री राजकुमार रिमाल, स्थानीय विकास सम्वन्धी अनुभवि श्री जीवनाथ पोखरेल तथा तथ्यांक ब्यवस्थापक श्री नवराज श्रेष्ठ ज्यूहरुको आआफ्नो क्षेत्रको महत्वपूर्ण जिम्मेवारी र भूमिकाको लागि कदर गर्न चाहन्छु । यसै गरी समग्र परियोजनाको संयोजन गर्नुहुने दिव्यदृष्टि कन्सल्टेन्सी प्रा.लि. का श्री बिर्ख क्षेत्री, फिल्ड संयोजन गर्नुहुने श्री कर्ण वि.क., श्री कल्पना तामाङ लगायत प्रत्यक्ष र परोक्ष रुपम सहयोग गर्नु हुने संस्थाका पदाधिकारीहरु विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

वस्तुगत विवरण तयारीको लागि घरधुरी सर्वेक्षण तथा तथ्याँक संकलनमा महत्वपूर्ण योगदानगर्नु हुने रामेछाप नगरपालिका वडा नं १ बाट शारदा कार्की र निर्मला श्रेष्ठ, वडा नं २ बाट सम्झना वस्तेत र नेत्र वहादुर श्रेष्ठ वडा नं ३ बाट उज्वल ढकाल र कोपिला ढकाल, वडा नं ४ बाट सविता सुनुवार र सन्जु श्रेष्ठ, वडा नं ५ बाट यामकुमारी तामाङ र दिलकुमारी तामाङ, वडा नं ६ बाट लिलावहादुर मगर र अन्जु तामाङ, वडा नं ७ बाट सरीता हायू र राजु विक्रम वस्नेत, वडा नं ८ बाट रमेश तामाङ र सुमित्रा रायमाझी, वडा नं ९ बाट राजकुमार श्रेष्ठ र दीपक श्रेष्ठ लगायत अन्य टोल तथा वस्ती भेलामा सहयोग गर्नुहुने सवै प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

अन्त्यमा संघीय संरचनामा नवगठित नगरपालिकामा विकास कार्यक्रमका लागी आवश्यक भइरहेको तथ्यांक र सोको आधारमा दीर्घकालीन योजनाको खाका तयार गर्न प्रस्तुत नगर बस्तुगत विवरण तथा रणनीतिक योजनाले नगर विकासको लागि महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने यस संस्थाले विश्वास लिएको छ ।

........................

कोमलदास श्रेष्ठ

कार्यकारी प्रमुख

श्री चारघरे सेवा समिति, रामेछाप

# ABBREVIATIONS

| | | |
|---|---|---|
| CEDAW | : | Convention on the Elimination of all forms of Discrimination against Women |
| BPFA | : | Beijing Platform for Action |
| CRC | : | Convention on Rights of Child |
| CRPD | : | Convention on the Rights of Persons with Disabilities |
| CSS | : | Shree Charghare Sewa Samiti |
| CHURDEP | : | Community Human Resource Development Program |
| RBPW | : | Rural Business Promoters Woman's Groups (Ask ????) |
| TSS | : | Tamakoshi Sewa Samiti |
| CDS | : | Community Development Society |
| ICT | : | Information and Communication Training |
| DHIS2 | : | District Health Information system 2 |
| SDGs | : | Sustainable Development Goals |
| GPS | : | Global Positioning System |
| LRMP | : | Land Resource Mapping Project |

# विषय सूची


अध्याय १ : परिचय

१.१. पृष्ठभूमि १

१.२. योजनाको औचित्य १

१.३. योजना निर्माणको उद्देश्य १

१.४. योजनावद्ध विकासको राष्ट्रिय र स्थानीय परिवेश २

१.५. रणनीतिक योजना परिचय ३

१.६. योजना निर्माणका आधारहरु ४

१.६.१. संबैधानिक तथा कानुनी आधारहरु ४

१.६.२. दिगो विकास लक्ष्य (SDG Goals): ४

१.६.३. लैंगिक तथा सामाजिक समावेशीकरण ५

१.६.४. जलवायु परिवर्तन अनुकुलन ५

१.६.५. बालमैत्री स्थानीय शासन ६

१.७. रणनीतिक योजनानीर्माण प्रक्रिया ६

१.८. रणनीतिक योजनाका विशेषताहरु ८

१.९. नगरपालिकाको संक्षिप्त परिचय ९

**अध्याय २: स्थिति नक्सांकन**

२.१. नगरपालिकाको विकास सूचकहरु ११

२.२. नगर विकासका संम्भावनाहरु १४

२.३. नगरपालिकाको अवसर तथा चुनौतिहरु १७

२.४. पहिलो वर्षको समीक्षा र दोश्रो वर्षको योजना २५

२.५. वर्तमानबाट भविष्यतिर २६

**अध्याय ३: सोच, लक्ष्य, रणनीति तथा कार्यनीतिहरु**

३.१ दीर्घकालीन सोच २७

३.२ आवधिक लक्ष्य २७

३.३ आवधिक उद्देश्य २७

३.४ प्रमुख रणनीति २७

३.५. कार्यनीति तथा प्रमुख २८

३.५.१. कृषि, वन तथा वातावरण २९

३.५.२. पर्यटन प्रवर्धन ३३

३.५.३. उद्यम तथा रोजगारी ३३

३.५.४. शिक्षा क्षेत्र ३४

३.५.५. स्वास्थ्य क्षेत्र ३५

**अध्याय ४ : क्षेत्रगत योजना**

४.१. आर्थिक विकास ३६

४.२. सामाजिक विकास ४८

४.३. पूर्वाधार विकास ६०

४.४. वन, वातावरण तथा विपद व्यवस्थापन ६७

४.५. न्याय, सुशासन तथा संस्थागत विकास ७२

**अध्याय ५: वित्तीय व्यवस्थापन**

५.१ कानुनी आधार ७८

५.२ श्रोत अनुमानका क्षेत्रहरु ७८

५.३ वृद्धिदर अनुमानको आधार ७९

५.४ नगरपालिकाको कुल आवधिक आम्दानी अनुमान ८०

५.५ नगरपालिकाको क्षेत्रगत आवधिक खर्च अनुमान ८१

५.६. योजनाको प्राथमिकीकरणका आधार ८२

५.७. वित्तीय व्यवस्थापन तथा बजेट परिचालन ८८

**अध्याय ६: लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

६.१ रामेछाप नगरमा लै.स.सा.स को अवस्था ८९

६.२ प्रमुख कार्यक्रमहरु ८९

६.३ समानता तथा समावेशीकरणका क्षेत्र र कार्यान्वयन रणनीतिहरु ९१

**परिच्छेद ७ : सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन**

७.१. सेवा प्रवाह तथा संस्थागत विकास ९२

७.२. नगरपालिकाको संगठन, सेवा प्रवाह तथा सदाचारिता ९३

७.३. सरोकारवाला तथा भूमीका विश्लेषण ९५

७.४. सुशासन तथा पारदर्शिता १०८

७.५. पारदर्शिता १०९

**परिच्छेद ८ : योजना, अनुगमन, मूल्यांकन तथा अभिलेख व्यवस्थापन**

८.१ योजना प्रक्रिया १११

८.२ कार्यान्वयन प्रक्रिया ११२

८.३. अनुगमन तथा मूल्यांकन प्रक्रिया ११३

८.४ अभिलेख व्यवस्थापन ११६

८.५ अनुसन्धान र विकास ११६

**अनुसूची १**

रोजगारी तथा आयआर्जनका सम्भाव्य क्षेत्रहरु ११७

अनुसूची २ सुख्खा क्षेत्र ब्यवस्थापन नीति ११८

अनुसूची ३ पर्यटन प्रवर्धनका प्याकेजहरु १२५

अनुसुची ४ रामेछाप नगरपालिका शिक्षा शाखाको सोचपत्र २०७५ १२८

अनुसुची ५ रामेछाप नगर र नगर स्वास्थ्य शाखाको सोचपत्र १३३

अनुसुची ६ नगरको भू-उपयोग सोचपत्र १४२

अनुसुची ७ एकिृत बस्ती विकासको अवधारणा १४६

सन्दर्भ सामग्रीहरु १४८

| | |
|---|---|
| **दस्तावेज** | : रामेछाप नगरपालिकाको रणनीतिक योजना, २०७५ |
| **सर्वाधिकार** | : रामेछाप नगर कार्यपालिकाको कार्यालय, रामेछाप, प्रदेश ३, नेपाल |
| **योजना निर्माण सहजीकरण** | : श्री चारघरे सेवा समिति, रामेछाप न.पा. ५, रामपुर |
| **आर्थिक र प्राविधिक सहयोग** | : रामेछाप नगरपालिका, रामेछाप, प्रदेश ३, नेपाल |
| **संस्करण** | : पौष २०७५ |

# अध्याय १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । स्थानीय तहका सरकारको सञ्चालन तथा व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ समेत जारी गरी लागु भइसकेको अवस्था छ । उक्त ऐनको परिच्छेद ६ अन्तर्गत दफा २४ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा स्थानिय स्तरको विकासको लागि आबधिक, रणनीतिक, विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना बनाई लागु गर्नु पर्ने प्रावधान रहेको छ । उक्त प्रावधान अनुसार नगरका समग्र पक्षलाई समेटी नगरपालिकाको रणनीतिक योजना तयार गरी त्यसैका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी विकास कार्य संचालन गर्नको लागि यो रणनीतिक योजना तयार पारिएको हो । यस योजना तर्जुमा प्रक्रियामा दिगो विकास लक्ष्यको अवधी समेतलाई ध्यानमा राख्दै नगरपालिकाको १५ वर्षको लागि दीर्घकालिन सोच राखि ५ वर्षको अल्पकालिन योजना तयार गरिएको छ ।

## १.२ योजनाको औचित्य

नेपालमा विगतमा स्थानिय निकायको विकासका निम्ति धेरै प्रयासहरु भए र विभिन्न मोडलबाट नगरका आवधिक योजनाहरु बने । योजनाहरु त बने तर नगण्य मात्र कार्यान्वयन भएका देखिन्छन् । कार्यान्वयन नहुनुको मुख्य कारण मध्ये योजना तर्जुमा गर्ने पद्धति हो । धेरैजसो योजनाहरु वाहिरी सहयोगमा नगर बाहिरका सिमीत समयको लागि आउने परामर्शदाताहरुबाट द्धितिय श्रोतका तथ्याङ्कमा आधारित रहेर बनाइने चलन छ । जसले गर्दा स्थानीय स्तरमा नै खास समस्या के हो र स्थानिय स्तरमा त्यसको उपयुक्त समाधान कसरी हुन सक्ला भनेर योजनाले समेट्न सकेन र योजना पनि खासै कार्यान्वयन हुन सकेन । उक्त कुरालाई मनन गर्दै यस रणनीतिक योजनामा रामेछाप नगरको आफ्नै श्रोत साधनमा नगर नगर भित्रबाट उत्पादित जनशक्तिहरुको अग्रसरता तथा कार्यपालिकाका सदस्यहरुको अगुवाइमा वडा तथा वस्तीस्तर सम्म गै योजना तयारी गर्ने जमर्को गरिएको छ भने स्थानिय जनसमुदायले बुझ्ने सरल भाषा,ईकाई तथा मापदण्डहरु राख्ने प्रयास गरिएको छ। यस योजना अन्तर्गत दीर्घकालीन रुपमा नगरलाई कतातर्फ लग्ने हो भनी एउटा निश्चित सोच बनाई नगरका प्रमुख समस्यालाई संम्बोधन हुने गरी ५ वर्षको अल्पकालिन योजना बनाइएको छ ।

यसको अलावा विगतमा भएका आवधिक योजनाहरु धेरैजसो भौतिक पूर्वाधारमा केन्द्रित थिए । शिक्षा, स्वास्थ्य, आर्थिक समृद्धि आदि जस्ता सामाजिक र आर्थिक पक्षहरुलाई ती योजनाहरुले तुलनात्मक रुपमा कम समेटेको देखिंन्थ्यो । यिनै कमजोरीहरुलाई समेटेर यस रणनीतिक योजनाले भौतिक मात्र नभई सामाजिक, आर्थिक, वित्तिय तथा संस्थागत जस्ता विकासका निम्ति अत्यावश्यक विषयबस्तुलाई पनि समेट्ने प्रयास गरेको छ ।

## १.३ योजना निर्माणको उद्देश्य

हालको पुर्नसंरचना अनुसार गठन भएको स्थानिय तहको सरकारको आवधिक रणनीतिक योजनाको छुट्टै निर्देशिका आई नसकेको सन्दर्भमा विद्यमान नीति,कार्यक्रम,कार्यक्षेत्र तथा साविक स्थानीय विकास मन्त्रालयको आवधिक योजना तर्जुमा निर्देशिका २०५९ को विषय बस्तुहरु समेतलाई परिवर्तित सन्दर्भमा उपयोग गर्दै यो रणनीतिक योजना तयार गरिएको छ ।यो रणनीतिक योजना ५ वर्षे मध्यकालिन आविधिक योजना नै हो । यो योजना निर्माणको समयमा नेपालमा वित्तिय ब्यावस्थापन,सांगठानिक र प्रशासनिक पुर्नसंरचनाले पुर्णता पाई नसकी आन्तरिम ब्यावस्थापन अनुसार परिचालित हुन पर्ने अवस्था रहेको सन्दर्भमा संविधानको अनुसुचि बमोजिमका अधिकारहरुको बाडफाड,वृस्तृतिकरण प्रतिवेदन तथा स्थानिय सरकार सञ्चालन ऐनले दिएका दायित्वहरु पुरा गर्ने तथा नगरलाई समृद्धि तर्फ डोऱ्याउने उपायहरुको संगालोको रुपमा यो रणनीतिक योजना तयार पारिएको छ। यसमा नगरको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोच निर्धारण गरी सो लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न ५वर्ष अवधिका लागि लक्ष्य र उद्देश्यहरु निर्धारण गरिएको छ। यसको निम्न उद्धेश्यहरु रहेका छन् ।

क) नेपालको संविधान २०७२, वृस्तृतिकरण प्रतिवेदन र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार क्षेत्र भित्रको विषयमा ५ वर्षे रणनीतिक योजना निर्माण गर्ने ।

ख) भौतिक, सामाजिक, वातावरणीय व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत विकास एवं नगरको सर्वाङ्गिण विकासको उद्देश्य र तदनुरुपका लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रमहरु, बजेट निर्धारण तथा सरोकारवालाहरु (Stakeholders) को पहिचानलाई समेत समेटी योजना तयार गर्नु ।

## १.४ योजनावद्ध विकासको राष्ट्रिय र स्थानीय परिवेश

वि.सं. २०१३ सालबाट शुरु भएको नेपालको योजनाबद्ध विकास प्रक्रियाको छ दशक पुरा भैसकेको छ । यसबीचमा देशले तीस वर्षे पञ्चालयतकाल, सोह्र वर्षे प्रजातान्त्रिक काल र बाह्र वर्षे गणतान्त्रिक काल पुरा भइ संघीय शासन लागु भएको भर्खर पहिलो वर्ष पार भएको छ । गणतान्त्रिक व्यवस्था आउनुअघि देशले एक दशक लामो द्वन्द्वसहित तीन वर्ष लामो संकटकाल पनि भोगेको थियो । गणतन्त्रको घोषणापछि पनि संघीय शासन लागु हुन फेरि एक दशक लाग्यो । विकासको टेडोमेडो र संघर्षपूर्ण यो यात्राले देशलाई धेरै सवालहरुको पाठ सिकाइसकेको छ । यसको मूल शिक्षा भनेको समावेशी, समतामूलक र प्रविधियुक्त विकास नै हो । संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र देशले प्रतिवद्धता जनाएको विकासका अन्तरराष्ट्रिय आधारहरु दिगो विकासका लक्ष्यसमेतलाई मध्यनजरमा राखी प्रस्तुत आवधिक योजना तयार गरिएको छ ।

विद्यमान सन्दर्भमा विकासको राष्ट्रिय प्राथमिकता सामाजिक न्यायसहितको आर्थिक समृद्धि हो र नेपालले अन्तरराष्ट्रिय प्रतिवद्धता जनाएअनुसार संयुक्त राष्ट्रससंघले अवलम्बन गरेको दिगो विकास लक्ष्य २०३० बमोजिम नेपालले आफ्नो योजनामा १७ वटा विकास क्षेत्रका सूचकहरु अंगीकार गरेको छ । ती समेतलाई आधार लिइ संघीय सरकाले तय गरेका विकास प्राथमिकता तथा रणनीति र आवधिक लक्ष्यहरुलाई आधार मानी नगरपालिकाले आफ्नो नगरक्षेत्रको विकासको आवधिक विकासको खाका तयार गरेको छ ।

नेपालको संविधान २०७२ को धारा५७(४) ले स्थानीय सरकारलाई राज्यशक्तिको प्रयोग गर्ने ठोस अधिकारहरु प्रदान गरेको छ । यस अन्तर्गत स्थानीय सरकारले विकासका लागि गर्नुपर्ने कामहरुको दायरा धेरै विस्तार भएको छ । यसका साथै स्थानीय सरकार, प्रदेश र संघबीचका अधिकारहरुको बाँडफाड पनि गरेको छ । संविधाको  भाग १७,१८ र १९ले स्थानीय कार्यपालिका, व्यवस्थापिका र आर्थिक कार्यप्रणालीको व्यवस्था गरी स्थानीय सरकारको कार्यव्यवथालाई निर्देशित गरेको छ । स्थानीय तह एक त्यस्तो स्थानिय सरकार हो जसमा भौगोलिक एकाईको रुपमा गाउँ तथा नगरपालिका, स्थानीय कार्यकारी संयन्त्रको रुपमा नगरकार्यपालिका र स्थानीय व्यवस्थापकीय संयन्त्रको रुपमा नगर सभा रहन्छ । साथै गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय कायम गर्न जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था रहेको छ ।

मूलतः स्थानीय तहका अधिकार र माथिल्लो तहका अधिकार तथा जिम्मेवारीसम्बन्धी योजनासमेत सम्बोधन हुने गरी यो रणनीतिक योजना तयार गरिएको छ ।

## १.५ रणनीतिक योजना परिचय

यो रणनीतिक योजना नगरको हालको अवस्था तथा नगर विकासको भावी गन्तव्यको दृष्टान्त दिने एउटासोच पत्र हो र यसले वर्तमान अवस्था र भविश्यमा देख्न चाहेको अवस्थाको वीचको खाडल ९न्बउ) पहिल्याउदै समृद्ध रामेछापको चाहनापुरा गर्न लिनु पर्ने नीति, रणनीति ,कार्यनीति तथा कार्यक्रमहरुको कार्यदिशा दिने प्रयास गरेको छ ।माथिको उद्धेश्य खण्डमा भनीए झै यो रणनीतिक योजना ५ वर्षे मध्यकालिन आविधिक योजना नै हो ।यो योजना निर्माणको समयमा नेपालमा वित्तिय ब्यावस्थापन,सांगठानिक र प्रशासनिक पुर्नसंरचनाले पुर्णता पाई नसकी आन्तरिम ब्यावस्थापन अनुसार परिचालित हुन पर्ने अवस्था रहेको सन्दर्भमा संविधानको अनुसुचि बमोजिमका अधिकारहरुको बाडफाड,वृस्तृतिकरण प्रतिवेदन तथा स्थानिय सरकार सञ्चालन ऐनले दिएका दायित्वहरु पुरा गर्ने तथा नगरलाई समृद्धि तर्फ डोऱ्याउने उपायहरुको संगालोको रुपमा यो रणनीतिक योजना तयार पारिएको छ ।

नगरको विकासका लागि लामो समयदेखि प्रतिक्षारत जनताका अनेकौं ईच्छा,आकांछा र मागहरु तथा सार्वजनिक महत्वका कार्यहरु धेरै रहेको तर त्यसको व्यवस्थापनका लागि थुप्रै ब्यावस्थापकिय चुनौतीहरु रहेका छन् । भर्खरै स्थापना भएको नगरपालिकामा नगरको भौगोलिक क्षेत्र, अधिकार क्षेत्र, नगरको सांगठानिक स्वरुप, प्रशासनिक संयन्त्र तथा नेतृत्वलगायतका धेरै संरचनाहरु निर्माणाधिन रहेको अवस्था  ती मागहरु व्यवस्थित सम्बोधनका लागिनगर कार्यपालिकाले एउटाजननिर्वाचित स्थानिय सरकारको हैसियतमा दीर्घकालीन ढाँचाको तर्कवद्ध योजनाको आवश्यक्ता महसुस गरेको र यस्तो योजना नगरको कानुनी दायित्व पनि भएकोले सो अनुसारको रणनीतिक योजना तयार गर्ने निर्णयअनुसार यो रणनीतिक योजना तयार भएको हो ।

प्रस्तुत योजनाले नगरपालिकाको विद्यमान वस्तुस्थितिको आधारमा आगामी पाँच वर्षको विकास मागर्दशन अवलम्बन गरेको छ । यो रणनीतिक योजनामा चार खण्डहरु रहेको छ पहिलो खण्डमा नगर बस्तुगत विवरण (नगर प्रोफायल),दोश्रोमा स्रोत नक्साहरुको संगालो,तेश्रोमा रणनीतिक योजना र चौथौमा बजेत कार्यक्रम (कार्ययोजना) रहेको छ।नगरबस्तुगत विवरण तयारीका लागि घरधुरी सर्वेक्षण, स्रोत सर्वेक्षण तथा नक्सांकन, विभिन्न सरकारी निकायहरुबाट प्रकाशित तथा संग्रहित स्रोत

सामग्रीको प्रयोग गरिएको र योजना तर्जुमातर्फ बस्ती, वडा, विषयगत कार्यालय तथा नगरपालिकाको विषयगत समितिहरुबीच श्रृंखलावद्ध छलफल गरी अन्तमा नगर कार्यपालिका स्तरीय बैठकबाट पारित गरिएको हो ।

यो रणनीतिक योजनाले नगरको दिगो विकासका लागि मूलतः समावेशी, समतामूलक र प्रविधियुक्त विकास अवलम्बन गर्ने अवधारणा लिएको छ । जस अन्तर्गत विकासमा सबै वर्ग, पेशा, भूगोल, जाति, लिंग, अवस्थाका व्यक्तिहरुको सहभागिता र पहुँच वृद्धि गर्ने तथा प्रविधितर्फ विशेषतः कृषि, पशुपालन, खानेपानी र सूचना प्रविधिको पहुँच वृद्धि गर्ने अवधारणा रहेको छ ।

प्रस्तुत योजनाको अवधि आ.व. २०७५र०७६ देखि २०७९र०८० सम्म पाँच वर्षको रहेको छ ।

## १.६. योजना निर्माणका आधारहरु

यस रणनीतिक योजना निर्माणको सन्दर्भमा विभिन्न कानुनी तथा नीतिगत आधारहरु,नेपाल पक्ष रहेका अन्तराष्ट्रिय महासन्धि,सम्भौताहरु एवं राज्यका दायित्वहरुलाई आधार लिइएका छन् । ति आधारहरुको संक्षिप्त विवरण यस उपखण्डमा गरिएको छ ।

### १.६.१.सवैधानिक तथा कानुनी आधारहरु

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तीको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२), धारा २२६ को उपधारा (१) अनुसार स्थानीय तहको अधिकारको सूची अनुसूची ८ बमोजिम हुने व्यावस्था गरेको छ । यसै सन्दर्भमा नेपाल सरकारले मिति २०७४।६।२९ गते स्थानीय सरकार सञ्चालन ऐन,२०७४ जारी गरी लागु गरेको आवस्था छ । सो ऐनले नगरपालिकालाई एकल अधिकार अन्तर्गत २२ वटा, संघ प्रदेश र कानूनको अधिनमा रही ११ वटा र यसका अतिरिक्त सञ्चार र यातायात सेवाको समेत जिम्मेवारी दिएको छ । उक्त ऐनको दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रका विषयमा स्थानीय स्तरको विकासका लागि रणनीतिक,बार्षिक,रणनीतिक बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास क्षेत्रको योजना बनाई लागू गर्ने व्यवस्था छ ।

त्यसै गरीस्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, रणनीतिक तथा रणनीतिक र दीर्घकालिन योजनाहरु तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ भने नेपाल सरकारको आवधिक योजनाहरु अन्तर्गत चालु चौधौ योजनाले विभिन्न क्षेत्रगत लक्ष्य र उद्धेश्यहरु तय गरेका छन् ।उक्त दिग्दर्शन तथा योजनाहरुलाई समेत नीतिगत आधारको रुपमा लिइएको छ ।

### १.६.२.दिगो विकास लक्ष्य (SDG Goals)

संयुक्त राष्ट्र संघको साधारण सभाले गत सन् २०१५ को सेप्टेम्वर महिनामा सन २०१६ देखि २०३० सम्ममा दिगो विकासका १७ वटा लक्ष्य १६९ वटा उपलक्ष्यहरु पारित गरेको थियो ।त्यस लक्ष्यमा नेपालले पनि प्रतिवद्धता जाहेर गरेको छ । यो दिगो विकास लक्ष्य ९क्म्न न्यबकि०नेपाल सरकारको दिर्घकालिन लक्ष्य पनि रहेको सन्दर्भमा वडा तथा वस्ती भेलाबाट रणनीतिक योजना तयारीको खाका निर्माण गर्दा यी लक्ष्यहरुलाइ पनि आधार बनाईएको थियो । यी लक्ष्यहरुलाई तलको

चित्रमा देखाइए झैं मुलत तीनवटा पक्षहरु(वातावरणिय पक्ष,सामाजिक पक्ष र आर्थिक पक्ष)मा समुहकृतहुने गरी यथासक्य त्यसका सूचकहरुलाइ समेत आधार मानी योजना निर्माणमा सहजीकरण गरिएको थियो । नेपाल सरकारको दिर्घकालिन लक्ष्य पुरा गर्ने सन्दर्भमा यस योजनाले सो लक्ष्य पुरा गर्ने सवालमा स्थानिय तहको योजनाको खाका प्रदान गर्ने अपेक्षा गरिएको छ ।




चित्र १: दिगो विकास लक्ष्यहरु तथा योजना निर्माणको आधार

### १.६.३. लैंगिक तथा सामाजिक समावेशिकरण

रामेछाप नगरको सन्दर्भमा सामाजिक वञ्चितीकरणमा परेका समूहहरूमा मुख्यतः महिला, दलित, आदिवासी जनजाति, सोह्र वर्ष मुनिका बालबालिकाहरू र ६० वर्ष माथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रम बसेका जनताहरु हुन । संविधानले दिएको मौलिक हक कार्यान्वयनका लागि संविधानको धारा ३८(३) बमोजिम सबै प्रकारका महिला हिंसालाई कानुनी दायरामा ल्याउने र पीडितलाई क्षतिपूर्ति दिने र धारा ३८ (५) बमोजिम महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अधिकार सुनिश्चित गर्ने विषयहरु योजनाको निर्माणको खाकामा राखी छलफल गराईएको थियो । नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धि सम्झौता ( महिला विरुद्ध हुने सबै किसिमका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW) र बेइजिंग घोषणा तथा कार्ययोजना (BPFA) र बाल अधिकार सम्बन्धी महासन्धि (CRC) र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि (CRPD) र दिगोबिकासका लक्ष्यका सुचकहरुलाइ योजना निर्माणको आधारको रुपमा लिइएको छ ।

### १.६.४.जलवायु परिवर्तन अनुकुलन

जलवायु परिवर्तनको चुनौति सामना गर्न तथा त्यस्का प्रभावहरु सँग अनुकूलित हुन नेपाल सरकारले जलवायु परिवर्तन नीति २०६७, जलवायु परिवर्तन राष्ट्यि अनुकूलन कार्ययोजना (नापा) २०६७ एवं स्थानीय अनुकूलन कार्ययोजना (लापा) को राष्ट्रिय कार्ययोजनाको संरचना समेत तयार

गरी स्थानीय स्तरको अनुकूलनलाई प्राथमिकता दिएको छ ।विश्वव्यापी रुपमै जलवायु परिवर्तनले व्यापक चर्चा पाइरहेको वर्तमान सन्दर्भमा यस नगरमा समेत जलवायु परिवर्तनका लक्षण तथा प्रभावहरु देखा परेका छन् । जलश्रोत क्षेत्रमा पानी मुहान,सुख्खा खडेरी,उत्पादन क्षेत्रमा कृषि उत्पादन,वन क्षेत्रमा जैविक विविधता, विश्व तापक्रम, प्राकृतिक सौन्दर्यमा असामान्य परिवर्तन भै प्राकृतिक प्रकोपका घटना वढी रहेका छन् ।योजना निर्माणका खाकामा जलवायु परिवर्तन अनुकुलनका यी सवालहरुलाइ आधार बनाइएको छ ।

### १.६.५.बालमैत्री स्थानीय शासन

नेपालको संविधान २०७२ ले बालअधिकार सम्बर्द्धनका धेरै पक्षलाई समावेश गरेको छ । मौलिक हक अन्तर्गत धारा ३९ मा बालबालिकाको हकसम्बन्धी दस वटा उपधारा छन् । जसमा बालबालिकालाई पहिचानसहित नामाकरण र जन्मदर्ताको हक, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने, बालसहभागिता, जोखिमपूर्ण कार्यमा लगाउन नहुने, बालविवाह, विभिन्न किसिमका दुर्व्यवहार, शारीरिक तथा मानसिक यातना लगायत गैरकानुनी ओसारपसार गर्न नपाइने, असहाय, अनाथ, अपाङ्गता भएका द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउनेजस्ता संवैधानिक हकको व्यवस्था छ ।

बालअधिकारको संरक्षण तथा संवर्द्धनका लागि नेपाल सरकारले विगतदेखि शारीरिक तथा मानसिक दण्ड सजाय रोकथाम तथा नियन्त्रण, बालविवाह रोकथाम तथा न्यूनीकरण, बालमैत्री स्थानीय निकाय घोषणा, विद्यालय शान्ति क्षेत्र घोषणा, बालबालिका बेचबिखन तथा ओसारपसार नियन्त्रण, बालश्रम निवारण तथा न्यूनीकरण, सडक बालबालिका मुक्त सडक अभियान, जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका उद्दार तथा संरक्षण अभियानजस्ता अभियानलाई विभिन्न तहमा सञ्चालन गर्दै आएको छ । यस्ता अभियानलाई यस योजनामा निरन्तरता दिने र थप पूर्णता प्रदान गर्ने नीति तथा कार्यक्रमहरु समाबेश गरिएका छन् ।

## १.७.रणनीतिक योजना निर्माण प्रक्रिया

### क. सन्दर्भ सामग्रीहरुको अध्ययन

रामेछाप नगरपालिकाको रणनीतिक योजना तयारीका क्रममा आवश्यक पर्ने सहयोगी दस्तावेजहरुको रुपमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, चौधौं योजना, रामेछाप जिल्लाको आवधिक योजना, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, नगरपालिकाले तयार गरेका विभिन्न ऐन तथा योजनाहरु अध्ययन विश्लेषण गरी रणनीतिक योजनाको आवश्यक प्रश्नावली रयोजना खाका तयार गरिएको थियो ।

### ख. पहिलो वर्षको समीक्षा

परिकल्पना गोष्ठी आयोजनाअघि नगर कार्यकारिणी समितिसंग बसी पहिलो वर्षको योजना तथा प्रगति समीक्षा गरिएको थियो । पहिलो वर्षका सिकाइहरु दोस्रो वर्षको योजनामा कसरी प्रतिबिम्बित भए र आवधिक योजनामा के कुराहरु कसरी समावेश गर्ने भन्ने विषय पहिचान गरिएको थियो ।

### ग. पूर्वतयारी गोष्ठी र सहमति

नगरको रणनीतिक योजना तयारीको सन्दर्भमा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु विषयगत कर्मचारीहरु र नगरका सरोकारवाला निकायका प्रतिनिधिहरु र नगरको प्रोफायल तथा रणनीतिक योजना निर्माण  गर्ने परामर्शदाता संस्थाका विषयविज्ञहरुको टोलीसहितको सहभागीतामा १ दिने पुर्वतयारी गोष्ठि सञ्चालन गरी समग्र प्रक्रिया र कार्ययोजनामाथि सहमति निर्माण गरिएको थियो ।

### घ. तथ्यांक संकलन तथा विश्लेषण

नगरको प्रोफायल तथा रणनीतिक योजना निर्माणको क्रममा आवश्यक विभिन्न तथ्यांकहरु संकलन गर्नको लागि प्रतिवडा २ जनाका दरले गणकहरु छनौट गरियो । प्रारम्भिक चरणमा तथ्यांक संकलनलाई प्रविधीसंग जोड्ने संगै तथ्यांकलाई सुरक्षित राख्न समेत सहयोग पुग्ने गरी फोरीक्स कलेक्ट नामक सफ्टवयर निर्माण गरी सोको प्रयोगको लागि सुपरभाईजरहरुलाई तालिम संचालन गरी  सुपरभाईजरहरुमार्फत गणकहरुलाई तालिम प्रदान गरी फिल्ड खटाएपछि सम्बन्धित वडाका गणकहरु आफ्नो कार्यक्षेत्र तोकिएको वडाको घरघरमा गई पारिवारिक तथ्यांकहरु संकलन गरिएको थियो । अन्य सामाजिक तथा सामुदायिक तथ्यांकहरु पनि विभिन्न विधिहरुको प्रयोग गरी सामुदायिक सर्वेक्षकहरुबाट संकलन गरिएको थियो । संकलित घरधुरी तथा पारिवारिक तथ्यांकहरुलाई फोरिक्स कलेक्ट सफ्टवयरकै सहायताले विश्लेषण गरी प्रोफायलको निर्देशिकाअनुसार प्रयोग गरिएको छ ।

### ङ स्थलगत अवलोकन

रणनीतिक योजना निर्माण तथा नगरको प्रोफायल तयारीको सन्दर्भमा  सामुदायिक सर्वेक्षक, गणक तथा विभिन्न क्षेत्रका विषयविज्ञहरुले पनि नगरको विभिन्न स्थानहरुको स्थलगत अवलोकन गरिएको, सामुदायिक सर्वेकहरुले प्राकृतिक स्रोत, धार्मिक स्थल तथा महत्वपूर्ण देवालयहरु, सार्वजनिक महत्वका विभिन्न सम्पदाहरुको स्थलगत अवलोकन गरी जानकारी संकलन गरिएको छ ।

### च. नक्सा तयारी

प्रोफायल तथा रणनीतिक योजनाको लागि आवश्यक पर्ने विभिन्न सूचना तथा जनाकारी सहितको नक्सा तयारीको लागि स्थलगत अवलोकन र जानकारहरु संगको परामर्श संगै जी.आइ.एस प्रविधीको सहायतामा सबै प्रकारका स्रोत र नगरपालिकाको नक्सा तयारी गरीएको छ ।

### छ. परिकल्पना गोष्ठी

रामेछाप नगरपालिकाको प्रोफायल तथा रणनीतिक योजना तयारीको क्रममा सर्वपक्षीय सरोकारवालाहरुको सहभागितामा परिकल्पना गोष्ठी आयोजना गरिएको थियो । गोष्ठीले नगरको  परिकल्पना, अवस्था विश्लेषण र विकासका प्राथमिकताहरुको सुझाव दिएको थियो ।

### ज. बस्ती तथा वडास्तरीय भेला

नगरको रणनीतिक योजना निर्माणको सन्दर्भमा योजनाहरुका संकलनका क्रममा साविकको ३ वडा बराबर १ क्लस्टर मानेर हालको हरेक वडाहरुमा ३/३ वटा बस्ती भेला गरी सो भेला मार्फत टोलटोलका आवश्यकता सबै विषयक्षेत्र अनुसार संकलन गरिएको थियो । बस्ती भेलामा सकेसम्म हरेक घरधुरीबाट प्रतिनिधित्व हुनेगरी सहभागी गराइएको थियो ।  वडास्तरीय भेलामा वडाका  बुद्धिजीहरु, शिक्षक, राजनितीक दलका प्रतिनिधीहरु, लक्षित वर्गका प्रतिनिधीहरुलगायत वडाका सरोकारवाला सबैको सहभागितामा परामर्शदाता संस्थाको सहजीकरणमा वडास्तरीय भेला सम्पन्न गरिएको थियो ।

**झ. विषयगत कार्यालय तथा संस्थाहरुको भेला**

नगरको रणनीतिक योजना तयारी गर्ने शिलशिलामा विषयगत कार्यालय तथा गैरसरकारी संस्थाहरुको समेत सहभागिता हुने गरी पटक पटक समन्वय बैठक सञ्चालन गरिएको थियो। सो वैठकमा हरेक सहभागीहरुबाट संकलित सुझावहरु योजना प्रक्रियामा समावेश गरिएको थियो।

**ञ. विषयविज्ञहरुको परामर्श**

नगरको प्रोफायल तथा रणनीतिक योजना निर्माणको लागि आवश्यकता अनुसार विभिन्न क्षेत्रका विषयविज्ञहरुबाट सल्लाह तथा परामर्श लिइइएको छ जसमध्ये भूगर्भविज्ञ, कृषि तथा पशु विज्ञ, अर्थ तथा योजनाविज्ञ, वन तथा वातावरण विज्ञ, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रका विज्ञहरु रहेका थिए।

**ट. विषयगत समितिको भेला**

रणनीतिक योजना निर्माणको क्रममा नगरपालिकामा भएको ५ वटा विषयगत समितीहसंग पटक पटक बैठक तथा छलफल गरी विषयगत क्षेत्रानुसारको योजनाहरु छुट्टाछुट्टै निर्माण गरिएको थियो।

**ठ. प्रोफायल तथा योजना मस्यौदा**

नगर प्रोफायत तथा योजना तयारीको लागि सहजीकरण गरिरहेको परामर्शदाता संस्थाले तयार गरेको प्रोफायल तथा योजनाको मस्यौदालाई अन्तिम रुप दिएर प्रकाशन गर्नुपुर्व नगर कार्यपालिकाको पदाधिकरी, सदस्य तथा सरोकारवालहरुवीच एक कार्यक्रमको आयोजना गरी मस्यौदा पेश तथा प्रस्तुत गरिएको थियो।

**ड. मस्यौदा योजनामा सुझाव संकलन र सुधार**

पेश गरिएको मस्यौदामाथि आएको सुझावको आधारमा सुधार गर्नुपर्ने कुराहरुको संशोधन गरी पुनर्लेखन गरिएको थियो।

**ढ. अन्तिम प्रतिवेदन तयारी**

सुधार गरिएको मस्यौदा र विद्युतीय विवरणहरुलाई व्यवस्थित गरी हार्डकपी तथा सफ्टकपीसहितको अन्तिम प्रतिवेदन तयार गरिएको थियो।

## १.८ रणनीतिक योजनाका विशेषताहरु

यस रणनीतिक योजनाको मुख्य विशेषता निम्नअनुसार रहेको छः

**क. योजनाका ४ संग्रह**

यस रणनीतिक योजनाका ४ खण्ड रहेका छन्। पहिलो खण्ड वस्तुगत विवरण रहेको छ। दोस्रो खण्डमा विस्तृत स्रोत नक्साहरु रहेका छन्। यी नक्साहरु प्रिन्ट र विद्युतीय ढाँचामा रहनेछन् र तथ्यांक थप भएपछि नक्सा अद्यावधिक गर्न सकिनेछ। तेस्रो खण्ड रणनीतिक योजना रहेको छ। यसमा नगरपालिकाको पहिलो निर्वाचित जनप्रतिनिधिहरुको कार्यकालको समग्र विकासयोजना रहेको छ। चौथो खण्डमा रणनीतिक योजनाको अतिरिक्त खण्डको रुपमा वडागत योजना विवरणहरु समावेश छन्।

**ख. आवधिक कार्यक्रमः**

नगरका नवनिर्वाचित पदाधिकारीहरुको आवश्यक्ता र चाहनालाई सम्बोधन गर्ने गरी यस योजनामा रणनीतिक योजना रणनीतिक कार्यदिशाको अतिरिक्त वडागत र विषयगत विस्तृत कार्ययोजनासमेत समावेश गरिएको छ ।

**ग. विद्युतीय सूचना र पहुँचः**

नगरका हरेक योजना, गतिविधि र प्रगतिहरुको जानकारी आम नागरिक तथा सरोकारवालासम्म पुर्‍याउन र तीबाट सुझावहरु संकलन गर्न सकिने गरी सूचनाहरुलाई मोबाइल एप्लिकेसन तथा वेभसाइटमा राख्ने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

**घ. रणनीतिक कार्यक्रमः**

नगरको आर्थिक समृद्धिसहितको समग्र क्षेत्रलाई नेतृत्व गर्न ७ वटा क्षेत्रलाई अग्रणी कार्यक्रमको रुपमा पहिचान गरिएको छ र यसलाई अनुसूचि १ देखी ७ सम्म अवधारणा पत्रको रुपमा छुट्टै राखीएको छ। यिनै योजनाहरुको केन्द्रविन्दुमा रणनीतिक योजना कार्यान्वयन हुनेछन् ।

**ङ. परिवर्तनशीलः**

प्रस्तुत परियोजना नगरपालिकाको पहिलो रणनीतिक योजना भएकोले विकासको अनुभवजन्य आधार र सो को आधारमा दूरदृष्टि, रणनीति तथा वयवस्थापकीय पक्षहरु शुरुवातीचरणमा भएकोले यस योजनालाई हरेक वर्षको वार्षिक सभामा समीक्षा गर्ने व्यवस्था गरिएको छ र दुई वर्षपछि मध्यावधि मूल्यांकन गरी आवधिक लक्ष्य, रणनीति र कार्यक्रमका प्राथमिकताहरु संशोधन गर्न सकिनेछ ।

## १.९. नगरपालिकाको संक्षिप्त परिचय

रामेछाप नगरपालिकाको पहिलो घोषणा २०७१ मंसिर १६ मा रामेछाप सुकाजोर र ओखेनी गरी ३ वटा गाविसहरु मिलाएर नगरपालिका घोषण भएको थियो भने पछिल्लो पटक २०७३ साल फाल्गुण २७ गतेको राजपत्रवाट थप ५ वटा गाविसहरु (रामपुर, हिमगंगा, गोठगाँउ, देउराली, साँघुटर ) समेटेर हालको नगरपालिका गठन भएको हो जसलाई ९ वटा वडामा विभाजन गरिएको छ ।

यो नगरपालिका जिल्लाको ८ वटा पालिकामध्ये पुर्वी क्षेत्रमा पर्ने नगरपालिका हो जसले साविकका ८ वटा गाविस समेटेको छ । नगरपालिकाको पुर्वमा ओखलढुंगा, दक्षिणमा सिन्धुली, पश्चिममा मन्थली नगरपालिका र उत्तरमा मन्थली नगरपालिका तथा लिखु तामाकोशी गाउँपालिका रहेको छ । नगरपालिकामा जिल्लाको सवै भन्दा होचो स्थान कोलन्जोरघाट ३७९ मी देखी सवैभन्दा अग्लो स्थान गोठगाँउ र देउरालीको सीमाना थलहरीडाँडा रहेको छ । यस नगरपालिकाको कुल क्षेत्रफल २०२.४५ वर्ग किलोमीटर रहेको छ । नगरका ९ वटा वडामा जम्मा ४७० वटा बस्तीहरु रहेका छन् । कुल घरधुरी संख्या ७१७१र जनसंख्या ४०१२३ रहेको छ । नगरपालिका क्षेत्रको उँचाइ ३७९ देखि २०९४ मी. सम्म पाइन्छ भने तापक्रम ० देखि ३२ डिग्रीसम्म पाइन्छ । यहाँ विभिन्न प्रकारका धातुहरुको सम्भवना पनि रहेको देखिन्छ । नगरपालिकाको विस्तृत परिचयात्मक विवरण प्रोफायल खण्डमा समावेश छ ।

# अध्याय २: स्थिति नक्सांकन

## २.१ नगरपालिकाको विकास सूचकहरु

यस उपशिर्षकमा आर्थिक विकास,सामाजिक विकास,सुशासन तथा संस्थागत विकास जस्ता विकासका विविध पक्षहरु तथा उपलब्ध भए सम्म दिगो विकास लक्ष्यका सुचकका विभिन्न पक्षहरुमा नगरको वर्तमान अवस्थाको चित्रण तथ्यांकिय रुपमा गरीएको छ । यसले गर्दा हाम्रो नगरको वर्तमान अवस्था जिल्ला तथा प्रदेशस्तर र राष्ट्रीयस्तरसंग तुलना गर्न सजिलो हुने अपेक्षा गरिएको छ ।

विकासका प्रमुख सूचकहरुलाई हेर्दा नगरपालिकामा कृषि र वन विकासका लागि भूमिको उपलब्धता, मातृशिश स्वास्थ्य, सबै वडामा बाटोको पहुँच, नगरका सबै वडा कार्यालयहरुको व्यवस्थापन ,वन क्षेत्रमा पहुँच तथा ऐन नियमहरुको निर्माण आदि विषयहरु तुलनात्मक रुपमा बलियो देखिएका छन् भने स्थानीय रोजगारी, शैक्षिक पूर्वाधार तथा गुणस्तरीयता, सिँचाइ, खानेपानी, पक्की बाटो, वनजन्य आर्थिक गतिविधि, आदि क्षेत्रहरु तुलनातमक कमजोर देखिएका छन् ।बलिया क्षेत्रहरुको प्रवर्द्धन र कमजोर क्षेत्रहरुको विशेष सुधार तथा सबलीकरण गर्ने गरी नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।नगर बस्तुगत विवरण खण्डबाट तथ्यांक उलपब्ध भएका केही क्षेत्रगत अवस्थाहरुको विवरण तालिका १ मा राखिएको छ ।

**तालिका १ः नगरपालिकाको क्षेत्रगत विकासका सूचकहरु (आ.व.२०७४।७५)**

| क्र.सं. | विषयगत क्षेत्रका सूचकहरु | एकाइ | सूचकांक | जिल्ला संगको तुलना प्रतिशतमा |
|---|---|---|---|---|
| **१** | **आर्थिक विकास** | | | |
| 1.1 | **कृषि तथा खाद्य सुरक्षा** | | | |
| 1.1.1 | नगदे बाली उत्पादन | मे.टन. | ५.१०६ | - |
| 1.1.2 | दलहन बाली | मे.टन. | १६५.८७५ | - |
| 1.1.3 | फलफुल (जुनार सुन्तला, अन्य) | मे.टन. | १६७.४९ | १७.४२ |
| 1.1.4 | कुल आयमा कृषि क्षेत्रको प्रतिशत | प्रतिशत | १५.२६ | - |
| 1.1.5 | पुर्ण रुपमा कृषिमा निर्भर घरधुरी | घरधुरी | ९०२ | १२ |
| 1.1.6 | बैशाखदेखि साउन महिनामा खाद्यान्न अभाव हुने घरधुरी | घरधुरी | ३०३५ | ४२ |
| 1.1.7 | ताजा तरकारी उत्पादन | मे.टन | १५०.५ | २१.४२ |
| 1.1.8 | खाद्यान्न आवश्यकता(मानव र पशु दाना समेत) | मे.टन. | ४९३९.९ | |
| 1:1:9 | खाद्यान्न बालीको उत्पादन | मे.टन | ३१२६ | २५.१० |
| 1:1:9 | वास्तविक खाद्यान्न उपलब्धता (मानव र पशु दाना समेत) | मे.टन | २३९७ | |
| 1:1:10 | वास्तविक खाद्यान्न अपुग (मानव र पशु दाना समेत) | मे.टन | २५४२.९ | |
| 1.1.9 | प्रति व्यक्ति आय | रु | ७२२४२ | ६२३.८५५ युएस डलर) |
| 1.1.10 | २ रोपनी भन्दा कम जग्गा भएको परिवार | प्रतिशत | १५ | - |
| 1.1.11 | आधुनिक तथा व्यवसायीक कृषि कार्य गर्ने घर परिवार | संख्या | ५२ | ०.७२ |

| क्र.सं. | विषयगत क्षेत्रका सूचकहरु | एकाइ | सूचकांक | जिल्ला संगको तुलना प्रतिशतमा |
|---|---|---|---|---|
| **1:2** | **पशुपालन** | | | |
| 1.2.1 | कृषि तथा पशुपालनमा रोजगारी सिर्जना (१४(६० वर्ष) | संख्या | ९१९० | ४६.३ |
| 1.2.2 | पशुपंक्षी पालनमा संलग्न कुल सक्रिय संख्या | प्रतिशत | १५.५ | - |
| 1.2.3 | कुल आयमा पशुपालन क्षेत्रको प्रतिशत | रु लाखमा | ८६६.९८ | १८.५० |
| **१.३** | **पर्यटन** | | | |
| 1:3:1 | महत्वपूर्ण पर्यटकीय स्थलहरु | वटा | २० | - |
| 1:3:2 | पर्यटन क्षेत्रको प्रत्यक्ष रोजगारी | संख्या | ००* | - |
| 1:3:3 | नगरपालिकामा सूचीकृत भएका होटल | संख्या | ००* | - |
| 1:3:4 | पर्यटन क्षेत्रको प्रत्यक्ष राजस्व आय | रु. | ००* | - |
| **1:4** | **उद्योग, वाणिज्य तथा आपूर्ति** | | | |
| 1.4.1 | उत्पादनमुलक उद्योग | संख्या | १५ | १२ |
| 1.4.2 | घरेलु तथा साना उद्योग दर्ता | संख्या | २५८ | - |
| 1.4.3 | लघु उद्यमीहरु व्यवसाय दर्ता | जना | ५१० | - |
| 1.4.4 | उद्यम तथा लघु उद्यमबाट रोजगार संख्या | जना | १४६० | - |
| **1.5** | **सहकारी तथा बैक व्यवस्थापन** | | | |
| 1:5:1 | सहकारी संघ संस्था | संख्या | ४६ | - |
| 1:5:2 | सहकारी संस्थामा आवद्ध घरधुरी | घरधुरी | २४४५ | ३४ |
| 1:5:3 | कृषि पशुपालन सहकारीमा आवद्ध घरधुरी | घरधुरी | २८३ | ३.९४ |
| 1:5:4 | बैक खाता हुने घरधुरी | प्रतिशत | ३२३४ | ४५.० |
| **1:6** | **भूमि व्यवस्थापन** | | | |
| 1:6:1 | भूमिको व्यवसायिक वर्गीकरण भएका क्षेत्रहरु | स्थान | ००* | - |
| 1:6:2 | शहरीकरणका लागि बर्गीकरण गरिएको भूमि | क्षेत्रफल | ००* | - |
| 1:6:3 | एकीकृत तथा सुरक्षित बस्ती विकासका लागि वर्गीकरण गरिएको भूमि | स्थान | ००* | - |
| 1:7:4 | कुल उत्पादनमूलक भूमि | प्रतिशत | ३८ | - |
| **1:7** | **श्रम तथा रोजगारी** | | | |
| 1:7:1 | पुर्ण बेरोजगार संख्या | संख्या | ३६४२ | ९ |
| 1:7:2 | ज्यालादारी गर्ने घर परिवार | घरधुरी | १५६५ | २१ |
| 1:7:3 | बैदेशिक रोजगारी (तेश्रो मुलुकमा) | संख्या | १३५४ | १८ |
| **2** | **सामाजिक विकास** | | | |
| **2.1** | **शिक्षा** | | | |
| 2:1:1 | सहजै देखिने भर्नादर (वाविके) | प्रतिशत | ८२.८४ | (जिल्लाको ९२) |
| 2:1:2 | खुद प्रवेश दर कक्षा १ | प्रतिशत | ८८.८८ | - |

| क्र.सं. | विषयगत क्षेत्रका सूचकहरु | एकाइ | सूचकांक | जिल्ला संगको तुलना प्रतिशतमा |
|---|---|---|---|---|
| 2-1-3 | महिला साक्षरता दर (१५-२४ वर्ष उमेर समुहमा) | प्रतिशत | ९९ | - |
| 2-1-3 | पुरुष साक्षरता दर (१५-२४ वर्ष उमेर समुहमा) | प्रतिशत | ९९.४१ | - |
| 2-1-3 | महिला साक्षरता दर (२५ वर्ष उमेर माथि) | प्रतिशत | ५६.४० | - |
| 2-1-3 | पुरुष साक्षरता दर (२५ वर्ष उमेर माथि) | प्रतिशत | ७७.८० | - |
| **2.2** | **स्वास्थ्य** | | | |
| 2-2-1 | मातृ मृत्युदर प्रति लाख (जिवीत जन्म) | जना | ० | - |
| 2-2-2 | ५ बष मुनीको बाल मृत्युदर प्रति हजार (जिवीत जन्म) | जना | ० | - |
| 2-2-3 | नवजात शिशु मृत्युदर प्रति हजार (जिवीत जन्म) | जना | ० | - |
| 2-2-4 | डिपिटी हे.प. खोप तेश्रो प्राप्त गर्ने बालबालिका | प्रतिशत | ९७ | - |
| 2-2-5 | आङ खस्ने समस्या भएका घरधुरी | घरधुरी | ११२ | १.५६ |
| 2-2-6 | सरुवा रोग भएका घरधुरी | घरधुरी | २०५४ | २८ |
| 2-2-7 | सरकारी स्वास्थ्य संस्था प्रयोग गर्ने घरधुरी | घरधुरी | ५६९७ | ७९ |
| **2.3** | **खानेपानी** | | | |
| 2-3-1 | आधारभुत सेवाबाट बञ्चीत जनसंख्या | प्रतिशत | ११९४ | १७ |
| 2-3-2 | पानीको सुविधा प्रयोग गर्ने घरधुरी | घरधुरी | ५९७७ | ८३ |
| 2-3-3 | पानी सुद्धिकरण नगरी खाने घरधुरी | घरधुरी | ५६३९ | ७८.६३ |
| **2.4** | **सरसफाई** | **घरधुरी** | | |
| 2-4-1 | शौचालय प्रयोग नगर्ने | घरधुरी | ३२९ | ४. |
| 2-4-2 | न.पा.को फोहोरमैला व्यवस्थापन साइट | संख्या | १ | - |
| **2.5** | **संस्कृति प्रवर्द्धन** | | | |
| 2-5-1 | सम्पदा सूचीमा दर्ता भएका सम्पदाहरु | संख्या | २ | - |
| 2-5-2 | मुख्य भाषाहरु | संख्या | ६ | - |
| 2-5-3 | प्रमुख सांस्कृतिक पर्वहरु | संख्या | १७ | - |
| **2.6** | **सञ्चार सेवा** | | | |
| 2-6-1 | टि.भी प्रयोग गर्ने | | २७५२ | ३८ |
| 2-6-2 | मोबाइल प्रयोग गर्ने घुरधुरी | | ६०१८ | ८३.९२ |
| 2-6-3 | रेडियो प्रयोग गर्ने घुरधुरी | | ७५४ | १०.५१ |
| **2.7** | **लक्ष्यित वर्ग कार्यक्रम** | | | |
| 2-7-1 | न.पा.बाट सामाजिक सुरक्षाभत्ता पाउने कुल संख्या | जना | ४००१ | - |
| 2-7-2 | न.पा.मा सूचीकृत भएका विभिन्न लक्ष्यित वर्गको किसिम | संख्या | ८ | - |
| 2-7-3 | न.पा.को गत वर्षको लक्ष्यितवर्गमुखी बजेट विनियोजन | लाख | ८० | - |
| **2-8** | **जनसंख्या व्यवस्थापन** | | | |
| 2-8-1 | वसाइ सराइ गरेर जाने घरधुरी प्रतिवर्ष | घरधुरी | ४१ | ०.५७ |

| क्र.सं. | विषयगत क्षेत्रका सूचकहरु | एकाइ | सूचकांक | जिल्ला संगको तुलना प्रतिशतमा |
|---|---|---|---|---|
| 2:8:2 | बसाइ सराइ गरेर आउने घरधुरी प्रतिवर्ष | घरधुरी | १३ | ०.१८ |
| **3** | **पूर्वाधार विकास** | | | |
| **3.1** | **सडक तथा पुल** | | | |
| 3:1:1 | कालोपत्रे सडक | कि.मी. | १५ | - |
| 3:1:2 | ट्रयाक ओपेन र धुले कच्ची सडक सञ्जाल | कि.मी. | ३३१.९७ | - |
| 3:1:3 | ग्रामिण सडक कालोपत्रै | कि.मी. | १७ | - |
| 3:1:4 | झोलुंगे पुल निर्माण संख्या | वटा | १३ | - |
| 3:1:5 | पक्की पुल | वटा | ३ | - |
| 3:1:6 | जम्मा सडक सञ्जाल | वटा | १.६४ | - |
| **3.2** | **सिँचाइ** | | | |
| 3:2:1 | सञ्चालनमा रहेका ठूला सिँचाइ आयोजनाहरुको संख्या | संख्या | २ | - |
| 3:2:2 | सतह सिंचाई आयोजनाहरुबाट सिंचित क्षेत्रफल | हेक्टर | ४६५.४७ | - |
| 3:2:3 | खेतीयोग्य जमीनमध्ये कुल सिंचित भूमि | हेक्टर | ५५४. | - |
| **3.3** | **विद्युत तथा उर्जा** | | | |
| 3:3:1 | विद्युतमा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ७५.७२ | - |
| 3:3:2 | सोलार भएको घरधुरी | प्रतिशत | २२.८४ | - |
| 3:3:3 | अन्य उर्जा भएको घरधुरी | प्रतिशत | १.४३ | - |
| **3.4** | **यातायात** | | | |
| **4** | **वन, वातावरण तथा विपद व्यवस्थापन** | | | |
| **4.1** | **वन तथा भू संरक्षण** | | | |
| 4.1.1 | वनले ओगटेको क्षेत्र | प्रतिशत | ५१ | - |
| 4.1.2 | सामुदायिक वन | संख्या | ९१ | - |
| 4.1.3 | कबुलियती वन | संख्या | ११८ | - |
| 4.1.4 | निजि वन दर्ता | संख्या | ४ | - |
| 4.1.5 | काठ उत्पादन | क्यु.फिट | ५१०३.८३ | - |
| 4.1.6 | सा.व.मा आवद्ध घरधुरी | घरधुरी | ३०६० | ४२.६७ |
| 4.1.7 | उपजलाधार १५ देखी २५ व.की..मी. | संख्या | ७ | - |
| **5** | **सुशासन तथा संस्थागत विकास** | | | |
| **5:1** | **प्रशासकीय सुशासन** | | | |
| 5.1.1 | आफ्नै स्वामित्वको नगर तथा वडा कार्यालय भवन | संख्या | ९ | - |
| 5.1.2 | ऐन, नियम तथा कार्यविधिहरुको संख्या | संख्या | १७ | - |
| 5:1:3 | दरबन्दी अनुसारको कर्मचारी आपूर्ति | प्रतिशत | ००* | - |
| **5:2** | **न्याय  तथा सुरक्षा** | | | |

| क्र.सं. | विषयगत क्षेत्रका सूचकहरु | एकाइ | सूचकांक | जिल्ला संगको तुलना प्रतिशतमा |
|---|---|---|---|---|
| 5.2.1 | नगरमा दर्ता भएका मुद्दा | संख्या | ८ | - |
| 5.2.2 | दर्तामध्ये फरस्यौट भएका मुद्दा | संख्या | ४ | - |
| **5-3** | **गैरसरकारी संस्था व्यवस्थापन** | | | |
| 5.3.1 | सुचीकृत गैससहरु | संख्या | ५ | - |
| 5-3-2 | नगरको समन्वयमा सञ्चालन हुने सामुदायिक समूहहरु | संख्या | ००* | - |
| **5-4** | **जवाबदेहिता** | | | |
| 5-4-1 | गत आ.व. मा सम्पन्न सार्वजनिक सुनुवाइ कार्यक्रम | संख्या | १ | - |
| 5-4-2 | गत आ.व. मा सम्पन्न सामाजिक परीक्षण कार्यक्रम | संख्या | ००* | - |

**नोटः** ००* सूचना उपलब्ध नभएको ।

## २.२ नगर विकासका संभावनाहरु

विकास कसैले दिने वा लिने विषय नभै हामी सम्पुर्ण नगरवासी मिलेर गर्ने विषय हो । यदी हामी हरेक नगरका नागरिकहरु नगर विकासको लागि जागरुक भयौ भने विकासका हाम्रै पालामा आफ्नै गाउ ठाउमा संभव छन् । ऐतिहासिक, प्राकृतिक, धार्मिक, सांस्कृतिक विविधताले भरीपूर्ण रामेछाप नगरीमा पशुपालन कृषि पर्यटन तथा प्राकृतिक स्रोतसाधनहरुको उपयोगको प्रसस्त संभावनहरु छन् । नगर विकासको विशेष संभावना भएका क्षेत्रलाई यस उपशिर्षमा संछिप्त रुपमा प्रस्तुत गरिएको छ ।

### २.२.१. ग्रामीण पर्यटन प्रवर्धन

- ग्रामीण पर्यटन प्रवर्धनका लागि प्रदेश सरकार अन्तर्गतको उद्योग,पर्यटन,पर्यटन वन तथा वातावरण मन्त्रालय,संघिय सरकार अन्तर्गतको पर्यटन प्रवर्धन वोर्ड तथा पर्यटन विभागहरु समेतको सहकार्यमा“गाउले पर्यटन नेपाल”कार्यकम संग आवद्ध हुने
- नगरको प्रवर्धनको संभाब्य स्थानहरुभालुखोप, थलारी डाँडा, डुगुरशिङ डाडाबाट देखिने हिमालय श्रृंखलाहरुको अध्ययन गरि प्रकाशन गर्ने, प्रचार प्रसारका लागि पर्यटन बिकास बोर्डसंग समन्वय गर्ने, ती ती स्थानहरुमा होमस्टेको ब्यवस्था गर्ने ,स्थानिय पर्व,मेलालाई ब्यावस्थित र पर्यटन मैत्री बनाउने,स्थानिय चिज वस्तुहरुलाई ब्यावशायिक रुपमा पर्यटकहरु समक्ष प्रस्तुत गर्ने ,विकी गर्ने(जस्तै जुनारको जुस,अर्गानिक तरकारी फलफुल,मासुका सुकुटी,गुन्द्रुक,घिउ,मह, लघु घरेलु उत्पादनहरु आदी ईत्यादी)।
- सुनकोशी, र लिखुमा र्‍याफिटगको सञ्चालन, गोठगाउँको फेदी, साँघुटार, पाम्ती बेसी, बिर्ता, कोलोन्जोर जस्ता स्थानहरुमा होटल र बासस्थानका ब्यबस्था गर्ने

- पैदल यात्राको ब्यबस्था (सेलेघाट हुदै ल्यांङ ल्यांङ भिमसेनस्थान, ढुकुरसिंडाँडा, भंगेरी पुष्पलाल पार्क,रामेछाप वजार हुदै ताराखसे पोखरी, भालुखोपडाँडा, भ्यूटावर, ओखनी गणेशटार, लहरेनी भन्ज्यांग, गोगनेडाँडा(थलहरी) आहाले गैरा साघुँटार ।

- मन्थली एयरपोर्टबाट लुक्ला एयरपोर्टमा सगरमाथा बेसक्याम्पसंग सम्पर्क स्थापना

- पर्यटकलाइ जैबिक कृषिको आकर्षण गर्ने जस्तो लिखु र सुनकोशी किनारका पर्यटक गन्तब्यमा माछा पालन

- पर्यटकलाइ साँस्कृतिक रितीरिवाजको आकर्षण जस्तो बोलंगबोलङमा मगर, ओखेनीमा तामांग, फुन्द्रीबेसीमा सुनुवार, भंगेरीमा नेवार, सुकाजोर, देउराली गोठगाउँमा बालन भजन, घ्यौसीभैलो, तिज, पन्चे बाजा जस्ता संस्कृति तथा रितीरिवाज, चाडपर्ब आदिको जगेर्ना र उत्थान गर्दै पर्यटकहरुका लागि जुनसुकै बेला प्रदर्शन गर्न सक्ने समुहहरुको बिकास गर्ने

- स्वदेशी पर्यटकहरुको पनि गन्तब्य बनाउन सास्कृतिक र धार्मिक स्थानहरुको प्रवर्ध्दन गर्ने र हरेक साँस्कृतिक र धार्मिक स्थानहरुमा होमस्टेको ब्यबस्था । सास्कृतिक र धार्मिक पहिचान सहितको खानपिन,भेषभुषा र मनोरन्जनात्क कृयाकलाप समाबेश

- यी सम्पुर्ण कृयाकलापहरुको संयोजन गरी सम्पुर्ण तहबाट सहकार्य भएमा वर्षमा ५०००० पर्यटक भित्र्याउन सकिने छ ।

### २.२.२.अर्गानिक कृषि उत्पादन :

उचाइ अनुसारका तरकारी खेती,सैजुन(सितलचिनी), आँप, लिची, सुन्तला, जुनार, कागती, कटहर आदिको ब्यबसायिक खेती,स्थान अनुसार बाख्रा, भैसी, गाइ, कुखुरा पालन ब्यबसाय ,निर्यात मुलक कृषि ब्यबसायको बिकास ।सुख्खा क्षेत्रमा पनि हुने ड्रागन फल,एभोगाडो खेतीको परीक्षण

### २.२.३. प्राकृतिक श्रोतहरुको संरक्षण, बिकास र उचित उपयोग जस्तो

- नदी किनारका बालुवा,खहरेखोलाहरुका गीट्टी तथा निर्माण सामग्रीमा उपयोग हुने ढुंगाको बैज्ञानिक ढंगबाट उपयोयको योजना
- वन जंगलमा बृक्षारोपण तथा जडिबुटीहरुको सम्भाब्यता र बिकास
- सम्भाब्य मुल्यबान बोट बिरुवाहरुको बारेमा समुदायहरुमा प्रचार प्रसार र बिकास
- भुगर्भको अध्ययन र खानी बिकासको सम्भावना
- जलवायु अनुकुलित ग्रामीण (Climate smart village) हरुको निर्माण

### २.२.४. शिक्षामा गुणात्मक सुधार

#### *२.२.४.१.बिद्यालय शिक्षाको पुनरावलोकन*

- ६ बर्षसम्मका बालक बालिकाहरुलाइ टोलमै बिद्यालयहरु
- ६ देखि १४ बर्षसम्मका लागि गाउँमा बिद्यालयहरु
- १४ बर्षमाथीका लागि आवासिय बिद्यालयहरु र ब्यबसायिक तालिम जिवनोपयोगी शिक्षा

- हरेक बिद्यालय र समुदायमा पुस्तकालय, खेलकुद, र संगित शिक्षाको ब्यबस्था
- नगरपालिकामा एउटा कवर्डहल, अडिटोरियम , सन्चार र सुचना केन्द्र
- शिक्षकहरुका लागि ज्ञान र सीप बिकास तालिमहरु
- नगरपालिकामा एक विश्वबिद्यालय तहको शिक्षा
- रोजगारमुलक ब्यबसायिक तालिम केन्द्रहरुको स्थापना
- रोजगारमुलक ब्यबसायिक शिक्षाको ब्यबस्था
- ओखेनी क्षेत्रमा कृषि, फलफुल खेती सम्वन्धी ब्यबसायिक शिक्षा, साँघुटारमा पशुपालन शिक्षा

***२.२.४.२ ब्यबसायिक शिक्षा,तालिम संचालन र रोजगारी प्रवर्धनः***

- सुकाजोरमा पशुपालन, रामेछापमा स्वास्थ्य तालिम केन्द्र, वडा नं ४ हिमगंगा र वडा नं ५ रामपुरमा कृषि बन बिज्ञान, गोठगाउँमा निर्माण, देउरालीमा प्लम्विंग, बिजुली जडान, नदी किनारमा ब्यबसायिक माछा पालन जस्ता बिषयहरुको ब्यबसायिक तालिम संचालन ।
- बिद्यालयबाट नै रोजगारमुलक सीपहरुको बिकास गर्ने ।
- किशोरकिशोरीहरुका लागि यथेष्ट अतिरिक्त कियाकलापको ब्यबस्था
- पुस्तकालय, संगित बिद्यालय, खेलकुद र अडिटोरियम
- बैज्ञानिक रोजगार मुलक ब्यबसायिक शिक्षा
- विश्वविद्यालय तहको उपयोगी शिक्षा

**२.२.५. पुर्वाधार बिकासका लागि बाहय श्रोतहरुको परिचालन**

- नया ट्रयाक भन्दा पनी सडक कालोपत्रे  गर्ने ,पुल निर्माणमा जोड दिने र यातायात सूचारु गर्ने
- जलबिद्युत आयोजनाहरुका लागि सम्भाब्यता अध्ययन र केन्द्रिय योजनाहरुमा समन्वय,जसले सडक निर्माणको पुर्बाधार खडा गर्दछ ।
- लिखु र सुनकोशीबाट ठुला सिचाइ आयोजनाहरु ।
- ड्रिल खानेपानी र जलपुनर्भरण अभियान तथा लिखु र सुनकोशीबाट डाँडाका बस्तीहरुमा लिफ्ट जस्ता ठुला खानेपानी आयोजनाहरु।
- .सोलार प्यानलहरुबाट बिद्युतीकरण,ग्रामिण बिद्युतीकरण ग्याँस, र दाउराको निर्भरतालाइ घटाउने ।
- .राष्ट्रिय तथा अर्न्तराष्ट्रिय दातृ संस्थाहरुलाइ पुर्बाधार बिकास, शिक्षा, स्वास्थ्य, खानेपानी र सिचाइ आयोजनाहरुका लागि प्रस्ताव पत्रहरु र निमन्त्रणा ।

## २.३ नगरपालिकाको अवसर तथा चुनौतिहरु

यस उप खण्डमा नगरको रणनीतिक  योजनाका ५ वटा मुख्य क्षेत्र र तिनका उपक्षेत्रहरुको विस्तृत संछिप्त विश्लेषण गरिएको छ जसमा कुल ४४ वटा वटा उपक्षेत्रहरु समावेश भएका छन् । यी विश्लेषणको आधारमा दीर्घकालीन रणनीतिहरु तय गरिएको छ ।

हरेक विषयगतक्षेत्रका अवसर तथा चुनौतिहरुतालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिका २: नगरपालिकाको अवसर तथा चुनौतिहरु**

| क्र.स | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| **१** | **आर्थिक विकास** | | | | |
| १.१ | कृषि | - जुनार तथा गेडागुडी पकेट क्षेत्र | - परम्परागत कृषि<br>- बिचौलिया हावी | - फलफूल प्रशोधन<br>- गेडागुडी निर्यात | - विषयविज्ञ, वीमा, सेवा अभाव |
| १.२ | पशुपालन | - डालेघाँस<br>- बाख्रापालनमा लगानी वृद्धि ।<br>- न.पा.बाट पशु बिमा थालनी । | - पशु विकास रणनिती नबन्नु ।<br>- औषधी पसल, पशु प्राविधिकअभाव । | - व्यवसायिक गाई ,भैसी तथा बाख्रापालन | - पशुपालन व्यवसायिक नबन्नु |
| १.३ | पर्यटन | - ऐतिहासिक मन्दिर, गढी, पर्क, हायु संस्कृति, पोखरीहरु । | - योजना, पूर्वाधार, सूचना तथा प्रचार र बजेट कमी । | - र्‍याफ्टिङ,हायु संग्रहालय, प्याराग्लाइडिङ,<br>- थलहरीडाँडामा विविध सम्भावना । | - निजीक्षेत्रको संलग्नता र लगानी वातावरण नहुनु । |
| १.४ | उद्योग तथा वाणिज्य | - साना उद्योगहरु सञ्चालन हुनु | - ठुला  उद्योगहरु नहुनु | - साना उद्योगहरु विस्तार गर्न सकिने | - लगानीको वातावरण नहुनु |
| १.५ | सहकारी व्यवस्थापन | - पर्याप्त सहकारी, सरल ऋृण पहुँच। | - दर्ता भएकामधये सबै सहकारीहरु कृयाशिल नहुनु । | - विप्रेषणलाई बचत तथा लगानीको रुपमा विकास गर्न सकिने । | - कृषि सहकारी व्ययवसायिक बन्न नसक्नु। |

| क.स | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| | | | | - सहकारीलाई उद्यम प्रवर्द्धनमा लगानीको वातावरण बनाउने । | |
| १.६ | बैंकिङ प्रवर्द्धन | - लघु वित्त संस्थाहरु छिटो र विना धिता ऋण दिने । | - सदस्यहरुलाई कम व्याज दिने र विश्वास कम । | - स्थानीय सरकारले करको दायरामा ल्याइ आम्दानी वढाउन सक्ने । | - रकम जोखिममा<br>- घरघडेरीमा लगानी बढी |
| १.७ | संरक्षित क्षेत्र व्यवस्थापन | - ऐतिहासिक स्थानहरु रहेको। | - स्थनीय सक्रियतामा कमी | - पर्यटकीय विस्तार | - सरकारी प्राथमिकता कमी |
| १.८ | भूमिव्यवस्थापन | - खेतियोग्य जमिन पर्याप्त<br>- खाली जग्गाहरु | - अनुत्पादन भूमि धेरै ।<br>- धेरै जग्गाहरु भिरालो | - जग्गाको सामुहिक प्रयोग पद्धति विकास | - प्रभावकारी भूउपयोग योजनाको कमी। |
| १.९ | खानी व्यवस्थापन | - ढुङ्गा, गिटी, बालुवा, स्लेट,फलामको स्रोत | - सम्भावना अध्ययन र उत्खनन् नहुनु ।<br>- | - खानीमा आधरित रोजगारी । | - कानुनी झन्झटहरु । |
| १.१० | श्रम तथा रोजगारी | - रेमिट आम्दानीले स्थानीय अर्थतन्त्र सञ्चालन । | - युवाहरु विदेश पलायन हुनु ।<br>- वैदेशिक रोजगारी असुरक्षित हुनु । | - वैदेशिक रोजगारीमा गएका युवाहरुलाई स्थानीय रोजगारी सिर्जना गर्न सकिने । | - लगानी वातावरण कमजोर । |
| **२** | **सामाजिकविकास** | | | | |
| २.१ | शिक्षा | - २ वटा क्याम्पस, ५९ विद्यालय ।<br>- ५ कक्षासम्मको पुरा दरवन्दी र शिक्षक विद्यार्थी अनुपात राम्रो ।<br>- भुकम्प पछि वलियो भौतिक संरचना । | - प्राविधिक विद्यालयको अभाव ।<br>- विद्यालय समायोजनले साना वालवालिकालाई टाढा जानुपर्ने । | - शिक्षा गुरुयोजना बनाइ सामुदायिक स्कुललाई आकर्षण बनाउन सकिने । | आधारभूत सुविधासहितको गुणस्तरीय शिक्षा। |

| क्र.स | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| २.२ | स्वास्थ्य | - नगरमा जिल्लाअस्पताल रहनु ।<br>- प्राय: वडाहरुमा २४ घण्टे प्रसुती सेवा ।<br>- प्रत्येक वडामा न्यूनतम १० जना स्वयंसेविका | - यौनजन्य रोगहरुको लागि जनचेतना कमी<br>- निशुल्क औषधीहरु सहज नहुनु ।<br>- स्वास्थ्य शिक्षण संस्था नहुनु । | - प्राकृतिक तथा आयुर्वेदिक सेवा विस्तार । | - नयाँनयाँ रोगहरुको बढ्दो क्रम। |
| २.३ | खानेपानी | - खानेपानी वजेट प्राथमिकता । दिएको<br>- लिफ्टवाट पानी संकलन गरेको | - ठूला र व्यवस्थित खानेपानी योजनाको अभाव । | - सुनकोशी तथा लिखुबाट बृहद खा.पा. योजना संचालन | - खानेपानीको लागी प्रर्याप्त लगानीको कमी। |
| २.४ | सरसफाई | - सार्वजनिक स्थलमा डस्वीनको व्यवस्था<br>- वजार क्षेत्रमा ढलको व्यवस्था। | - सार्वजनिक शौचालयहरु नहुनु<br>- पानीको अभावका कारण फोहरमैला नियन्त्रण नहुनु ।<br>- ल्याण्डफिल्ड नहुनु । | - स्वच्छ सुन्दर नगर निर्माण ।<br>- ल्याण्डफिल्ड स्थापना | - ल्याण्डफिल्डको लागी जग्गाको अभाव हुनसक्ने । |
| २.५ | संस्कृति प्रवर्द्धन | - हायु, नेवार तथा तामाङ, मगर सुनुवार संस्कृति । | - स्थानीय कला, साहित्य, भाषा, संस्कृति लोप हुन थालेको । | - संग्रहालय,साङ्गीतिक केन्द्र, विचार बैंकलगायत नागरिक अभियानहरु प्रवर्द्धन । | - भाषा, कला साहित्य र संस्कृतिप्रेमीहरुको संगठन कमजोर । |
| २.६ | सञ्चार सेवा | - हुलाक सेवा सञ्चालन<br>- १ वटा एफएम । | - टेलिफोन सेवा गुणस्तरीय नहुनु<br>- एफएम कभरेज कम<br>- स्थानीय पत्रिकाहरु नहुनु | - टेलिफोन, एफएम, पत्रिका वृद्धि गर्ने ।<br>- हुलाकलाई ईसेवा सञ्चालन गर्ने । | - मोवाइलको नेटवर्क समस्या<br>- अन्य सेवाहरु सहज विस्तार नहुनु |
| २.७ | जनसंख्याव्यवस्थापन | - आर्थिक सक्रिय जनसंख्या बढी | - जनपरिचालनलाई प्राथमिकतानदिनु | - आर्थिक योजनाहरु सञ्चालन | - सक्रिय समूह गाउँबाहिर |

| क.स | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| २.८ | लक्षितवर्ग कार्यक्रम | - लक्षित वर्गको लागी वजेट प्राथमिकता | - कार्यक्रमको निश्चित मापदण्ड नहुनु, हुनेखानेको पहुँच | - स्थानीय सरकारले प्रभावकारी व्यवस्थापन गर्ने | - परनिर्भरतामुखी संस्कार |
| २.९ | खेलकुद | - नगरस्तरीय खेलकुद प्रतियोगीता<br>- खेलकुद प्रवर्द्धन नीति | - खेल क्षेत्रलाई प्रोत्साहन नगर्नु | - स्थानीय स्तरमा खेलकुदमार्फत युवाहरुलाई संगठीत गने | - पर्याप्त मैदान तथा रंगाशालाहरु निर्माण नहुनु |
| **३** | **पूर्वाधार विकास** | | - | - | - |
| ३.१ | सडक तथापुल | - अधिकांश वडाहरु सडक सञ्जालले छोएको | - सडकमा वर्षेनी पुन लगानी गरिनु<br>- सडक निर्माणमा वातावरणीय प्रभाव मूल्याङ्कन नगर्नु<br>- डिजाइन तथा इष्टिमेटमा लापरवाही | - आवश्यक पर्ने नयाँ ट्र्याकहरु २ वर्ष भित्र खोली सक्ने<br>- कोलोन्जोर घाटमा पक्की पुल निर्माण | - सडकहरु धेरै खने पनि सर्वयाम सञ्चालन हुन नसक्नु । |
| ३.२ | भवन, बस्ती तथा शहरी विकास र पुननिर्माण | - निजी आवास छिटो पुननिर्माण | - पुर्नर्निर्माण मापदण्डका घरहरु उपयुक्त नबन्नु | - एकीकृत बजार व्यवस्थापन | - स्थानीय बजारहरु व्यवस्थितहुन नसक्नु |
| ३.३ | सिँचाइ | - सिचाइको लागी कुलो र पाइपवाट संचालन भएको | - योजनाहरुको दिगो व्यवस्थापन नहुनु र सरकारको मुख ताक्ने | - लिफ्ट सिचाइ , खाद्य सुरक्षा अभिवृद्धिका लागि कृषि कार्यकम | - नगरसंगवजेटको कमि<br>- मुहानहरु सुक्दै जानु । |
| ३.४ | उर्जा | - प्रायः धरधुरीमा धुवारहित चुलो, सोलार र विद्युत। | - माइक्रो हाइड्रो नचल्नु<br>- सबै वडाहरुमा विद्युत नजोडीनु । | - सुनकोशी र लिखुमा जलविद्युत उत्पादनका लागि पहल<br>- वनजन्य रोजगारीको सम्भावना । | - हाइड्रोपावर निर्माण गर्न आर्थिक अभाव |

| क.स | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| ३.५ | यातायात | - सडक सञ्जालले सवै वडा जोडिनु<br>- ठुला तथा साना सवारी साधनको उपलव्धता । | - मन्थली रामेछाप बजारसम्म मात्र पक्की सडक ।<br>- गाडीको पर्याप्त व्यवस्था नहुनु । | - सेवा विस्तार हुने । | - पुराना सवारी साधनको कारण दुर्घटना हुनु |
| ४ | **वन तथा भू संरक्षण** | | - | - | - |
| ४.१ | वन, वातावरण तथा विपद व्यवस्थापन | - नगरभित्र ९१ वटा सामुदायिक तथा ११८ कवुलियती वनहरु<br>- सबै खाले हावा पानी हुनु । | - वन पैदावारमा आधारित उद्यमहरु गर्न नसक्नु ।<br>- वातावरण संरक्षण मा ध्यान नदिनु ।<br>- विपद व्यवस्थापन पुर्वतयारी नहुनु । | - वनमा आधारीत व्यवसाय संचालन गर्न सकिने ।<br>- विपद व्यवस्थापनको लागी योजना लागु गर्न सकिने । | - वनमा आधारित व्यवसाय खोल्न सरकारी नीति वाधक ।<br>- सुख्खा तथा खडेरी बड्दै जानु । |
| ४.२ | भूतथा जलधार संरक्षण | - भु तथा जलाधार कार्यक्रम स्थानीय निकायमा हुनु । | - जिल्लाको सुख्खाग्रस्त क्षेत्र मध्ये साविकका ६ वटा गाविस यसै नगरमा रहनु । | - जलाधारको लागी स्थान छनौट तथा योजना निर्माण गर्ने ।<br>- पुराना पोखरीहरु तथा आहाल प्रसस्त रहेकोले पुर्नउत्थान र संरक्षण गर्न सकिने । | - नगरमा जोखिम देखिएका २२ वटा पहिरोहरु रहनु ।<br>- पानी मुहान संरक्षण अझै प्राथमिकतामा नहुनु<br>- धेरै जसो सल्लाको वन हुनु । |
| ४.३ | जैविकविविधता संरक्षण | - विविध हावापानी हुनु<br>- विविध जनावर तथा वोट विरुवा हुनु | - नगरका अधिकांश भूभाग सुख्खा ग्रस्त हुँदा पनि नगरको जलवायु अनुकुलन योजना नबन्नु । | - सुख्खा ग्रस्त क्षेत्रहरुमा गह्ला सुधार गर्न सकिने<br>- जैविक विविधता क्षेत्र विस्तार गर्न सकिने । | - जैविक विविधतासम्वन्धी ज्ञान शीप नहुनु ।<br>- जलवायु परिवर्तन अनुकुलनमा वजेट विनियोजन नहुनु । |
| ४.४ | वन्यजन्तु संरक्षण | - वन्यजन्तुहरुको लागि उपयुक्त वास स्थान । | - वन क्षेत्रमा पानीको स्रोत नभएका कारण वन्यजन्तुहरु गाउँ पस्नु । | - मयुर, कालिज तथा मृगहरुको संरक्षण गर्न सकेमा पर्यटन प्रवर्द्धन । | - वन्यजन्तुहरुको संरक्षणमा वेवास्ता<br>- लामो खडेरी पर्नु । |

| क.स | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| | | | | - | |
| ४.५ | जलवायु अनुकुलन | - धेरै प्रकारको हावापानी उपलब्ध हुनु । | - नगरको जलवायु अनुकुलन योजना नबन्नु । | - भिरालो क्षेत्रहरुमा गह्रा सुधार गर्ने ।<br>- नगरस्तरीय जलवायु अनुकुलन योजना । | - जलवायु परिवर्तनका कारण वालीनालीहरु उत्पादनमा कमी |
| ४.६ | फोहोरमैलाव्यवस्थापन | - आफ्नो घरवाट निस्कने फोहर आफैले व्यवस्थापन गर्न थालेको । | - नगरमा रहेको मुख्य बजार क्षेत्रहरुमा फोहोर व्यवस्थापन दीगो नहुनु | - फोहोरमैलाबाट नै मलखाद व्यवस्थापन गर्न सकिन्छ ।<br>- टोलस्तरमा फोहोरमैला व्यवस्थापन । | - पशु वधशाला र हाटबजार व्यवस्थीत नहुनु । |
| ४.७ | प्रकोप नियन्त्रण | - जिल्ला स्तरमा विपद व्यवस्थापन समिति रहनु । | - नदी किनारमा वस्ती विकास ।<br>- जोखिम स्थानमा वस्ती वस्ने वाध्यता | - अन्य निकायहरुको समन्वयमा कार्य गर्न सकिने । | - प्रकोप नियन्त्रण सम्बन्धी नगरमा स्पष्ट निती नहुनु । |
| ४.८ | विपदव्यवस्थापन | - न.पा. विपद व्यवस्थापन समिति गठन<br>- नगरमा ६ वटा एम्बुलेन्स संचालन | - विपदको पुर्वानुमान गर्न नसक्नु<br>- विपदबारे पुर्वतयारी नहुनु | - अन्य संस्थाहरु संग सम्वन्ध विस्तार गरि कार्यक्रम गर्न सक्ने । | - विपदबारे समुदाय सचेत नहुनु र विपद योजना नबन्नु |
| ४.९ | अग्नि नियन्त्रण | - अग्नी नियन्त्रण तालिम लिएका व्यक्तिहरु हुनु । | - आगलागी हुन सक्ने वन क्षेत्र र नजीकको बस्ती | - अग्नी नियन्त्रण तथा वारुण यन्त्र व्यवस्थापन | - वन क्षेत्रमा सल्लाको रुख |
| **५** | **न्याय, सुशासन तथा संस्थागत विकास** | | | - | - |
| ५.१ | कार्यालय व्यवस्थापन | - न्यायिक समिति मेलमिलापकर्ताको व्यवस्था । | - न्याय सम्पादनको लागी छुट्टै वकीलको व्यवस्था नभएको | - न्यायिक समितिवाट छिट्टै न्याय पाउने हुदाँ समयमा नै विवाद न्युनिकरण हुने | - न्याय सम्पादनमा वाहिरी दवाव हुनु |
| ५.२ | जनशक्ति व्ययवस्थापन | - करारमै भए पनि कर्मचारी व्यवस्थापन । | - शाखा अधिकृतको दरबन्दी खाली । | - उपलब्ध कर्मचरीबाट आधारभूत सेवा प्रभावकारी बनाउ सकिने | - आवश्यकता अनुसार कर्मचारी भर्ना गर्न आर्थिक स्रोतको अभाव । |

| क.स | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| ५.३ | कार्यालय व्यवस्थापन | - नगरपालिकाका आफ्नै भवन निर्माण । | - तालिम हल तथा पार्किङ्ग स्थलको अभाव । | - रामेछाप वजारमा कार्यालय हुनु, जनपरिचालनको अवसर | - कार्यालय निर्माणको लागि प्रसस्त जग्गा नहुनु । |
| ५.४ | सेवा व्यवस्थापन | - छिटो र छरितो ढंगको सेवा प्रवाह गर्ने गरीएको ।<br>- नागरिक वडापत्र तथा सार्वजनिक सुनुवाई गरिनु । | - सबै फाँट अनुसार कर्मचारीहरुलाइ व्यवस्थापन गर्न नसक्नु । | - टाढाका बस्ती तथा वडाका जनतालाई वर्षमा कम्तीमा २ वटा सेवा शिविरहरु संचालन गरी सेवा प्रवाह गर्न सकिने । | - नगरपालिकाको केन्द्र सबै वडाहरुलाई पायक पर्ने स्थानमा नहुनु |
| ५.५ | सूचनातथाप्रविधिविकास | - नगरको आफ्नै वेवसाईट हुनु<br>- सुचना तथा प्रविधी अधिकृत व्यवस्थापन । | - नगरको तथ्यांक तथा जानकारीहरु प्रयाप्त संकलन तथा सार्वजनिक नहुनु । | - नगरबाट भएका राम्रा कामहरुको प्रचार प्रसार र महत्वपुर्ण सिकाईहरु आदानप्रदान गर्न सकिने। | - भरपर्दो ईन्टरनेट सेवा नहुनु । |
| ५.६ | राजस्व परिचालन | - नया उद्योग व्यवसाय, बजार विस्तार । | - व्यवसाय तथा उद्योगहरु व्यवस्थीत संचालन नहुनु । | - व्यवस्थित बजार विकास गर्न सकिने । | - राजस्व संकलन र परिचालनमा सरकारी नितीगत समस्या रहनु । |
| ५.७ | वित्तीयव्यवस्थापन | - गत आ.व.मा पुजीगत खर्चमा वित्तिय प्रगती ८० भन्दा वढी<br>- लक्ष्या भन्दा वढी आन्तरिक आय प्राप्त गर्न सफल | - वास्तविक लागत जनसहभाताि न्यून हुनु ।<br>- नीजी,सहकारी र सरकारी लागत सहभागिता न्युन | - प्राकृतिक स्रोतबाट आय बढाउन सकिने । | - वित्तिय अनुशासन संयन्त्र फितलो ।<br>- सार्वजनिक सुनुवाई,सामाजिक परिक्षणको प्रभावकारीता |
| ५.८ | पारदर्शिता र जवाबदेहिता | - नागरिक वडा पत्र व्यवस्था ।<br>- ठुला योजनाको सूचना पाटी । | - कतिपय कार्यक्रमको सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण नहुनु । | - पारदर्शिताको विभिन्न गतीविधीहरु गरेर नमुना नगर बन्न सक्छ । | - उपभोक्ता समितिमा निरक्षर व्यक्तीहरु बढी भएको कारण आम्दानी |

| क्र.स | विषयगत क्षेत्र | सबलताहरु | कमजोरीहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|---|
| | | - सार्वजनिक सुनुवाई । | | | खर्चको श्रेष्ता राख्न कठिनाइ हुनु । |
| ५.९ | प्रशासकीय सुशासन | - विभिन्न स्थानीय ऐन कानुनहरु निर्माण । | - सबै तहमा कानुनी साक्षरता अभिवृद्धि गर्न नसक्नु । | - सुशासन र सन्तुष्टि वृद्धि । | - कानुनको पालना गर्न कठिन हुन सक्छ । |
| ५.१० | न्यायतथा सुरक्षा | - स्थानीय न्यालयको स्थापना तथा व्यवस्थापन । | - न्यायलको लागि छुट्टै भवन तथा कोठाको व्यवस्थापन गर्न नसक्नु । | - सामान्य मुद्धाहरुलाई स्थानीय स्तरमा नै समाधान गर्नसके समय र खर्च कम हुने छ। | - स्थानीय तहमा मिलाउन नसक्ने मुद्धाहरु पनि आउन सक्छन । |
| ५.११ | सामुदायिक तथा गैसस व्यवस्थापन | - ठुला गैससहरु र पुंजी परिचालन गर्ने सामुदायिक संस्था हुनु । | - एकद्धार प्रणलीमा परियोजना संचालन गर्न नसक्नु । | - अन्य क्षेत्रको लगानी भित्र्याउन सजिलो पर्दछ । | - संस्थाको उदेश्य र नगरको आवश्यकता मेल नखान सक्छ । |
| ५.१२ | अन्तरसम्बन्धित क्षेत्रहरु | - विषयगत समिति र कार्यालयहरु रहेको छ । | - विषयगत कार्यालय र समिति समन्वयमा कठिनाई । | - विषयगत कार्यालय र विषयगत समितिको समन्वय हुन सकेमा विकासले फड्को मार्ने छ । | - एकअर्काको भुमिका वारे स्पष्ट नहुनु । |

## २.४ पहिलो वर्षको समीक्षा र दोस्रो वर्षको योजना

२०७४ साल बैशाख ३१ गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुले २०७४ साल जेठ ११ गते पद वहाली गरेपछि जनताको तत्काल आवश्यकताको सम्बोधन र निर्वाचित जनप्रतिनिधिहरुको कार्यकक्ष तथा कार्यालय ब्यवस्थापन, कार्यालय सामाग्रीहरुको ब्यवस्था, वडा कार्यालयहरुको ब्यवस्थापन तथा अन्य तत्कालका जनसरोकारका कार्यको ब्यावस्थापन गर्ने कार्य थालनी भएको थियो भने नगरको प्रथम नगर सभाले लिएको लक्ष्य "कृषि, पर्यटन, सडक, खानेपानी हाम्रो पुर्वाधार, रामेछाप नगर विकासको दिगो आधार" लाई आत्मसात गर्दै आर्थिक वर्ष २०७४/७५ को विकास कार्यक्रमहरु सञ्चालन गरेको छ ।

नगरपालिकाले आर्थिक बर्ष २०७४/७५ का लागि रु. ३५ करोड ३३ लाख ३७ हजार बराबरको नीति, योजना, बजेट तथा कार्यक्रम प्रस्तुत भएको थियो । नेपाल सरकारबाट प्राप्त थप ससर्त अनुदान, विशेष अनुदान प्राप्त भई तोकिएका योजना तथा कार्यक्रम संचालन सन्तोषजनक रुपमा भएका छन् । आन्तरिक बजेटबाट नगरपालिका क्षेत्रभित्र आम नागरिकबाट माग भएका महत्वपुर्ण र अत्यावश्यक योजनाहरु पहिचान भै कार्यपालिकाको बैठकबाट थप २६२ वटा योजना तथा कार्यक्रमहरुमध्ये १९० वटा योजना सम्झौता भै कार्यान्वयनमा रहेको र १०८ वटा योजनाहरु सम्पन्न भएका छन् ।

चालु आ. व. लाई प्राप्त वित्तिय समानिकरण अनुदान, सशर्त अनुदान, राजस्व बाडफाड तथा आन्तरीक आय समेत एकमुष्ठ कुल अनुमानित आम्दानी रु.३५,३३,३७,०००।- बाट विभिन्न नगर तथा वडा स्तरीय विकास योजनाहरुमा रकम विनियोजन गरिएकोमा असार १५ गते सम्ममा ३७ वटा नगर स्तरीय र १४० वटा वडा स्तरीय भौतिक पुर्वाधार लगायत लक्षित कार्यक्रम, प्रवर्धानात्मक कार्यक्रम, पर्यटन प्रवर्धन लगायतका कार्यक्रम सम्पन्न भई रु.२७,५८,६५,४७३।– र सामाजिक सुरक्षा भत्ता रु. ८,१५,९९,०००।– आर्थिक प्रगतिको अवस्था रहेको थियो । मुख्यतः ६८ कि. मि. सडक नयाँ ट्र्याक ओपन र २० कि.मि. सडक स्तरोन्नती भएको छन भने ३३ वटा खानेपानी योजना संचालन भई करिब ६६० घर घुरी लाभान्वीत भएको छ । नगरपालिकाको आन्तरीक आम्दानी रु. १५ लाख अनुमान गरिएकोमा रु. ४६,९१,५८९।– आम्दानी गर्न सफल भएको छ, उक्त अनुमान भन्दा धेरै आम्दानी हुनुको मुख्य कारण पुनः निर्माणको क्रममा बनेका घरहरुको नक्सा पास मुख्य स्रोत रहेको थियो ।

नगरको गौरवको योजना रहेको वडा नं. ६ र ७ स्थीत भालुखोप डाडामा प्रस्तावित भ्यू टावर जग्गा जमिनको यकिनको लागि पहल भई रहेको र यस वर्ष पनि बजेट विनियोजन गरि निरन्तरताको लागि प्रस्ताव गरिएको छ । नगरले आफ्नै पहलमा व्याक हो लोडर खरिद भइसकेको र स्काभेटर पनि खरिद प्रक्रियाको अन्तिम चरणमा पुगेको छ । सामाजिक सुरक्षा चौमासिक रुपमा वितरण भइसकेको छ । नगर कार्यपालिकाको बैठकका सम्पूर्ण निर्णयहरु सर्वसहमतिको आधारमा गरिएको छ ।

आ.ब. २०७४/७५ मा संचालित योजनाहरुबाट ६४.५९ कि.मी. सडक नया ट्र्याक ओपन,१७.९५ कि.मी. स्तरोन्नती,४.७५ कि.मी. कुलो निर्माण र ४९ मी. ग्याबियन जाली लगाइएको छ भने २० वटा खानेपानीका योजनाहरु,२ वटा सिंचाइका योजनाहरु र अन्य विद्यालय भवन,खेलमैदान जस्ता ११ वटा योजनाहरु सम्पन्न भएका छन् । वडा कार्यालयका भवनहरु ८ वटा वडामा निर्माण भएका छन् । त्यसै गरी वडा नं ९ मा स्वास्थ्य चौकी क्रमागत रुपमा निर्माण थालनी गरिएको छ । वडास्तरमा सञ्चालित र सम्पन्न योजनाहरुमा सडक खानेपानी,पर्यटन पुर्वाधार, सडक मर्मत,

सरसफाई, जनचेतना मूलक कार्यक्रम, सीप विकास तथा क्षमता अभिवृद्धि तालिम, सामुदायिक स्कुल मर्मत तथा निर्माण आदि रहेका छन् ।

आ.ब. २०७४/७५ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत योजना तथा कार्यक्रम संचालन गर्न आम उपभोक्ता मार्फत कार्य गर्न प्राथमिकता दिईयो । भने केही हेवी इक्वीपमेन्टहरु योजना टेण्डर मार्फत ठेक्कामा संचालन गरियो ।

कार्यालय व्यवस्थापनतर्फ ९ वटै वडा कार्यालयहरुमा कम्प्यूटर, नेट र पावर ब्याकअफको ब्यवस्था गरिएको छ ।साथै, स्वीकृत संगठन संरचना बमोजिम कार्यपालिकामा विषयगत कार्यालयहरुबाट हस्तान्तरण भई आउने काम सहितको जनशक्तिलाई मध्ये नजर गरी बिभिन्न शाखा तथा उपशाखा गठन गरी संचालनमा ल्याइएको छ । नगरलाई आवश्यक पर्ने कानुनहरुतर्फ हालसम्म १० वटा ऐनहरु, ४ वटा नियमावली र ३ वटा कार्यविधिहरु तयार भएका छन् ।

पर्याप्त जमीन तथा नदीनालाको सदुपयोग, खानेपानीको विस्तार, कृषि तथा पशुपालनमा आधारित रोजगारी सिर्जना, घरेलु तथा लघु उद्योग, खनिज पदार्थहरुको परिचालन, पर्यटन प्रवर्द्धन आदि विषयहरु रामेछापको विकास सम्भावनाहरु हुन् ।

समग्रमा, कार्यपालिका सञ्चालनको दोस्रो वर्ष आइपुग्दा आवश्यक ऐन नियमहरु बनेको, दोस्रो आ.व. मा शुरुबाटै आयोजना सम्झौता र कार्यान्वयन हुन थालेको, सार्वजनिक सुनुवाइ, नागरिक वडापत्र, वेभसाइट तयारी, कार्यक्रम तथा बजेट सार्वजनिक, योजना प्रक्रिया समावेशी र बजेट वितरण न्यायोचित आधारमा गर्ने परम्पराको विकास उल्लेख्य उपलब्धि हुन ।

## २.५ वर्तमानबाट भविष्यतिर

समग्रमा रामेछाप नगरपालिकाका नागरिकहरुको जीवनस्तर आधारभूत आवश्यक्ताहरुको परिपूर्तिमै संघर्षशील छ । अर्थात, ६५% प्रतिशत घरधुरीहरु गरीबीकै अवस्थामा छन् । १०% जनसंख्या पूर्ण तथा अक्सर बेरोजगार छन् । जीवन निर्वाहको मुख्य आधार कृषि तथा पशुपंक्षी पालन नै छ तर यस भेगमा पानी र हरियालीको अभावको कारण मुख्य पेशाले नै दैनिक निर्वाह धान्न पनि धौ धौ छ भने कृषि तथा पशुपालनले आधुनिकताको बाटो समाउन सकेको छैन । कुल सिँचाइयोग्य जमीनमध्ये ३% मा मात्र सिँचाइ पुगेको देखिन्छ । नगरमा कुल क्षेत्रफलको ६० प्रतिशत बनले ढाके तापनि यसले व्यवसायिक वनको रुप लिन सकेको छैन । अर्थतन्त्रका लागि सक्रिय मानिएको ३७.४३ प्रतिशत युवा पुस्ताआजका दिनमा गाउँबाहिर छ । गाउँभित्रै भएकाहरु पनि कृषि तथा पशुपालनजन्य पेशालाई दुःखिया पेशाको रुपमा लिइ यसप्रति विमुख छन् ।

यति हुँदाहुँदै पनि नगर विकासको मूल स्रोत कृषि, पशु, वन, पानी र जनशक्ति नै हुन् । यो नगरपालिका ३७९ देखि २०९४ मी. सम्मको उँचाइमा फैलिएको हुँदा धेरै खाले हावापानी पाइने भएकोले यिनको बुद्धिमत्तापूर्ण परिचालनबाटै नगरलाई समृद्धिको मूल बाटोमा पुर्याउन सकिने सम्भावनाहरु देखिन्छ । यसकारण यिनै स्रोतहरुलाई परिचालन गरी नगरको विकासमा अघि बढ्नु उचित बाटो देखिएकोले रणनीतिक योजनाले यिनैलाई परिचालन गर्ने नीति लिएको छ । यस अन्तर्गत कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण र औद्योगिकरण, जल संरक्षण तथा भण्डारण, हरियाली प्रवर्द्धन र युवाहरुलाई स्थानीय स्वरोजगार वृद्धि गर्ने परिकल्पना रणनीतिक योजनाले लिएको छ ।

# अध्याय ३ः सोच, लक्ष्य, रणनीति तथा कार्यनीतिहरु

यस अध्यायमा नगरको दीर्घकालीन सोच, आवधिक  लक्ष्य तथा उद्देश्य, प्रमुख क्षेत्रगत कार्यक्रम र नगरको विकासलाई मूलधारमा सञ्चालन गर्न मद्दत पुर्‍याउने  प्रमुख कार्यक्रमहरु प्रस्तुत गरिएको छ ।

## ३.१ दीर्घकालीन सोच

- आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र सुशासनसहितको समृद्ध रामेछाप
- **नाराः** कृषि, पर्यटन, सडक र खानेपानी नगरको दिगो विकासको मेरुदण्ड हुनेछ । यसलाई निम्न नाराको रुपमा स्थापित गरिनेछः
  *कृषि, पर्यटन, सडक, खानेपानीहाम्रो पूर्वाधार*
  *रामेछाप नगर विकासको दिगो आधार ।*

## ३.२ आवधिक लक्ष्य

- हाल **२९.९९%** आय गरीबीको रेखामुनि रहेको नगरको परिवार संख्यालाई आर्थिक समृद्धिको माध्यमबाट **१५%** मा झार्ने ।
- पाच वर्ष भित्रमा दोब्बर आय बढाउने र वेरोजगारी आधा घटाउने ।
- नेपाल सरकारले आवधिक योजनाहरुमा लिइएको लक्ष्यलाई परिपोषण गर्ने
- नगरका सम्पुर्ण जग्गा जमीनहरुको सदुपयोग हुने

## ३.३ आवधिक उद्देश्य

- स्थानीय स्रोतहरुलाई आर्थिक समृद्धिको मेरुदण्डको रुपमा विकास गर्ने ।
- सामाजिक क्षेत्रका विकास सूचकहरुलाई प्रदेशको मापदण्डमा पुर्‍याउने ।
- नगर विकासका लागि बहुआयामिक क्षेत्रको एकिकृत विकास कार्य सञ्चालन गर्ने ।
- नगरपालिकाको समग्र विकासका निजी,सहकारी र सरकारी साझेदारी विकास गर्ने  ।
- नगरपालिकाबाट प्रदान गरिने सेवाहरुलाइ प्रभावकारी ,पारदर्शी र उपलब्धि मुलक बनाउने ।

## ३.४ प्रमुख रणनीति

नगर तथा नगरवासीको समष्टिगत अर्थतन्त्रको चित्रण र सो अनुसार समृद्धि हासिल गर्ने प्रमुख रणनीति निम्न अनुसार हुने छ ।

### सामाजिक आर्थिक अवस्थाको चित्रण

- परम्परागत पेशाका रुपमा रहीआएको निर्वाहमुखी कृषि
- गैह्र कृषि क्षेत्रको ठूलो हिस्सा रहेको आर्थिक संरचना
- कामलाई सानो ठूलो भन्ने समाज
- संरचनात्मक विभेदमा हुर्किएको समुदाय
- ठुलो श्रमशक्ति बाहिर पलायन
- आर्थिक रुपमा सकृया जनसंख्या थोरै र परिवारमा धेरै आश्रीत जनसंख्या

- अग्रज जनसंख्याको ठुलो हिस्सा निरक्षर
- उत्पादन र उत्पादकत्व दुवै कमजोर र प्रतिस्पर्धात्मकता कम
- वैदेशिक मुद्रा आपूर्ति तथा गरिवी वढ्नबाट रोकेको रेमिटेन्स बढ्नुसट्टा घट्ने संकेत
- प्राकृतिक स्रोत साधनको प्रयोगलाई नविनतम् सोच र समृद्धिसँग जोड्न नसकेको अवस्था
- लगानी वातावरण तथा  समृद्धी उन्मुख कार्यक्रम,कार्यनितिको अभाव
- लगानीको प्रतिफल न्युन ,खर्चको मापदण्ड तथा नीतिमा आधारित वजेटको फितलो प्रयोग

**प्रमुख रणनीति**

- समृद्धि प्राप्तिका लागि आर्थिक एजेण्डालाई केन्द्रिय विषय बनाई सर्वपक्षीय प्रयास
- स्थानीय संभावनाको खोजी र उपयोग,विभिन्न पालिका र तहहरुवीच सहकार्य एवं साझेदारी
- विद्यमान भौतिक, सामाजिक एवं मानवीय पूर्वाधारहरुको भरपूर प्रयोग
- कृषि क्षेत्रमा आधुनिकिकरण र व्यवसायीकरण गर्ने गरी कृषि विकास रणनीतिलाई पूर्ण कार्यान्वयनमा लैजाने
- आन्तरिक पर्यटनलाई अर्थतन्त्रको प्रमुख आयामका रुपमा विकास गर्ने
- स्थानिय उद्योग धन्दा र परम्परागत ब्यावशायको प्रतिस्पर्धात्मक क्षमताको विस्तार गर्ने, वजारीकरण गर्ने
- नगरलाइ सडकमार्ग र हवाई मार्ग र जलमार्गसंग जोड्ने ,सुचना प्रविधि,सञ्चार र ऋयललभअतष्खष्तथ मा सुधार गर्ने
- वैदेशिक रोजगारीबाट आर्जन भएको रकमलाई उत्पादन मुलक कार्यमा  प्रयोग हुनेगरी नीति तथा कार्यक्रम तर्जुमा गर्ने
- वजेट अनुशासन र वित्तीय जवाफदेहिताको कानूनी र व्यवस्थापकीय प्रवन्ध गर्ने
- समुत्थान क्षमतासहितको समुदाय, व्यवस्थित सहरीकरण र प्रविधिमैत्री कार्यप्रणालीको प्रयोग
- सेवा प्रवाहमा संरचनात्मक सुधार र प्रभावकारी औजारहरुको संतुलित प्रयोग गर्ने
- नगरको समग्र उन्नतीका लागि नागरिक सहभागिता जुटाउने र कर्म गर्ने कार्यसंस्कृतिलाई केन्द्रिय विषय वनाउने,
- मेहनत, इमान्दारिता, सहकारीता ,आत्मसम्मानलाई रामेछापवासीको पहिचान बनाउने
- हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने
- परनिर्भर र अन्तरनिर्भर अर्थतन्त्रलाई आत्मनिर्भरता तर्फ डोऱ्याउने ।
- सांस्कृतिक र धार्मीक विविधताको संरक्षण र ब्यावस्थापन गर्ने ।
- शिक्षालाई प्रतिफलमुलक बनाउने ।
- स्वस्थ र सृजनशिल र श्रमसिल नागरिकहरु तयार गर्ने ।

## ३.५ कार्यनीति तथा प्रमुख कार्यक्रम (प्राथमिकता क्षेत्र) हरु

नगर रणनीतिक योजनाको मुख्य लक्ष्य गरीबी निवारण ,आय तथा रोजगारी अविबृद्धि हुने र सो को मुख्य प्राथमिकता क्षेत्र ब्यावशायिक कृषि तथा पशुपालन,सुख्खा क्षेत्रको ब्यावस्थापन तथा उत्थानशिलता अभिबृद्धी,आन्तरिक पर्यटन प्रवर्धन ,पुर्वाधार ,खानेपानी तथा सिंचाई सेवा विस्तार,शिक्षा र स्वास्थ्य सेवामा पहुच तथा गुणस्तर अभिबृद्धिहुनेछ । प्राथमिकता क्षेत्रमा रहेका ७ वटा विषय(प्रमुख कार्यक्रम)लाई अनुसुचि १ देखी ७ सम्म कार्यनीति तथा सोच पत्रको रुपमा छुट्टै पेश गरिएको छ ।

प्रमुख क्षेत्रहरुको क्षेत्रगत लक्ष्य र संछिप्त कार्यनीति निम्नअनुसार हुनेछ ।

### ३.५.१. कृषि, वन तथा वातावरण

रामेछाप नगरपालिकामा ३८% खेती गरेको जमीन र ६०% वन रहेको छ । कृषि क्षेत्र मुख्य गरी वन तथा वातावरणमा निर्भर रहेको छ, तर यस नगरपालिका भित्र कृषि, वन र वातावरणको क्षेत्र नाजुक नै रहेको छ । यस नगरपालिकाको प्रमुख चुनौती भनेको पानीको समस्या रहेको छ । मुख्यतः साँघुटार, देउराली, हिमगङ्गा, रामपुर, रामेछाप लगाएतका क्षेत्रहरु सुखा क्षेत्र हुन् । सुखा क्षेत्रकै कारण यस नगरक्षेत्रमा सिंचाई योग्य जमीन करिब ३% मात्र रहेको छ भने अर्को तिर जमीन बाझो राख्ने क्रम बढी रहेको छ । यसैकारण यस नगरपालिकामा कृषि क्षेत्रको योगदान जम्मा कुल आम्दानीको केवल १५.२६% मात्र रहेको छ । अर्को तिर कुल वन क्षेत्रको २१.६७% वन मात्र राम्रो अवस्थामा रहेको छ । नगरपालिका भित्रको वनको औसत मौज्दात केवल ११.०५ घ.मी. प्रति हे रहेको छ, जुन राष्ट्रिय औसत (१६४.७३ घ.मी. /हे) भन्दा धेरै नै कम रहेको छ । यसकारण रामेछाप नगरपालिकाको समृद्धिको लागि यहाको जमीनको उत्पाकत्व बढाउन आवश्यक रहेको छ ।

यसको लागि कृषि, वन तथा वातावरणका कार्यक्रमलाई एकिकृत रुपमा विकाश गरी अगाडि बढाउन अपरिहार्य देखिएको छ । यसका अलावा विभिन्न कृषि कार्यहरुको लागि पाकेट क्षेत्र पहिचान गरी व्यावसायिक कृषि तथा पशुपालन कार्यलाई अगाडि बढाईनेछ ।

#### (क) सुखा क्षेत्र व्यवस्थापन

सुखा क्षेत्रको व्यवस्थापन यस नगरपालिकाको प्रमुख चुनौतीको रुपमा रहेको छ । अर्कोतिर, पानी मुहान सुक्ने क्रम पनि बढिरहेको छ । जसले गर्दा तल्लो क्षेत्रबाट पानी लिफ्टिङ्ग गरेर वितरण गर्दा उपभोक्ताहरुलाई थप आर्थिक भार पर्न गैरहेको छ । अझ दिर्घकालिन रुपमा यि श्रोतहरु भरपर्दो हुनेमा शंका नै छ । यसैले पानीको मुहानहरुको संरक्षण तथा उपलब्ध पानीको व्यवस्थापन गर्न आजको आवश्यकता रहेको छ । यसको लागि निम्न बमोजिमका कार्यक्रमहरु प्रस्ताव गरिएको छ :

(अ) हरेक वस्तीहरुमा रहेको विद्यमान आहालहरुको संरक्षण तथा व्यवस्थापन गर्ने,

(आ) ठाउँ ठाउँमा बर्षे पानी संकलनको लागि वर्षे आहालहरुको निर्माण गर्ने। साथै जलाधार क्षेत्र भित्र नया तथा पुरानो आहालहरुको संजाल निर्माण गर्ने,

(इ) खोला, खोल्सीहरुमा पानी पुनरभरण ड्याम निर्माण गर्ने,

(ई) बारीमा पानी सोसाउने कुलो निर्माण गर्ने,

(उ) पानीको श्रोत वरिपरि उचित मात्रामा वनको व्यवस्थापन गर्ने । सल्ला वन भएमा चौडापाते मिश्रित वन बनाउने र बनलाई धेरै घना नराख्ने । सूख्खा क्षेत्र ब्यावस्थापनको लागि कार्यदलले छुट्टै प्राविधिक अवधारणा पत्र तयार पानरी अनुसूचि.२ मा राखीएको छ । उक्त अवधारण पत्र अनुसार सुख्खा क्षेत्रको उत्थानशिलता अभिबृदी गरिने छ ।

**(ख) वन व्यवस्थापन**

(अ) दिगो वन व्यवस्थापनको अवधारणाको आधारमा सामुदायिक वनका कार्ययोजनाहरु तयार गरी नवीकरण गर्ने । जलाधार क्षेत्र भित्रका सम्पूर्ण वन समुहहरु (सामुदायिक, कबुलियति) वनहरुलाई समाहित गरि एकिकृत योजना तयार गर्ने ।

(आ) सल्ला वन लाई चौडापाते मिश्रित वनमा क्रमशः परिणत गर्ने । यसरी वनको प्रजाति मिश्रण परिवर्तन गर्दा स्थान हेरी संरक्षण गर्नुपर्ने क्षेत्र जस्तैः पानी मुहानमा बढीमा सल्ला २०% र उत्पादन क्षेत्रमा बढीमा ६०% सम्म राख्ने,

(इ) बुट्यान झाडी तथा खाली जग्गाको व्यवस्थापन गर्ने । अनावश्यक झाडी बुट्यान हटाई खाली ठाउमा वृक्षारोपण गर्ने ।

(ई) नदि किनार क्षेत्रमा खयरको वीउ छर्ने ।

**वृक्षारोपण गर्दा निम्न कुरामा ध्यान दिने**

(अ) वृक्षारोपणको लागि नगर भित्र उच्च प्रविधिको नर्सरीको व्यवस्थापन गर्ने । निजी क्षेत्रको सहभागिताको लागि निजी नर्सरीलाई प्रोत्साहन गरी नगरपालिकाले बिरुवाको वार्षिक माग गर्ने ।

(आ) सुखा क्षेत्र भएकोले कम्तिमा दुई बर्षका बिरुवाहरु मात्र रोपण गर्ने ।

(इ) वृक्षारोपण गर्ने कम्तिमा ६ महिना अगाडि नै खाडल खनी, खाडलमा पतकर तथा पानी हाल्ने । आवश्यकता परे माटो र मल पनि भर्ने ।

(ई) वृक्षारोपण स्थापित नहुन्जेलसम्म बढीमा तीन वर्ष बीच बीचमा भूई घास लगाउने ।

**(ग) कृषि**

रामेछाप नगरपालिकामा मुख्यतः पानीको समस्या रहेको र वर्षात पनि अनियमित रुपमा हुने गरेकोले जलवायु परिवर्तन अनुकुलन कृषि कार्यक्रमलाई जोड दिइनेछ । यस नगरपालिका भित्र परम्परागत रुपमा हुने बालीहरु जस्तै : गहत तथा बदामलाई प्रबर्द्धन गर्ने, फलफूल तथा तरकारी खेतीलाई व्यावसायिकरण गरिनेछ । यसको लागि निम्न कियाकलापहरु अपनाईने छः

(अ) कृषि र पशुपालनलाई एकिकृत रुपमा लगिने,

(आ) प्राङ्गारिक खेती लाई जोड दिने र झोलमोलको प्रयोग गर्ने ।

(इ) पानी संरक्षण प्रविधिहरु जस्तैः मल्चिङ्ग, थोपा सिंचाई , कालो प्लाष्टिकले जमीन ढाकी तरकारी खेती आदि लाई जोड दिने

(ई) कृषि सहकारी वा कृषक समुह बनाई मूल्य अभिवृद्धि श्रृङ्खलामा कृषकहरुलाई सहभागी गराउने,

(उ) कृषिलाई परिस्कृत बनाउन कृषकको जग्गामा कृषि प्रदर्शनी स्थल बनाउने,

(ऊ) नियमित रुपमा कृषि प्राविधिकबाट कृषकहरुलाई फिल्डमा नै कोचिङ्गको व्यवस्था गर्ने

(ए) कृषि वन प्रणालीको विकाश गर्नका लागि आवश्यक प्राविधिक सल्लाह तथा बिरुवा उपलब्ध गराउने,

**(घ) पशुपालन**

यस नगरपालिकाले व्यवसायिक पशुपालनलाई प्रोत्साहित गर्ने छ । पशुपालनलाई जलवायु परिवर्तन अनुकुलन कृषि कार्यक्रम र पशुपालनलाई समानान्तर रुपमा लैजान प्रोत्साहन गरिनेछ ।

(अ) पशुपालनलाई व्यावसायिक बनाउनको लागि घास रोपण कार्यक्रमलाई एकिकृत रुपमा अगाडि लैजाने,

(आ) हरेक पशु फार्महरुबाट बायोग्यास उत्पादन गर्ने,

(इ) कम्पोष्ट र भ्कोलमल उत्पादनलाई व्यावसायिकरण गर्ने,

(ई) कबुलियति वन उपभोक्ता समुहसग समन्वय गरी तथा सार्वजनिक जग्गाहरुमा घास उत्पादनलाई प्रबर्द्धन गर्ने,

**(ङ) निजी बाझो तथा सार्वजनिक जमीन व्यवस्थापन**

**निजी वाझो जग्गामा मुख्यत :** वृक्षारोपण तथा घास रोपणको लागि प्रोत्साहन गरिनेछ। यसको लागि निम्न बमोजिमका क्रियाकलापहरु गर्न सकिनेछ ।

(अ) बृक्षारोपणको लागि स्थानीय सामुदायिक वन उपभोक्ता समुहहरु सग सहकार्य गरी करारको रकम र बिरुवा खर्च नगरपालिकाले व्यहोर्ने तथा बृक्षारोपण कार्य र व्यवस्थापन तथा संरक्षण कार्य उपभोक्ता समुहहरुले गरी पछि लाभांश वितरण गर्ने। जसको लागि नगरपालिका र वन उपभोक्ता समुह बीच सम्झौता गर्ने,

(आ) निजी जग्गाहरुका घास रोपणको लागि जग्गा करारमा लिनका लागि पशुपालन व्यवसायी तथा फर्महरुलाई प्रोत्साहन गर्ने,

(इ) सार्वजनिक जग्गा व्यवस्थापनको लागि गरिबीको रेखा मुनि रहेका घरधुरीहरुको समुह बनाई घास रोपण वा कृषि वनको लागि प्रोत्साहन तथा सहयोग गर्ने,

(ई) सार्वजनिक जग्गा व्यवस्थापनको लागि ईच्छुक कृषक समुहहरु नभएमा व्यावसायिक फार्महरु मुख्यतः पशुपालन व्यावसायिलाई प्राथमिकता दिई कृषि वन वा घास उत्पादनको लागि प्रोत्साहन गर्ने

**च. कषि तथा पशुपालन क्षेत्रलाइ पाकेट क्षेत्रको रुपमा विस्तार गर्ने :**

नगरको हावापानी र भौगोलिक बनावट अनुसार विभिन्न स्थानहरुमा विभिन्न कृषि तथा पशुमा आधारित उद्यमहरुलाए पाकेट क्षेत्रको रुपमा विकास र विस्तार गरिने छः

**तालिका ३: सम्भावित पकेटक्षेत्रहरुको विवरण**

| वार्ड | क्र.सं. | आयोजना | स्थान |
|---|---|---|---|
| १ | 1. | बाख्रा पालन | सेरा, कठायतटोल, बिर्ताटोल |
| | 2. | भैसी पालन | थापाटोल, गोठपानी साउने टोल, बिर्ता टोल |
| | 3. | मसलाबाली | धन्नेश्वरी, साँगेपानी |
| २ | 4. | तरकारी खेती | सेरा खोला, रोका टोल, फलाटे, सिमपानी |
| | 5. | बाख्रापालन | बस्नते गाउँ |
| ३ | 6. | माछापालन | दाहाल टार |
| | 7. | तरकारी खेती | कुमलटार, वाँकीमेरी, थाक्ले |
| | 8. | नर्मदेश्वर महादेव प्रवेशद्वार विकास | साँघुटार बजार |
| ४ | 9. | बाख्रा पालन | बोलङ बोलङ |
| | 10. | गेडागुडी | फुन्द्रेवेसी |
| | 11. | फलफुल | |
| ५ | 12. | बाख्रा पालन | दाइजोर |
| | 13. | गेडागुडी खेती | कोलोन्जोर, खन्करी, चारघरे वेसी |
| | 14. | मकै जोन | रामपुर |
| ६ | 15. | तरकारी खेती | गाइटार, कटुन्जे, भालुखोप |
| | 16. | जुनार खेती | गाइटार, कटुन्जे, ओखेनी |
| | 17. | मकै जोन | होदील |
| ७ | 18. | उद्यम जोन | हिलेपानी सुकाजोर |
| ८ | 19. | भैसीपालन | भोर्ले, लामाटोल |
| | 20. | बाख्रा पालन | रातटार,हर्देनी |
| | 21. | जुनार खेती | भँगेरी |
| ९ | 22. | बाख्रा पालन | टार, ल्याङल्याङ |
| | 23. | बालुवाखानी | |
| | 24. | गेडागुढी | |

नगरको भू बनौट,हावापानी अनुसारको प्रस्तावित खेती प्रविधि तथा भू उपयोगको सोच पत्र अनुसुचि ६ मा दिईएको छ ।सो अनुसार कार्यक्रम बनाई सञ्चालन गर्ने ।

### छ.फोहोर व्यवस्थापन

बढ्दो शहरीकरण र आम्दानीको वृद्धि सगै हुने  आर्थिक कृयाकलापको वृद्धिले फोहोर व्यवस्थापनको कृयाकलापलाई चुनौतीपूर्ण बनाउछ । यस नगरपालिका भित्र मुख्य रुपमा रामेछाप बजार र रामपुरमा फोहोर व्यवस्थापनका क्रियाकलापहरु गरिदै आएका छन् भने अन्य स्थानहरुमा फोहोर व्यवस्थापन व्यवस्थित छैन । यसकारण फोहोर व्यवस्थापनको लागि निम्न कार्यक्रमहरु गरिनेछ ।

(अ) हरेक बजार केन्द्रको वरिपरि ल्याण्डफिल साईट पहिचान गरी व्यवस्थापन गर्ने,

(आ) कुहिने र नकुहिने फोहोर घरघरमा छुट्याउनको लागि टोल सुधार समिति मार्फत प्रोत्साहन गर्ने,

(इ) प्लाष्टिक जन्य फोहोरको व्यवस्थापन र त्यसबाट आम्दानी गर्नको लागि सुईरो कार्यक्रम संचालन गर्ने । यसको लागि हरेक घर, विद्यालय र कार्यालयहरुमा फलामको सुईरो वितरण गरी प्लाष्टिकजन्य फोहोर व्यवस्थापन गर्ने,

(ई) घर तथा विद्यालयमा कम्पोष्ट विन लागत शेयरको आधारमा वितरण गर्ने,

### ३.५.२. पर्यटन प्रवर्धन

यस नगरपालिका भित्र विभिन्न ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक स्थलहरु छन् । पर्यटन विकाशको लागि मुख्य रुपमा दुई प्याकेज प्रस्ताव गरिएको छ ।

(अ) जुनारमा आधारित पर्यटन – जुनार पाईने स्थानहरुमा होम स्टे बनाई जुनारमा आधारित पर्यटनको विकाश गर्ने । पर्यटकहरुलाई जुनारको परिकारहरुका साथै स्थानीय सांस्कृतिक कार्यक्रमहरु जस्तै : हायु संस्कृति तथा मगरनाचको प्रदर्शनी गर्ने ।

(आ) रामेछाप बजार वरिपरि गंगालाल – पुष्पलाल जन्मस्थल, तिल्केस्थान गढी, भिमसेन मन्दिर र प्रस्तावित भ्यू टावर लाई एकिकृत रुपमा विकाश गर्ने । गंगालाल–पुष्पलाल जन्मस्थलमा मार्क्सवाद पुस्तकालयको स्थापना र नियमित रुपमा मार्कसबाद विचार कार्यक्रम आयोजना गरी पर्यटनको नौलो आयाम विकाश गर्न सकिने थियो । यसरी रामेछाप बजार वरिपरि पर्यटकिय सेवाहरुको वृद्धि गर्दा साघुटार भै ओखलढुंगा, सोलुखुम्बु जाने पर्यटकहरुलाई साघुटारमा एक रात बास बसाउन सकिने ।

(इ) हायु संग्राहलयको स्थापना गर्ने र मगर नाचलाई प्रबर्द्धन गर्ने ।

नगरमा पर्यटन पुर्वाधारहरु बन्ने क्रममा रहेको वर्तमान परिबेशलाई मनन गरी पछि क्रमिक रुपमा विस्तार गर्ने गरी हाललाई पाचवटा पर्यटन प्याकेजहरु प्रस्ताव गरिएको छ जुन अनुसुीच ३ मा राखीएको छ ।

### ३.५.३. उद्यम तथा रोजगारी

विद्यमान उद्यमहरुको स्तरोन्नती तथा नया उद्यमहरुको स्थापना गर्नको लागि उपयुक्त वातावरण सिर्जना गरिनेछ । यसको लागि निम्न कार्यक्रमहरु गरिनेछ ।

(अ) निजी क्षेत्रलाई उद्यम स्थापनाको लागि प्रोत्साहन गरिनेछ भने विपन्न तथा पिछडिएका वर्गलाई उक्त उद्यमहरुलाई आवश्यक पर्ने शिपमूलक तालिम दिई रोजगारीको अवसर सिर्जना गरिनेछ ।

(ख) कृषि उत्पादन सम्बन्धि प्रशोधन तथा प्याकेजिङ्ग उद्योगलाई प्रोत्साहन गरिनेछ ।

(ग) अर्ग्यानिक तथा परम्परागत उत्पादनहरु जस्तै : गहत, बदाम, जुनारलाई ब्राण्डिङ्ग गरिनेछ ।

(घ) परम्परागत पेशाहरु जस्तैः आरन लाई आधुनिकिकरण गर्न सहायता पुर्याईनेछ ।

(ङ) कोल्ड स्टोर निर्माण गरिनेछ ।

(च) संभाब्य रोजगारीका क्षेत्रहरुको सूचि अनुसूचि १ मा दिईएको छ।सो को थप आर्थिक विश्लेषण गरी कार्यक्रम सञ्चालन गर्ने छ ।

### ३.५.४.शिक्षा क्षेत्र

**क. शिक्षक र शिक्षण संस्था शान्ती क्षेत्र :** शिक्षा क्षेत्रको सुधारको पहिलो जवाफ देहि ब्यक्ति शिक्षकहरु नै हुन र उनको नियमित पठन पाठन र पुर्ण पुर्व तयारी ले ठुलो महत्व राख्द छ। यसर्थ शिक्षकलाई शिक्षा क्षेत्रको विकास र वहस बाहेक अन्य राजनितिक दलको राजनिति गर्नबाट निरुत्साहित गर्ने वातावरण वनाउने ।शैक्षिक कृयाकलाप बाहेकका अन्य कुरामा शिक्षकलाइ अघि नसार्ने र सर्न पनि नदिने ।

**ख. विद्युतिय हाजीरीको अभ्यास गर्ने :** विहान र बेलुकीको विद्युतिय हाजिरी राख्ने र महिनाको एक पटक प्रीन्ट निकालेर श्रोत ब्यक्तिबाट निरीक्षण,अनुगमण र पृष्ठपोषण गर्न लगाउने ।शूरुमा शिक्षकबाट शुरु गरी पछि विद्यार्थीमा पनि लागु गर्दै जाने ।कुनै विद्यार्थी अनुपस्थित भए सो को अनुगमण शिक्षक  अविभावक दुवैले गर्ने गरी संयन्त्र बनाउने ।

**ग. शिक्षक,अविभावक र विद्यार्थी विचको सम्बन्ध गास्ने :** बाल बालिकाको शैक्षिक गुणस्तरको अनुगमणका लागि शिक्षक र अविभावकको सम्बन्ध र सहकार्य बढाउन विद्यालय डायरी प्रयोगमा ल्याउने । यसमा विद्यालयमा दिएको गृहकार्य आफ्ना बच्चा बच्चीले गरे नगरेकोबारे जानकारी लिन र विद्यालयले पनि गृहकार्य दिए नदिएको ,चेकजाच गरे नगरेको अविभावकले थाहा पाउन विद्यालयले डायरी तयार गरी विद्यार्थीलाइ दिने र विद्यालयले दिएको गृहकार्य गरे नगरेको अविभावकाले  हेरी गरेकोमा सही गरी पठाउने ब्यावस्था गरी वालबच्चाको शैक्षिक उपलब्धि अविभावकबाट समेत गराउने ।

**घ. विद्यालय ब्यावस्थापन समिति र शिक्षक बीचको सन्तुलन र नियंत्रण :** विद्यालय ब्यावस्थापन समितिले शैक्षिक गुणस्तर सुधारमा शिक्षक,विद्यार्थी र अविभावकको विच समन्वय र सहकार्य गर्ने तर नियमानुसार चल्नु पर्ने जस्तो प्रशासनिक( शिक्षक को विज्ञापन,परिक्षा, आर्थिक कार्य सञ्चालन) कुरामा हस्तक्षेप नगर्ने

**ड. स्थानिय परिबेश गनुसारको पाठ्यकम निर्माण** : २०० पुर्णाङको स्थानिय पाठ्यकम बनाउन पाउने अवसरलाइ स्थानिय परिबेश गनुसारको पाठ्यकम निर्माण गरी सदुपयोग गर्ने। शिक्षालाइ आवश्यकता मुखी ,उत्पादनमुखी,श्रममुखी हुने गरी पाठ्यकम बनाइ लागु गर्ने ।

**च. उत्तरपुस्तीका परिक्षणमा सुधार :** परिक्षाको उत्तर पुस्तिका विद्यालयहरु विच गोप्य रुपमा साटासाट गरी जाच गर्ने ब्यावस्था गर्ने ।

**छ. विद्यार्थी साटासाट** : राम्रो विद्यार्थीहरुलाइ केही समय विद्यालय साटेर पढाउने,केही पुरस्कारका ब्यावस्था गरेर कमजोर विद्यार्थी संग टाइअप गर्ने

**ज. बहुकक्ष शिकाइ** : शिक्षकहरु नपुगेको गुनासो ब्यापक छ तर नगरको शिक्षक विद्यार्थी अनुपात १:२३ मात्र छ जवकी पहाडी भागमा यो अनुपात १:४० अपेक्षा गरिएको छ ।थोरै विद्यार्थी भएका विद्यालयमा बहुकक्षा शिक्षा लाग ु गर्ने,टकिङ टिचर लगायतका प्रविधि प्रयोगमा ल्याउने,राम्रो विद्यार्थीलाई प्रोत्साहित गरी पढाउन लगाउने ।

**झ. खेताला शिक्षक नियंत्रण :** खेताला शिक्षक राखेर वास्तविक शिक्षक बाहिर अरु काममा जाने कमको कडा निगरानी गर्ने।

(ञ) शिक्षा क्षेत्रको विकासको कार्ययोजना अनुसुचि ४ मा छुट्टै पेश गरिएको छ सो कार्ययोजना लागु गर्ने ।

### ३.५.५ स्वास्थ्य क्षेत्र

- रामेछाप अस्पाताललाई डिजीटल एक्स रे,अल्ट्रासाउण्ड,ईसिजी र मेडीकल ल्यावरेटोरी सहित २४ सै घण्टा स्वास्थ्य सेवा प्रदान हुने गरी बन्दोबस्त मिलाउने
- २५ बेडको स्विकृति लिने
- इमर्जेन्सी सिजरियन सेक्सनको ब्यबस्था गर्ने ।
- अनमी र नर्सलाइ इमर्जेन्सी अब्स्टेटिकसको भिडियो एक्सरेको तालिम दिने ।
- डेन्टलको सेवा सुचारु गर्ने ।
- हरेक वडाहरुमा चिकित्सक सहितको टोलीले कम्तीमा बर्षमा एक पटक दाँत, आँखा, स्त्रीरोग, पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको स्क्रिनिंग सेवा उपलब्ध गराउने ।
- जीपी, एनेष्थेसिया असिष्टेण्ट, र ओटी नर्सको ब्यबस्था गर्ने ।
- साघुटार हेल्थपोष्ट,बोलङहेल्थपोष्टको क्षमता बढाउने
- प्रभावकारी प्रतिकारात्मक सेवा विस्तार
- प्राविधिक शिक्षालय स्थापना
- स्वास्थ्य सेवाको कार्ययोजना अनुसुचि ५ मा छुट्टै दिईएको छ सो अनुसार गर्ने ।

# अध्याय ४ : क्षेत्रगत योजना

यस अध्यायमा मुख्य पाँच विषयगत क्षेत्र र ती अन्तर्गत ३२वटा उपक्षेत्रका सोच, प्रमुख लक्ष्य, उद्देश्य, रणनीति  कार्यनीतितथा कार्यक्रमका मुख्य क्षेत्रहरु समावेश गरिएको ।साथै कार्यनीतिसंग सम्बन्धित सातवटा विविध विषयको अवधारणा तथा सोच पत्र समेत अनुसुचिमा छुट्टै समाबेस गरिएको छ ।यस अध्यायमा वस्ती,वडा भेलाबाट आएका बजेट तथा कार्यक्रमहरु तथा नगरका विभिन्न विषयगत समिति र विषयगत निकायहरुसंग छलफल गरी सो का आधारमा तय गरीएको क्षेत्रगत सोच,कार्यनीति तथा कार्यक्रमहरु समाबेश गरिएको छ। वडागत रुपमा बृस्तृत बजेट,कार्यक्रमहरु भने रणनीति योजनाको चौथो भाग (भाग ४ बजेट तथा कार्यक्रम खण्डमा) मा समाबेश गरिएको छ ।

## ४.१ .आर्थिक विकास

### ४.१.१ कृषि

**क. सोच**

- खाद्य आत्मनिर्भरतासहित बाह्य निकासीमा वृद्धि हुनेछ ।

**ख. प्रमुख लक्ष्य**

- व्यवसायिक कृषि उत्पादनका लागि कृषकहरुको संस्थागत संरचना स्थापना भएको हुनेछ ।
- प्रमुख खाद्यान्नबाली मकै,धान,गहुँमा आत्मनिर्भरतामा वृद्धि भएको हुनेछ ।
- फलफूल तथा तरकारी दलहन बालीको नियमित निकासीमा वृद्धि भएको हुनेछ ।

**ग. उद्देश्य**

- कृषि समूह तथा सहकारीहरु प्रवर्द्धन गर्ने ।
- भू उपयोगको आधारमा स्थानीय योजना निर्माण गर्ने ।
- कृषि क्षेत्रको लगानीमा अनुदान वृद्धि गर्ने ।
- जलवायु अनुकुलन कृषि प्रणालीको विकास गर्ने

**घ. रणनीति तथा कार्यनीति**

- कृषि व्यवसायीकरणका लागि सं २०७५–२०९० सम्मको कृषि विकास रणनीति तयार गर्ने ।
- किसानहरुलाई फर्म तथा समुह दर्तामार्फत संगठित गरी परिचालन गर्ने ।
- कृषि प्रदर्शनीस्थलहरुको स्थापना र प्राविधिकबाट नियमीत फिल्ड कोचिङ
- एकिकृत कृषिवन तथा पशुपालन कार्यक्रम सञ्चालन गर्ने
- उन्नत प्रजातिको विकासका साथै स्थानीय प्रजाति संरक्षण र जैविक खेती प्रवर्द्धन गर्ने ।
- कृषि र पशु उद्यममा आधारित १ घर, १ स्वरोजगार अभियान अघि बढाउने ।
- कृषि र पशु उद्यममा अनुदान र क्षमता विकास लगायतका सेवासहित युवा परिचालन गर्ने ।
- बाली तथा पशुधन सुरक्षाका लागि वीमा नीति लागु गर्ने ।
- हरेक उत्पादनको पकेटक्षेत्र विस्तार गरी कार्यान्वयन गर्ने ।

- सूचना, सञ्चार, साझेदारी, अनुसन्धान, प्रविधिमैत्री बनाइ कृषि उद्यमलाई आधुनिकीकरण गर्ने ।
- पालिकास्तरीय विउ बैंक,गोदाम घर तथा सेवा केन्द्र सञ्चालन गर्ने ।
- नगरपालिकालाई ग्रिन भिलेज कार्यक्रमको रुपमा विकास गर्ने ।
- विपन्न पहिचान गरि सार्वजनिक जग्गामा उत्पादन प्रोत्साहन गर्ने ।
- वडाको विषेशता अनुसार अर्गानिक उत्पादनसहित १ पकेटक्षेत्र, १ अगुवा कृषक विकास गर्ने ।
- फलफूल नर्सरीको लागि स्क्रीन हाउस निर्माण गर्न सहयोग गर्ने ।
- विशेष योजनासहित किसान परिचय पत्र र किसान पेन्सन योजना लागु गर्ने ।
- सुख्खा क्षेत्र ब्यावस्थापन अवधारणाको अनुशरण गर्ने

### ङ. प्रमुख परिमाणात्मक नतीजा

- विर्ता, साँघुटार बेंसी, .गिजनटार, गाङटार, पाम्ती, फेमिटार, फुन्देबेंसीको ५५४ हे. जमीनमा सिँचाइ पुर्‍याइ उत्पादनको **अन्न भण्डार** क्षेत्रको रुपमा विकास गर्ने ।
- बेसी टारहरुका सिंचित हुन सक्ने क्षेत्रमा हालको उत्पादकत्व २.३८ टन प्रती हे.बाट बढाएर ३ बर्षमा दोब्बर र ५ वर्षमा तेब्बर बनाउने ।
- हालको प्रमुख खाद्यान्न बाली को औषत उत्पादन १० मुरी (०.४९ टन प्रति हे.) बाट बढाएर ५ वर्षमा १५ मुरी प्र.हे. पुर्‍याउने ।
- हालको तरकारी बालीको औषत उत्पादन ०.५५ टन प्रति हे.बाट बढाएर ५ वर्षमा १ टन प्र.हे. पुर्‍याउने
- हालको फलफुलबालीको औषत उत्पादन ०.३२१५ टन प्रति हे.बाट बढाएर ५ वर्षमा ०.५ टन प्र.हे. पुर्‍याउने ।
- हालको नगदेबालीको औसत उत्पादन ०.०१६ टन प्रति हे.बाट बढाएर ५ वर्षमा ०.२५ टन पुर्‍याउने ।
- १२ प्रतिशत बाझो जग्गा जमीनलाई आधा घटाउने

### च. प्रमुख कार्यक्रमहरु

नगरको कृषि जैविक हावापानी (**Agro Ecological Zone**) तथा संभाब्य खेती पद्यतीको विवरण बृस्तृत अनुसुचि ६ मा रहेको छ भने वडा तथा बस्ती अनुसारको कार्यक्रम बजेट भाग ४ बजेट तथा कार्यक्रम खण्डमा रहेको छ । वडा तथा बस्तीस्तरमा माग भएका र संभाब्य कार्यक्रमहरुको मुख्य शार निम्न बमोजिम छन् ।

| प्रमुख क्षेत्र : आर्थिक विकास | प्रमुख कार्यक्रमहरु | प्रस्तावित वडा | स्थान |
|---|---|---|---|
| उप क्षेत्र : कृषि | मकै तथा गेडागुडि वीउ बैंक स्थापना | ४, ५, ६ | हिमगंगा ,ओखेनी र रामपुर |
| | अर्गानिक तरकारि खेती | ८, ६ | रामेछाप र ओखेनी |
| | तरकारि तथा जुनार पकेट क्षेत्र | ६ | ओखेनी |
| | १ घर १ करेसा वारी अवधारणा | १ – ९ | सवै वडाहरु |
| | माटो परिक्षण शिविर | १ – ९ | सवै वडाहरु |
| | आकासे पानी संकलन र बेर्मसमी तरकारी खेती | १ – ९ | सवै वडाहरु |
| | घरेलुकृषि औजार आधुनीकीकरण, यान्त्रीकरण | ३, ५, ४, ८ | साँघुटार रामपुर हिमगंगा रामेछाप |
| | पशुपालन , नश्ल सुधार | १ – ९ | सवै वडाहरु |
| | आँप अनार कफी खेति | ५, ४, ३, ७, ९, २ | रामपुर हिमगंगा साँघुटार सुकाजोर ल्याङल्याङ देउराली |
| | कृषि विमा कार्यक्रम | १ – ९ | सवै वडाहरु |
| | कृषिमा आधुनिक यान्त्रीकरण ( हाते टेयाक्टर,थ्रेसर ) | ३, ७, ५, ४ | साघुटार विर्ता रामपुर फेमेटार गिजनटार |
| | कृषि उपज संकलन केन्द्र स्थापना | १ – ९ | प्रत्येक वडाहरुमा |

**४.१.२.पशुपालन**

**क. सोच**

- पशुपंक्षीजन्य उत्पादनमा (मासु, अण्डा र दुग्ध) आत्मनिर्भर नगर बनाउने ।

**ख. प्रमुख लक्ष्यः**

- पशुजन्य उत्पादनमा बृद्धिसँगै पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्ने ।

**ग. उद्देश्य**

- पशुपन्छी पालनलाई व्यावसायिक र प्रतिस्पर्धी बनाउने र निर्यात प्रवर्द्धन गर्ने ।
- पशुजन्य उत्पादनको प्रशोधन गरी मुल्य अभिबृदी गर्ने

**घ. रणनीति तथा कार्यनीति**

- पशु गोठ तथा थला सुधार गर्न निश्चित प्रतिशत अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।
- पी.पी.आर. र खोरेत रोग नियंत्रण अभियानलाई उल्लेख्य न्युनीकरण गर्ने जनशक्ति र सेवाहरु वृद्धि गर्ने ।
- एक जिल्ला एक घाँसेबाली स्रोतकेन्द्र स्थापना र संचालन कार्यक्रम सञ्चालन गर्न पहल गर्ने ।

- विमित गाई भैसिलाई सुत्केरी भत्ता अनुदान कार्यक्रमलाई प्रभावकारी र पारदर्शी कार्यान्वयन गर्ने ।
- दुग्ध तथा मासु उत्पादन व्यवसाय दीगो र व्यवसायिक रुपमा अगाडी वढाउन सरकारी कार्यविधिलाई प्रभावकारी कार्यान्वयन  गर्ने ।
- कृषि वन प्रणालीलाइ प्रवर्धन गरी डालेघासका विरुवाहरु रोप्ने र हुर्काउने
- पशुजन्य उत्पादनको प्रशोधन गर्ने र डेरी फ्रेस हाउस,प्याकेजीङ,ड्राई फुड(सुकुटी) बनाएर मुल्य अभिबृद्धी गर्ने

**ङ. प्रमुख परिमाणात्मक नतीजा**

- हालको सर्वेक्षणमा देखिएको पशुपालनजन्य आम्दानीलाई ५ बर्षमा दोब्बर बनाउने ।
- कुखुराको दानामा प्रयोग हुने मकै भटमास लगायतका कच्चा पदार्थ ७० प्रतिशत आयात भै रहेको वर्तमान अवस्थालाई न्यूनीकरण  गरी कम्तीमा ५० प्रतिशत निर्भरतामा झर्नेछ ।
- १ वार्ड १ कृषि, १ पशु प्राविधिक विकास गर्ने ।
- दुग्ध उत्पादनको पकेट क्षेत्रहरुको पहिचान गर्दै आगामी ५ वर्ष भित्र दूग्ध उत्पादनलाई दोब्बर बनाउने ।
- प्रत्येक वर्ष कम्तीमा एक तिहाइका दरले कृतिम गर्भधारणको संख्यामा बृद्धि गर्ने ।

**च. प्रमुख कार्यक्रमहरु**

वडा तथा बस्ती अनुसारको बृस्तृत कार्यकम बजेट भाग ४ (बजेट तथा कार्यकम खण्ड) मा रहेको छ । वडा तथा बस्तीस्तरमा माग भएका र संभाब्य कार्यकमहरुको मुख्य शार निम्न बमोजिम छन् ।

| **प्रमुख क्षेत्र आर्थिक विकास** | कार्यक्रमहरु |
|---|---|
| **पशुपालन** | पशु बीमा कार्यक्रम |
| | बाखा पालन पकेट क्षेत्र आयोजना(बोयर जात) |
| | बाखा पालन खोर सुधार र आधुनिक खोरको लागि अनुदान |
| | डाँलेघाँस रोपण तथा नर्सरी व्यवस्थापन |
| | बंगुरपालन कार्यक्रम |
| | कुखुरापालन कार्यक्रम |
| | दुधालु गाई,भैसी पालन कार्यक्रम (एक घर एक पशु पालन) लाई अवसर प्रदान |
| | थला सुधार तथा गोठ व्यवस्थापन |
| | पशु बिमा कार्यक्रम |
| | नयाँ प्रविधि र प्राविधिक सहयोग |
| | कुखुरा पालन कार्यक्रम अनुदान |
| | कोल्ड स्टोर (फ्रेस मिट हाउस) संचाललमा अनुदान |
| | व्यवसायिक गाई पालनमा अनुदान |
| | एक गाँउ एक पशु स्वास्थ्य कार्यकर्ताको व्यवस्था |
| | स्थानीय स्तर देखी राजधानी सम्म बजार अध्ययन र व्यवस्थापन |

### ४.१.३.पर्यटन

#### क. सोच

- पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गर्ने ।

#### ख. प्रमुख लक्ष्य

- स्थानीय भाषा तथा संस्कृतिको प्रवर्द्धन हुनेछ ।
- ऐतिहासिक महत्वका स्थानहरुको प्रवर्धन र संरक्षण
- स्थानिय रोजगारी सृजना

#### ग. उद्देश्य

- नगरका विभिन्न भागहरुलाइ पर्यटकीय आकर्षक गन्तव्यको रूपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्ने ।
- स्थानिय उत्पादनहरुको खपत गर्ने
- सांस्कृतिक विविधिकरण,संरक्षण गर्ने

#### घ. रणनीति तथा कार्यनीति

- पर्यटन प्याकेजहरु बनाइ प्रवर्धन गर्ने । भंगेरीमा गंगालाल पुष्पलाल,ल्याङल्याङमा र बावियाखर्कमा धार्मीक,ओखेनीमा जुनारमा आधारित पर्यटन प्रवर्धन गर्ने ।अनुसूतिमा उल्लेखीत पर्यटन प्याकेजको प्रवर्धन गर्ने ।
- पर्यटनबाट रोजगारी र आयआर्जन बनाउन मनोरञ्जन प्रकृतिका पुरातात्विक, ऐतिहासिक, धार्मिक र साहसिक पर्यटनको पुर्वाधार निर्माण, वजार प्रवर्द्धन र सेवा सुविधाको विस्तार गर्ने ।
- सेलेघाट हुँदै ल्यांङल्यांङ, भिमसेनस्थान, ढुकुरसिंडाँडा, भंगेरी पुष्पलाल पार्क, रामेछाप वजार हुँदै ताराखसे पोखरी, भालुखोपडाँडा, भ्यूटावर, ओखनी गणेशटार, लहरेनी भन्ज्यांग, गोगनेडाँडा आहाले गैराबाट साँघुटार लिखु खोला र्‍याफ्टिङ हुदै वडा नं ५ को कोलन्जोरघाट वेसक्याम्प सम्भाव्यता अध्ययन गरी उक्त क्षेत्रलाई पदमार्गको रुपमा विकास गर्ने ।
- पर्यटकिय स्थलको वारेमा जानकारी दिने सुचना वोर्ड राख्ने , सुरक्षित यातायात सुविधा र आवास सुविधा व्यव्स्था गरिनेछ ।

#### ङ. प्रमुख परिमाणात्मक नतीजा

- आगमी २ वर्षमा १ लाख पर्यटन भित्र्याउने गरी नेपाल भ्रमण २०२० अभियानलाई सफल बनाउन नगरले विविध कार्यक्रम सञ्चालन गर्ने ।
- पर्यटनका लागि आवश्यक पुर्वाधारहरु स्तरीय होटल तथा रिसोर्टहरु, मठ, मन्दिर तथा गुम्बाहरु संरक्षण पर्यटकिय सुचना वोर्ड, सुरक्षित यातायात लगाएतका पर्यटन मैत्री वातावरण सिर्जना गर्ने ।

- पुष्पलाल-गंगालाल पार्कलाई गुरुयोजना तयार पुस्तकालय र मार्क्सवाद चौतारी सञ्चालन गरी गरी देशकै पर्यटकीय स्थलको रुपमा विकास गर्ने ।
- सीमा जोडिएका सबै पालिकाहरुको संयुक्त पहलमा वाड नं.१ र २ को सीमामा रहेको थलहरी डाँडालाई जिल्लाकै विशेष पर्यकीय गन्तव्यको रुपमा विकास गरी पर्यटन बोर्डमा सूचिकृत गर्ने ।
- ऐतिहासिक सम्पदा सूचीमा सूचीकृत केवलेश्वर मन्दिर, दोस्रो विश्वयुद्ध स्थल तिल्केस्थानलाई प्रमुख पर्यटन गन्तव्यको रुपमा विकास गरी पर्यटन बोर्डमा सूचिकृत गर्न पहल गर्ने ।
- वाड नं.८ को वादीमा हायु संग्रहालय निर्माण गर्ने ।

### च. प्रमुख कार्यक्रमहरु

पर्यटन प्रर्वधनका प्रस्तावित प्याकेजहरुको बृस्तृत विवरण अनुसुचि ३ मा रहेका छ भने वडा तथा बस्ती अनुसारको कार्यकम बजेट भाग ४ (बजेट तथा कार्यकम खण्ड)मा रहेको छ। वडा तथा बस्तीस्तरमा माग भएका र संभाब्य कार्यकमहरुको मुख्य शार निम्न बमोजिम छन् ।

| प्रमुख क्षेत्र : आर्थिक विकास | प्रमुख कार्यकमहरु | प्रस्तावित वडा | स्थान |
|---|---|---|---|
| पर्यटन | पर्यटन पदमार्ग निर्माण | ५,९,४,२,१ | भिमसेन स्थान ढुकुरसिं तिल्केथान गढी, सोह्र भगवति मन्दीर थलरी |
| | भ्युटावर निमार्ण | ५,६,७,१,२, | मानेडाडा, भालुखोप सुकाजोर र थलरी डाडो लहरेनी |
| | जातिय भाषा पहिचान भेष भुषा, ( तामाङ, मगर, नेवार, सुनुवार, हायु माझी) | १–९ | सवै वडा |
| | मठमन्दीर ,गुफा गुम्वाहरुको पर्यटकीय क्षेत्रको लागी प्रचार प्रसार गर्ने | ५,८,९,६,२,१ | रामपुर रामेछाप ओखेनी देउराली थलहरी |
| | पुष्पलालको पार्क स्थापना तथा संरक्षण | ८ | भंगेरी |
| | हायू संग्राहलयको स्थापना | ८ | वादी |
| | पर्यटन विकास को लागी भ्यू टावर रिसोर्ट निर्माण र थलहरी सम्मेलन | १,२ | थलहरी डाडा |

## ४.१.४.उद्योग, वाणिज्य तथा आपूर्ति

### क. सोच

- अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानमा वृद्धि गरी आर्थिक रूपान्तरण र सुदृढ अर्थतन्त्रको निर्माण गर्ने ।

### ख. प्रमुख लक्ष्य

- घरेलु तथा साना उद्योग विस्तार गरी स्थानीय रोजगारी विकास गर्ने ।

### ग. उद्देश्य

- घरेलु तथा साना उद्योग विस्तारमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।
- स्थानीय उद्योग विकासमा सरकारी, सहकारी तथा गैरसरकारी क्षेत्रको साझेदारी विस्तार गर्ने ।

### घ. रणनीति तथा कार्यनीति

- संघीय सरकारको आर्थिक सहायता प्रदेश सरकारको सहजीकरणमा स्थानीय तह (सरकार)र निजी क्षेत्रका छाता संस्थाका प्रतिनिधि र अन्य सरोकारवाला समेतको एउटा उपसमिति गठन गरी नगर पालिका भित्र कम्तिमा ४० रोपनी जग्गाको छनोट गरी (भए सम्म सरकारी वा सार्वजनिक जग्गा) नपुगेमा निजी जग्गा खरिद गरी वा भाडामा लिई अध्ययन अनुसन्धान गरी उद्योग ग्राम स्थापना गर्ने र सो स्थापना र संचालन गर्ने प्रदेश सरकारको मातहतमा एउटा कार्य विधि बनाई स्थानीय तहलाई उपलब्ध गराउने
- लघु घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन गर्ने ।
- स्थानीय उत्पादन अभिवृद्धि योजनामा लगानी बढाउने ।
- स्थानीय उद्यमीहरुलाई संगठित र व्यवसायिक बनाउन मद्दत गर्ने ।

### ङ. प्रमुख परिमाणात्मक नतीजा

- कम्तीमा १ वडामा १ वस्तु १ नमुना उद्योग स्थापना हुनेछ ।

### च.प्रमुख कार्यक्रमहरु

घरेलु उद्योग प्रवर्द्धन,साना उद्योग प्रवर्द्धन,ठूला उद्योग प्रवर्द्धन,आपूर्ति व्यवस्थापन तथा गुणस्तर नियन्त्रण,संस्थागत विकास,उद्यमशीलता क्षमता विकास यस उपक्षेत्रका प्रमुख कार्यकमहरु हुन । संभाव्य लघु घरेलु उद्योग,आय तथा रोजगारीका संभाव्य क्षेत्रहरुको बृस्तृत विवरण अनुसुचि १ मा दिईएको छ भने वडा तथा बस्ती अनुसारको कार्यकम बजेट भाग ४ (बजेट तथा कार्यकम खण्ड)मा रहेको छ । वडा तथा बस्तीस्तरमा माग भएका र संभाब्य कार्यकमहरुको मुख्य शार निम्न बमोजिम छन् ।

| प्रमुख क्षेत्र : आर्थिक विकास | प्रमुख कार्यक्रमहरु | प्रस्तावित वडा | स्थान |
|---|---|---|---|
| उपक्षेत्रः उद्योग तथा वाणिज्य | बाँस निगालो फर्निचर,,ढाका कपडा उद्योग, दुग्ध प्रशोधन,दालमोठ (भटमास), फर्निचर उद्योग, हात्तिवार वाट उत्पादन हुने सामाग्री | १-९ | |
| | आरन उद्योग | १-९ | वडामा ११ वटा |
| | रामेछाप कोसेली घर  स्थापना | ६,७,८ | |
| | जुनार जुस, खुर्पानीको जाम उद्योग , कोदो फापर बेकरी उद्योग | ६,७ | |
| | दुग्ध संकलन केन्द्र स्थापना | १,६, | |
| | चिउरी सावुन उद्योग, छाला  जुत्ता उद्योग | ७ | |
| | क्रसर ,वालुवा उद्योग अनुसंन्धान | ५,७,९ | |
| | ब्यावसाय शुरु तथा प्रवर्धन (TOPE /TOSE) तालिम संचालन | १-९ | |
| | साइनढुंगा उद्योग संचालनको लागी अध्ययन | १ | |
| | उद्यमीलाई नयां प्रविधि हस्तान्तरण | १-९ | |
| | ग्रिल तथा काठको फार्निचर उद्योग स्थापना | १-९ | सवै वडाहरुमा |
| | इटा तथा माटोको भाडा उद्योग | ३ | साँघुटार |
| | वनमा आधारित उद्यम व्यवसाय संचालन गर्ने | १-९ | सवै वडाहरुमा |

### ४.१.५. सहकारी तथा वित्त व्यवस्थापन

#### क. सोच

- आय र रोजगारीका लागि आवश्यक पुजी ,प्रविधि ,सहुलियत ऋणमा सहज पहुच ,सरल रुपमा कर्जा उपलब्ध गर्न मद्दत  गर्ने ।
- स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै नगरवासीको आर्थिक, सामाजिक तथा साँस्कृतिक प्रगति हासिल गर्ने

#### ख. प्रमुख लक्ष्यः

- रामेछाप नगरपालिकाको सहकारी ऐन, २०७५को मर्म र भावन अनुरुपस्थानीय उद्यम व्यवसायी र सर्वसाधारणले सहज रुपमा वित्तीय तथा मौद्रिक पहुँच वृद्धि गर्नका लागि वार्डस्तरमा विषयगत सहकारीहरु, विकास तथा व्यवसायिक बैंकहरुको शाखा स्थापना, शाखारहित वैंकिङ सेवा सञ्चालन र लघु वित्त तथा विषयगत सहकारीहरु विस्तार गर्ने ।

## ग. उद्देश्य

- विप्रेषणबाट प्राप्त आम्दानीलाई स्थानीय रोजगारीमा वृद्धि गर्ने ।
- सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न र नियमन गर्ने ।
- निजी, सरकारी, सहकारी साझेदारीको माध्यमबाट आयआर्जनका क्षेत्र विस्तार गर्ने ।

## घ. रणनीति तथा कार्यनीति

- सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीब्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउने
- गरिवी निवारण कोषको सहयोगमा गठित सामुदायिक संस्थाहरु, सामुदायिक वन तथा कवुलियती वन उपभोक्ता समुहहरुलाई आय आर्जनका क्षेत्रमा परिचालन गर्ने ।
- विषयगत सहकारी संस्थाहरुको समन्वयबाट स्थानीय उत्पादन प्रणाली बलियो बनाउने ।

## ङ. प्रमुख नतीजा

- सहकारी संस्थामार्फत संचालन हुने दुध, मासु, फलफुल तथा तरकारीजन्य प्रशोधन उद्योगको लागि आवश्यक उपकरण खरिदमा २५ प्रतिशत अनुदान दिन बजेट व्यवस्थापन गर्ने ।
- सहकारी संस्थाहरुमार्फत सुपथ  मुल्य पसल खोल्ने व्यवस्था मिलाई राज्य सुरक्षा परिचय पत्र भएका नागरिकले सुपथ मुल्यमा आधारभुत खाद्य प्राप्त गर्ने व्यवस्थापनको लागि अनुदान व्यवस्था गर्ने ।

## च. प्रमुख कार्यक्रमहरु

- शाखारहित वैक सेवा
- सहकारी मार्फत रेमिट्यान्स संचालन
- सहकारी प्रवर्द्धन
- लघु वित्त तथा शाखारहित वैंकहरुको शाखा विस्तार
- कृषि सहकारी स्थापना र व्यवस्थापन गर्ने
- सहकारी शिक्षा सञ्चालन
- सहकारी सचेतना कार्यक्रम (एक घर एक सदस्य कार्यक्रम) संचालन गर्ने
- सहकारीमा आधारित उद्यमहरुको स्थापना
- आइएई सेन्टर खोल्ने

### ४.१.६.भूमि व्यवस्थापन

**क. सोच**

- भू क्षमता,भू बनौट र हावापानी अनुसार भूमिको वैज्ञानिक व्यवस्थापन र सामाजिक न्यायमा आधारित भूस्वामित्व विकास गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- भू-बनोटमा आधारित कृषि, पशु तथा बस्ती विकास क्षेत्रहरु विस्तार गर्ने ।
- भू उपयोग नीति २०७२ बमोजिम भूमीको बर्गीकरण गरी भू उपयोग गर्ने

**ग. उद्देश्य**

- भूमि तथा भूमिस्रोतको उत्पादनशिल प्रयोग मार्फत आय तथा रोजगारी बढाउने र गरिवी न्युनिकरण गर्ने,बाँझो पर्ति जग्गा जमीनहरुको सदुपयोग गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- भू उपयोग नीति २०७२ बमोजिम भूमीको बर्गीकरण गरी भू उपयोग गर्ने
- भूव्यवस्थापन योजनाअनुसार उत्पादन तथा बसोबासको व्यवस्था मिलाउन नमूना क्षेत्र विकास गर्ने ।
- नगरको आर्थिक समृद्धी हुने गरी भू उयोग गर्ने सोच पत्र अनुसुचि ६ मा दिईएको छ ।सो अनुसार कार्यक्रमहरु विकास गरी सञ्चालन गर्ने ।
- भू सामाजिक अवस्था अवस्था सुरक्षित र आकर्षक क्षेत्रमा एकिकृत बस्ती विकास गर्दै जाने
- नगर क्षेत्रमा पूर्ण वा आंशिकरुपमा जोखिम संवे दनशिल भू-उपयोग नक्शा(Risk Sensitive Land Use Map)तयारी गर्ने।

**ङ. प्रमुख परिमाणात्मक नतीजा**

- भूउपयोगमा आधारित कम्तीमा १ वटा नमूना क्षेत्र विकास गर्ने ।
- नगर भित्रका वाँझो जग्गाको तथ्यांक सहित र सदुपयोग
- खेर गएको वारी तथा पाखाहरुमा वहुउपयोगी घाँस तथा विरुवाहरु रोपण

**च. प्रमुख कार्यक्रमहरुः**

भू उपयोग नीति २०७२ बमोजिम भूमीको बर्गीकरण गरी भू उपयोग गर्ने यस उपक्षेत्रको प्रमुख कार्यक्रम हुनेछ । यसै गरी वडा तथा नगरको सिमा व्यवस्थापन, सरकारी जमिन अतिक्रमण नियन्त्रण, भिरालो जमिन व्यवस्थापन (डालेघाँस रोपण) लगायत हावापानी अनुसार संभाव्य खेती पद्यतीको बृस्तृत विवरण अनुसुचि ६ मा,सुख्खाग्रस्त क्षेत्र भूमीको पूनरुत्थानको बृस्तृत सोच पत्र अनुसुचि २ र एकिकृत वस्ती विकासका आधारहर क्षेत्रहरुको बृस्तृत विवरण अनुसुचि ७ मा दिईएको छ भने वडा तथा बस्ती अनुसारको कार्यक्रम बजेट पछिल्लो अध्यायमा रहेको छ ।

### ४.१.७. खानी तथा खनिज पदार्थ हरुको सदुपयोग

**क. सोच**

- खानी तथा खनिज पदार्थको दिगो र वातावरणमैत्री उपयोग गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- सम्भाव्य सबै खानी तथा खनिज पदार्थको पहिचान र व्यवस्थापन योजना तयार गर्ने ।

**ग. उद्देश्य**

- सम्भाव्य खानीक्षेत्रहरु पहिचान गरी संरक्षण तथा उपयोग योजना बनाउने ।
- दिगो र वातावरणमैत्री विधिमा खनिज पदार्थहरुको उपयोग गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- स्थानीय स्तरमा आवश्यक पर्ने निर्माण सामाग्रीहरुको व्यवस्थापनको लागि गिटी ढुङ्गा, बालुवा माटो लगायतका खानी सञ्चालन गर्ने ।

**ङ. प्रमुख नतीजा**

- वार्ड नं. ४ र ९ मा क्रसर उद्योग र वार्ड नं. ६ मा स्लेट ढुंगाको खानी सञ्चालनसम्बन्धी सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अघि बढेको हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- खानी तथा खनिज पदार्थ सम्भाव्यता अध्ययन,आर्थिक उपार्जन सहितको दिगो उपयोगको योजना निर्माण
- ढुङ्गा, गिटी, बालुवा खानी सञ्चालन,साइन ढुङ्गाको उपयोग
- चुनढुङ्गा खानीको संभाब्यता अध्ययन

### ४.१.८. श्रम तथा रोजगारी

**क. सोच**

- दक्ष, सीपयुक्त र उत्पादनमूलक मानव संसाधनको विकासद्वारा स्वरोजगारका अवसरहरू सिर्जना गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- रोजगारीका अवसरहरू सिजना गरी बेरोजगारी तथा अर्धबेरोजगारी न्यूनीकरण गर्दै रोजगारीको हकलाई सुनिश्चित गर्ने ।

**ग. उद्देश्य**

- स्थानीय तथा स्वदेशी रोजगारीका लागि सीप तथा तालिमका अवसरहरू वृद्धि गरी प्रतिस्पर्धा गर्नसक्ने श्रमशक्तिको विकास गर्ने ।

- वैदेशिक रोजगारीलाई बढी सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सहयोग गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- वेरोजगार जनशक्ति दर्ता र रोजगारीका अवसरको सुचना आदान प्रदान गर्न प्रदेशको सहकार्यमा रोजगार सुचना केन्द्र स्थापना गर्ने ।
- युवा स्वरोजगारको लागि जिल्ला युवा परिषद तथा केन्द्रिय युवा परिषद संगको सहकार्य गर्ने
- विप्रेषण आय वैंकिङ प्रणलीबाट भित्र्याई यस्तो रकम उत्पादनमुलक लघु तथा साना उद्योग, पर्यटन, कृषि व्यवसाय र रोजगारमुलक सेवा क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने ।
- रोजगारका सम्भावनाहरु विस्तारका लागि सिर्जनात्मक अभियानहरुलाई प्रवर्द्धन गर्ने ।

**ङ.प्रमुख परिमाणात्मक नतीजा**

- जिल्ला युवा परिषद तथा केन्द्रिय युवा परिषद संगको सहकार्यमा युवा सञ्चार कार्यक्रम, युवा सिप तथा नेतृत्व विकास, ग्रामीण युवा उद्यम कार्यक्रम, युवा लक्षित राष्ट्रिय स्वरोजगार कार्यक्रम, युवा सिप तथा नेतृत्व विकासलगायत विभिन्न कार्यक्रमहरू कार्यान्वयनका हुने छन्
- नगरस्तरीय श्रम तथा रोजगार सूचना एवम प्रशिक्षण केन्द्र स्थापना हुनेछ ।
- शैक्षिक प्रमाण पत्रको धितोमा ऋण उपलब्ध गराउने व्यवस्था लागु हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- युवाहरुको सहभागितामा युवा स्वरोजगार योजना निर्माण
- उद्यमी विकास कार्यकम,महिला उद्यमी विकास कार्यकम,बस्तुविकास तथा प्रशिक्षण कार्यकम
- वडा तथा नगरमा रोजगार सेवा तथा सुचना केन्द्र सञ्चालन
- युवा तथा साना ब्यावशायि कोष कार्यकम मार्फत सहयोग तथा सहजीकरण
- वैदेशिक रोजगारबाट फर्केर स्वदेशमा काम गर्न चाहने युवाहबरुलाई सिपमा आधारित उद्यम सञ्चालन गर्न विशेष युवा स्वरोजगार कार्यकम सञ्चालन गर्ने
- युवा उद्यमी सम्मेलन ब्यावशाय शिक्षण
- सूचना तथा प्रशिक्षण केन्द्र स्थापना र व्यवस्थापन
- स्वरोगार सिर्जनात्मक कार्यक्रम

## ४.२ सामाजिक विकास

### ४.२.१.शिक्षा

**क. सोच**

- प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्ने

**ख. प्रमुख लक्ष्य**

- शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी जनशक्ति उत्पादन गरी आर्थिक सामाजिक रूपान्तरण गर्ने ।

**ग. उद्देश्य**

- सबै विद्यालयहरुलाई पूर्वाधार, शिक्षक, शिक्षण सामग्री, शिक्षण विधि, परीक्षा प्रणाली र शैक्षिक गुणस्तरले युक्त बनाउँदै लैजाने ।
- उच्च शिक्षा तथा प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ बनाउने ।

**घ. रणनीति तथा कार्यनीति**

- शिक्षालाई समय अनुकुल, व्यवहारिक, प्राविधिक र उत्पादनमूलक एवम जीवनमुखी बनाउनका लागि पालिकास्तरीय शिक्षा गुरुयोजना बनाइ लागु गर्ने ।
- निम्न तथा मध्यम वर्गबाट उत्कृष्ट अङ्क ल्याउने एक छात्र एक छात्रालाई उच्च शिक्षा छात्रवृत्ति प्रदान गर्ने ।
- बालबबालिका, युवा तथा नागरिकहरुमा पठन संस्कृति विकासका लागि वडाहरुमा सामुदायिक अध्ययन केन्द्र तथा नगर पुस्तकालय सञ्चालन गर्ने ।
- अंग्रेजी भाषा र कम्प्युटर सीप अभिवृद्धिका लागि अंग्रेजी भाषा शिक्षण विधिलाई प्रभावकारी बनाउने ।
- विद्यालयहरुको यथार्थ स्थिति अध्ययन गरी आवश्यक्ताअनुसार समायोजन गर्ने ।
- विद्यालयहरु प्रविधिमैत्री बनाउने ।
- प्राविधिक जनशक्ति आपूर्तिका लागि क्षेत्रीयस्तरको प्राविधिक शिक्षालय स्थापना गर्ने ।

**ङ. प्रमुख परिमाणात्मक नतीजा**

- सामुदायिक अध्ययन केन्द्र तथा नगर पुस्तकालय सञ्चालन, अंग्रेजी भाषा शिक्षण विधि, कम्प्युटर सीप अभिवृद्धि, अभिभावक शिक्षामा अभिवृद्धि भएका, विद्यालयहरुको पुर्वाधार व्यवस्थापन, दक्ष शिक्षकको दरबन्दी, दिवा खाजा, विद्यालयहरु प्रविधिमैत्री भएको विद्यालय संख्या कम्तीमा ५०% पुग्नेछ ।

- शैक्षिक संस्थामा विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूल बारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुने छ ।

## च. प्रमुख कार्यक्रमहरु

रामेछाप नगरपालिकाले शिक्षा क्षेत्रको विकास र ब्यावस्थापनका लागि रामेछाप नगरपालिकाको शिक्षा ऐन, २०७५ जारी गरि लागु गरि सकेको छ। सो अनुरुप नगरको शिक्षा क्षेत्रको विकास र ब्यावस्थापनका लागि नगरपालिकाको शिक्षा शाखाको सोच पत्र तयार गरी अनुसुचि ४ मा छुट्टै पेश गरिएको छ।उक्त ऐन तथा सोच पत्रमा रहेका कार्यक्रमहरु नगरले प्राथमिकताका साथ सञ्चालन गर्ने छ । वडा तथा बस्ती अनुसारको कार्यक्रम बजेट भाग ४ (बजेट तथा कार्यक्रम खण्ड)मा रहेको छ । वडा तथा वस्तीभेलाबाट आएका मुख्य मुख्य कार्यक्रमहरु निम्न रहेका छन्

| प्रमुख क्षेत्र : सामाजिक विकास | प्रमुख कार्यक्रमहरु | प्रस्तावित वडा | स्थान |
|---|---|---|---|
| उप क्षेत्र : शिक्षा | परीक्षा तथा उत्तर पुस्तिकाव्यवस्थापन,शिक्षण प्रविधि तथा गुणस्तर अभिवृद्धि | १-९ | सवै विद्यालयहरु |
| | सवै विद्यालयमा १ देखी ५ सम्म अंग्रेजी माध्यममा अध्यापन | १-९ | सवै विद्यालयहरु |
| | विद्यार्थी सिकाइ उपलव्धीलाइ दोव्वर वनाउने | १-९ | सवै विद्यालयहरु |
| | शिक्षक लाई पेशागत तालीम | १-९ | सवै विद्यालयहरु |
| | शिक्षक दरबन्दि मिलान | १-९ | सवै विद्यालयहरु |
| | विपन्न वालबालीका छात्रबृती कार्यक्रम दिवा खाजा | १-९ | सवै वडाका विद्यालयहरु |
| | विद्यालय मर्ज ,निजीश्रोत व्यवस्थापन र डिजीटल हाजीरी व्यवस्था | १-९ | सवै वडा कार्यालय |
| | नगरस्तरीय प्राविधीक शिक्षालय स्थापना (कृषि पशु तथा ओभरसियर) | १-९ | संभावित क्षेत्रमा |
| | नगरस्तरीय पुस्तकालय संचालन | ८ | रामेछाप |

### ४.२.२ स्वास्थ्य

**क. सोच**

- गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहुँचमार्फत स्वस्थ र सबल नागरिक विकास गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- सबै नागरिकलाई आधारभूत गुणस्तरीय स्वास्थ्य सेवाहरू उपलब्ध गराउने ।

**ग. उद्देश्य**

- आधारभूत  स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तर वृद्धि गर्ने ।
- एकीकृत स्वास्थ्यसेवामार्फत सबै नागरिकहरुलाई स्वस्थ जीवनयापनको आधार निर्माण गर्ने ।
- बढ्दो क्रममा रहेको नसर्ने रोगहरुको प्रकोपलाई स्वस्थ्य जीवनशैलीमार्फत नियन्त्रण गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- जिल्ला अस्पताललाई थप प्रविधि र सहज सेवायुक्त बनाउने ।
- निशुल्क वितरीत हुने औषधीहरु सबै स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य इकाइहरुबाट वितरण गर्ने ।
- अन्य साझेदारीमा आँखा, मुटु, मृगौला तथा स्त्री रोग सम्बन्धी शिविरहरु सञ्चालन गर्ने ।
- सरुवा तथा यौनजन्य रोगहरु नियन्त्रणका लागि जनचेतना अभियानलाई प्रभावकारी बनाउने ।
- आमा समूह तथा सञ्जालहरुलाई सक्रिय रुपमा परिचालन गराइ सामुदायिक स्वास्थ्यलाई सुदृढ बनाउने ।
- सबै वडाहरुमा स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन स्वास्थ्य चौकीलाई सुविधायुक्त बनाउने ।
- स्वास्थ्य केन्द्रहरुमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।
- शारिरीक, मानसिक, आध्यात्मिक स्वास्थ शिक्षा सेवा आम मानिसमा पुऱ्याउने ।
- स्वास्थ्य सेवा प्रवर्धनको लागि नगरको स्वास्थ्य शाखाको सोचपत्र अनुसुचि ५मा छुट्टै दिइएको छ ।सो अनुसारको सेवा प्रवाह गरिने छ ।

**ङ. प्रमुख परिमाणात्मक नतीजा**

- सुत्केरी आमा तथा नवजात शिशु मृत्युदर शून्यमा कायम राख्न २४ घण्टे प्रसुती सेवा सञ्चालन रहेका वडामा थप व्यवस्थित गर्ने र बाँकीमा उक्त सेवा विस्तार भएको हुनेछ ।
- सबै वडामा रहेका स्वास्थ्य चौकीहरुमा पूर्ण दरबन्दी र पूर्ण सेवा दिनसक्ने छन्  ।

- प्राकृतिक स्वास्थ्य सेवा प्रवर्द्धनका लागि प्राकृतिक चिकित्सा, आयुर्वेद, अकुप्रेसर, योग ध्यान र स्थानीय जडीबुटीमा आधारित स्वास्थ्य सेवाकेन्द्र सञ्चालनमा आउनेछ ।
- नेपाल सरकारद्धारा निशुल्क वितरीत ३४ थरीका औषधीहरु सबै स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य इकाइहरुबाट वितरण भएको हुनेछ ।
- सवै स्वास्थ्य सेवा दिने निकायहरुमा पुर्ण मानवीय संसाधनको व्यवस्था गरिनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- रामेछाप जिल्ला अस्पताललाइ ५५ बेडमा बिकास गर्ने ।
- इमर्जेन्सी अपरेशन (कम्तीमा सिजरियन र एपेन्डेक्टोमी), माइनर तथा इन्टरमेडियट सर्जरी को व्यवस्था गर्ने
- अल्टासाउण्ड, एक्सरे, मेडिकल ल्यावोरेटरी, इसिजी, रगत, पिसाव दिसाको कल्चर सेन्सिटिभिटी, २ बेड आइसियु
- हरेक बर्ष कम्तीमा २ पटक सबै बिषयका बिशेषज्ञ सेवा प्रदान गर्ने
- अन्य अस्पतालसंग मिलेर स्वास्थ्य बिषयका ब्यबसायिक तालिम केन्द्रको स्थापना ।
- हरेक वडाहरुको वस्तीहरुमा आमा, बच्चा र बृध्द बृध्दाहरुको स्वास्थ्य प्रवर्ध्दन एकाइहरुको ब्यबस्था गर्ने ।
- हरेक बिद्यालयहरु, अस्पतालहरु र समुदायहरुका फोहोरहरुको संकलन गर्ने ब्यबस्था । त्यसलाइ एक स्थानमा जम्मा गरि कम्पोष्टिंग, रिसाइकलका लागि कार्यक्रमहरुको ब्यबस्था गर्ने ।
- खानेपानी, चर्पी, र महीनावारी र अन्य समयमा महिलाहरुका लीग नुहाउने स्थानको ब्यबस्था मिलाउने ।
- बिद्यालयहरुमा बिद्यालय स्वास्थ्य कार्यक्रमका साथै किशोरीहरुका लागि महिनावारीका समयमा नुहाउने स्थान र सेनिटरी प्याडहरुको ब्यबस्था गर्ने ।
- पोषण, करेसाबारी,तरकारी र फलफुलका लागि नागरिकहरुलाई उत्साहित गर्ने कार्यक्रमहरु ।
- किशोर किशोरीहरुका लागि प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रममा जोड दिदै सानो उमेरमा बिबाह र गर्भलाइ निरुत्साहित गर्ने र परामर्श प्रदान गर्ने ।
- हरेक परिवारमा मनोसामाजिक परामर्श, आयआर्जन, अर्थोपार्जन र स्वास्थ्यमा लगानीका बारेमा प्रोत्साहित गर्ने ।
- खोपको कार्यक्रमलाइ हरेक परिवारमा अनिवार्य रुपमा पुग्ने ढाँचामा बिकास गर्ने ।
- हरेक गर्भवतीको उचित जाँच र सरसल्लाह दिने व्यवस्था मिलाउने ।
- महिलाहरुको स्तनको क्यान्सर, पाठेघरको मुखको क्यान्सरको छनोट र उपचारको कार्यक्रम संचालन गर्ने ।

- बिद्यालयहरुमा वार्षिक रुपमा अनिवार्य आँखा तथा दाँत परिक्षण, स्वास्थ्य शिक्षा र उपचारको ब्यबस्था ।
- बृद्ध बृद्धाहरुका लागि सम्पुर्ण स्वास्थ्य परिक्षण र परिवारमा नरहेकाहरुका लागि आश्रयको ब्यबस्था ।
- फरक क्षमता भएका नागरिकहरुका लागि स्वास्थ्य सेवाको ब्यबस्था

### ४.२.३ खानेपानी तथा सरसफाई

**क. सोच**

- भरपर्दो, गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवाबाट नागरिकको स्वास्थ्य तथा जीवनशैलीमा सुधार गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- सबै जनसङ्ख्यालाई आधारभूत खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने ।

**ग. उद्देश्य**

- मध्यम तथा उच्चस्तरको खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- खानेपानी सेवालाई व्यवस्थित गर्न स्रोत अनुसारको उपभोक्ता समिति र वडास्तरको खानेपानी व्यवस्थापन समिति बनाइ नियमित सेवाहरु सन्चालन गर्ने ।
- खानेपानीको स्रोत संरक्षण तथा दिगो आपुर्तीको लागि सूख्खा क्षेत्र ब्यावस्थापनको अवधारण अनुसुचि २ अनुसार पानीका मुहान वरीपरिका जलाधार क्षेत्रको ब्यावस्थापन गर्ने ।
- खानेपानी सेवालाई प्रभावकारी बनाउन वडा स्तरमा खानेपानी प्राविधिक उत्पादन गरी परिचालन गर्ने ।
- खानेपानी व्यवस्थापन समितिको गुरु योजना बनाइ लागु गर्ने ।
- साँघुटार,देउराली,गोठगाँउ र हिमगंगाको केही भेग समेट्ने गरी नगर तथा प्रदेशको समन्वयमा लिखु बृहद खानेपानी आयोजना सञ्चालन गर्ने ।

**ङ. प्रमुख नतीजा**

- वडास्तरको खानेपानी व्यवस्थापन समिति निर्माण भएको हुनेछ ।
- पानीको बढी आवश्यक्ता र स्रोतको सम्भावना भएका ठाउँहरुमा नगर तथा प्रदेशको समन्वयमा सुनकोशी, लिखु बृहद लिफ्ट खानेपानी आयोजना सञ्चालन गर्ने ।
- खानेपानी व्यवस्थापन समितिको गुरु योजना बनाइ लागु हुनेछ ।
- रामपुर हिमगंगा, सुकाजोर, रोछाप र हिमगंगा ५ वटा वडालाई समेट्ने गरी नगर तथा प्रदेशको समन्वयमा सुनकोशी बृहद लिफ्ट खानेपानी आयोजना सञ्चालन हुनेछ ।
- साँघुटार,देउराली,गोठगाँउ र हिमगंगाको केही भेग समेट्ने गरी नगर तथा प्रदेशको समन्वयमा लिखु बृहद खानेपानी आयोजना सञ्चालन गर्नेहुनेछ ।

## च. प्रमुख कार्यक्रमहरु

- खानेपानीको स्रोत संरक्षण तथा दिगो आपुर्तीको लागि सूख्खा क्षेत्र ब्यावस्थापन
- खानेपानी सेवाविस्तारको अभाव भएका क्षेत्रहरुको विकासको लागी अन्य जिल्ला,पालिकाहरुमा समन्वय गरि पहल गर्ने ।
- स्वच्छ तथा पिउनयोग्य खानेपानीको सुनिश्चिततताको ग्यारेन्टी गर्ने ।
- पानीको स्रोत संरक्षण तथा व्यवस्थापनमा समुदायलाई परिचालन गर्ने खालको कार्यक्रम संचालन गर्ने ।
- संस्थागतविकास तथा दीगो व्यवस्थापनको लागी विशेष कार्यक्रम संचालन गर्ने ।

| | कार्यक्रमहरु | वडाहरु | स्थान |
|---|---|---|---|
| **खानेपानी तथा सरसफाई** | सुनकोसि बृहत लिफ्ट खा.पा | ५,४,७,८,६ | रामपुर हिमगंगा सुकाजार रामेछाप ओखेनी |
| | लिखु बृहत खा.पा. साघुटार, देउराली गोठगाँउ, हिमगंगा | ३,२,१,४, | साघुटार, देउराली गोठगाँउ, हिमगंगा |
| | वजार क्षेत्रको लागी ढल तथा नाला व्यवस्थापन कार्यक्रम | १–९ | वजार क्षेत्र सवै |
| | सार्वजनिक तथा वजार क्षैत्रमा डस्टीनको व्यवस्थापन (कुहिने नकुहिने र शिसाजन्य धातु),प्याष्टीक जन्य फोहोरको लागि सुइरो कार्यकम | १–९ | वजार क्षेत्र सवै |
| | ड्रिल खानेपानिको अनुसंधान तथा संचालन | २,५,७,८ | सुकाजोर र रामपुर,रामेछाप |

### प्रदेशस्तरबाट सञ्चालन हुने खानेपानी योजनाहरु

| सि.न. | आयोजनाको नाम | लाभान्वित जनसंख्या | चालु ०७२४/६४/६५ मा विनियोजित बजेट ( हजारमा) | चालु ०७५/७६ मा प्रस्तावित बजेट ( हजारमा) | कैफियत (सम्पन्न हुने वा क्रमागत हुने) |
|---|---|---|---|---|---|
| १ | छतिवने खा.पा.आ. | ८५०५ | ४९०० | १५०० | क्रमागत |
| २ | सिमन्ति टाहार खा.पा.आ. | २५४२ | २१०० | ७०० | क्रमागत |
| ३ | गोलेखोला लिफ्ट खा.पा.आ. ओखेनी | २६४९ | २१०० | ७०० | क्रमागत |
| ४ | निर्मल खा. पा. आ. | १२१२ | २१०० | ७०० | क्रमागत |
| ५ | सांघुटार वजार लिखु लिफ्ट खा.पा.आ. | १४३८ | २१०० | ७०० | क्रमागत |

| सि.न. | आयोजनाको नाम | लाभान्वित जनसंख्या | चालु ०७२४/६४/६५ मा विनियोजित बजेट ( हजारमा) | चालु ०७५/७६ मा प्रस्तावित बजेट ( हजारमा) | कैफियत (सम्पन्न हुने वा क्रमागत हुने) |
|---|---|---|---|---|---|
| ६ | रामेछाप २ लिफ्ट खा.पा.आ. | ७४२ | १०५० | ५०० | क्रमागत |
| ७ | ववियाखर्क खा.पा.आ. | ६६४ | १०५० | ५०० | क्रमागत |
| ८ | ओखरखोला भोक्टेनी गुराँसवोट लिफट खा. पा. आ. | ४८६ | १०५० | ५०० | क्रमागत |
| ९ | हिमगंगा २ खा.पा.आ. | ५५५ | ७०० | ७०० | क्रमागत |
| १० | विसौलीखोला लिफ्ट खा.पा.आ. | १८१८ | ७०० | ७०० | क्रमागत |
| ११ | सिमखेत कार्कीटोल खा.पा.आ. | ८०२ | ७०० | ७०० | क्रमागत |
| १२ | लिफ्ट खानेपानी योजना सांघुटार रामेछाप | ३१३० | ७०० | १०० | क्रमागत |
| १३ | डांडागांउ कविलास भालुखोप खा.पा.आ. | ९०४ | ७०० | ७०० | क्रमागत |
| १४ | खोरपानी सल्ले लिफ्ट खा.पा.आ. | ११४४ | ११९० | ४०० | क्रमागत |
| १५ | कात्तिक लिफ्ट खा.पा.आ.रामेछाप भंगेरी | ६२०४ | ७०० | १०० | क्रमागत |

*श्रोत: खानेपानी तथा सरसफाई डिभिजन कार्यालय मंथली,रामेछाप*

### ४.२.४. भाषा, कला साहित्य र संस्कृति प्रवर्द्धन

#### क. सोच

- बहु सांस्कृतिक पहिचान र सहअस्तित्वपूर्ण सद्भावमा आधारित समाजको निर्माण भएको हुनेछ ।

#### ख. प्रमुख लक्ष्य

- भाषिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षणमा र संवर्द्धन हुनेछ ।

## ग. उद्देश्य

- सबै जाति/समुदायहरूको आ-आफ्नो मौलिक सांस्कृतिक परम्पराहरूको जगेर्ना गरी नेपालको सांस्कृतिक पहिचानको संवर्द्धन गर्नु ।
- भूकम्पलगायतका प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक सम्पदाको पुनर्निर्माण र संरक्षण गर्ने ।
- भाषा, साहित्य, सङ्गीत तथा नाट्यकला र ललितकला क्षेत्रको संरक्षण तथा विकास गर्ने ।

## घ. रणनीति तथा कार्यनीति

- दीर्घकालिन विकासका लागि नगरका कला, साहित्य, संगीतकार, चित्रकार मुर्तिकार, संस्कृतिकर्मी आदिलाई संगठित गराइ परिचालन गर्ने ।
- पर्यटकीय क्षेत्रलाई केन्द्रित गरी सांस्कृतिक संग्रहालय, साङ्गीतिक केन्द्रहरु स्थापना गरी संस्कृति संरक्षणमा  टेवा पुऱ्याउने ।
- स्थानीय जातजातिहरुको पर्व, असल परम्परा एवम जात्राहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने ।
- वार्डका विभिन्न क्षेत्रका नागरिकहरुको सिर्जना, सुझाव, सहयोग, विचार, संकलनका लागि नागरिक विचार वैंक स्थापना गर्न प्रोत्साहन गर्ने ।

## ङ. प्रमुख परिमाणात्मक नतीजा

- भाषा, साहित्य, सङ्गीत तथा नाट्यकला र ललितकला क्षेत्रको संरक्षण तथा विकास भएको हुनेछ ।
- दीर्घकालिन विकासका लागि वार्डका कला, साहित्य, संगीतकार, चित्रकार मुर्तिकार, संस्कृतिकर्मी आदिलाई संगठित भएको हुनेछ ।
- नगरस्तरकमा सुविधा तथा प्रविधि सम्पन्न सामुदायिक अध्ययन केन्द्र एवम पुस्तकालय स्थापना भएको हुनेछ
- स्थानीय जातजातिहरुको  भेष भुषा, भाषा साहित्य, संकृति, बाजा आदिको सरक्षण र प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन भएको हुनेछ ।

## च. प्रमुख कार्यक्रमहरु

- पुरातात्विक सम्पदा संरक्षण तथापूर्वाधार विकास
- सांस्कृती संग्रालय स्थापना  (वहु सांस्कृतिक)
- कला साहित्य संगित प्रवर्द्धन (स्थानीय विकासमा साहित्य जागरण),भाषालिपी, भेषभुषा संरक्षण
- मन्दिर संरक्षण
- नाटक हल सहितको पुस्ताकालय
- भाषा,साहित्य,संगीत, संस्कृति प्रवर्द्धन
- चित्रकला, मूर्तिकला प्रवर्द्धन
- सांस्कृतिकजागरण अभियान
- उद्यानतथा स्मारक

### ४.२.५.सञ्चार सेवा

**क. सोच**

- नवीन प्रविधिहरूको अधिकतम उपयोग गर्दै सूचना तथा सञ्चार सेवामार्फत सामाजिक, सांस्कृतिक विकास तथा आर्थिक समृद्धिमा टेवा पुगेको हुनेछ ।

**ख. प्रमुख लक्ष्य**

- ग्रामीणस्तरमा उपलब्ध हुनसक्ने सञ्चार प्रणालीका सेवाहरु सहज रुपमा उपलब्ध गराउने ।

**ग. उद्देश्य**

- सूचना तथा सञ्चार प्रविधिलाई नवीनतम, भरपर्दो, गुणस्तरीय र पहुँचयोग्य बनाई स्थानीय विकासमा योगदान पुऱ्याउने ।
- नगर र आम नागरिकबीच विकासका सूचना तथा विचारहरु आपसी पहुँचमा पुर्याउने ।

**घ. रणनीति तथा कार्यनीति**

- स्थानीय रेडियो तथा पत्रपत्रिकाहरुलाई स्थानीय नागरिकको विकासमा टेवा पुऱ्याउने गरी प्रोत्साहन र परिचालन गर्ने ।
- सुचना प्रविधीको क्षेत्रमा भएको असल अभ्यासलाई अनुसरण गरी सरकारले प्रदान गर्ने सबै सेवालाई क्रमश विद्युतीय प्रणालीमा रुपान्तरण गरी सेवा प्रदायकसम्म पुर्याउने ।

**ङ. प्रमुख परिणात्मक नतीजा**

- टेलीफोन सेवाको सहज पहुँच हुनेछ ।
- वडास्तरमा रहेका सबै कार्यालयहरुमा इन्टरनेटको सेवाको पुगेको हुनेछ ।
- स्थानीय सरकारबाट हुने सम्पुर्ण सूचना र प्रगतिहरु विद्युतीय माध्यमबाट उपलब्ध हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

| | | |
|---|---|---|
| मोवाईल फोन टावर क्षमता विस्तार | १,२,३,४,५,९ | हिमगंगा,रामपुर देउराली साघुटार गोठगाउँ र ल्याँगल्याँग |
| सवै सरकारी कार्यालय तथा विद्यालयहरुमा नेटको सुविधा पुर्याउने | १-९ | सवै वडाहरु |
| डीजीटल प्रविधिबाट नगरका हरेक नागरिकको सूचना संग्रह र अद्यावधिक गर्ने | १-९ | सवै वडाहरु |
| सबै वडाकार्यालय र नगरलाई सूचना प्रविधिबाट जोड्ने | १-९ | सवै वडाहरु |

### ४.२.६. जनसंख्या व्यवस्थापन

**क. सोच**

- सङ्ख्या, वातावरण र विकासबीच सामञ्जस्य कायम गरी दिगो विकासका माध्यमबाट जीवनस्तरमा गुणस्तरीय सुधार गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- आर्थिक रुपमा सक्रिय जनसंख्याको ठूलो हिस्सा गाउँमै परिचालन भएको हुनेछ ।

**ग. उद्देश्य**

- दक्षता, रुचि, क्षमताको आधारमा नगरका नागरिकहरुलाई विकास कार्यमा आम परिचालन गर्ने ।
- विभिन्न सहयोगी संस्थामार्फत जनसंख्या व्यवस्थापन शिक्षालाई गाउँ नगरमा पुर्‍याउने ।
- एकिकृत वस्ती विकास तर्फ लैजाने

**घ. रणनीति तथा कार्यनीति**

- ग्रामीण क्षेत्रमा एकिकृत वस्ती व्यवस्थापनको अवधारणा अनुसार शिक्षा, स्वास्थ्य, पुर्वाधार, रोजगारीका अवसर प्रवर्धन गर्ने,लघु घरेलु उद्यम,उद्योग ग्राम,स्थान विशेषका विभिन्न विशेषतायुक्त ग्रामको अवधारणा अनुसार विकास गर्ने ।

**ङ. प्रमुख नतीजा**

- आन्तरिक बसाइँ-सराइको व्यवस्थापन भइ एकीकृत शहरी विकास हुनेछ ।
- गाउँमै बसी स्वरोजगारमा संलग्न हुने दक्ष जनशक्तिको दर उल्लेख्य वृद्धि हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- जनसंख्या शिक्षा
- गाउँ फर्क अभियान
- व्यवस्थित बसोबास
- युवा स्वरोजगार योजना निर्माण

### ४.२.७. लक्ष्यित वर्ग कार्यक्रम

**क. सोच**

- आर्थिक, शारीरिक तथा सामाजिक रुपमा सक्षम समुहलाई विकासको मूलधारमा परिचालन गर्ने तथा कमजोर वर्गहरुलाई पारिवारिक तथा संस्थागत संरक्षण र आयआर्जनको पहुँच बढाउने ।

**ख. प्रमुख लक्ष्य**

- विकासको मूलधारमा पहुँच नपुगेका विपन्न तथा अल्पसख्यक जनजाति र महिलाहरुलाई शिक्षा स्वास्थ्य रोजगारी लगायतका क्षेत्रमा न्यायोचित पहुँच वृद्धि गर्ने ।

**ग. उद्देश्य**

- विकास तथा सामाजिक समावेशीकरणमा स्थानीय संरचनाको आधारमा सबै लक्ष्यित वर्गको समानुपातिक प्रतिनिधित्व प्रवर्द्धन गर्ने ।
- महिला तथा लक्षित वर्गको आधारभूत स्वास्थ्य तथा शिक्षामा पहुँच वृद्धि गर्ने ।

## घ. रणनीति तथा कार्यनीति

- परिवार इकाइ केन्द्रित सामाजिक परिचालन पद्धति अपनाइ अनतरपुस्ता सम्बन्ध बलियो बनाउने ।
- आर्थिक, शारीरिक तथा सामाजिक रुपमा कमजोर रहेका वर्गहरुलाई संरक्षण र आयआर्जनको पहुँच बढाउने
- दलित समुदायका बालबालिकाहरुलाई व्यवसायिक तथा प्राविधिक शिक्षामा छात्रवृत्ति व्यवस्थापन,जातीय विभेदका विरुद्ध कानुनी साक्षरता कार्यक्रमलाई अभियान,नगरपालिकामा वैदेशिक रोजगारी सम्वन्धी सुचना डेस्क स्थापना, जेष्ठ नागरिक बिचार चौतारी संचालन, बाल विवाह मुक्त नगर,असक्त, असहाय, बेबारिसे व्यक्तिहरुको संरक्षणका लागि अस्थायी संरक्षणकेन्द निर्माण गर्ने ।
- महिलाहरुको शारीरिक, मानसिक तथा सामाजिक सुरक्षाको अवस्थालाई सुदृढ गर्न न्याय समितिको क्षमता, दक्षता, योजनाहरुको विशेष प्रवर्द्धन गर्ने ।
- असक्त तथा अपाङ्गहरुको हकहित, सुरक्षा र क्षमता अभिवृद्धिका लागि सामाजिक सुरक्षा कार्यक्रमका साथै आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ङ. प्रमुख नतीजा

- बालबालिकाको अधिकार सुनिश्चित भई उनीहरुको समग्र स्थितिमा सुधार भएको हुनेछ ।
- विपन्न र पिछडिएका महिलालाई सिप तथा उद्यमशिलता विकासमार्फत रोजगारीको अवसर वृद्धि हुनेछ ।
- वाल विवाह, दाईजो प्रथा, तिलक, देउकी, वोक्सी, छाउपडी लगायत सबै प्रकारका कुरीती अन्धविश्वास र महिला हिंसामा न्युनीकरण हुनेछ ।
- जेष्ठ नागरिकको रु. १ लाख सम्म विमांक रकमको स्वास्थ्य विमा सरकारले व्यहोर्ने छ ।
- महिला तथा लक्षित वर्गका निर्णय प्रकृयामा संलग्ता बृद्धि भएको हुनेछ ।
- सामाजिक लैङ्गिक तथा जातिय विभेदमा कमी आएको हुनेछ ।
- अपाङ्गता, असक्त नागरिकको सामाजिक सुरक्षा र सम्मानको अवस्थामा बृद्धि भएको हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

वडा तथा वस्तीबाट आएका बृस्तृत बजेट तथा कार्यक्रमहरु खण्ड ४ मा रहेको छ जसको शारंश निम्न बमोजिम रहेको छ :

**बालबालिका:** वडा बाल सञ्जाल गठन र सञ्चालन, शैक्षिक सामाग्री वितरण

**लक्षित वर्ग कार्यक्रम** : समूह/सञ्जाल गठन/पुर्नगठन, महिला उद्यम दर्ता,संयुक्त लालपुर्जाको वितरणमा वृद्धि, महिला स्वरोजगार सिर्जना कार्यक्रम, सामाजिक नेतृत्व विकास तालिम, महिला रोजगारमा प्रोत्साहन लोकसेवा तालिम, एकल महिला संजाल गठन, एकल महिला आयआर्जन कार्यक्रम, नगर स्तरीय महिला सञ्जाल गठन र दिर्घकालीन योजना निर्माण, समग्र महिला विकास सोच तयारीका लागि नगर स्तरीय महिला सम्मेलन आयोजना, वस्ती स्तरीय महिला सञ्जाल सञ्चालन तथा व्यवस्थापन, वडा स्तरीय सूचना तथा सञ्चार केन्द्र स्थापना र सञ्चालन, नगर स्तरीय वार्षिक जेण्डर अडिट, महिला अभियानकर्मी नेतृत्व विकास तथा सामाजिक परिचालन कार्यशाला, वडा स्तरीय महिला स्वास्थ्य शिविर आयोजना, किशोरी सवाल सचेतीकरणका लागि किशोरी सञ्जाल परिचालन, जोखिममा परेका असक्त, बेवारिसे महिलाहरुलाई संरक्षणका लागि नगर स्तरीय सेफ हाउस, आकस्मिक कोष परिचालन र मनोपरामर्श केन्द्र सञ्चालन

**अपाङ्ग मैत्री कार्यक्रम :** अपाङ्गहरुको लागि आयआर्जन र सहयोग कार्यक्रम

**दलित लक्षित कार्यक्रम :** परम्परागत पेशामा आधुनिकीकरण, शिक्षामा जागरण गरी विद्यालय पहुँच कार्यक्रम, विद्यालय छाड्ने दरमा न्यूनिकरण, दलित महिला लोक सेवा आयोग कक्षा

**जेष्ठ नागरिक** : दिवा संरक्षण तथा सूचना केन्द्र, जेष्ठ नागरिक सम्मान कार्यक्रम, जेष्ठ नागरिक संरक्षण सचेतीकरण कार्यक्रम

**जनजाती लक्षित :** जनजातीहरुको क्षमता अभिवृद्धि कार्यक्रम, पारिवारिक शसक्तिकरण

**द्धन्द्धपिडित लक्षित** : द्धन्द्ध पिडित सूचिकरण तथा शहीद परिवार सम्मान कार्यक्रम , पारिवारिक शसक्तिकरण

**युवा लक्षित** : युवा सञ्चार कार्यक्रम, युवा सिप तथा नेतृत्व विकास, ग्रामीण युवा उद्यम कार्यक्रम, युवा लक्षित राष्ट्रिय स्वरोजगार कार्यक्रम, युवा सिप तथा नेतृत्व विकास,। ग्रामीण युवा कार्यक्रम अन्तर्गत 'दश युवा एक उद्यम' कार्यक्रमहरु

## ४.२.८ खेलकुद

**क. सोच**

- खेलकुदको माध्यमबाट युवा तथा बालबालिकाहरुमा शारिरीक स्वास्थ्यका साथै सामाजिक सद्भाव वृद्धि गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- नगर तथा वडास्तरमा खेलकुदका पूर्वाधारहरु विस्तार गर्ने ।

**ग. उद्देश्य**

- खेल, खेलकुद समूह तथा खेलाडीहरुलाई प्रवर्द्धन गर्ने ।
- खेलकुद क्षेत्र प्रवर्द्धनका लागि सामाजिक सहभागिता वृद्धि गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- ओखेनी, सुकाजोरमा नगर स्तरिय फुटबल मैदान निर्माण गरी नगरको खेलकुद विकासमा टेवा पुर्‍याउने ।
- खेलकुद क्षेत्रको विकासको लागि खेलाडी पहिचान,संगठन र प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने ।

**ङ .प्रमुख नतीजा**

- नगरस्तरीय मेयरकप भलिवल तथा फुटवल प्रतियोगीता सञ्चालन हुनेछ ।
- क्रिकेट खेलमा प्रदेश स्तरिय खेलकुद केन्द्र स्थापना हुनेछ ।
- जिल्लामा व्यवसायिक खेलकुदको विकास हुनेछ ।
- युवाहरुको सिर्जनाशिलता तथा क्षमता वृद्धि भएको हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- खेलकुद पुर्वाधार विकास कार्यक्रम
- खेलकुद प्रवर्द्धन कार्यक्रम

| कार्यक्रम | वडा | स्थान |
|---|---|---|
| हरेक वडामा १ वटा वडा स्तरिय खेल मैदान | १-९ | सवै वडामा |
| नगरस्तरीय मयरकप भलिवल तथा फुटवल प्रतियोगीता संचालन | ८ | रामेछाप |
| खेलकुद क्लब गठन, खेलकुद सामाग्रीको व्यवस्थापन फर्निचर | १-९ | सवै वडामा |
| नगरस्तरीय कवर्डहल स्थापना | ८ | रामेछाप |

## ४.३ पूर्वाधार विकास

### ४.३.१ सडक तथा पुल

**क. सोच**

- सडक सञ्जाललाई आर्थिक समृद्धिको मेरुदण्डको रुपमा विकास गर्ने ।

**ख.प्रमुख लक्ष्य**

- राजधानीदेखि सदरमुकाम र न.पा केन्द्र तथा सबै वडा केन्द्रसम्मको सडक सर्वयाम चल्नेगरी विकास गर्ने ।

- अनुसूचि ७ मा उल्लेखित एकिकृत वस्ती विकासको अवधारणासंग मेल खाने गरी पुर्वाधारका कायृकम कार्यकम अघि बढाउने

## ग. उद्देश्य

- सडक पूर्वाधारको विकास तथा विस्तार गर्ने ।
- सबै वडाकेन्द्रसम्म सडक पुर्याउने ।
- सडक विस्तारलाई आर्थिक कार्यक्रमसंग जोडेर लैजाने ।

## घ. रणनीति तथा कार्यनीति

१. प्राथमिकिकरण र यसका आधार : सडक महंगो पुर्वाधार हो यसको मर्मत सम्हार लागत पटक पटक लागिरहने,भू क्षय जोखीम लगायतका जोखीम जोडिएकाले सडक निर्माणको औचित्य र खास महत्व हेरेर मात्र सडक नया ट्रयाक खोलिने छ । नया ट्रयाक खोल्नु पुर्व निम्न कुराहरुको आधारमा प्राथमिकिकरण गरिने छ :

- विशेष आर्थिक उपार्जनका क्षेत्रहरु(कृषि पाकेट,अन्न, तरकारी दुध,फलफुल) छन् छैनन ?
- नगर र बस्तीलाइ खास आम्दानी र रोजगारी हुने क्षेत्र(निर्माण सामग्री) हो होइन ?
- खास पर्यटकिय आकर्षण ,प्रबेशद्धार बन्ने स्थल हो होइन ?
- बजार केन्द्र,ब्यापारिक केन्द्र संगको सम्बन्ध विस्तार हो होइन ?
- वडा,नगरका कार्यालय तथा अन्तर वडा,पालिका र अन्तर जिल्लाका घना वस्ती संग सम्बन्ध विस्तार हुने
- नियमीत यातायात सूचारु भएका सडकसंग जोडिने शाखा सडकहरु

२. **सडक पुर्वाधारबाट प्रत्यक्ष लाभ पाउनु पर्ने :** पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुबिधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आय आर्जनमा बढावा दिनसक्ने कृषि तथा पशुपक्षी (कृषि, पशु विकास र मत्स्य विकास) तथा गैर कृषि (लघु उद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरु उक्त क्षेत्रमा नै केन्द्रित (कन्सन्ट्रेट) गरी एक क्षेत्रले अर्को क्षेत्रको विकासमा परिपूरकता कायम हुने गरी सञ्चालन गर्नुपर्नेछ ।

३. सडकमा लगानी गर्दा ट्रयाक खोल्ने कार्यलाई कम प्राथमिकता दिई भैरहेका सडकहरुलाई बाह्रै महिना यातायात सुचारु गर्न सडकको स्तर उन्नतिका साथै सडक संरचना र पुल-पुलेसा निर्माणमा प्राथमिकता दिने ।नगरस्तरिय भन्दा वढी वडास्तरिय र वडास्तरिय भन्दा वढी वस्ती स्तरिय सडकमा वढी लागत सहभागिता जुटाउने ।

**सडक सम्बन्धि अन्य रणनितिहरु**

- वार्डस्तरीय सडकहरुलाई प्राथमिकीकरण गरी लागत सहभागिता बढाउने ।
- वडा स्तरीय योजना छनौट गर्दा न्यूनतम् रु. ५ लाखको मात्र छनौंट गरि कार्यान्वयन तर्फ शुरुवात गरिने छ ।

- नियमित यातायात सञ्चालन हुँदै आएका कच्ची सडकहरुको स्तरउन्नती तथा कालोपत्रे गरी दैनिक यातायात सञ्चालनमा सहजता ल्याउने ।
- निर्माण क्षेत्रमा वातावरणमैत्री हरित प्रविधिलाई प्रवर्धन गर्ने ।
- अन्य संघ संस्था समेतको सहयोगमा पुल पुलेसा तथा साँघुहरु निर्माण तथा मर्मत गर्ने ।
- नगरका विशेष आयोजनालाई पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गर्ने ।

**ङ. प्रमुख परिमाणात्मक नतीजा**

- आवश्यक पर्ने नयाँ ट्र्याकहरु २ वर्ष भित्र खोली सक्ने ।
- कोलोन्जोरघाटमा पक्की पुल निर्माण गरी रामेछाप जिल्लाको पुर्वी क्षेत्रलाई सिन्धुली, सोलुखुम्बु तथा ओखलढुङ्गालाई सडक यातायात सञ्जाल जोड्ने ।
- वडा नं ९,७,५को सुनकोशी नदी किनारमा प्रसस्त मात्रामा वालुवा खानी देखिएकोले नगरको आम्दानी तथा रोजगारी सिर्जनाका गिटी,बालुवा, उद्योग स्थापना गर्न सडक विस्तार गर्ने ।
- सडक निर्माणका लागि प्रदेश तथा संघिय सरकार र अन्य संघ संस्थाहरुको लगानी भित्र्याउने ।

**च. प्रमुख कार्यक्रमहरु**

- नगरपालिकाको वडा नं. ९ भिमसेनथान बाट मरिनघाट हुदै कोलोञ्जोर घाट, साँघुटार हुदै लर्कुदोभान, गोगनेडाँडाँ, देउराली, गणेशटार, भालुखोप, रामेछाप सम्मको सडकलाई नगरस्तरीय चक्रपथ निर्माण गर्ने प्रदेश सरकारसँग अनुरोध समेत गरी कार्यारम्भ गरिने छ ।
- पुष्पलाल पार्क देखि कोलोञ्जोरघाट सम्मको सडकलाई नगरको गौरबको योजनाको रुपमा कार्यान्वयन गरिने छ । यस देखि बाहेक अन्य सडकहरु नगरस्तरीय र वडास्तरमा संचालन हुनेछ ।
- रामेछाप नगरपालिकाको निर्माणाधीन भवन सम्पन्न गर्न, कार्यालय भवन नभएका वडाहरुमा कार्यालय भवन निर्माण गर्न, निर्माण कार्य सम्पन्न हुन बाँकी वडा कार्यालयको निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।
- रामेछाप नगरपालिका भित्रका सडक विकासकालागि सडक गुरुयोजना तयार गरि लागू गरिने छ ।
- नगरबासीहरुलाई यातायात आवागमन सहजताका लागि निम्न स्थानहरुमा मोटरेवल पुल निर्माण गर्न प्रदेश सरकार संग अनुरोध गरिनेछ ।
    - फलाटे खोला, वडा नं. ४
    - फुन्द्री खोला, वडा नं. ४
    - फेमेटार लिखुखोला, वडा नं. ४

- ➢ चुकियाघाट सुनकोशी, वडा नं. ५
- ➢ राताटाहार सुनकोशी, वडा नं. ९
- ➢ विर्ताटार सुनकोशि, वडा नं. ७

- नगरबासीहरुलाई आवागमन सहजताकालागि नगर बस सञ्चालनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।
- रामेछाप बजारमा व्यवस्थित बसपार्कको निर्माण गर्दै अन्य वडाहरुमा पनि बसपार्क संभाव्यता अध्ययन गरी कार्यान्वयन गरिने छ ।

### ४.३.२.भवन, बस्ती तथा शहरी विकास र पुनर्निर्माण

**क. सोच**

- सुरक्षित तथा व्यवस्थित बस्ती विकास गरी सबै नागरिकलाई सुरक्षित आवासको पहुँच बढाउने ।

**ख. प्रमुख लक्ष्य**

- एकीकृत ग्रामीण बस्ती विकासको आधार तयार गर्ने ।
- रामेछाप बजारलाई एकिकृत बजार ब्यावस्थापन
- एकिकृत बस्ती विकासको तथा पुर्वाधारको आधार तयार गर्ने ।

**ग. उद्देश्य**

- भूकम्पबाट क्षतिग्रस्त संरचनाको दिगो, सुरक्षित र योजनाबद्ध रूपमा यथाशीघ्र निर्माण गरी पीडित व्यक्ति तथा समुदायको जनजीवनलाई कम्तीमा पनि प्रकोपपूर्वको अवस्थामा पुनर्स्थापना गर्ने ।
- योजनावद्ध शहरी तथा ग्रामीण पुर्वाधार विकास गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- सडक निर्माण,विस्तार गर्दा बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लागु गर्ने
- अनुसूचि ७ मा उल्लेखित एकिकृत वस्ती विकासको अवधारण अनुसार कार्यक्रम अघि बढाउने
- राष्ट्रिय वन नीति, २०७१ ले आत्मसाथ गरेको “एक घर - एक रुख, एक गाउँ - एक वन, एक नगर - अनेक उद्यान” को अवधारणालाई मध्यनजर गर्दै “राष्ट्रिय भू (उपयोग नीति २०६९” का आधारमा भूमिलाई विभाजन गर्ने गरी भू (उपयोग नक्सा तयार गरी तोकिएको क्षेत्रमा तोकिएको प्रयोजनको लागि मात्र भवन निर्माण अनुमति प्रदान गर्ने । विशेषज्ञहरुको संलग्नतामा जोखिमयुक्त क्षेत्रको पहिचान गरी भवन निर्माण गर्न प्रतिबन्ध लगाउन सिफारिश गर्ने ।

- यस नगरपालिकाको आन्तरिक आय अति नै कम भएकोले आयस्रोतमा बृद्धि गर्नको लागि रामेछाप बजारमा सपिङ कम्प्लेक्स निर्माण गर्न आवश्यक व्यवस्था गरिने छ ।
- शहरी विकास तथा भवन निर्माण विभाग, नगर विकास कोषहरु संगको सहयोग र सहकार्यमा भंगेरी देखी भालुखोप बजार सम्मको क्षेत्र लिई एकिकृत शहरीको गुरु योजना निर्माण गर्ने।
- नगर भित्र ४७० वटा छरिएर रहेका बस्तीहरु छन्।यी बस्तीहरुलाई सडक कोरिडोर संग मिलान हुने गरी उपलब्ध भूगोल र भू बनौट अनुसार प्रत्येक वडामा ३ देखी ५ वटा सम्म हुने गरी सरकारी नीजि साझेदारीमा एकिकृत वस्ती विकासका कार्यहरुको प्रवर्धन गर्ने
- व्यवस्थितसहरीकरणकालागि उपयुक्तस्थानको पहिचानगरीजग्गा एकीकरण आयोजना सञ्चालन गरिनेछ
- अति आवश्यक सेवा प्रदान गर्नुपर्ने संस्थागत भवनलाई पहिलो प्राथमिकतामा निर्माण गर्ने ।
- एकीकृत वस्ती निर्माणको वातावरण बनाउदै बजार केन्द्रहरु व्यवस्थापन गर्दै लैजाने ।
- सामुदायिक भवन निर्माणका लागि अन्य संघसस्थाको बजेटलाई प्राथमिकता दिने ।
- भौगोलिक रुपमा विकट तथा विपतको उच्च जोखिमयुक्त स्थानमा वसोवास भएका घरपरिवारलाई स्थानीय तहको सहयोग र सहकार्यमा एकिकृत बस्तीमा स्थानान्तरण हुन प्रोत्साहन गर्ने ।
- पुर्वाधार विस्तारमा वातावरणमैत्री प्रविधिलाई प्राथमिकता दिने ।
- जोखिम संवेदनशिल भू(उपयोग नक्शा (Risk Sensitive Land Use Map) तयार गरी कार्यान्वयनमा ल्याउने

### ङ. प्रमुख परिमाणात्मक नतीजा

- भंगेरी देखी भालुखोप बजार सम्मको क्षेत्र लिई एकिकृत शहरीको गुरु योजना निर्माण गर्ने।
- छरिएर रहेका बस्तीहरुलाई सडक कोरिडोर संग मिलान हुने गरी उपलब्ध भूगोल र भू बनौट अनुसार प्रत्येक वडामा ३ देखी ५ वटा सम्म हुने गरी सरकारी नीजि साझेदारीमा एकिकृत वस्ती विकासका कार्यहरुको प्रवर्धन गर्ने । शहरी विकास तथा भवन निर्माण विभाग संगको सहकार्यका सो को अवधारण पत्र तथा डी.पी.आर.गर्न प्रस्ताव गर्ने
- कम्तीमा वडास्तरमा १वटा हाट बजार स्थापना सञ्चालन हुनेछ ।
- कम्तीमा १ वटा एकीकृत नमुना बस्ती निर्माण भइ बसोबास हुनेछ ।
- भूकम्प प्रभावित सबै घरहरु पुनस्थापित हुनेछन् ।

### च. प्रमुख कार्यक्रमहरु

- रामेछाप बजारमा ब्यावस्थित बसपार्क तथा हाट बजार स्थल निर्माण
- नमुना वस्ती तथा एकिकृत वजार विकास

- ब्यावस्थित बजारी करणको लागि पुर्वाधार निर्माण ,पुननिर्माण (सार्वजनिक शौचालय निर्माण, ढल नाला व्यवस्थापन( सडक तथा बजार क्षेत्र, ग्रीन पार्क व्यवस्थापन व्यवस्थीत पशु वद्यशाला निर्माण
- एक टोल एक सामुदायिक/विपत आवास गृह
- बजार व्यवस्थापन समिति गठन तथा परिचालन,

### ४.३.३. सिँचाइ

**क. सोच**

- सम्पूर्ण कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने ।

**ख. प्रमुख लक्ष्य**

- सिँचाइ गुरुयोजना तयार भइ योजना अवधिमा सिँचाइ पुग्न बाँकी सिँचाइयोग्य भूमिको कम्तीमा २५ प्रतिशत लक्ष्य हासिल गर्ने ।

**ग. उद्देश्य**

- सिञ्चित क्षेत्र वृद्धि गर्नुका साथै जलस्रोतको बहुउद्देश्यीय उपयोगमा जोड दिने ।

**घ. रणनीति तथा कार्यनीति**

- सिंचाई सुविधामा बृद्धि गरी सिँचाइ व्यवस्थापन प्रणालीसुदृढ गर्ने ।
- पक्की कुलो आयोजनालाई साना सिंचाइ तथा नगरको सहयोगमा सञ्चालन गर्ने ।
- नगरमा विस्तृत सिंचाइ योजना तयार गरी व्यवस्थित रुपमा सिंचाइको व्यवस्था मिलाउने ।

**ङ . प्रमुख परिमाणात्मक नतीजा**

- रामेछाप न.पा.भित्रका २५% खेति योग्य जमिनमा सिंचाइ सुविधा उपलब्ध हुनेछ ।
- नगरभित्रको सुख्खा क्षेत्रहरुमा (जस्तै हर्देनीघाट, रातटार, विर्ताटार धनेघाट, क्षतिवने, मन्सलीघाट, देउरालीवेसी, घागरवेसी,हाडेटार,साघुँटारवेसि कुमलटार) लिफ्ट सिचाई विस्तार हुनेछ ।
- खाद्य सुरक्षा अभिवृद्धिका लागि सुनकोशी, लिखु, फलाटेखोला जस्ता ठुला सिंचाइ आयोजनाहरुको कमान्ड एरियाभित्र सघन कृषि कार्यक्रम सञ्चालन हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- ठूला सिंचाइ कार्यक्रम
- साना सिंचाइ कार्यक्रम
- सिंचाइ जलाधार व्यवस्थापन कार्यक्रम

### ४.३.४ उर्जा तथा विद्युत

**क. सोच**

- सबै घरधुरीमा विद्युत सेवा पुर्‍याउने ।
- स्थानीय जलविद्युत् विकासबाट विद्युत्मा आत्मनिर्भरता हासिल गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- घरेलु प्रयोजनको विद्युत सेवा सबै घरधुरीमा पुर्‍याइसक्ने ।

**ग. उद्देश्य**

- घरायसी तथा उत्पादन प्रयोजनका लागि विद्युत विस्तार गर्ने ।
- जलविद्युत विकासमार्फत विद्युत आपूर्ति तथा वित्तीय पूँजी आर्जन गर्ने ।
- सरल र नियमित विद्युत आपूर्तिका लागि वैकल्पिक उर्जा प्रवर्द्धन गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- सुधारिएको चुलो प्रयोगलाई प्रोत्साहन गरी धुवाँ रहीत वडा घोषणा गर्न पहल गर्ने ।
- सबैलाई आधुनिक तथा नविकरणनीय उर्जामा पहँच पुऱ्याउन सबै सम्भाव्य स्थलहरुमा जलविद्युत सौर्य उर्जा, वायो उर्जा एवं अन्य नविकरणनीय उर्जाको प्रविधीलाई प्रोत्साहन गरीनेछ ।
- नगरपालिकाभित्रका वस्तीहरुमा सुरक्षित विधुत सेवा उपलब्ध गराउने ।
- विद्युत प्रसारण लाइनको नाङ्गो तारबाट हुने जोखिम तथा दुर्घटनाबाट बच्न साविक सबै वार्ड तथा घरधुरी लाभान्वित हुने गरी कालो तार व्यवस्थापन गर्ने ।

**ङ. प्रमुख परिमाणात्मक नतीजा**

- आगामी ५ वर्षभित्र नगरका सबै घरमा विद्युत सेवा पुग्नेछ ।
- कम्तीमा १ वटा जलविद्युत आयोजना शुरु हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- विद्युत विस्तार कार्यक्रम
- वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम
- जलविद्युत परियोजना

### ४.३.५ यातायात

**क. सोच**

- बाह्रैमास यातायात सुचारु हेुन सडक स्तरोन्नती गर्ने र यातायात सुचारु गर्ने

- नीजि क्षेत्र ,यातायात ब्यावशायीहरु संग सहकार्य गरी कम खर्चिलो, भरपर्दो, सुरक्षित र प्रतिस्पर्धी यातायात प्रणालीको सुनिश्चितता गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- यातायात सेवालाई बाह्रैमास चल्न सक्ने ,पहुँचयोग्य, सुरक्षित, सर्वसुलभ, व्यवस्थित र वातावरणमैत्री बनाउने ।

**ग. उद्देश्य**

- यातायात व्यवस्थापन प्रणालीमा सुधार गरी सर्वसाधारणको आवागमन तथा ढुवानीलाई पहुँचयोग्य, सुरक्षित र व्यवस्थित बनाउने ।

**घ. रणनीति तथा कार्यनीति**

- सडक निर्माण,विस्तार गर्दा बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लागु गर्ने
- सडकहरुको स्तरोन्नती,ढल नाला ब्यावस्थापन,यातायात सुचारु र सेवा प्रवाहको लागि नीजि क्षेत्रलाई प्रतिस्पर्धात्मक रुपमा परिचालन

**ङ. प्रमुख परिमाणात्मक नतीजा**

- यातायात विकास गुरुयोजना निर्माण भइ लागु हुनेछ ।
- नगरपालिकाका सबै वडाबाट सदरमुकाम तथा राजधानी जाने यातायात सुविधा पुग्नेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- यातायात पुर्वाधार विकास
- यातायात  प्रणाली व्यवस्थापन
- नगरबस सेवा

## ४.४ वन, वातावरण तथा विपद व्यवस्थापन

### ४.४.१ वनतथा भू संरक्षण

**क. सोच**

- सघन तथा विविधतायुक्त वनस्रोत, विशिष्टीकृत जैविक विविधता, समृद्ध जलाधार र उद्यमशीलतायुक्त वन क्षेत्र निर्माण गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, संवर्द्धन, व्यवसायीकरण र सदुपयोगद्बारा रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गरी पारिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम गर्ने ।

### ग. उद्देश्य

- दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने ।
- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्ने ।

### घ. रणनीति तथा कार्यनीति

- राष्ट्रिय वन नीति, २०७१ ले आत्मसाथ गरेको “एक घर - एक रुख, एक गाउँ - एक वन, एक नगर - अनेक उद्यान” को अवधारणालाई अनुशरण गर्ने
- निजी वन उद्यमलाई प्रोत्साहन गर्ने ।
- प्राकृतिक रुपमा जडिबुटी संरक्षण तथा प्रवर्धन गर्ने ।
- निजी वन तथा बारी कान्लाको रुखका काठ ओसार पसारलाई सरलीकृत गर्ने ।
- जलवायु प्रकोप न्युनीकरणका लागि स्थानीय अनुभव तथा परम्पराहरु प्रवर्द्धन गर्ने ।
- संरक्षण गर्नुपर्ने विशेष क्षेत्रहरु पहिचान गरी संरक्षण तथा व्यवस्थापन गर्ने ।

### ङ. प्रमुख नतीजा

- सबै सामुदायिक वन समूहहरुको कार्य योजना नविकरण भएको हुनेछ ।
- निजी वन समूहहरु विस्तार हुनेछ ।
- वैज्ञानिक वन व्यवस्थापनको नमुनाक्षेत्र विकास हुनेछ ।
- वन पैदावारमा आधारित उद्यम विकास भई आयआर्जन र रोजगारी सिर्जना भएको हुनेछ ।

### च. प्रमुख कार्यक्रमहरु

- सामुदायिक वन विकास कार्यक्रम
- निजी तथा कृषि वन विकास कार्यक्रम
- संरक्षित तथा धार्मिक वन व्यवस्थापन कार्यक्रम
- वन उद्यम प्रवर्द्धन कार्यक्रम

## ४.४.२ .जैविक विविधता संरक्षण

### क. सोच, कार्यकम

- रैथाने विउ विजनको जगेर्ना,संरक्षण प्रवर्धन,हावापानी अनुसारका विविन्न जातका फलफुल,रुख ,जडीबुटी बोट विरुवाहरुको संरक्षण मार्फत समृद्धीमा योजदान

### ख. प्रमुख लक्ष्य

- जैविक विविधता(खास गरी कृषी जैविक विविधता) संरक्षणका लागि स्थानिय जातका विउ विननहरुको संरक्षण गर्ने परम्परागत वालीहरु(कोदो,कागुनो,जुनेलो)हरुको संरक्षण गर्ने,स्थानिय

जालका -काको,फर्सी,लौका)फलफुलका विउ जगेर्ना गर्ने । सो को योजना र कार्यक्रम बनाई विउ बैक स्थापना गर्ने गर्ने ।

**ग. रणनीति तथा कार्यनीति**

- नेपाल पक्ष भएका जैविक विविधता महासन्धीका प्रावधानहरुको अनुशरण
- जैविक विविधता रणनीति तथा कार्ययोजना २०१४-२०२० को अनुशरण
- जलवायु परिवर्तन अनुकुलन तथा प्रकोप न्युनीकरणका लागि जल पुनर्भरण क्षेत्र बढाउने
- जैविक विविधता तथा जलवायु अनुकुलनलाई स्थानीय अनुकुलन योजनामा समावेश गराउने

**घ. प्रमुख नतीजा**

- स्थानिय जातका अन्नबाली,दलहन,तेलहन,फलफुल बालीका जातहरुको सूचिकरण,विउ बैक स्थापना
- नगरस्तरीय जलवायु परिवर्तन अनुकुलन योजना तयार हुनेछ ।

**ङ. प्रमुख कार्यक्रमहरु**

- कृषि जैविक विविधताको सचेतीकरण,सुचिकरण,संकलन,संग्रह,संरक्षण र प्रवर्द्धन कार्यक्रम

### ४.४.४.भू तथा जलाधार संरक्षण

**क. सोच**

- जलको लागि जलाधार क्षेत्रहरुको वैज्ञानिक व्यवस्थापन गरी सुख्खा क्षेत्र ब्यावस्थापन तथा भूसंरक्षण गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- भूबनोटको आधारमा कम्तीमा ३ वटा मुख्य जलाधार तथा २२ वटा उपजलाधार क्षेत्र विभाजन गरी नगरको भूसंरक्षण कार्य व्यवस्थापन गर्ने ।

**ग. उद्देश्य**

- जलाधार संरक्षणको माध्यमबाट जल,वन तथा कृषिक्षेत्रको विकास गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- अनुसुचि २ मा उल्लेख भए बमोजिम सूख्खा क्षेत्र ब्यावस्थापन गर्न संरक्षण पोखरी,पानी मुहान क्षेत्र संरक्षण,खोला खहरेहरुमा हरित पेटीका निर्माणका कार्यहरु प्राथमिकताका साथ संचालन गर्ने
- जोखिमयुक्त पहिरोहरुको प्राथमिकिकरण गरी नियन्त्रण  कार्यक्रम लागु गर्ने ।
- वातावरण मैत्री खेती प्रणाली विकास गर्ने ।
- थोपा सिंचाइ, वर्षात तथा भल पानी व्यवस्थापन गर्ने ।

- खोला,खोल्सीहरुमा पानी पुनरभरण ड्याम निर्माण गरी आयआर्जन योजनामा उपयोग गर्ने ।
- जलाधार क्षेत्रको आसपासका बासिन्दालाई संगठित गरी जलाधार संरक्षणमा परिचालन गर्ने ।

**ङ. प्रमुख नतीजा**

- जलाधार संरक्षणको माध्यमबाट जल,वन तथा कृषिक्षेत्रको विकास
- पहिरो जोखीम क्षेत्रहरु पहिचान गरी तटबन्ध तथा वायो इन्जीनियरङ , विपद जोखिम नक्शांकन (Hazard Zoning), समुदायमा आधारित पुर्व सुचना प्रणालीको विकास र व्यवस्थापन भएको हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- जलको लागि जलाधार ब्यावस्थापन,
- जलवायु अनुकुलीत गाउँ (Climate smart village)
- दिगो भू भूव्यवस्थापन कार्यक्रम

### ४.४.५ जलवायु अनुकुलन

**क. सोच**

- जलवायु अनुकुलीत गाउँ (Climate smart village) निर्माण गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने विकास पद्धतिहरु स्थापित गर्ने ।

**ग. उद्देश्य**

- मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउने ।

**घ. रणनीति तथा कार्यनीति**

- अनुसुचि २ मा उल्लेख भए बमोजिम सूख्खा क्षेत्र ब्यावस्थापन गर्न संरक्षण पोखरी,पानी मुहान क्षेत्र संरक्षण,खोला खहरेहरुमा हरित पेटीका निर्माणका कार्यहरु प्राथमिकताका साथ संचालन गर्ने
- सुख्खा खप्ने बालीहरुको जात पहिचान तथा प्रवर्धन (घैया धान, जुनेलो, सैजुन,फापर,अदुवा,बेसार) गर्ने ।
- बाली विविधिकरण (कृषि, पशुपालन, मसलाबाली, कन्दमुल, फलफुल) गर्ने ।
- पानी फारो सिंचाई प्रविधि, थोपा सिंचाइ, जुठेलो सिंचाई आदि प्रवर्द्धन गर्ने ।

**ङ. प्रमुख परिमाणत्मक नतीजा**

- प्राकृतिक स्रोत संरक्षणसम्बन्धी सबै सरोकारवालाहरुको योजनामा जलवायु अनुकुल तथा प्रकोप  न्युनीकरण योजना समावेश भएको हुनेछ ।

- सिमसार क्षेत्रको दर्ता तथा सुचिकरण भएको हुनेछ ।
- जलचर, लोपोन्मुख वनस्पती तथा जीवजन्तुको सुचिकरण र संरक्षण हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- जलवायु अनुकुलन कार्यक्रम
- राष्ट्रिय,स्थानिय अनुकुलन योजना अनुरुप समुदाय स्तरिय अनुकुलन योजन -कापा) बनाई लागु गर्ने ।

### ४.४.६ प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापन

**क. सोच**

- सबैखाले जोखिम तथा विपदहरु पहिचान र व्यवस्थापन गरी जन,धन तथा सम्पदाको संरक्षण गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- जोखिमका कारक, सम्भावित स्थानहरु र नियन्त्रण विधि पहिचान भइ लागु हुनेछ ।

**ग. उद्देश्य**

- नागरिकहरुलाई सबैखाले जोखिम तथा विपदबाट जोगाइ सुरक्षित जीवन यापनको पहुँच बढाउने ।

**घ. रणनीति तथा कार्यनीति**

- सडक निर्माण,विस्तार गर्दा बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लागु गर्ने
- जोखिम संवेदनशिल भू(उपयोग नक्शा (Risk Sensitive Land Use Map) तयार गरी कार्यान्वयनमा ल्याउने
- पहिरो नजिकका बस्तीहरुमा विशेष सतर्कताका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- समुदायमा आधारित विपद जोखिम न्युनिकरण समुदाय गठन, कार्ययोजना निर्माण र परिचालन, विपद् ब्यावस्थापन ऐन २०७४ को अनुशरण गर्ने ।
- प्रभावित क्षेत्रहरुको पहिचान, सरोकारवालाहरु बीच जानकारी तथा स्थानिय विपद् व्यवस्थापन संयन्त्र निर्माण र परिचालन गर्ने ।
- अन्तर नगरको सहकार्यमा बारुण यन्त्र सञ्चालन गर्ने ।

**ङ. प्रमुख परिमाणात्मक नतीजा**

- जोखिम संवेदनशिल भू-उपयोग नक्शा (Risk Sensitive Land Use Map) तयार गरी कार्यान्वयनमा ल्याउने

- संवेदनशिल क्षेत्रमा सुरक्षा संरचना निर्माण, सुरक्षित स्थलको पहिचान तथा नक्शांकन हुनेछ ।
- जल तथा मौसम फिल्ड केन्द्र स्थापना र सञ्चालन हुनेछ ।
- विपद् व्यवस्थापन ऐन २०७४ को अनुशरण भएको हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- जोखिम न्युनीकरण तथा पूर्वतयारी कार्यक्रम
- उद्धार तथा पुनस्थापना कार्यक्रम
- एम्वुलेस तथा वारुणयन्त्र सेवा
- पूर्वाधार कार्यक्रम

## ४.५ न्याय, सुशासन तथा संस्थागत विकास

### ४.५.१ कार्यालय, जनशक्ति तथा सेवा व्यवस्थापन

**क. सोच**

- सुविधायुक्त कार्यालय र सक्षम जनशक्तिमार्फत नगर प्रशासनलाई जनमैत्री र प्रतिस्पर्धी बनाउने ।

**ख. प्रमुख लक्ष्य**

- नगर प्रशासन सञ्चालनका लागि दरबन्दीअनसारको पूर्ण जनशक्ति व्यवस्थापन गर्ने ।
- सेवा कार्यालयहरु एकीकृत भवनबाट प्रदान गर्ने गरी व्यवस्थापन गर्ने ।

**ग. उद्देश्य**

- पूर्ण र सक्षम जनशक्तिको माध्यमबाट जनताका सेवाहरु सरल र प्रभावकारी रुपमा प्रदान गर्ने ।
- नागरिकहरुको सोच, गुनासा, सुझाव तथा वडा कार्यालयका सूचनाहरु प्रशासनलाई सहज प्राप्त हुने व्यवस्था मिलाउने ।

**घ. रणनीति तथा कार्यनीति**

- वडा कार्यालयहरुको भवन निर्माण गर्दा एकीकृत सेवा प्रवाह गर्ने गरी निर्माण गर्ने ।
- नगरको कार्यविभाजन नियमावलीको पुर्ण रुपमा परिपालना,अनुगमण तथा मुल्याङ्कन गर्ने ।
- कर्मचारी प्रशासनलाई पर्याप्त, सक्षम र प्रभावकारी बनाउन सांगठनिक संरचना अनुसारको कर्मचारी आपूर्ति गर्न विशेष योजना बनाइ लागु गर्ने ।
- कर्मचारीहरुको क्षमता विकास तथा वृत्ति विकासमा विशेष योजनाहरु लागु गर्ने ।

- जनप्रतिनिधिलाई विषयगत कार्य विभाजन गरी जिम्मेवारी तोक्ने र सो को क्षमता विकासका लागि तालिम प्रशिक्षण भ्रमण लगायतका अवसरहरु प्रदान गर्ने ।
- गुनासोसुन्ने अधिकारीको व्यवस्था गर्ने ।
- निश्चित विधि  विकास गरी सार्वजनिक सेवाको सन्तुष्टी मापन गर्ने ।

**ङ. प्रमुख नतीजा**

- नगरको विषयगत समिति तथा शाखाहरु प्रभावकारी रुपमा सञ्चालन भएको हुनेछ ।
- आगामी २ वर्षभित्रपालिका तथा सबै वार्ड कार्यालयहरुको भवन व्यवस्थापन भइसक्नेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- कर्मचारी व्यवस्थापन
- सेवा व्यवस्थापन
- कार्यालय व्यवस्थापन
- क्षमता विकास कार्यक्रम
- तहगत सम्बन्ध तथा समन्वय

### ४.५.२ सूचना प्रविधि तथा प्रशासकीय सुशासन

**क. सोच**

- आधुनिक सूचना प्रविधिसहितको प्रशासकीय सुशासन विकास गर्ने ।

**ख.  प्रमुख लक्ष्य**

- सुशासनका सूचकहरुमा आधारित प्रशासकीय सुशासन प्रणाली विकास गर्ने ।

**ग. उद्देश्य**

- सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

**घ. रणनीति तथा कार्यनीति**

- प्राविधिकहरुलेको गर्ने ल.ई.हरुमा सूचना प्रविधिको प्रयोग गर्ने  ।
- नगर प्रोफायललाई बार्षिक रुपमा अद्यावधिक गर्ने ।
- कम्तीमा वार्षिक रुपमा सेवाको गुणस्तर मापन गर्ने ।
- क्षमता विकास तथा अभिमुखिकरण तालिम दिइनेछ
- समिति तथा शाखाहरुलाई सक्षम र प्रतिस्पर्धी बनाउने ।

**ङ. प्रमुख नतीजा**

- डिजिटल प्रशासनिक सेवा सञ्चालन हुनेछ ।
- नगर प्रोफाइल वार्षिक अध्यावधिक हुनेछ ।
- नियमित तथा चौमासिक सूचना प्रवाहको संयन्त्र क्रियाशील हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- सुचना तथा प्रविधि विस्तार
- प्रशासनिक व्यवस्थापन

**४.५.३.राजस्व परिचालन तथा वित्तीय व्यवस्थापन**

**क. सोच**

- आन्तरिक आयमार्फत आर्थिक आत्मनिर्भरता वृद्धि गर्ने ।
- वित्तीय व्यवस्थापनलाई नियमसंगत, पारदर्शी, प्रभावकारी र सन्तुलित बनाउने ।

**ख. प्रमुख लक्ष्य**

- आन्तरिक राजस्वको स्रोत रणनीतिक योजनाको अन्तिम वर्षसम्म कम्तीमा २५ प्रतिशत पुर्‍याउने ।

**ग. उद्देश्य**

- नगरको आन्तरिक स्रोत वृद्धि गरी  आर्थिक आत्मर्निरता बढाउने ।
- वित्तीय जोखिमहरु घटाइ प्रभावकारी सेवा प्रदान गर्ने ।

**घ. रणनीति तथा कार्यनीति**

- स्थानीय राजस्व वृद्धिका लागि एकीकृत कर प्रणालीलाई प्रवर्द्धन गर्ने ।
- करको दायरा विस्तार गर्ने ।
- दीर्घकालीन आयस्रोत हुने नयाँ सम्भावनाहरुमा लगानी गर्ने ।
- प्रभावकारी वित्तीय व्यवस्थान नीति तथा प्रक्षेपण योजना बनाइ कार्यान्वयन गर्ने ।

**ङ. प्रमुख नतीजा**

- विस्तृत राजस्व योजना तयार भइ कार्यान्वयन हुनेछ ।
- वित्तीय व्यवस्थापन योजना तयार  भइ कार्यान्वयन हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- राजस्व परिचालन कार्यक्रम
- वित्तीय व्यवस्थापन कार्यक्रम

### ४.५.४ पारदर्शिता र जवाबदेहिता

**क. सोच**

- पारदर्शी, जवाबदेही र जनविश्वासी नगरपालिका विकास गर्ने ।

**ख. प्रमुख लक्ष्य**

- वार्षिक लेखाजोखामा नगरपालिकाले पारदर्शिता र जवाबदेहिताका सूचकहरुको उत्कृष्ट स्तर हासिल गरेको हुनेछ ।

**ग. उद्देश्य**

- उत्कृष्ट सेवामार्फत नगरपालिकालाई सक्षम र जनउत्तरदायी बनाउने ।

**घ. रणनीति तथा कार्यनीति**

- वडा तथा विषयगत कार्यालय र हरेक योजनाहरुको सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षण अनिवार्य रुपमा गर्ने गराउने साथै ठुला आयोजनाहरुको सूचना बोर्ड राख्ने ।
- वार्षिक योजनाहरुको नियमित समिक्षा चौमासिक रुपमा गर्ने ।
- रणनीतिक योजनाको मध्यावधि समिक्षा दोस्रो र चौथो वर्षमा गर्ने ।
- रणनितिक योजनाको अन्तिम मूल्याङ्कन पाँचौ वर्षमा गर्ने ।
- प्राकृतिक श्रोत तथा वित्त आयोगले प्रदेश तथा स्थानीय तहबीच राजश्वको बाँडफाड गर्ने आधार अनुसार (जनसंख्या तथा जनसांखिक विवरण, क्षेत्रफल, मानव विकास सुचकांक, खर्चको आवश्यकता, राजश्व संकलनमा गरेको प्रयास, पुर्वाधार विकास, विशेष अवस्था आदि ) बजेट विनियोजन गर्ने ।

**ङ. प्रमुख नतीजा**

- कार्यविधिले निर्धारण गरेअनुसारको लक्ष्यमा सार्वजनिक सुनाइ, सार्वजनिक परीक्षण तथा नियमित अनुगमन सम्पन्न हुनेछ ।

**च. प्रमुख कार्यक्रमहरु**

- सार्वजनीक सुनुवाई तथा सामाजीक परिक्षण
- योजना, अनुगमन, मूल्यांकन तथा प्रतिवेदन
- लेखापरीक्षण
- सन्तुष्ठी मापन

### ४.५.५ न्याय तथा सुरक्षा

**क. सोच**

- नागरिक स्वतन्त्रता, विधिको शासन र मानव अधिकारको संरक्षणमार्फत शान्त र सुरक्षित समाज निर्माण गर्ने

**ख. प्रमुख लक्ष्य**

- नगरमा शान्ति सुव्यवस्था कायम राख्ने ।

**ग. उद्देश्य**

- नगरपालिकाले सम्पादन गर्ने न्यायिक प्रणालीलाई वैज्ञानिक एवम सेवाग्राहीमैत्री बनउने ।
- नगरपालिकाको सुरक्षा व्यवस्था प्रभावकारी बनाउने ।

**घ. रणनीति तथा कार्यनीति**

- न्याय सम्पादन प्रणालीलाई प्रभावकारी बनाउन कानुनीपरामर्शदाताको व्यवस्था गर्ने ।
- न्यायिक समितिको कार्यदक्षता अभिवृद्धि गर्न अध्ययन,अनुसन्धान, तालिमहरु वृद्धि गर्ने ।

**ङ. प्रमुख नतीजा**

- नगरमा आएका मुद्धाहरु छिटो, छरितो र न्यायिक प्रणालीअनुसार सम्पादन हुनेछन् ।

**च. प्रमुख कार्यक्रमहरु**

- न्यायिक समितिको क्षमता विकास
- न्याय सम्पादन व्यवस्थापन
- नगर सुरक्षा प्रणाली व्यवस्थापन

### ४.५.६ सामुदायिक तथा गैरसरकारी संस्था व्यवस्थापन

**क. सोच**

- सामुदायिक तथा गैरसरकारी संस्था परिचालनमार्फत आर्थिक-सामाजिक रूपान्तरणमा योगदान पुर्‍याउने ।

**ख. प्रमुख लक्ष्य**

- सामुदायिक गैससहरुको स्रोतमार्फत आर्थिक समृद्धिका नमुना कार्यक्रमहरु सञ्चालन गर्ने ।

**ग. उद्देश्य**

- सामुदायिक तथा गैरसरकारी संस्थाहरुलाई सामाजिक सचेतीकरण तथा आर्थिक समृद्धि प्राप्तिका लागि परिचालन गर्ने ।
- स्थानीय समूहको कोषलाई एकीकृत गरी दिगो व्यवस्थापन गर्ने ।
- गैससहरुको प्रभावकारी परिचालन गर्ने ।

### घ. रणनीति तथा कार्यनीति

- नगरको आवधिक लक्ष्यमा सघाउ पुग्नेगरी संस्थाको दीर्घकालीन योजना बनाउन प्रेरित गर्ने ।
- सबैखाले संस्थालाई आफ्नो विषयगत क्षेत्रमा विशिष्ट पहिचान र दक्षता अभिवृद्धि गर्ने ।
- गरीबी निवारण कोषमार्फत सञ्चालित घुम्तीकोषलाई आय आर्जनमा सञ्चालन गर्ने ।
- गरीवसंग विशेश्वर कार्यक्रमलाई अन्य गरीवी निवारणका कार्यक्रमसंग समन्वय गरि चरम गरीवी भएका परिवारमा कार्यक्रम संचालन गर्ने ।
- गरीवी निवारण कोष ग्रामिण स्वालम्बन कोष र युवा स्वारोजगार कोषहरुबाट संचालित अनुदान र ऋणको कार्यक्रमहरु समन्वयात्मक रुपमा संचालन गर्ने ।

### ङ. प्रमुख नतीजा

- उद्देश्य,कार्यक्रम र दक्षताको आधारमा एकव्दार प्रणालीमार्फत गैससहरु परिचालन हुनेछन् ।
- विशिष्ठिकृत सेवामार्फत गैसस क्षेत्रको लगानी पारदर्शी, प्रभावकारी र नतीजामुखी बन्नेछ ।
- लक्षित वर्ग तथा समुदायको सशक्तिकरण र मूलप्रवाहीकरणमा विशेष सहयोग पुग्नेछ ।

### च. प्रमुख कार्यक्रमहरु

- सामाजिक संस्था व्यवस्थापन
- गैसस साझेदारी

# अध्याय ५: वित्तीय व्यवस्थापन

## ५.१ कानुनी आधार

नेपालको संविधानको धारा ५९ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, बार्षिक बजेट बनाउने, निर्णय गर्ने नीति तथा योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने सम्बन्धमा संबैधानिक व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चान ऐन २०७४ को दफा २४ ले नगरको आफ्नो अधिकारक्षेत्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागु गर्नुपर्ने व्यवस्था समेत गरेको छ। संविधानको उक्त ब्यावस्था र स्थानीय सरकार सञ्चालन ऐन अनुसार रामेछाप नगरको लागि ५ वर्षे रणनीतिक योजना कार्यान्वयन गर्न निम्न कानुनी आधारहरु लिइएको छः

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अन्तर-सरकारी वित्त व्यवस्थापन सम्बन्धी ऐन २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४
- संघीय आर्थिक कार्यविधि ऐन २०७५
- विकास सहायता नीति २०७१
- सार्वजनिक खरिद ऐन २०६३
- वार्षिक विकास कार्यक्रम तथा बजेट (मध्यमकालीन खर्च संरचना समेत) तर्जुमासम्बन्धी मार्गदर्शन २०७४
- रामेछाप नगरपालिकाको आर्थिक ऐन २०७४ तथा सार्वजनिक खरिद नियमावली २०७५

## ५.२ श्रोत अनुमानका क्षेत्रहरु

नेपालको संविधान २०७२ को दफा ६० ले राजश्व श्रोतको बाडफाड हुने ब्यावस्था गरेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद ४ दफा ८,९,१० र ११ बमोजिम यस रामेछाप नगरलाई प्राप्त हुनसक्ने आर्थिक श्रोतहरु निम्न तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ४: नगरलाई प्राप्त हुने बजेटको स्रोत तथा शीर्षकहरुको विवरण**

| सि.न. | श्रोत | शीर्षकहरु |
|---|---|---|
| १ | नेपाल सरकार | वित्तीय समानिकरण, सशर्त, विशेष र समपूरक अनुदान |
| २ | प्रदेश सरकार | वित्तीय समानिकरण, सशर्त, विशेष र समपूरक अनुदान |
| ३ | राजस्व बाँडफाँड | मूल्य अभिबृदि कर, आन्तरिक उत्पादनमा लागेको अन्तशुल्कको रकम, प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडबाट प्राप्त रकम |
| ४ | आन्तरिक आम्दानी | एकीकृत सम्पत्ति कर, घर बहाल कर, व्यवसाय कर, सेवा शुल्क, दस्तुर, गैर कर आदि |
| ५ | अन्तर स्थानीय तह लगानी | फोहोर प्रशोधन केन्द्र निर्माण बजेट आदि |
| ६ | वैदेशिक स्रोत | नेपाल सरकारबाट स्वीकृति प्राप्त कार्यक्रमका रकमहरु |
| ७ | जनसहभागिता | विकास निर्माणमा उपभोक्ताबाट सङ्कलित रकम |
| ८ | आन्तरिक ऋण | आयोगको मापदण्ड बमोजिम स्वदेशी वित्तीय संस्थाबाट लिएको ऋण |

## ५.३ वृद्धिदर अनुमानको आधार

विगत पाँच बर्षयताको कुल बजेटको आकारसंगै स्थानीय तहमा विनियोजन हुने बजेटको अंश निरन्तर बृद्धि भैरहेको छ । रामेछाप नगरको आगामी आ.व.को लागि अनुमानित आय तथा ब्याय तयार गर्नका लागि विगत पाँच बर्षमा भएको कुल बजेटको बढोत्तरी तथा कुल बजेटमध्ये स्थानीय तहमा भएको बजेटको अंशमा भएको बढोत्तरीलाई आधार मानी हाल विनियोजित बजेट तथा खर्चमा सरदर १० प्रतिशत बृद्धि गरी अनुमान गरिएको छ । वृद्धिदर अनुमानको आधारका लागि विगत पाँच बर्षको कुल बजेट तथा स्थानिय तहमा विनियोजन भएको अंशको तुलनात्मक विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छः

### क. कुल राष्ट्रिय बजेटको वृद्धि दर

**तालिका ५: बजेट वार्षिक वृद्धिदरको आधार**

| आ.व. | कुल राष्ट्रिय बजेट रु लाखमा | पछिल्लो आ.व.मा भएको बृद्धि रु लाखमा | बृद्धि प्रतिशत |
|---|---|---|---|
| 2070.71 | 5172 | | |
| 071.72 | 6181 | 1009 | 19 |
| 2072.73 | 8195 | 2014 | 33 |
| 2073.74 | 10489 | 2295 | 28 |
| 2074.75 | 12790 | 2301 | 22 |
| 2075.76 | 13152 | 362 | 3 |
| | | cf}ft a[$ | 17 |

### ख. कुल बजेटमध्ये स्थानीय तहको बजेटमा वृद्धि दर

| आ.व. | स्थानीय तहको अंश प्रतिशतमा | बृद्धि प्रतिशत |
|---|---|---|
| 2070/71 | 9 | |
| 071/72 | 9.3 | 0.3 |
| 2072/73 | 9.43 | 0.13 |
| 2073/74 | 11.13 | 1.7 |
| 2074/75 | 17.6 | 6.47 |
| 2075/76 :yflgo txdf dfq | 14.83 | 0.3 |

## ५.४ नगरपालिकाको कुल आवधिक आम्दानी अनुमान

माथिका वृद्धिदर अनुमान र रामेछाप नगरको लागि गत आ.व. २०७३।७४ तथा २०७४।७५ मा यस नगरलाई प्राप्त बजेट समेतको अनुमानको आधार आगामी ५ वर्षको आम्दानी तथा खर्च प्रक्षेपण गरिएको छ । आय प्रक्षेपण गर्दा खुद विकास कार्यमा लगानी गर्न उपयोग हुन सक्ने बजेट तथा कार्यक्रमको शिर्षकहरुलाई मात्र समाबेश गरिएको छ। नगरको कर्मचारी ब्यावस्थापन,तलब भत्ता, जेष्ठ नागरिक भत्ता जस्ता राज्यका अनिकार्य दायित्वका रकमहरु जसरी आउछ त्यसरी नै खर्च हुने हुदा यसमा समाबेश गरिएको छैन । यसर्थ बजेट कार्यक्रम प्रक्षेपण गर्दा वित्तिय समानीकरण अनुदान र शशर्त अनुदान (संघिय तथा प्रादेशिक) लाई आयको प्रमुख स्रोतमानीएको छ भने आन्तरिक आम्दानी तथा राजश्व बाडफाडको आयलाई नगरको चालु तथा प्रशासनिक खर्च हुने मानी प्रक्षेपण गरिएको छ। सो को आधारमा नगरपालिकाको आ.व. २०७५/०७६ देखि २०८९/०८० सम्मको कुल आम्दानी बजेट रु. ३१,१७९.३८ लाख (तीन अर्ब एघार करोड उनानअसी लाख अठतीस हजार) प्रक्षेपण गरिएको छ । यो रकम संघिय र प्रदेशले साविकमा दिदै आएको शशर्त, वित्तिय समानीकरण तथा राजश्व बाडफाडबाट प्राप्त हुन सक्ने अनुमानित बजेट बाहेकको थप नपुग बजेट हो । यसका लागि थप दातृ निकाय, विशेष कोषको लागि प्रदेश र सं३मा कार्यक्रम पेश गर्ने, नीजिक्षेत्र तथा सहकारी संस्था परिचालन गर्ने, प्राकृतिक श्रोतबाट आन्तरिक आय बढाउने जस्ता उपायहरु अवलम्बन गर्ने छ । यसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६: रामेछाप नगरपालिकाको आवधिक आम्दानी बजेट अनुमान (बजेट रु. लाखमा)**

| खर्च शिर्षक | आ.व.२०७५।७६ जम्मा वजेट | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० |
|---|---|---|---|---|---|
| वित्तिय सामान्यीकरण अनुदान | २३१९ | २५५०.३६ | २८०५.३९ | ३०८५.९३ | ३३९४.५३ |
| सशर्त अनुदान | १६१६ | १७७७.७५ | १९५५.५३ | २१५१.०८ | २३६६.१९ |
| आँन्तरीक आम्दानी | ८० | ८८.०५ | ९६.८५ | १०६.५४ | ११७.१९ |
| राजश्व वाँडफाँड | ४ | ४.२५ | ४.६८ | ५.१५ | ५.६६ |
| गरीवसंग विशेश्वर कार्यक्रम | १३ | १४.१६ | १५.५७ | १७.१३ | १८.८४ |

| खर्च शिर्षक | आ.व.२०७५।७६ जम्मा वजेट | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० |
|---|---|---|---|---|---|
| एलजीसिडीपी | १७ | १९.१७ | २१.०९ | २३.२ | २५.५२ |
| सडक वोर्ड | ७ | ८.२५ | ९.०७ | ९.९८ | १०.९८ |
| पर्यटन वोर्ड | ५ | ५.५ | ६.०५ | ६.६६ | ७.३२ |
| पुल हेरालु | १ | ०.६६ | ०.७३ | ०.८ | ०.८८ |
| साना सिचाई | ६३ | ६८.८१ | ७५.६९ | ८३.२५ | ९१.५८ |
| जेष्ठ नागरिक दिवा सेवा तथा सा सु का | ९८३ | १०८०.८८ | ११८८.९७ | १३०७.८७ | १४३८.६५ |
| साविक बमोजिम प्राप्तहुन सक्ने बजेट | ५३३५.६८ | ५६१७.८४ | ६१७९.६२ | ६७९७.५८ | ७४७७.३४ |
| रणनीतिक योजना बमोजिम आबश्यक पर्ने बजेत | ६०३५.०९ | १०४०४.८१५ | ९३७१.५१५ | ७२१८.७९५ | ७६९१.४२५ |
| नपुग बजेट | ६९९.४१ | ४७८६.९८ | ३१९१.९० | ४२१.२२ | २१४.०९ |
| नपुग बजेट पुरा गर्ने श्रोत । नीति | विशेष कोषको लागि प्रदेश र संघमा कार्यक्रम पेश गर्ने, नीजिक्षेत्र तथा सहकारी संस्था परिचालन गर्ने, प्राकृतिक श्रोतबाट आन्तरिक आय बढाउने | | | | |

## ५.५ नगरपालिकाको क्षेत्रगत आवधिक खर्च अनुमान

नगरको आवधिक क्षेत्रगत विकासका कार्यक्रमहरुलाई मुख्य ३४ वटा शीर्षकहरुमा विभाजन गरिएको छ । उक्त शीर्षकहरुका लागि नगरपालिकाको आ.व. २०७५/०७६ देखि २०७९/०८० सम्मको कुल अनुमानित खर्च रु. ४०,७२२ लाख (चार अर्ब सात करोड बाइस लाख) प्रक्षेपण गरिएको छ। आम्दानी खर्चको तुलनामा रणनीतिक योजनाको क्षेत्रगत कार्यक्रम सञ्चालनका लागि अनुमानित आम्दानीभन्दा कुल रकम रु. ९३१३।३६ लाख -त्रियानब्बे करोड तेह्र लाख छत्तिस हजार) अपुग देखिन्छ । वार्षिक औसतमा उक्त रकम सरदर साढे अठार करोड अपुग देखिन्छ। उक्त अपुग रकमविशेष कोषको लागि प्रदेश र संङमा कार्यक्रम पेश गर्ने, नीजिक्षेत्र तथा सहकारी संस्था परिचालन गर्ने, प्राकृतिक श्रोतबाट आन्तरिक आय बढाउने र सरकारी बजेटबाहेक संस्थागत सहयोग तथा निजी लगानीबाट पूर्ति हुनसक्ने गरी विनियोजन गरिएको छ जसको लगानी कुल खर्चको २५ प्रतिशत रहेको छ । यसबाहेक नगरले अन्य सहयोगदाता तथा साझेदारी मोडेल विकास गर्नेछ।

## ५.६ योजनाहरुको प्राथमिकी करणका आधार

स्थाानीय सरकार संचालन ऐन २०७४ को दफा २४ ।३ वमोजिम निम्न आधारहरुमा वडा तथा वस्ती वाट आएका याजनाश्रुको प्रामथमिकिकण गरिएको छ ।

- आर्थिक विकास र गरिबी निवारणमा प्रत्येक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाहरुको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने),
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागितााा अभिबृद्धि गर्ने,
- लैङ्गिक समाजनता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो, विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल (Resilience) बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

**तालिका ७: रामेछाप नगरपालिकाको आवधिक क्षेत्रगत बजेटको क्षेत्रगत खर्च अनुमान (बजेट रु. लाखमा)**

| विषय क्षेत्र | आर्थिक वर्षहरु | | | | | वजेट स्रोत र अनुमान (रु लाखमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | 075/76 | 076/77 | 077/78 | 078/79 | 079/80 | hDdf | guर | k|b]z | ;घ | ljifout sfof{n/;# ;:yf | lghL If]q ÷hg;xeflutf | hDdf | k|tzt |
| १. कृषि, सहकारी तथा भूमि ब्यावस्था | 381.0 | 1394.5 | 1429.9 | 670.4 | 585.9 | 4461.7 | 1898.9 | 255.5 | 0.0 | 373.4 | 1933.8 | 4461.7 | 10.96 |
| २. उद्योग,पर्यटन,व न तथा वातावरण | 484.0 | 1190.5 | 1373.0 | 750.5 | 693.0 | 4491.0 | 2036.5 | 1315.8 | 385.0 | 1226.3 | 992.5 | 4491.0 | 11.03 |
| ३. सामाजिक क्षेत्र | 3226.8 | 3899.3 | 3049.8 | 1717.8 | 4156.8 | 16050.5 | 8498.1 | 4584.2 | 1024.2 | 404.5 | 1371.1 | 16050.5 | 39.4 |
| ४. भौतिक पुर्वाधार विकास | 1844.5 | 3637.3 | 3372.5 | 3707.8 | 2174.5 | 14736.5 | 7997.5 | 2946.3 | 0.0 | 2314.2 | 1478.5 | 14736.5 | 36.2 |
| ५. संस्थागत विकास तथा सुशासन | 98.8 | 283.3 | 146.3 | 372.3 | 81.3 | 982.5 | 724.4 | 141.7 | 86.9 | 14.8 | 14.8 | 982.5 | 2.4 |
| कुल जम्मा | 6035.1 | 10404.8 | 9371.5 | 7218.8 | 7691.4 | 40722.1 | 21155.4 | 9243.4 | 1496.1 | 4333.2 | 5790.7 | 40722.1 | 100.0 |
| प्रतिशत | 14.8 | 25.6 | 23.0 | 17.7 | 18.9 | 100.0 | 52.0 | 22.7 | 3.7 | 10.6 | 14.2 | 100.0 | |

तालिका ८: रामेछाप नगरपालिकाको मुख्य कार्यक्रम र कार्यतालिका र वजेट अनुमान (बजेट रु. लाखमा)

| क्र. सं. | मुल विषयगत क्षेत्र | वजेट /वर्ष (रु. लाखमा) | | | | | | वजेट श्रोत (रु. लाखमा) | | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | जम्मा | नगर | प्रदेश | संघ | लाइन एजन्सी तथा संघ संस्था | निजी | जम्मा | |
| क | भूमी ब्यावस्था,कृषि तथा सहकारी क्षेत्र | | | | | | | | | | | | | |
| १ | कृषि | 196.7 | 763.715 | 456.4 | 377.9 | 264.8 | 2059.69 | 1029.8 | 0 | 0 | 0 | 1029.8 | 2059.69 | 5.06 |
| २ | पशुपालन | 117.2 | 552.7 | 524.5 | 271.5 | 256 | 1722 | 516.6 | 0 | 0 | 344.4 | 861 | 1722 | 4.23 |
| ३ | सहकारी तथा वित्त | 3 | 33 | 27 | 13 | 36 | 112 | 56 | 0 | 0 | 28 | 28 | 112 | 0.28 |
| ४ | भुमी व्यवस्थापन | 4 | 22 | 27 | 3 | 29 | 85 | 55 | 14 | 0 | 1 | 15 | 85 | 0.21 |
| ५ | खानी | 60 | 23 | 395 | 5 | 0 | 483 | 241.5 | 241.5 | 0 | 0 | 0 | 483 | 1.19 |
| **क** | **उपक्षेत्रको क्षेत्र जम्मा** | **381** | **1394.47** | **1429.92** | **670.45** | **585.9** | **4462** | **1899** | **256** | **0** | **373** | **1934** | **4462** | 10.95 |
| **ख** | **उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय** | | | | | | | | | | | | | 1 |
| ६ | उद्योग तथा वाणिज्य | 24 | 301 | 194 | 85 | 85 | 689 | 344.5 | 221 | 0 | 172.3 | 172.25 | 689 | 1.69 |
| ७ | पर्यटन | 290 | 604 | 643 | 367 | 535 | 2439 | 1219.5 | 839 | 385 | 609.8 | 609.75 | 2439 | 5.99 |
| ८ | वन व्यवस्थापन | 68 | 90.5 | 47 | 62 | 12 | 280 | 69.875 | 0 | 0 | 195.7 | 13.975 | 280 | 0.69 |
| ९ | जैविक विविधता तथा वन्यजन्तु संरक्षण | 0 | 13 | 1 | 1 | 0 | 15 | 7.5 | 0 | 0 | 6 | 1.5 | 15 | 0.04 |
| १० | भू तथा जलाधार संरक्षण | 52 | 72 | 391 | 55 | 5 | 575 | 230 | 115 | 0 | 115 | 115 | 575 | 1.41 |
| ११ | संरक्षित क्षेत्रको | 31 | 56 | 81 | 133 | 50 | 351 | 106.4 | 95.7 | 0 | 95.7 | 53.2 | 351 | 0.86 |

| क्र. सं. | मुल विषयगत क्षेत्र | वजेट /वर्ष (रु. लाखमा) | | | | | | वजेट श्रोत (रु. लाखमा) | | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | जम्मा | नगर | प्रदेश | संघ | लाइन एजन्सी तथा संघ संस्था | निजी | जम्मा | |
| १२ | जलवायु परिवर्तन अनुकुलन | 9 | 52 | 11 | 47.5 | 6 | 126 | 50.2 | 25.1 | 0 | 25.1 | 25.1 | 126 | 0.31 |
| १३ | वन उद्यमशिलता | 10 | 2 | 5 | - | - | 17 | 9 | 20 | - | 7 | 2 | 17 | 0.04 |
| | **उद्योग,पर्यटन,वन तथा वातावरण उपक्षेत्र जम्मा** | **484** | **1190.5** | **1373** | **750.5** | **693** | **4491** | **2036** | **1316** | **385** | **1226** | **992** | **4491** | 11.028 |
| | **सामाजिक विकास( शिक्षा,स्वास्थ्य,सरसफाइ,महिला,युवा,श्रम तथा रोजगार** | | | | | | | | | | | | | |
| १४ | शिक्षा | 1091.6 | 833.5 | 476.5 | 128.5 | 141.5 | 2672 | 1870.1 | 467.53 | 0 | 133.6 | 0 | 2672 | 6.56 |
| १५ | भाषा, कला साहित्य र संस्कृति प्रवर्द्धन | 49 | 168 | 78 | 87 | 48 | 430 | 215 | 0 | 0 | 107.5 | 107.5 | 430 | 1.06 |
| १६ | स्वास्थ्य | 583.6 | 549.1 | 355.6 | 152.6 | 73.6 | 1715 | 1371.6 | 342.9 | 0 | 0 | 0 | 1715 | 4.21 |
| १७ | रोजगारी | 5 | 65 | 6 | 0 | 0 | 76 | 38 | 30 | 0 | 2 | 38 | 76 | 0.19 |
| १८ | लैंगिक समानता तथा सामाजिक समावेसीकरण | 210.6 | 125.7 | 141.2 | 84.7 | 105.2 | 667 | 467.18 | 133.48 | 0 | 0 | 66.74 | 667 | 1.64 |
| १९ | जन संख्या व्यवस्थापन | 4 | 4 | 23 | 2 | 2 | 35 | 17.5 | 0 | 0 | 8.75 | 8.75 | 35 | 0.09 |
| २० | खेलकुद | 28.5 | 301.5 | 122.5 | 130.5 | 160.5 | 744 | 446.1 | 0 | 0 | 148.7 | 148.7 | 744 | 1.83 |

| क्र. सं. | मुल विषयगत क्षेत्र | वजेट /वर्ष (रु. लाखमा) | | | | | | वजेट श्रोत (रु. लाखमा) | | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | जम्मा | नगर | प्रदेश | संघ | लाइन एजन्सी तथा संघ संस्था | निजी | जम्मा | |
| २१ | रोगगारी ,बैदेशिक रोजगारी | 2 | 10 | 37 | 2 | 0 | 51 | 51 | 0 | 0 | 0 | 0 | 51 | 0.13 |
| २२ | विशेष क्षेत्र ( स्मशानघाट,गुठी)व्यवस्थापन | 2 | 8 | 8 | 2 | 1 | 21 | 13 | - | 4 | - | 4 | 21 | 0.05 |
| २३ | खानेपानी तथा सरसफाई | 1206 | 1710.5 | 1782 | 1118.5 | 3624 | 9441 | 3889.3 | 3570.4 | 1020 | 4 | 957.3 | 9441 | 23.18 |
| २४ | फोहोर मैला व्यवस्थापन | 44.5 | 124 | 20 | 10 | 1 | 200 | 119.7 | 39.9 | 0 | 0 | 39.9 | 200 | 0.49 |
| | **सामाजिक क्षेत्रको जम्मा** | **3227** | **3899.3** | **3049.8** | **1717.8** | **4157** | **16051** | **8498** | **4584** | **1024** | **405** | **1371** | **16051** | **39.41** |
| | **भौतिक पुर्वाधार विकास** | | | | | | | | | | | | | |
| २५ | सडक तथा पुल | 549 | 2091.25 | 890.5 | 1117.75 | 432.45 | 5081 | 3302.6 | 1270.2 | 0 | 0 | 508.1 | 5081 | 12.48 |
| २६ | भवन, बस्ती तथा बजार विकास | 127.5 | 280 | 310 | 1803 | 215 | 2736 | 820.65 | 820.65 | 0 | 1094 | 0 | 2736 | 6.72 |
| २७ | सञ्चार | 144 | 36 | 105 | 15 | 7 | 307 | 92.1 | 0 | 0 | 214.9 | 0 | 307 | 0.75 |
| २८ | वजार व्यवस्थापन | 10 | 362 | 260 | 125 | 150 | 907 | 634.9 | 181.4 | 0 | 90.7 | 0 | 907 | 2.23 |
| २९ | विद्युत तथा उर्जा | 926 | 145 | 130 | 120 | 920 | 2241 | 896.4 | 0 | 0 | 896.4 | 448.2 | 2241 | 5.50 |
| ३० | सिंचाइ | 78 | 543 | 1362 | 527 | 450 | 2960 | 2200.3 | 270 | 0 | 18 | 471.7 | 2960 | 7.27 |
| ३१ | जलउत्पन्न प्रकोप | 10 | 180 | 315 | 0 | 0 | 505 | 50.5 | 404 | 0 | 0 | 50.5 | 505 | 1.24 |

| क्र.सं. | मुल विषयगत क्षेत्र | वजेट /वर्ष (रु. लाखमा) | | | | | | वजेट श्रोत (रु. लाखमा) | | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | जम्मा | नगर | प्रदेश | संघ | लाइन एजन्सी तथा संघ संस्था | निजी | जम्मा | |
| | **भौतिक पुर्वाधार विकास जम्मा** | **1845** | **3637.25** | **3372.5** | **3707.8** | **2174** | **14736** | **7997** | **2946** | **0** | **2314** | **1478** | **14736** | **36** |
| | **संस्थागत विकास तथा सुशासन** | | | | | | | | | | | | | |
| ३२ | विपद् व्यवस्थापन कुल जम्मा | 16 | 38 | 15 | 0 | 5 | 74 | 29.6 | 14.8 | 0 | 14.8 | 14.8 | 74 | 0.18 |
| ३३ | वारुण यन्त्र एम्बुलेन्स सेवा जम्मा | 0 | 40 | 0 | 0 | 0 | 40 | 0 | 40 | 0 | 0 | 0 | 40 | 0.10 |
| ३४ | संस्थागत विकास तथा सुशासन जम्मा | 82.8 | 205.3 | 131.3 | 372.3 | 76.3 | 869 | 694.8 | 86.85 | 86.85 | 0 | 0 | 869 | 2.13 |
| | **संस्थागत विकास तथा सुशासन कुल जम्मा** | **98.8** | **283.3** | **146.3** | **372.3** | **81.3** | **983** | **724** | **142** | **87** | **15** | **15** | **983** | **2** |
| | कुल अनमानित बजेट | 6035 | 10405 | 9372 | 7219 | 7691 | 40722 | 21155 | 9243 | 1496 | 4333 | 5791 | 40722 | 100 |
| | वार्षिक । बजेट लागत सहभागिता प्रस्ताब | 14.82 | 25.55 | 23.01 | 17.73 | 18.89 | 100.00 | 51.95 | 22.70 | 3.67 | 10.64 | 14.22 | 100.00 | |

## ५.६ वित्तीय व्यवस्थापन तथा बजेट परिचालन

वित्तीय व्यवस्थापन तथा बजेट परिचालनलाई प्रभावकारी बनाउन नगरले निम्न प्रक्रियाहरु अपनाउने छ :

### क. ऐन, नियम तथा कार्यविधिहरुको परिपालन

निम्न ऐन नियम तथा कार्यविधिहरुको आधारमा वित्तीय प्रणालीलाई व्यवस्थापन गर्नेछ :

- नेपालको संविधान २०७२,
- स्थानीय सरकार  सञ्चालन ऐन २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- रामेछाप नगरपालिका आर्थिक ऐन २०७५,
- रामेछाप नगरपालिका विनियोजन ऐन २०७५,
- नगरपालिकाको वार्षिक नीति तथा बजेट
- वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमासम्बन्धी मार्गदर्शन २०७४
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४
- सार्वजनिक खरीद ऐन २०६३
- रामेछाप नगरपालिकाको सार्वजनिक खरीद नियमावली २०७५
- नगरपालिका कार्यसञ्चालन निर्देशिका २०७५

### ख. लेखा व्यवस्थापन तथा बजेट अनुगमन

कानुनले तोके बमोजिम  र रणनीतिक योजनाले परिकल्पना गरे बमोजिमको वित्तीय व्यवस्थापनका लागि नगरले आवश्यक कर्मचारी व्यवस्थापन वित्तीय व्यवस्थापन नीति तथा संयन्त्र र विद्युतीय प्रविधिलगायतका प्रणालीहरु व्यवस्थापन गर्नेछ ।

### ग. पारदर्शिता र जवाबदेहिता

आर्थिक पारदर्शिता र जवाबदेहिताका लागि नगरका  योजना,  प्रगति तथा अनुगमन प्रतिवेदनहरु वेभसाइटमा राख्ने, जनगुनासाहरु लिन र जवाब दिन सकिने किसिमका एप्लिकेसनको पहुँच विस्तार गर्ने, वार्षिक  प्रकाशन गर्ने,  मिडिया अनुगमन गराउने तथा आमञ्चार संवाद कार्यक्रमहरु राख्ने योजनाहरु लागु कार्यान्वयन गर्नेछ ।

# अध्याय ६: लैंगिक समानता तथा सामाजिक समावेशीकरण

## ६.१ रामेछाप नगरमा  लै.स.सा.स को अवस्था

नेपालमा सामाजिक वञ्चितीकरणको कारण वर्षौदेखि जातजाति,  जनजाति, लिङ्ग, अपाङ्गता, उमेर तथा धर्मका आधारमा विभेदबाट विकासमा अवरोध पुगिरहेको छ । रामेछाप नगरको सन्दर्भमा सामाजिक वञ्चितीकरणमा परेका समूहहरूमा मुख्यतः महिला, दलित, आदिवासी जनजाति, सोह्र वर्ष मुनिका बालबालिकाहरू र ६० वर्ष माथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रम बसेका जनताहरु हुन । संविधानले दिएको मौलिक हक कार्यान्वयनका लागि संविधानको धारा ३८(३) बमोजिम सबै प्रकारका महिला हिंसालाई कानुनी दायरामा ल्याउने र पीडितलाई क्षतिपूर्ति दिने र धारा ३८ (५) बमोजिम महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अधिकार सुनिश्चित गर्ने विषयहरु योजनाको निर्माणको खाकामा राखी छलफल गराईएको थियो । नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धि सम्झौता ( महिला विरुद्ध हुने सबै किसिमका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW) र बेइजिंग घोषणा तथा कार्ययोजना (BPFA) र बाल अधिकार सम्बन्धी महासन्धि (CRC) र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि (CRPD) र दिगोबिकासका लक्ष्यका सुचकहरुलाइ योजना निर्माणको आधारको रुपमा लिइएको भने वडा तथा बस्तीबाट आएका योजनाहरुलाई रणनीतिक योजनाको भाग ४  बजेट तथा कार्यक्रम खण्डमा बृस्तृत रुपमा राखिएको छ ।

रामेछाप नगरपालिकाको सन्दर्भमा नगरमा ७१७१ घरधुरीमध्ये दलित ५८१ घर, आदिवासी जनजाति ४८०९ जसमध्ये पनि लोपोन्मुख हायु १४१ घरधुरी, सीमान्तकृत माझी समुदायको १६ घरधुरी रहेको छ । त्यसै गरी महिला घरमुली भएको घरधुरी ११६० र महिलाको जनसंख्या ५१.०९ प्रतिशत रहेको छ । १५ देखी २४ वर्ष उमेर समुहको महिला साक्षरता ९९ प्रतिशत देखिए पनि २५ वर्ष माथिका उमेर समुहका महिलाहरु ५६.४० मात्र साक्षर देखिनु चिन्ताजनक छ । शूरुका कक्षाहरुमा राम्रो नतिजा आए पनि उच्च शिक्षामा पुरुषको तुलनामा महिलाहरुको पहुच निकै न्युन देखिन्छ ।यो अवस्थालाई मध्यनजर गरी नगरको रणनीतिक योजनाले तिनका आवश्यक्तालाई सम्बोधन र अधिकारलाई सुनिश्चित गर्न सबै विषयगत क्षेत्रमा सहभागिताको लागि समान अवसरको सिर्जना गर्ने रणनीति तथा कार्यक्रम समावेश गरेको छ ।

## ६.२ प्रमुख कार्यक्रमहरु

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ ले गाउँ तथा नगरपालिकाहरुको काम, कर्त्तव्य, अधिकार र परिच्छेद ६ को योजना तर्जुमा तथा कार्यान्वयनले लैंगिक समता तथा सामाजिक समावेशीकरणमुखी जिम्मेवारी र योजना प्रक्रियाबारे स्पष्ट व्यवस्था गरेको छ । योजना तर्जुमा गर्दा स्थानीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय निकायहरू र स्थानीय निकायको नेतृत्वमा आयोजना हुने सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा सहभागी हुने विकास साझेदारहरूको बजेट तर्जुमा कार्यलाई थप लैङ्गिक उत्तरदायी बनाउने उद्देश्यका साथ लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति २०७२ कार्यान्वयनमा आएको छ । रणनीतिले निश्चित अवधिका लागि आवश्यक पर्ने कुल बजेटको अनुमान, आयको आधारको खोजी, विभिन्न शीर्षकहरूमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखा लगायतका सम्पूर्ण पक्षमा लैङ्गिक समानताको लक्ष्यलाई केन्द्रमा

राखेर उद्देश्यमूलक ढंगले, योजनाबद्धरूपमा, लैङ्गिक विश्लेषणसहित आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपयोग हुनेगरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सुनिश्चित गरेको छ। वडा तथा वस्तीबाट आएका बृस्तृत बजेट तथा कार्यक्रमहरु शारंश निम्न बमोजिम रहेको छ :

**बालबालिकाः**

- वडा बाल सञ्जाल गठन र सञ्चालन, शैक्षिक सामाग्री वितरण

**लक्षित वर्ग कार्यक्रम:**

- समूह/सञ्जाल गठन / पुर्नगठन, महिला उद्यम दर्ता, नगर स्तरीय महिला सञ्जाल गठन र दिर्घकालीन योजना निर्माण, वस्ती स्तरीय महिला सञ्जाल सञ्चालन तथा व्यवस्थापन,समग्र महिला विकास सोच तयारीका लागि नगर स्तरीय महिला सम्मेलन आयोजना,
- वडा स्तरीय सूचना तथा सञ्चार केन्द्र स्थापना र सञ्चालन, नगर स्तरीय वार्षिक जेण्डर अडिट
- संयुक्त लालपुर्जाको वितरणमा वृद्धि,
- सामाजिक नेतृत्व विकास तालिम ,लोकसेवा तालिम
- महिला स्वरोजगार सिर्जना कार्यक्रम, महिला रोजगारमा प्रोत्साहन ,
- एकल महिला संजाल गठन, एकल महिला आयआर्जन कार्यक्रम,
- महिला अभियानकर्मी नेतृत्व विकास तथा सामाजिक परिचालन कार्यशाला,
- वडा स्तरीय महिला स्वास्थ्य शिविर आयोजना,
- किशोरी सवाल सचेतीकरणका लागि किशोरी सञ्जाल परिचालन,
- जोखिममा परेका असक्त, बेवारिसे महिलाहरुलाई संरक्षणका लागि नगर स्तरीय सेफ हाउस
- आकस्मिक कोष परिचालन
- मनोपरामर्श केन्द्र सञ्चालन

**अपाङ्ग मैत्री कार्यक्रमः**

- अपाङ्गहरुको लागि आयआर्जन र सहयोग कार्यक्रम

**दलित लक्षित कार्यक्रमः**

- परम्परागत पेशामा आधुनिकीकरण, शिक्षामा जागरण गरी विद्यालय पहुँच कार्यक्रम , विद्यालय छाड्ने दरमा न्यूनिकरण, दलित महिला लोक सेवा आयोग कक्षा

**जेष्ठ नागरिक:**

- दिवा संरक्षण तथा सूचना केन्द्र, जेष्ठ नागरिक सम्मान कार्यक्रम, जेष्ठ नागरिक संरक्षण सचेतीकरण कार्यक्रम

**जनजाती लक्षितः**

- जनजातीहरुको क्षमता अभिवृद्धि कार्यक्रम, पारिवारिक शसक्तिकरण

**द्धन्द्धपिडित लक्षित** :

- द्धन्द्ध पिडित सूचिकरण तथा शहीद परिवार सम्मान कार्यक्रम , पारिवारिक शसक्तिकरण

## ६.३ समानता तथा समावेशीकरणका क्षेत्र र कार्यान्वयन रणनीतिहरु

राष्ट्रिय, अन्तरराष्ट्रिय अवधारणा, नीति तथा कानुनहरुको आधारमा नगरपालिकाले तय गरेको विकास नीति, आर्थिक ऐन तथा बजेट विनियोजन नियमावलीको आधारमा लैंगिक समता तथा सामाजिक समावेशीकरण सम्बन्धी निम्न कार्यनीतिहरु तय गरेको छः

**क. योजना निर्माणका चरण**

- योजना प्रक्रियामा लैङ्गिक संवेदनशीलता तथा समावेशीकरणका सवाललाई अन्तरनिहित साझा सवाल (cross cutting issues) को रुपमा अवलम्बन गरी सोही आधारमा योजना बनाउने ।
- योजना निर्माण प्रकृयामा अन्तर्राष्ट्रिय सन्धि सम्झौता ( महिला विरुद्ध हुने सबै किसिमका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW)र बेइजिंग घोषणा तथा कार्ययोजना(BPFA)र बाल अधिकार सम्बन्धी महासन्धि (CRC)र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि (CRPD) र दिगोबिकासका लक्ष्य कार्यान्वयन कार्यक्रमलाइ समाबेश गरिनेछन् ।
- समावेशीकरणलाई निर्णय प्रक्रिया, कार्यान्वयन र परिणामको समग्र तहमा सुनिश्चित गर्ने ।
- सरकारी, गैरसरकारी, सामुदायिक, निजी संस्थाको विकास कार्यक्रममा लै.स.सा.स.अवधारणा समावेश गराउँदै लैजाने र योजना प्रक्रियामा लक्ष्यित वर्गको अर्थपूर्ण सहभागिता बढाउने ।
- योजना,कार्यान्वयन र परिणामको स्थिति यकिन गर्न लै.स.सा.स अभिलेख ढाँचा अपनाउने ।

**ख. कार्यान्वयन चरण**

- सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी संस्थाहरुमा स्थानीय संरचनाको आधारमा संगठन प्रणालीमा सदस्यता, कर्मचारी, नेतृत्वको रुपमा समावेश र क्षमता विकास गराउने ।
- स्थानीय अवस्थाको आधारमा सार्वजनिक अवसरहरुमा सहुलियत कोटा निर्धारण गर्ने ।
- लक्ष्यित वर्गको संरक्षण, सशक्तिकरणसम्बन्धी ठोस प्रभावकारी कार्यक्रमहरु कार्यान्वयन गर्ने ।
- लै.स.सा.स.सम्बन्धी बजेटलाई दिगो र परिणाममुखी बनाउने ।

**ग. परिणाम चरण**

- लै.स.सा.स.प्रभावकारिता मापनका लागि कम्तीमा वार्षिक रुपमा लै.स.सा.स.परीक्षण गर्ने ।
- लै.स.सा.स.परीक्षण नतीजाको आधारमा ागामी वर्षको योजनामा क्रमशः सुधार गर्दै लैजाने नीति तथा कार्यक्रम तय गर्ने ।

# परिच्छेद ७ : सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन

## ७.१.सेवा प्रवाह तथा संस्थागत विकास

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम सेवा प्रवाह र विकासको कार्यलाई व्यवस्थित रुपमा जनताको घरदैलोमा नै स्थानीय सरकारको अनुभुति दिन नयाँ व्यवस्था अनुसार कायम भएका वडा कार्यालयहरुका लागि भौगोलिक क्षेत्र अनुरुपका ९ वटै छुट्टा छुटै वडा कार्यालय भवनहरुको व्यवस्था गरी कार्यसञ्चालन गरिएको छ । नेपाल सरकारले स्वीकृत गरेको स्थानीय तहको अन्तरिम सँगठन संरचना र दरवन्दी तेरिज अनुसार सबै वडा कार्यालयमा निजामति तर्फका स्थायी कर्मचारीहरुलाई सचिवको जिम्मेवारी प्रदान गरि सेवा प्रवाह व्यवस्थित गर्न प्रयासरत छ भने वडा कार्यकालयको स्वीकृत अन्तरिम दरबन्दी अनुसार प्रत्येक वडाका लागि १/१ जना सब ईन्जिनियर करारमा भर्ना गरेको छ । नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा भत्तालाई वैंकिंग पद्धति र घटना दर्तालाई अनलाइन पद्धति मार्फत गर्ने कार्यलाई लागु गरिनेछ । निर्वाचित जनप्रतिनिधिबाट कार्यसम्पादन गर्दा सहज, सरल, व्यवस्थित र एकरुपता कायम हुन सकोस भनी संविधानको भावना, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी भएको कार्यकारी आदेश तथामन्त्रालयबाट समय समयमा भएका परिपत्रका निर्देशन र नेपाल सरकारको कार्य विस्तृतिकरण प्रतिवेदनलाई मध्यनजर गरी ९ वटै वडा कार्यालयहरुमा कम्प्यूटर, नेट र पावर ब्याकअफको व्यवस्था गरी सवै वडा र नगरबीच सूचना प्रविधबाट जोडिने छ । नगर तथा वडाबाट प्रदान गरिने सेवा,सेवा प्राप्त गर्ने विधि र जिम्मेवार ब्यक्ति सकेत तोकी नागरिक वडा पत्र जारी गरी सेवा प्रवाह गरिएको छ । नगरको नागरिक वडा पत्र नगर वस्तुगत विवरण भाग १ को अनुसूचि २ मा राखिएको छ । त्यसै गरी सेवा प्रवाहलाइ सरलीकृत गर्न र नेपालको संविधान र नेपालको संविधान र स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले स्थानिय तहलाइ प्रदन गरेका अधिकारहरुको कार्यान्वयनका लागि नगरले तपशिल बमोजिमका ऐन,नियमावली,निर्देशिका निर्माण गरी लागु गरेको छ

**ऐनहरु**

- रामेछाप नगरपालिकाको आर्थिक ऐन २०७४
- रामेछाप नगरपालिकाको विनियोजन ऐन २०७४
- रामेछाप नगरपालिकाको आर्थिक ऐन २०७५
- रामेछाप नगरपालिकाको विनियोजन ऐन २०७५
- रामेछाप नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५
- रामेछाप नगरपालिकाकोस्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५
- रामेछाप नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५
- रामेछाप नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५,
- रामेछाप नगरपालिकाको सहकारी ऐन, २०७५
- रामेछाप नगरपालिकाकोशिक्षा ऐन, २०७५

**नियमावलीहरु**

- रामेछाप नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४
- रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४
- रामेछाप नगरपालिकाको कार्यविभाजन नियमावली २०७४
- रामेछाप नगरपालिका नगरकार्यपालिकाको नगर प्रहरी नियमावली २०७५

**कार्यविधि**

- स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४
- रामेछाप नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धि कार्यबिधि, २०७४
- रामेछाप नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४

## ७.२ नगरपालिकाको संगठन सेवा प्रवाह तथा सदाचारिता

साथै, स्वीकृत सँगठन संरचना बमोजिम कार्यपालिकामा विषयगत कार्यालयहरुबाट हस्तान्तरण भई आउने काम सहितको जनशक्तिलाई मध्यनजर गरी हाल सिमित शाखाहरुबाट कार्य सञ्चालन भै रहेकोमा निम्न बमोजिमको शाखा तथा उपशाखा गठन गरी सञ्चालनमा ल्याइने छ। तत्काल प्रत्येक शाखाको शाखागत कार्यजिम्मेबारी र त्यस शाखामा रहने कर्मचारीहरुको कार्य विवरण (TOR) बनाई नगरकार्यपालिका बाट स्विकृत गराइ लागु गरिने र सो को नियमीत अनुगमणका साथै मासिक,चौमासिक र वार्षिक रुपमा मूल्यांकन हुने छ । प्राप्त नतिजाका आधारमा कर्मचारीहरुलाई प्रचलित नियम कानुन अनुसार दण्डीत वा पुरस्कृत गरिने छ । सुशासन, सदाचार, मीतब्यायीता, प्रभावकारी सेवा प्रवाहका लागि नगरपालिका भित्रको कर्मचारीहरुको छुट्टै आचार संहिता बनाइ लागु गर्ने छ ।

नेपाल सरकारले स्विकृत गरेको नगरपालिको अन्तरिम सँगठन संरचना

## नगरपालिको संगठन संरचना




रामेछाप नगरपालिका, रामेछाप, ३ नं. प्रदेश

## ७.३ सरोकारवाला तथा भूमिका विश्लेषण

यस रणनीतिक योजनामा उल्लेखित लक्ष्य उद्धेश्य हासिल गर्न नगरपालिकाको एक्लो प्रयासले मात्र संभव हुदैन न त यो योजना नगर एक्लैको हो ।यो योजना नगर,नगरवासी, कर्मचारी ,नगरका शुभेच्छुक,बुद्धिजिवी,शिक्षा प्रेमी,समाजसेवी,कलाकार,पत्रकार,सामाजिक संघ संस्था,नागरिक समाज ,अपाङ्ग लगायत सबै वर्ग ,क्षेत्र,लिङ्ग र समुदायको हो ।यसर्थ यस योजनालाई सार्थक तुल्याउनमा पनि सम्पुर्ण नागरिक समुदायको उत्तिकै भूमिका हुने भएकोले यस अध्यायमा नगरभित्रका विभिन्न विषय क्षेत्रका विकासका सरोकारवालाहरुको पहिचान तथा उनिहरुले निर्वाह गर्न सक्ने संभावित भूमीकाको पहिचान गर्ने प्रयास गरिएको छ ता कि भोलिका दिनमा उनिहरुसंग सहकार्य ,समन्वय र सहभागिता जुटाउन सकियोस ।

संघिय संरचना अनुसार गठन भएका तीन तहका सरकारहरुको प्रशासनिक कार्य क्षेत्र विभाजन,क्षेत्राधिकार  तथा सांगठानिक संरचनाहरु निर्माण हुने क्रममा नै रहेको छ। यसर्थ यस योजना कार्यान्वयनका लागि कावश्यक पर्ने श्रोत साधन जुटाउन नगर भित्रका सरोकारबालाहरुका साथै प्रदेशस्तरका सम्बन्धित मन्त्रालय,आयोजना तथा संघिय तहका मन्त्रालय,आयोजना ,परियोजनाहरुसंग सम्पर्क, समन्वय सहकार्य गरिने छ । यसमा नगर भित्र विगतमा कार्यरत निकायहरुको आधारमा संभाब्य साझेदारहरुको संछिप्त सुचि प्रस्तुत गरिएको भएता पनि संभाब्य थप सरोकारबालाहरुको खोजी गरी यस सूचिमा थप गरी अद्यावधिक गरीने छ ।यसमा प्रक्षेपित वजेट तथा कार्यक्रमको लागि प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा विशेष पहल,समन्वय र सहकार्य गरिने छ ।

### ७.३.१ कृषि, खाद्य सुरक्षा र सहकारी

कृषि, पशुसेवा, खाद्य सुरक्षा र सहकारी विषयगत क्षेत्रमा यस नगरमा कार्यरत सरकारी निकाय, विकास साझेदार, गैसस, नागरिक समाज, नीजि क्षेत्र, सेवा प्रदायक तथा समुदायमा आधारित संघ/संस्थाहरु तिनले खेल्न सक्ने अपेक्षित भूमिका र भौगोलिक कार्य क्षेत्र तपसिलमा प्रस्तुत गरिएको छ ।कृषि ,भूमी तथा सहकारी क्षेत्रको कार्यहरुमा बजार श्रृङ्खला,उन्नत विउ विजन,प्रधानमन्त्री कृषि आधुनिकीकरण,राष्ट्रियस्तरको कृषि सुचना तथा सञ्चार,बजार प्रवर्धनका कार्य संघीय कार्यालयहरुबाट हुने,प्रधानमन्त्री कृषि आधुनिकीकरणको ब्लक तथा पाकेट विकास कार्यक्रमहरु तथा प्रदेशस्तरको फार्म केन्द्रहरु,बीउ आपुर्ती तथा नियमन सम्बन्धी कार्यहरु प्रदेशस्तरिय कार्यालयहरुबाट हुने भएकोले कार्यक्षेत्र अनुसार संघिय तथा प्रादेशिक कार्यालयहरुसंग पनि सहकार्य र समन्वय गरी कार्य गरिने छ ।

## तालिका ७.१ सरोकारवाला तथा भूमिकाको विश्लेषण

| क.स | नाम | भूमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| 1 | कृषि ज्ञान केन्द्र | कृषि क्षेत्र विकास तथा समन्वय | नगर भरी |
| 2 | पशु अस्पताल,सेवा केन्द्र | पशु क्षेत्र विकास तथा समन्वय | नगर भरी |
| 3 | नगरपालिका,वडा कार्यालयहरु | श्रोत व्यवस्थापन तथा समन्वय | नगर भरी |
| 4 | सिंचाई डिभिजन | सिंचाई विकास (ठूला/मझौला) | नगर भरी |
| 5 | नगर प्राविधिक शाखा ।पुर्वाधार विकास तथा वातावरण ब्यावस्थापन शाखा | साना सिंचाई निर्माण तथा व्यवस्थापन | नगर भरी |
| 6 | डिभिजन वन कार्यालय | कृषि तथा पशु विकास सहयोग | नगर भरी |
| 7 | भू-तथा जलाधार ब्यावस्थापन कार्यालय । नगरको विपद् ब्यावस्थापन शाखा | भूमि व्यवस्थापन तथा संरक्षण | नगरभरी |
| 8 | जि.स.स.।महिला।वालवालिका तथा समाज कल्याण शाखा | कृषिसंग सम्बन्धित महिला आय आर्जन र सिप विकास | नगर भरी |
| 9 | सहकारी शाखा । उद्योग तथा ब्याशशाय प्रवर्धन उपशाखा | कृषिभक्षेत्रमा सहकारीता प्रवर्द्धन | नगर भरी |
| 10 | सिंचाई महासंघ | सिंचाई व्यवस्थापन तथा पैरवी | नगर भरी |
| 11 | गै.स.स. (CSS, CHURDEP, RBPW, TSS) लगायत | आय आर्जन र पूर्वाधार बिकास, सामाजिक परिचालन,बैदेशिक रोजगारी | नगरभरी |
| 12 | पहाडि मकैवाली अनुसन्धान | विज बृद्धि/प्रविधि हस्तान्तरण | |
| 13 | लघु उद्यम विकास कार्यक्रम | आयआर्जन/लघुउद्यमी सृजना | नगरभरी |
| 14 | जुनार विकास संघ | जुनार उत्पादन प्रवर्द्धन तथा बजार व्यवस्थापन | नगरभरी |
| 15 | कृषि सहकारहिरु | कृषि उत्पादन प्रवर्द्धन र बजार व्यवस्थापन | नगरभरी |
| 16 | LIBIRD | खाद्य सुरक्षा, आय आर्जन र जैविक विविधता संरक्षण, | |
| 17 | सिप्रेड | तरकारी विउ उत्पादन तथा ताजा तरकारी उत्पादन | |

### ७.३.२ उद्योग, वाणिज्य, पर्यटन तथा सँस्कृति

यस विषयगत क्षेत्रमा यस नगरमा कार्यरत सरकारी तथा सक्रिय गैसस, नागरिक समाज, निजी क्षेत्र, सेवा प्रदायक तथा समुदायमा आधारित संघ/संस्थाहरु ,संभाब्य विकास साझेदारहरुतथा तिनीहरुको क्षेत्रगत तथा भौगोलिक कार्य क्षेत्र,लक्षित वर्ग तालिकामा प्रस्तुत गरिएको छ ।उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधार व्यवस्था गर्न, नीति निर्माण र

कार्यान्वयन गर्न, स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालन गर्न , लगानीमैत्री वातावरण सिर्जना गर्न तथा गुणस्तरयुक्त एवम् प्रतिस्पर्धात्मक औद्योगिक वस्तुको निर्यातलाई बढावा दिने कार्यहरुका लागि संघ तथा प्रदेशस्तरियघरेलु तथा साना उद्योग विकास समितिहरु संग समन्वय र सहकार्य गरिने छ ।

**तालिका ७.२ सरोकारवाला निकायहरुको नक्शाङ्कन**

| क.स | नाम | भूमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | नगर उद्योग तथा व्यावशाय प्रवर्धन शाखा | लघु तथा घरेलु उद्योग प्रवर्द्धन, विकास तथा प्रदेशस्तरिय निकायहरु संग सहकार्य र समन्वय | नगर भरी |
| २ | नगरपालिका,वडा कार्यालय | उद्यम प्रवर्द्धन, सहजीकरण र अनुगमन | नगर भरी |
| ३ | नगर कृषि सेवा केन्द्र,कृषि ज्ञान केन्द्र | कृषि उद्यमी प्रवर्द्धन | नगर भरी |
| ४ | महिला।वालवालिका तथा समाज कल्याण उपशाखा | महिला उद्यमी प्रवर्द्धन | नगर भरी |
| ५ | पशु अस्पताल केन्द्र | पशु उद्यमी प्रवर्द्धन | नगर भरी |
| ६ | डिभिजन वन कार्यालय | वन उद्यमी प्रवर्द्धन | नगर भरी |
| ७ | उद्योग वाणिज्य संघ | उद्योग तथा वाणिज्य प्रवर्द्धन र बजारीकरण | नगर भरी |
| ८ | MEDEP /MEDPAकार्यक्रम । परियोजना | लघु उद्यमी सृजना तथा विकास | नगर भरी |
| ९ | नगर लघु उद्यमी संघ | लघु उद्यमी सृजना तथा विकास, प्रवर्द्धन, बजारीक | नगर भरी |
| १० | उद्यम विकास सेवा संघ | लघु उद्यमी सृजना तथा विकास | नगर भरी |
| ११ | नेपाल घरेलु तथा साना उद्योग महासघ | उद्यमी प्रवर्द्धन तथा पैरवी | नगर भरी |
| १२ | नगर शिक्षा शाखा | सिप विकास र रोजगारी सृजना | नगर भरी |
| १३ | सामुदायिक वन माहासंघ | वनजन्य उद्योग प्रवर्द्धन, पैरवी | नगर भरी |
| १४ | वडा कार्यालय | सिप विकास | |
| | | | वडा क्षेत्र |
| १६ | दृष्टिविहिनहरुको गतिशिल समाज | दृष्टिविहिनको सिप विकास | नगर भरी |
| १७ | अपांग सचेतना केन्द्र | अपांगको सिप विकास | नगर भरी |
| १८ | F-Skill | सिप र रोजगारी प्रवर्द्धन | नगर भरी |
| १९ | हेल्भेटास | सिप विकास र रोजगारी प्रवर्द्धन | नगरभरी |

### ७.३.३ स्वास्थ्य तथा जनसंख्या

नगरको रणनितिक योजना निर्माण भविष्य उन्मुखछलफल र विश्लेषणको प्रकृया समेत भएकाले विभिन्न सरोकार वालाहरु, उनिहरुले नगरको स्वास्थ्य क्षेत्रमा निर्वाह गर्न सक्ने भूमिका समेत यस विषयगत क्षेत्र भित्र उल्लेख गरिएको छ । स्वास्थ्य तथा जनसंख्या विषयगत क्षेत्रका लक्ष्य तथा विकास क्रियाकलापहरु संचालनका लागि नगरमा रहेका विभिन्न सरोकारवालाहरुको विश्लेषय यस योजना निर्माणको क्रममा गरिएको छ । प्रत्यक्ष वा परोक्षरुपमा स्वास्थ्य क्षेत्रमा सरोकार राख्ने विभिन्न सरोकारका निकायहरु र तिनको भूमिका विश्लेषण गरि कार्यक्षेत्रहरुको विश्लेषण गरिएको छ । कार्यक्षेत्र विभाजन अनुसार खोप, औषधी, उपकरण, अस्पताल तथा प्रयोगशाला सम्बन्धि मापदण्ड, स्वास्थ्य विमा, महामारी प्रकोप नियंत्रण लगायतका विषयमा संघीय निकाय, खोप, औषधी, उपकरणको सञ्चालन लगायतको विषयमा प्रादेशिक तहका निकायहरुमा समन्वय र सहकार्य गरिने छ ।

**तालिका ७.३ सरोकारवाला तथा भूमिका विश्लेषण**

| क्र.स | सरोकारवालाको नाम | भूमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | नगरपालिकाको जनस्वास्थ्य प्रवर्धन उपशाखा | नगर स्तरिय निति, कार्यक्रम पारित, अनुगमन, मुल्यांकन, समन्वय बजेट तथा स्रात वितरण | नगर का सबै वडाहरु |
| २ | नगर शिक्षा शाखा | स्वास्थ्य शिक्षा, कार्यक्रममा समन्वय, स्वयं सेवक परिचालन, सुचना तथा संचार, किशोर किशोरी शिक्षा, खोप कार्यक्रम, विभिन्न दिवस मनाउन सहकार्य । | नगर का सबै वडाहरु |
| ३ | महिला तथा वालवालिका शाखा | विभिन्न तालिम तथा जनचेतना कार्यक्रम संचालन, किशोर किशोर केन्द्रित कार्यक्रम, समुदाय परिचालन, लैगिंक समानताका क्षेत्रमा सचेतना, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य कार्यक्रम । | नगर का सबै वडाहरु |
| ४ | नगर स्तरिय आमा समुह । स्वंसेविकाहरु संजाल | पारिवारिक सचेतना कार्यक्रम, आमा सचेतना कार्यक्रम, गर्भवति परिवार सचेतना कार्यक्रम, गर्भवति तथा सुत्केरी आमाहरुको लागि प्रोत्साहन (भोटो टोपी कार्यक्रम), नियमित बैठक, विभिन्न दिवस मनाउने, सडक नाटक तथा सामाजिक सचेतना कार्यक्रम, लैगिंक परिवार पुरस्कार, घरेलु हिंसा विरुद्ध अभियान । | नगर का सबै वडाहरु |
| ५ | स्वास्थ्य संस्था व्यवस्थापन समितिहरु | स्थानीय स्तरमा स्वास्थ्य योजना तर्जुमा, आवश्यकता पहिचान तथा स्रोत खोजी, कार्यक्रम व्यवस्थापनमा सहयोग, जनशक्ति परिचालन तथा आवश्यकता अनुसार स्थानीय स्तरमा नियूक्ति, भौतिक पुर्वाधार निर्माणमा सह | नगर का सबै वडाहरु |

| क्र.स | सरोकारवालाको नाम | भूमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| ६ | राजनैतिक दलहरु | विभिन्न निति तर्जुमा, नगरमा स्वास्थ्य क्षेत्रका आवश्यकत पहिचान, योजना प्राथमिकिकरण, योजना तर्जुमा, अनुगमन, सेवाको गुणस्तरसुझाव तथा आवश्यक स्थानीय स्रोत परिचालन । | नगर का सबै वडाहरु |
| ७ | नेपाल रेडक्रस | प्रकोप व्यवस्थापनका क्षेत्रमा सहयोग पुर्‍याउने, प्राथमिक उप तालिम तथा क्षमता विकास | नगर का सबै वडाहरु |
| ८ | गैर सरकारी संस्थाहरु (TSS, CSS, Bajra Samaj Churdep) | समुह परिचालन, सामाजिक सचेतना तथा आधारभुत सेवाहरुको पहुच बृद्धिमा सहजिकरण गर्ने । | |

### ७.३.४ शिक्षा, खेलकूद तथा युवा

शिक्षा, खेलकूद तथा युवा विकासका क्षेत्रमा क्षेत्रमा नगर भित्र कार्यरत संघ/संस्था र सञ्जालहरुको विवरण कार्यक्षेत्र तजा भूमिकाको बारे तपसिलमा प्रस्तुत गरिएको छ । प्रदेशतहबाट प्रवाह हुने शिक्षाको लागि खाद्यान्न,व्यावशायिक शिक्षा तथा तथा प्रविधि तालिम लगायतका कार्यक्रमहरुका लागि प्रदेशको सामाजिक विकास मन्त्रालय तथा उच्च शिक्षा, विद्यालय शिक्षा सम्बन्धि नियमन्,पाठ्यक्रम विकास,परिक्षाको मानक तथा मापदण्ड लगायतका विषयहरुमा संघिय निकायहरुमा समन्वय र सहकार्य गरिने छ ।

**तालिका नं. ७.४ सरोकारवाला विश्लेषण**

| क्र.स. | सरोकारवालाको नाम | भूमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाई | ·स्थानीय नीति र निर्देशिका तर्जुमा र सुधार<br>·कार्यक्रम अनुगमन तथा मूल्याङ्कन<br>·तथ्याङ्कीय आधार तयार तथा अध्यावधिक<br>·श्रोत साधन परिचालन र लगानी<br>·समन्वय, सहकार्य र साझेदारी | नगर भरी |
| २ | नगर शिक्षा शाखा । शिक्षा युवा तथा खेलकुद शाखा | ·योजना तर्जुमा तथा समीक्षा<br>गुणस्तरिय शिक्षा<br>·कार्यक्रम अनुगमन तथा मूल्याङ्कन<br>·तथ्याङ्कीय आधार तयार तथा अध्यावधिक<br>·श्रोत साधन परिचालन र लगानी<br>·समन्वय, सहकार्य र साझेदारी | नगर भरी |
| ३ | अन्य विषगत शाखा | समन्वय, सहकार्य र साझेदारी | नगर भरी |

| क्र.स. | सरोकारवालाको नाम | भूमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| | | कार्यक्रम अनुगमन तथा मूल्याङ्कन<br>•श्रोत साधन परिचालन र लगानी | |
| ४ | विषयगत समिति तथा संघ संस्थाहरु | समन्वय, सहकार्य र साझेदारी<br>कार्यक्रम अनुगमन तथा मूल्याङ्कन<br>•श्रोत साधन परिचालन र लगानी<br>सामाजिक परिचालन | नगर भरी |
| ५ | निजी क्षेत्र | समन्वय, सहकार्य र साझेदारी, अनुगमन र मुल्यांकन<br>प्राविधिक शिक्षा प्रवर्द्धनको लागि लगानी<br>गुणस्तरीय शिक्षा | आ-आफ्नो कार्य क्षेत्रमा |
| ६ | नगर र जिल्ला खेलकूद विकास समिति | समन्वय, सहकार्य र साझेदारी<br>खेलकुद विकास र प्रवर्द्धन<br>श्रोत साधनको खोजी<br>प्रशिक्षक तथा खेलाडी निर्माण | नगर भरी |
| ७ | नगर प्रशासन शाखा | समन्वय, सहकार्य र सहजीकरण<br>सेवाको गुणस्तरीयता अनुगमन<br>शिक्षाका लागि स्थानीय सुशासन व्यवस्थापन | नगर भरी |
| ८ | विद्यालय र क्यापसहरु | समन्वय, सहकार्य र साझेदारी<br>गुणस्तरीयता सेवाको प्रत्याभूती तथा लगानी<br>दक्ष र गुणस्तरीय जनशक्ति उत्पादन | नगर भरी |
| ९ | गै.स.स.। बाल क्लब तथा संजालहरु | बाल हक हितका लागि अभियान तथा लगानी<br>सामाजिक परिचालन | आ-आफ्नो कार्य क्षेत्रमा |
| १० | राजनीतिक दलहरु | स्थानीय नीति र निर्देशिका तर्जुमा र सुधार<br>कार्यक्रम अनुगमन तथा मूल्याङ्कन<br>श्रोत साधन परिचालन र लगानी<br>समन्वय, सहकार्य र साझेदारी | नगर भरी |
| ११ | नागरिक समाज | विकास व्यवस्थापनमा सक्रिय सहभागिता | नगर भरी |
| १२ | संचार माध्यमहरु | गुणस्तरीय शिक्षाका लागि सञ्चार अभियान<br>नागरिकहरुमा शिक्षा सम्बन्धी सूचना संप्रेषण | नगर भरी |
| १३ | विद्यालय व्यवस्थापन समितिहरु | समन्वय, सहकार्य र साझेदारी<br>शैक्षिक व्यवस्थापन<br>अनुगमन तथा मूल्याङ्कन | नगर भरी |
| १४ | पेशागत संघ संस्थाहरु | प्राविधिक शिक्षामा जोड<br>अनुगमन तथा मूल्याङ्कन<br>भौतिक क्षेत्र तथा विद्यालय सामाग्रीमा लगानी | आ-आफ्नो कार्य क्षेत्रमा |
| १५ | विद्यार्थी संगठहरु | समन्वय, सहकार्य र साझेदारी | नगर भरी |

| क्र.स. | सरोकारवालाको नाम | भूमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| | | विद्यार्थी हकहितका लागि अभियान | |
| १६ | सामुदायिक संस्थाहरु | समन्वय, सहकार्य र साझेदारी<br>सामाजिक परिचानल | आ-आफ्नो कार्य क्षेत्रमा |
| १७ | महिला संजालहरु | समन्वय, सहकार्य र साझेदारी<br>मानव विकास र स्थानीय विकासमा सहयोग | नगर भरी |

### ७.३.५.खानेपानी तथा सरसरफाई

खानेपानी तथा सरसफाई विषयगत क्षेत्रमा यस नगरमा कार्यरत सरकारी, गैसस, निजी क्षेत्र, सेवा प्रदायक तथा समुदायमा आधारित संघ/संस्थाहरु तथा संभाब्य विकास साझेदार तथा परियोजनाको विवरण र भौगोलिक कार्य क्षेत्र तथा लक्षित वर्ग क्षेत्र तपसिलमा प्रस्तुत गरिएको छ ।संघिय तहका योजनाका लागि खानेपानी तथा सरसफाई मन्त्रालय तथा प्रादेशिक तहका योजनाका लागि भौतिक पुर्वाधार विकास मन्त्रालयमा समन्वय र सहकार्य गरिने छ ।

**तालिका ७.५ सरोकारवाला तथा भूमिका विश्लेषण**

| क्र.सं. | नाम | भूमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई डिभिजन | खानेपानी निर्माण र मर्मत संभार | नगर भरी |
| २ | नगरको पुर्वाधार विकास । प्राविधिक शाखा | पुर्वाधार विकास तथा समन्वय | नगर भरी |
| ३ | नगरपालिका | श्रोत व्यवस्थापन तथा समन्वय | नगर भरी |
| ४ | महिला तथा वालवालिका शाखा | खानेपानीसंग सम्बन्धित महिला स्वास्थ्य सुधार | नगरभरी |
| ५ | गै.स.स.(TSS, CDS, CSS, CHURDEP, RBPW, BAJRA Samaj) लगायत | मागमा आधारीत खानेपानी र सरसफाई कार्यक्रम | नगर भरी |
| ६ | खुख्खा क्षेत्र खानेपानी आयोजना | खानेपानी आपुर्ति गर्ने | |
| ७ | गरिवी निकारण कोष | खानेपानी तथा सरसफाई कार्यक्रम | नगर भरी |

## ७.३.६ महिला, बालवालिका तथा लक्षित वर्ग

स्थानिय स्तरका महिला विकास कार्यक्रम सञ्चालन,महिला विरुद्ध हुने सबै किसिमका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW) र बेइजिंग घोषणा तथा कार्ययोजना (BPFA) र बाल अधिकार सम्बन्धी महासन्धि (CRC) र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि (CRPD) र दिगोबिकासका लक्ष्य कार्यान्वयन गर्ने सवालमा संभाब्य सरोकारवालाहरुको सूचि निम्नानुसार रहेका छन् । यो सुचिमा समय समयमा अद्यावधिक गरिने छ ।

### तालिका ७.६ सरोकारवाला तथा भूमिका विश्लेषण

| क्र.म | नाम | भुमिका | कार्यक्षेत्र |
|---|---|---|---|
| १. | महिला तथा बलबालिका शाखा | पिछडिको वर्गको (महिला)आर्थिक, सामाजिक कानूनी रुपमा शसक्त (बढाउने) गर्ने<br>सम्पर्क र समन्वय( जेष्ठ नागरिक,अपाङ्ग)<br>बाल क्लब गठन दर्ता सन्बन्धि कार्य गर्ने | नगर भरी |
| २. | शिक्षा शाखा | बाल क्लब गठन,बालमैत्री शिक्षण क्रियाकलापमा जोड तथा पहुँचमा अभि बृद्धि | नगर भरी |
| ३. | नगरपालिका | सरोकारवाला निकाय संग समन्वय गरि काम गर्ने ।<br>निति तथा निर्देशिकाहरुकाकार्यान्वायन | नगर भरी |
| ४. | गै स. स. हरु CSS, RBPW, CHURDEP) | लक्षितवर्ग सम्बन्धित र्काय क्रम संचालन गन | |
| ६. | अपाङ्ग सचेतना सेवा केन्द्र | पिछडिको वर्गको (महिला) आर्थिक, सामाजिक कानूनी रुपमा शसक्त(बराडने) गर्ने | |
| ७. | द्रष्टिबिहीनहरुका लागि गतिशिलसमाज | लक्षितवर्ग सम्बन्धित र्कायक्रम संचालन गर्न | |
| ८ | सेतो गुराँस(बालबालिका) | लक्षितवर्ग सम्बन्धित र्कायक्रम संचालन गन | |
| ९ | सेबक नेपाल (महिला,बलबालिका र अपाङ्ग) | लक्षितवर्ग सम्बन्धित र्कायक्रम संचालन गर्न | |
| १०. | नगर बालकल्याण समिति | बालकल्ब गठन,बालमैत्री शिक्षण क्रियाकलापमा जोड तथा पहुँचमा अभि बृद्धि | |
| ११. | नेपाल राष्ढ्रिय दलित समाज वकालत कल्यान संघ | पिछडिको वर्गको (महिला) आर्थिक, सामाजिक कानूनी रुपमा शसक्तगर्ने | |
| १२. | इन्सेक नेपाल | लक्षितवर्ग सम्बन्धित र्कायक्रम संचालन गर्न | |
| १३. | जेष्ठ नागरिक संरक्षण मन्च | दलित, महिला, बालबालिका, अपाङ्ग, जनजाती, जेष्ठ नागरीक | |
| १४. | साहारा आश्राम | लक्षितवर्ग सम्बन्धित र्कायक्रम संचालन गर्ने | |
| १५. | आदिबासी जनजाति माहासंघ | लक्षितवर्ग सम्बन्धित र्कायक्रम संचालन गर्ने | |
| १६. | एडभोकेशी फोरम | लक्षितवर्ग सम्बन्धित र्कायक्रम संचालन गर्ने | |
| १७ | महिला सहकारी संस्था | लक्षितवर्ग सम्बन्धित र्कायक्रम संचालन गर्ने | |
| १८ | एकल महिलाहरुको संस्था | लक्षितवर्ग सम्बन्धित र्कायक्रम संचालन गर्ने | |
| १९ | नगर महिला संजाल | लक्षितवर्ग सम्बन्धित र्कायक्रम संचालन गर्ने | |
| २० | स्विस बिकास सरकार | लक्षितवर्ग सम्बन्धित र्कायक्रम संचालन गर्न सघाउने | |

### ७.३.७ यातायात, विद्युत, संञ्चार तथा सार्वजनिक निर्माण

नगर भित्र यातायात, विद्युत, संञ्चार तथा सार्वजनिक निर्माण विषयगत क्षेत्रमा कार्यरत सरकारी, गैसस, निजी क्षेत्र तथा संभाब्य विकास साझेदारहरुको विवरण तपसिलमा प्रस्तुत गरिएको छ ।संघिय स्तरका पुर्वाधार विकासका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,प्रादेशिक कार्यक्रमका लागि प्रदेशको भौतिक पुर्वाधार विकास मन्त्रालय तथा सम्बन्धित आयोजनाहरुसंग समन्वय र सहकार्य गरिने छ ।

**तालिका नं. ७.७ सरोकारवालाको विश्लेषण**

| क्र.सं. | सरोकारवालाको नाम | भूमिका | कार्य क्षेत्र तथा लक्षित वर्ग |
|---|---|---|---|
| १. | नगरपालिका । पुर्वाधार विकास शाखा | श्रोत परिचालन तथा विकास समन्वय | नगरभरी |
| २. | डिभिजन सडक | श्रोत परिचालन तथा कार्यान्वयन | नगरभरी |
| ३. | वडा कार्यलयहरु | गाउँस्तरीय विकास समन्वय तथा श्रोत परिचालन | सम्बन्धित वडा |
| ४. | नगरस्थित राजनीतिक दलहरु | समन्वय र विकासे वातावरण निर्माता | नगरभरी |
| ५. | नगरपालिका | नगर विकास समन्वय तथा श्रोत परिचालन | मन्थली, रामेछाप |
| ६. | विभिन्न समिति तथा उपसमितिहरु | मुल्यांकन अनुगमन | नगरभरी |
| ७. | गैसस महासंघ | गैससको क्षमता विकास | नगरभरी |
| ८. | पत्राकार महासंघ | जनचेतना वाहक, अनुगमनकर्ता | नगरभरी |
| ९. | नेपाल विद्युत प्राधिकरण | विद्युत विकास समन्वयकर्ता तथा श्रोत परिचालक | नगर भरी |
| १० | DRSP | सडक विकास तथा स्तरोन्नति, श्रोत व्यवस्थापन | नगरभरी |
| ११ | लघु जल विद्युत कम्पनी तथा उपभोक्ताहरु | लगानी कर्ता तथा अनुगमनकर्ता | नगर भरी |
| १२ | लघु तथा साना जलविद्युत आयोजना | विद्युत विकास समन्वयकर्ता तथा श्रोत परिचालक | सम्भाव्यताको आधारमा |

### ७.३.८ वन, भू-संरक्षण तथा वातावरण

वन, भू -संरक्षण तथा वातावारण विषयगत क्षेत्रमा रामेछाप नगरमा कार्यरत तथा सक्रिय सरकारी,

गैह्रसरकारी, नागरिक समाज, निजी क्षेत्र, सेवा प्रदायक तथा समुदायमा आधारित संघ/संस्था तथा संभाब्य विकास साझेदारहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।संघिय कार्यक्रमका लागि वन तथा वातावरण मन्त्रालय,प्रादेशिक कार्यक्रमहरुका लागि प्रदेश ३ उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालयसंग समन्वय र सहकार्य गरिने छ ।

**तालिका ७.८. सरोकारवाला तथा भूमिका विश्लेषण**

| सरोकारवालाको नाम | भूमिका/कामको प्रकृति | कायक्षेत्र/लक्षित वर्ग |
|---|---|---|
| नगरपालिका | समन्वय तथा पूर्वाधार निर्माण गर्दा कुल लगानीको ५% रकम वातावरण संरक्षणको लागि छुट्याई वातावरण संरक्षणका कार्यहरु गर्ने गराउने | नगर भरी |
| डिभिजन वन कार्यालय | सामुदायिक वन, कबुलियति वन, राष्ट्रिय वन, वन संरक्षण र ब्यवस्थापन, नगरको समग्र जैविक विविधता संरक्षण, वातावरण संरक्षण वनश्रोतको सदुपयोग नियमन | नगर भरी |
| भू-संरक्षण तथा जलाधार ब्यावस्थपन कार्यालय | प्राकृतिक प्रकोप नियन्त्रण, भूमिको उत्पादन संरक्षण, पूर्वाधार संरक्षण, समूह परिचालन शसक्तिकरण | प्राथमिकता प्राप्त जलाधार क्षेत्र, जिल्ला भरी |
| नगर पशु सेवा केन्द्र | कबुलियति वन (बाख्रा बितरण र घाँस विका | नगराका कबुलियति वन कार्यक्रम लागू भएका ३० वडाका कबुलियती वन समूहका सदस्यहरु |
| नगरा कृषि सेवा केन्द्र | मल ब्यवस्थापन, रासायनिक मल न्युनिकरण, कृषि-वन | नगर भरी |
| महिला तथा बालबालिका शाखा | सुधारिएको चुलो | फर्पु, फुलासी, जडुवा, मेलु, बिजुलीकोट, हिमगंगा वडाहरु |
| सामुदायिक वन उपभोक्ता महासँघ | समूह सचेतिकरण, परामर्श, जलवायु परिव | नगरा भरी |
| गै.स.स.(CSS,CHURDEP, RBPW) | डालेघाँस विकास,कृषि वन | नगरा भरी |

### ७.३.९ विपद व्यवस्थापन

बिपद व्यवस्थापन बिषयगत क्षेत्रमा रामेछाप नगरमा कार्यरत तथा सक्रिय सरकारी, गैसस, नागरिक समाज, निजी क्षेत्र, सेवा प्रदायक तथा समुदायमा आधारित संघ/संस्था र सञ्जालकहरु, विकास साझेदार तथा परियोजनाको विवरण र भौगोलिक कार्यक्षेत्र तलसिलमा प्रस्तुत गरिएको छ।

**तालिका ७.९ सरोकारवाला तथा भूमिका विश्लेषण**

| क्र.सं. | सरोकारवालाको नाम | भूमिका | कार्य क्षेत्र तथा लक्षित वर्ग |
|---|---|---|---|
| १. | नागरिक तथा समुदाय, लक्षित वर्ग | ▪ बिपदबाट सुरक्षित रहन चनाखो हुने | नगरभरीका बासिन्दा |
| २. | नगरपालिका | ▪ स्थानीय नीति र निर्देशिका तर्जुमा र सुधार<br>▪ समन्वय र सहकार्य, अनुगमन तथा मुल्याँकन<br>▪ श्रोत साधन परिचालन र लगानी | नगरभरी |
| ३. | वडा कार्यलयहरु तथा नगरपालिका | ▪ बिपद व्यवस्थापनको लागि कोष निर्माण<br>▪ बिपद व्यवस्थापनको लागि समन्वय र सहकार्य | सम्बन्धित वडा र नगरपालिका |
| ४ | जल उत्पन्न प्रकोप | ▪ नदी किनारामा तटवन्धन गर्ने कार्य | नगर भरी |
| ५ | भू-तथा जलाधार ब्यावस्थापन कार्यालय | ▪ पहिरोनियन्त्रण, तटबन्धन, भू -क्षय नियन्त्रण, पूर्वाधारहरुको संरक्षण | प्राथमिकता प्राप्त जलाधार क्षेत्र, नगर भरी |
| ६ | नेपाल रेडक्रस सोसाइटी | ▪ राहत प्याकेज तयारी तथा बितरण, बिपद ब्यवस्थापन संवन्धी प्राविधिक जानकारी प्रदान | नगरा भरी |
| ७ | नगर प्रहरी शाखा | ▪ उद्दार कार्यमा जनशत्ति परिचालन | नगर भरी |
| ९ | नेपाली सेना | ▪ उद्दार कार्यमा जनशत्ति परिचालन | नगरा भरी |
| १० | यु एन डि.पी. | ▪ मानविय उद्धार केन्द्रित कार्यक्रम | नगरा भरी |
| ११ | उद्योग बाणिज्य संघ | ▪ राहातको लागि खाद्य सामग्री आदि सहयोग | नगर भरी |
| १२ | नगर प्रशासन शाखा | ▪ उद्धार कार्यमा प्रहरी प्रशासन परिचालन, राहात रकम बितरण | नगर भरी |
| १४ | जनस्वास्थ्य शाखा | ▪ महामारी रोग निस्केको अवस्थामा माहामारी रोग नियन्त्रण तथा स्वास्थ्या उपचार सेवा (रु. २ लाखको कोष रहेको, आवश्यकता अनुसार थप हुन सक्ने ) | नगर भरी |
| १५ | डिभिजन वन | ▪ जलवायु परिवर्तनका असरहरुको न्युनिकरण तथा अनुकुलन कार्यक्रम ( बहुसरोकारवाला वन कार्य समेत) | नगर भरी |
| १६ | गैह्र सस्थाहरु | ▪ सचेतना, अध्ययन अवलोकन, अध्ययन विश्लेषण, तालिम तथा पुनस्थापना सहयोग | नगर भरी |

### ७.३.१० संस्थागत विकास तथा सुशासन

संस्थागत तथा क्षमता विकास र सुशासन विषय क्षेत्रमा यस नगरमा कार्यरत तथा सक्रिय सरकारी, गैसस, नागरिक समाज, निजी क्षेत्र, सेवा प्रदायक तथा समुदायमा आधारित संघ/संस्था र सञ्चालकहरु, विकास साझेदार तथा परियोजनाको विवरण र भौगोलिक कार्य क्षेत्र तथा लक्षित वर्ग क्षेत्र तलसिलमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७.१० सरोकारवाला तथा भूमिका विश्लेषण**

| क्र.सं. | सरोकारवालाको नाम | भूमिका | कार्यक्षेत्र तथा लक्षित वर्ग |
|---|---|---|---|
| १. | नागरिक तथा समदाय, लक्षित वर्ग | ▪ विकास व्यवस्थापनमा सक्रिय सहभागिता | नगर भरीका वासिन्दा |
| २. | नगरपालिका | ▪ स्थानीय नीति र निर्देशिका तर्जुमा र सुधार<br>▪ योजना तर्जुमा तथा समीक्षा<br>▪ संरचनागत परिमार्जन<br>▪ कार्यक्रम अनुगमन तथा मूल्याङ्कन<br>▪ तथ्याङ्कीय आधार तयार तथा अध्यावधिक<br>▪ श्रोत साधन परिचालन र लगानी<br>▪ सामाजिक परिचालनमा सहयोग<br>▪ समन्वय, सहकार्य र साझेदारी | नगरभरी |
| ३. | वडा शाखाहरु | ▪ सामाजिक परिचालन<br>▪ तथ्याङ्कीय आधार तयार तथा अद्यावधिक<br>▪ योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन<br>▪ समन्वय, सहकार्य र साझेदारी | सम्बन्धित वडा र नगरपालिका |
| ४. | नगरस्थित राजनीतिक दलहरु | ▪ नागरिक परिचालन र सम्लग्नता सुनिश्चितता<br>▪ स्थानीय नीति र संरचनामा सुधार<br>▪ सुशासन वकालत<br>▪ योजना तर्जुमा, अनुगमन तथा समीक्षा<br>▪ समन्वय र वातावरण निर्माण | नगरभरी |
| ५. | नगरस्थित विषयगत शाखा तथा सेवा केन्द्रहरु | ▪ सेवा तथा सुविधा प्रवाह<br>▪ सेवा सञ्चालन तथा व्यवस्थापन<br>▪ तथ्याङ्कीय आधार तयार तथा अध्यावधिक<br>▪ योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन | नगर भरी तथा नगरबासी |

| क्र.सं. | सरोकारवालाको नाम | भूमिका | कार्यक्षेत्र तथा लक्षित वर्ग |
|---|---|---|---|
| | | ■ समन्वय, सहकार्य र साझेदारी | |
| ६. | नगरको प्रशासन शाखा तथा अन्य शाखाहरु | ■ समन्वय, सहकार्य र साझेदारी<br>■ सेवा तथा वस्तुको गुणस्तरीयता अनुगमन<br>■ स्थानीय सुशासनव्यवस्थापन | नगरभरी |
| ७. | नगरको प्राविधिक शाखा | ■ निर्माण व्यवस्थापन,प्राविधिक सहयोग,सहजीकरण<br>■ सेवा व्यवस्थापन<br>■ नीति तथा संरचना निर्माण र सुधार | |
| ८. | विभिन्न समिति तथा उपसमितिहरु | ■ संस्थागत तथा नीतिगत आधार र सहयोग<br>■ समन्वय, सहकार्य र साझेदारी विकास<br>■ योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन<br>■ सुशासनअभ्यास | नगरभरी |
| ९ | विभिन्न गैससहरु | ■ सुशासन सम्बन्धी अध्ययन, अनुसन्धान र पैरवी<br>■ सुशासन सम्बन्धी औजार तर्जुमा र सहजिकरण<br>■ स्थानीय शासन उत्तरदायित्व अभिबृद्धि कार्यमासहजिकरण<br>■ संस्थागत तथा नीतिगत सुधार<br>■ समन्वय, सहकार्य र साझेदारी प्रवर्धन<br>■ तालिम तथा क्षमता विकास<br>■ संजाल विकास, नीतिगत वकालत र पैरवी | नगरभरी |
| १० | असल शासन नगर समन्वय समिति तथा असल शासन क्लब | ■ सुशासन सम्बन्धी औजार तर्जुमा र सहजिकरण<br>■ स्थानीय शासन उत्तरदायित्व अभिबृद्धि संबन्धी सहजिकरण<br>■ सार्वजनिक सेवा र सुविधा बारे सार्वजनिक सुनुवाई तथा वहश<br>■ सार्वजनिक वहश तालिम तथा क्षमता विकास<br>■ सुशासन संबन्धी नीतिगत वकालत र पैरवी<br>■ सुशासन सम्बन्धी नीतिगत वकालत र पैरवी<br>■ सशासन सम्बन्धी अन्तरक्रिया<br>■ सुशासन र स्थानीय स्वायत्त शासन, ऐन, नियम तथा निर्देशिका सम्बन्धी तालि | नगरभरी |
| ११ | नेपाल राष्ट्रिय दलित कल्याण संघ | ■ अधिकारमूखी अवधारणा बारे बहश र पैरवी<br>■ नीति र संरचनागत परिवर्तनका लागि नागरिक वहश | नगरभरी |

| क्र.सं. | सरोकारवालाको नाम | भूमिका | कार्यक्षेत्र तथा लक्षित वर्ग |
|---|---|---|---|
| | | ▪ अधिकारमुखी विकास अवधारणा बहश र पैरवी<br>▪ रुपान्तरणीय सामाजिक परिचालन | |
| १२ | सामुदायिक वन उपभोक्ता महासंघ ( नगर र नगर स्तर) | ▪ अधिकारमुखी विकास अवधारणा बहश र पैरवी<br>▪ नीति/संरचना परिवर्तनका लागि नागरिक वहश<br>▪ सामुदायिक सुशासन<br>▪ प्राकृतिक श्रोतमा नागरिक अधिकार र सुशासन संबन्धी वकालत र पैरवी<br>▪ स्थानीय शासन उत्तरदायित्व बारे सहजिकरण<br>▪ सामाजिक परिचालन र सशक्तिकरण | नगरभरी |
| १३ | आदीबासी जनजाती महासंघ | ▪ सामाजिक समावेशीकरण र समानुपातिक प्रतिनिधित्व संबन्धी बहश र पैरवी<br>▪ नीति/संरचना परिवर्तनका लागि नागरिक वहश<br>▪ अधिकारमुखी विकास अवधारणा बहश र पैरवी<br>▪ प्राकृतिक श्रोतमा समुदायको अधिकारका लागि वहश र पैरवी | नगरभरी |
| १४ | पत्रकार महासंघ तथा मेडिया | ▪ स्थानीय सुशासन सम्बन्धी सञ्चार अभियान<br>▪ प्रिण्ट तथा रेडियो कार्यक्रम तर्जुमा र प्रसारण<br>▪ स्थानीय शासनको पारदर्शिता र उत्तरदायित्व अभिबृद्धि कार्यक्रम संचालन<br>▪ नागरिकहरुमा सूचना संप्रेषण | नगरभरी |

## ७.४ सुशासन तथा पारदर्शिता

सुशासन राज्यको अवस्यकता, जनताको चाहना, प्रशासनको लक्ष र नागरिक समाजको एजेन्डा हो ।यसर्थ नगरले अधिकारको समुचित प्रयोग,सक्षम, निष्पक्ष, उत्पादनशील, मितब्ययी, छरितो, जनमुखी र उत्तरदायी प्रशासन संयन्त्र वनाएर कार्य गर्ने छ र यसको लागि नागरिक समाज समेतको सहभागिता गराईने छ । सुशासन कायम गर्ने सवालमा नगरको निम्न मुल्य मान्यता रहनेछः

### क. नैतिक मूल्य मान्यतामा आधारित स्थानीय सरकार

- असल शासनको आधारभूत मान्यताको आत्मसात
- सुशासनको प्रत्याभूति
- पारदर्शी,  सहभागितामूलक, जवाफदेही सार्वजनिक प्रशासन
- कानूनको शासन, आर्थिक अनुशासन तथा भ्रष्टाचारमुक्त प्रशासन
- छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट सर्वसाधारणमा सेवा प्रवाह
- सेवा प्रदायकबाट सुनिश्चित र भरपर्दो सेवा प्रवाह

**ख. भ्रष्टाचारमा शुन्य सहनशीलता**

- उच्च नैतिकतामा आधारित पारदर्शी शासन व्यवस्था अवलम्बन गरी भ्रष्टचार न्यूनीकरण सघाउ पुऱ्याउने
- अनुचित कार्य तथा भ्रष्टाचार हुन नदिन निरोधात्मक र उपचारात्मक दुवै उपाय अवलम्बन ।

**ग. आचारसंहिता निर्माण र पालना**

- असल शासनको आधारभूत मान्यताको आत्मसात
- सार्वजनिक र नीजि व्यवहार
- कानून नबनाई निर्णय गर्न नहुने
- पदीय उत्तरदायित्वको निर्वाह
- आर्थिक पक्ष (विदेशी वैंकमा खाता, पेश्की, दानदन्तव्य र उपहार)
- निर्णय (काम कर्तव्यमा हस्तक्षेप, परिवारका सदस्यसँग सम्बन्धित निर्णय)
- नियुक्ति (विशेषज्ञ सेवाको सल्लाहकार, कायक्षेत्रगत सर्त)
- सम्पत्ति विवरण

**घ. अधिकारमा आधारित पद्धती**

- सामाजिक परिचालन (नागरिक संजाल र संयन्त्र परिचालन
- असल मूल्य मान्यता र संस्कारको विकास र प्रवर्धन
- सेवा प्रवाह र प्रभावकारिता सम्बन्धमा अन्तरक्रिया र छलफल र मुल्यांकन

**ङ. प्रतिबद्ध प्रशासनिक संयन्त्र र प्रशासनिक तटस्थता**

- राजनीतिक नेतृत्व र कर्मचारी बीच कामको स्पष्ट सीमा निर्धारण हुने गरी कानूनी व्यवस्था गर्ने र प्रतिनिधि तथा कर्मचारीले सो अनुसार कार्यसम्पादन गर्ने (कार्यभाजन र कार्यसम्पादन ऐन)
- कर्मचारीको कार्यसम्पादन अनुगमन, पुरस्कार र दण्ड
- निर्वाचित जनप्रतिनिधि र कर्मचारी प्रशासन बीच विश्वासको बातावरण श्रृजना
- प्रतिवद्ध प्रशासन निर्माणको लागि प्रशासनमा नैतिक मूल्य मान्यता, न्यायिक वकालत
- छ. ऐन, नीति, नियमको पालना, नागरिक सम्बध र पृष्ठपोषण
- नागरिक पृष्ठपोषण सर्वेक्षण, संक्षिप्त मतसंग्रह
- सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सावर्जनिक सुनुवाई

## ७.५ पारदर्शिता

नगरले सञ्चालन गरेका काम कार्यवाही  जन समक्ष शुसुचित गर्न तथ सेवा प्रवाहको गुणस्तर,नागरिक सन्तुष्टि  बुझ्न नागरिक तथा स्थानीय निकायहरु बीचको निरन्तर अन्तरक्रिया र बहश, सञ्चालित आयोजना तथा कार्यक्रमहरुको सामुदायिक तथा सार्वजनिक परिक्षण, स्थानीय निकाय तथा सार्वजनिक निकायले निर्वाह गरेको सामाजिक जिम्मेवारीको लेखाजोखा कार्यमा सहयोग पुर्‍याउन सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई जस्ता पारर्शिताका औजारहरुको समुचित उपयोग गरिने छ। उक्त कार्यविधिमा समयानुकुल परिमार्जन समेत गरी उत्तरदायित्व अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा तेश्रो पक्षको अनुगमन तथा सहजिकरण समेतलाई आत्मसात गरिने  छ । स्थानीय शासन उत्तरदायित्व अभिबृद्धिका लागि स्थानीय शासन तथा उत्तरदायी संयन्त्र मार्फत नागरिक समाज संस्थाहरु समेतबाट स्थानीय निकायहरुको खर्च पुनरावलोकन, नागरिक सन्तुष्टी सर्वेक्षण र सञ्चालित आयोजना तथा कार्यक्रमहरुको समुदायमा आधारित अनुगमन कार्य गरिने छन ।

# अध्याय ८ः योजना, अनुगमन, मूल्यांकन तथा अभिलेख व्यवस्थापन

## ८.१ योजना प्रक्रिया

संघ, प्रदेश र स्थानीय तहले तयार गरेका नीति, कार्यक्रम तथा योजनाहरुको अतिरिक्त यो रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि योजना, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, अभिलेख प्रणाली र सिकाइ प्रक्रियालाई यस खण्डमा व्यवस्था गरिएको छ । यी व्यवस्थाहरु संघीय तथा प्रादेशिक ऐन,नियमहरु र नगरपालिकाले तय गरेको नीति,ऐन तथा नियमावलीहरुको आधारमा कार्यान्वयन हुनेछ ।

नगरको वार्षिक योजना प्रक्रियालाई **स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४**ले मार्गदर्शन गर्नेछ । उक्त मार्गदर्शनभित्र रही निम्नअनुसार योजना तर्जुमा हुनेछः

### क. योजना छनौटका तह

- संघ संस्था तहः संघ संस्थाका योजनाहरु संकलन गर्ने ।
- वस्ती तहः बस्तीस्तरको योजना  संकलन गर्ने ।
- वडा तहः  वडा तहको योजना संकलन गर्ने ।
- नगर कार्यपालिका तहः नगरस्तरीय योजनाहरु छनौट गर्ने ।
- नगरसभा तहः कार्यपालिकाले पेश गरेका योजनाहरुको अन्तिम छनौट गर्ने ।

विभिन्न तहमा योजना छनौट गर्दा दिग्दर्शनले तोकेको प्राथमिकताका आधारहरु र संघ, प्रदेश तथा स्थानीय तहबीच तालमेल मिलाउनुपर्ने विषयमा ध्यान दिइनेछ ।

### ख. योजना तर्जुमा समितिहरु

- विषयगत समितिः विषयगत योजनाहरु तयार  गर्ने ।
- स्थानीय राजस्व परामर्श समितिः राजस्व  योजनाका लागि परामर्श दिने ।
- स्रोत अनुमान  तथा बजेट सीमा निर्धारण समितिः आयस्रोत अनुमान गरी विनियोजन रकम निर्धारण गर्ने ।
- बजेट तथा कार्यक्रम तर्जुमा समितिः विस्तृत कार्यक्रम तथा बजेट तयार गर्ने ।

### ग. बजेट तयारी तथा अख्तियारी चरण

- बजेटको पूर्वतयारीः पौष मसान्तभित्र  ।
- संघबाट बजेट सीमा प्राप्त गर्नेः फागुन मसान्तभित्र  ।
- प्रदेशबाट बजेट सीमा प्राप्त गर्नेः चैत मसान्तभित्र  ।
- कार्यपालिकामा वार्षिक बजेट तथा कार्यक्रम मस्यौदा पेशः असार ५ गतेभित्र  ।
- गाउँ/नगरसभामा पेशः असार १० गतेभित्र ।

- गाउँ/नगरसभाबाट अन्तिम स्वीकृतिः असार मसान्तभित्र ।
- बजेट प्रकाशनः साउन १५ गतेभित्र ।
- अध्यक्ष/प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नेः सभाबाट पारित भएको ७ दिनभित्र ।
- प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित विभागरशाखा तथा वडालाई कार्यान्वयनको अख्तियारी दिनेः आफूले अख्तियारी पाएको १५ दिनभित्र ।

### घ. वार्षिक योजनामा रणनीतिक योजना समावेश गर्ने प्रक्रिया

वार्षिक योजना तयार गर्दा रणनीतिक योजनाले तय गरेका लक्ष्य, उद्देश्य, रणनीति तथा वडागत वार्षिक कार्यक्रमहरुलाई समावेश गर्नुपर्नेछ । यसरी प्रस्ताव गरिएका योजनाहरु हरेक तहगत योजना तर्जुमा प्रक्रियामा प्रस्तुत गर्नुपर्नेछ । मूलभूत उद्देश्य, लक्ष्य, नतीजा र रणनीति तथा कार्यनीतिहरुमा खास असर नपर्ने गरी स्थानीय क्रियाकलापहरुमा औचित्यतासहित सामान्य हेरफेर गर्न सकिनेछ । यसरी योजना बनाउँदा सबै सरोकारवालाहरुलाई जानकारी,सहभागिता र सहमतिको आधारमा तयार गर्नुपर्नेछ । यी प्रक्रियाहरु बैठकको रेकडबाट पुष्टि गर्नुपर्नेछ ।

## ८.२ कार्यान्वयन प्रक्रिया

### क. कार्यान्वयन योजना

वार्षिक योजना तयार गर्दा कार्यपालिका बैठकमा कार्यान्वयन योजनाको मुख्य विषयहरु समावेश गरिनेछ । कार्यान्वयन योजनामा कार्यक्रम, बजेट, साझेदार, लाभग्राही, जिम्मेवारी, मुख्य नतीजा र समयतालिका उल्लेख हुनेछ । सो को आधारमा सम्बन्धित कार्यान्वयन निकायले **विस्तृत कार्ययोजना** बनाइ कार्यान्वयन गर्नेछ ।

### ख.कार्यान्वयन संयन्त्र

विशेष योजनाबाहेक अल्पकालीन तथा दीर्घकालीन योजना कार्यान्वयनका लागि स्थायी प्रकृतिको निम्न संरचनाले योजना कार्यान्वयन गर्नेछः

- नगरस्तरीय योजना तथा अनुगमन समितिः जनप्रतिनिधि तथा प्रमुख कर्मचारी सम्मिलित समिति ।
- नगरस्तरीय योजना कार्यान्वयन समितिः विषयगत महाशाखा/शाखाका प्रमुखहरुको समिति ।
- विषयगत समितिः जनप्रतिनधिहरुको नगरस्तरीय विषयगत समिति ।
- वडास्तरीय योजना तथा अनुगमन समिति ।
- विषयविज्ञ तथा परामर्श समिति ।

### ग. कार्यान्वयन विधि

माथिको संयन्त्रले योजना कार्यान्वयनलाई व्यवस्थित गर्न निम्न विधिहरु अवलम्बन गर्नेछः

- कार्ययोजना विस्तृतीकरण: कार्यक्रम,बजेट, कार्यविधि, समय, जिम्मेवारी, नतीजाहरुको विस्तृत विवरण ।
- लागत इस्टिमेट तथा डिजाइन तयारी र स्वीकृति
- खरिद विधि छनोट
- योजना पेश, सम्झौता र कार्यादेश
- कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षण
- प्रतिवेदन तथा मूल्यांकन
- योजना फरफारक

## ८.३ अनुगमन तथा मूल्यांकन प्रक्रिया

वार्षिक योजना अनुगमनका लागि **स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४**तोकेबाहेक वार्षिक तथा आवधिक योजनाको प्रभावकारी अनुगमन तथा मूल्यांकनका लागि निम्न विधिहरु अवलम्बन गरिनेछ:

### क. अनुगमन तथा मूल्यांकनका चरणहरु

- **योजना चरण :** यस चरणका रणनीतिक योजना तथा आवधिक कार्यक्रमका सूचीहरु वार्षिक योजनाभित्र के,कति समावेश भए भन्ने पक्ष यकिन गरिनेछ ।
- **कार्यान्वयन चरण :** यस चरणमा योजनाको गति अनुगमन (Track monitoring) चौमासिक रुपमा गरिनेछ। यसमा मुख्यतया: योजनाहरुको प्रगति अपेक्षित नतीजा र आवधिक लक्ष्य प्राप्तितिर उन्मुख भए नभएको यकिन गरिनेछ ।
- **कार्यसम्पन्न चरण :** यस चरणमा योजनाको उद्देश्य, विधि, बजेट र समयभित्र तोकिएको नतीजा हासिल भए नभएको यकिन गरिनेछ ।
- **प्रभाव मूल्यांकन चरण :** रणनीतिक योजनाले प्राथमिकतामा राखेका गौरव आयोजनामध्येका विषयगत, स्थानगत, लाभग्राही र बजेटअनुसार केही योजनाहरुको प्रभाव मूल्यांकन गरिनेछ । यस अन्तर्गत कार्यक्रमले जीवनस्तर सुधारमा ल्याएको परिवर्तनबारे लेखाजोखा गरिनेछ ।

### ख. अनुगमन तथा मूल्यांकन विधि

1. कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिले आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गर्नेछ ।
2. नगरपालिकाले १० करोड बढी लागतका योजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराउनेछ ।
3. रणनीतिक योजनाको प्रभाव थाहा पाउन,योजनाले लक्ष राखेका लाभग्राहीहरु लाभान्वित भए नभएको एकीन गर्न ,आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण लिन,योजना तर्जुमा र

कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न बहुसरोकारवाला निकायहरुको सहभागितामा साढे दुई वर्षपछि प्रभाव मूल्याङ्कनको व्यवस्था गर्नेछ । यस्ता प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरुको जानकारीको लागि सार्वजनिक समेत गर्ने छ ।

4. अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नेछ ।

5. रणनीतिक योजना कार्यान्वयनको बाह्य अनुगमण तथा मूल्यांकनको प्रयोजनको लागि नगरकार्यपालिकाले नगरस्तरमा एक सर्वपक्षिय अनुगमण तथा मुल्यांकन समिति गठन गरी सो को कार्यविधि तोकिदिने छ।उक्त समितिले अर्ध वार्षिक रुपमा अनुगमण गरी समीक्षा तथा वार्षिक रुपमा मुल्यांकन गरी प्रतिवेदनसहित पृष्ठपोषण दिनेछ ।

6. यो योजनाको आन्तरिक प्रयोजनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुरुप नगर,वडा तथा उपभोक्त समुहहरुको तहमा अनुगमन समिति गठन हुनेछ । उक्त समितिले यो नागरिक समुदाय,आम उपभोक्ता राजनिति दल,विषय विशेषज्ञ समेतको सहकार्यमा अनुगमण गर्ने छ । नगरस्तरिय अनुगमण समितिले योजनाहरुको अनुगमणका अलावा अनुमान गरिएको श्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको, योजनाको कार्यान्वयन रणनीतिक योजना मुताविक भए नभएको अनुगमण गरी एवं आयोजना कार्यान्वयनमा देखिने बाधा व्यवधान वा अड्चन समाधानका लागि उपायहरुको समेत सुझाव दिने छ ।

7. वडास्तरको योजनाको अनुगमण वडास्तरीय अनुगमण समितिले गर्ने,नगरस्तरिय योजनाको अनुगमण नगरस्तरीय अनुमण समितिले गर्ने तथा रु २ लाख भन्दा भन्दा माथिको योजनाको अनुगमण नगरस्तरिय अनुगमण समितिले गर्ने, वडास्तरमा सञ्चालित योजनाहरुको अनुगमण वडास्तरिय अनुगमणका अलावा नगरस्तरिय अनुगमण समितिले सो मध्ये कम्तीमा २५ प्रतिशत योजना विषयगत प्राविधिक समेतको सहयोगमा स्वतन्त्र छनौट विधिबाट छनौट गरी अनुगमण गर्ने र संक्षिप्त प्रतिवेदन समेत तयार गरी बैठकमा पृष्ठपोषणको लागि पेश गर्ने र नगर प्रमुखले त्यसरी गरिएको अनुगमण मध्ये पनी कम्तीमा ५ प्रतिशत स्वतन्त्र रुपमा छनौट गरी स्वतन्त्र विषयगत प्राविधिक समेतको सहयोग लिइ अनुगमण तथा मुल्यांकन गरी आगामी वर्षको अनुगमण तथा मूल्यांकन नीति तथा कार्यकम तय गर्ने प्रयोगजनको बहुपक्षिय समीक्षा गर्नेछ ।

8. यसरी गरिने समिक्षाबाट नगरबाट प्रवाह गरिएको सेवालाइ प्रभावकारी भए नभएको,नगरका विभिन्न शाखा,विषयगत समिति,वडा कार्यालयहरुबाट सम्पादित हुने कार्यहरु बीच सहकार्य भए नभएको विषयमा यकिन गरी मासिक,द्वैमासिक,चौमासिक र वार्षिक रुपमा सम्बन्धित पदाधिकारी वा निकायलाई पृष्ठपोषण दिने ।नगरबाट दिइने दण्ड,सजाय तथा पुरस्कार र कर्मचारीको कार्यसम्पादन मुल्यांकनको आधारबन्नेछ ।

9. अनुगमण तथा मूल्यांङ्गनलाई श्रोत साधन कर्मचारीको व्यवस्था सहित छुट्टै शाखाको ब्यावस्थ गर्नेछ ।

10. विषयगत ,क्षेत्रगत तथा कामको प्रकृति अनुसार अनुगमनको आधार,मापदण्ड तथा सूचकहरु निर्धारण गर्नेछ ।

11. रणनीतिक योजना कार्यान्वयनका लागि लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ छैन र कार्यतालिकाअनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त हुने दिशातर्फ क्रियासिल भएको छ छैन भनी नतिजामुलक अनुगमण तथा मुल्यांकन पद्धतिबाट चौमासिक तथा वार्षिक नियमित समिक्षाका अलावा विभिन्न सरोकारवालाहरुको सहभागितामा वर्षको कम्तीमा १ पटक रणनितिक योजना कार्यान्वयनको वार्षिक समिक्षा गरिनेछ ।

12. वार्षिक रुपमा विभिन्न तहमा गरिने आन्तरिक अनुगमण समिति तथा त्यसको जिम्मेवारी स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले निर्धारण गरेअनुसार हुनेछ ।

13. अनुगमनका लागि निम्न विधिहरु प्रयोग गरिनेछः

- स्थलगत अवलोकन,
- सरोकारवालाहरुसँग छलफल,
- नागरिक समाजका सँस्थाहरु परिचालन,
- मिडिया अनुगमन
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण
- बेव साइट, मोबाइल एप्स् तथा सूचना पाटीमा प्रकाशन

## ग. उपभोक्ता समितिबाट सञ्चालित योजनाहरुको अनुगमन तथा मूल्यांकन

- आयोजना, परियोजना र कार्यक्रम तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजना, परियोजना तथा कार्यक्रमको गुणस्तर, परिमाण सुनिश्चित गर्न उपभोक्ता भेलाबाट कम्तिमा एक जना महिला सहित ३ देखि ५ सदस्यीय एक अनुगमन समिति गठन गर्नेछ ।
- यसरी गठित समितिले निम्न कामहरु गर्नेछः:
  - योजनाकोकार्यान्वनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,
  - योजनाकोकार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,
  - उपभोक्ता समितिले संचालन गर्ने आयोजाना तथा कार्यक्रमहरुसंग सम्वन्धित अन्य कार्य गर्ने ।

### घ. प्रतिवेदन र प्रयोग

अनुगमन तथा मूल्यांकनकार्यबाट मुख्यतयाः निम्न प्रतिवेदनहरु तयार हुनेछन्:

- चौमासिक, वार्षिक प्रगतिप्रतिवेदनः आयोजनाको लक्ष्य र प्रगतिको यथार्थ स्थिति थाहा पाउने ।
- आधारभूततथ्याङ्कविवरणतथाअध्यावधिकफारामः आवधिक योजना र वार्षिक विकास कार्यक्रम तथा वजेट तर्जुमाका अवस्थामा आयोजनाको अध्यावधिक स्थितिको जानकारी लिने ।
- स्थलगत अनुगमन प्रतिवेदनहरू : आयोजनाको सम्बन्धमा आवश्यक सुधारका लागि निर्णय लिने ।
- मूल्याङ्कनप्रतिवेदनः मूल्याङ्कनबाट प्राप्त सल्लाह तथा सूझावहरूको कार्यान्वयनबाट आयोजनाको चालु अवस्थामा सुधार गर्न र अर्को चरण तर्जुमा वा म्याद थप गर्नुपर्ने अवस्थाको जानकारी प्राप्त गर्ने ।

## ८.४ अभिलेख व्यवस्थापन

रणनीतिक योजनाको सही मार्गदर्शन र लक्ष्य हासिललाई सहयोगी बनाउनका लागि कानुन तथा नीतिहरुले निर्धारण गरेका अभिलेख विधिको अतिरिक्त निम्न प्रणाली कार्यान्वयन गर्नेछः

- रणनीतिक योजनाअनुसारको डाटावेश
- अनुगमन तथा मूल्यांकन कार्यविधि
- चौमासिक तथा वार्षिक प्रतिवेदन
- मध्यावधि मूल्यांकन
- आवधिक मूल्यांकन

## ८.५ अनुसन्धान र विकास

विकास कार्य निरन्तर प्रगति र परिमार्जनको प्रक्रिया हो । विकास यात्रामा सिकाइ र सुधार निरन्तर प्रक्रिया हो । त्यसमा पनि हालै स्थापित नगरपालिका नगर विकासको यात्रामा प्रारम्भिक चरणमै छ । वार्षिक, आवधिक तथा अन्य विषयगत अल्पकालीन र दीर्घकालीन योजनाहरु सबै सिकाइ र परिष्करणकै प्रक्रियामा छन् । यस अर्थमा नगरले आफ्ना हरेक गतिविधिहरुलाई एक अनुसन्धानको रुपमा प्रयोग र विश्लेषण गर्दै त्यसबाट आएका सिकाइहरुलाई अभिलेख गर्ने र तिनलाई आगामी चरणको योजनामा समावेश गर्ने गरी वार्षिक प्रतिवेदनमा सिकाइ तथा सुधारका सिफारिसबारे छुट्टै अध्याय समावेश गर्नेछ । हरेक नयाँ वर्षमा अघिल्लो वर्षको सिकाइ कसरी प्रयोग गरिएको थियो र यसबाट के उपलब्धि भयो भन्ने विषय समावेश हुनेछ । रणनीतिक योजनाको मध्यावधि र आवधिक मूल्यांकन चरणमा अनुभव र सिकाइहरुको छुट्टै खण्ड तयार हुनेछ । जुन नगरपालिकालगायत सबै विकास सरोकारवालाहरुलाई उपयोगी बन्न सक्नेछ ।

सिकाइ र संश्लेषणको आधारमा रणनीतिक योजनाका परिमाणात्मक लक्ष्य, कार्यक्रम तथा रणनीतिहरु मूलभूत मर्ममा हेरफेर नपर्ने गरी वार्षिक सभाले संशोधन गर्न सक्नेछ । तर यस्तो संशोधनको परिमाण र पटकलाई सीमित गरिनेछ ।

# अनुसूची १

## रोजगारी तथा आयआर्जनका क्षेत्रगत रुपमा लागि सम्भाव्य क्षेत्रहरु

**कृषि तथा वन पैदावारमा आधारित उद्योगः**

फलफूल खेती/फलफूल प्रशोधन, खाद्य प्रशोधन, पशुपालन र पशु प्रजनन, पशुपंक्षी, पालन र प्रजनन, दुध उद्योग, कुखुरापालन/चल्ला काढ्ने व्यवसाय, मत्स्यपालन/भुरा उत्पादन, कफी खेती/कफी प्रशोधन, तरकारी बीउबिजन उत्पादन, तरकारी खेती/तरकारी प्रशोधन, हरित गृह स्थापना र सञ्चालन, मौरीपालन (मह उत्पादन प्रशोधन र प्रजनन) नर्सरी व्यवसाय, गेडागुडी सङ्कलन केन्द्र, नगदेवालीको व्यवसायिक खेती तथा प्रशोधन, अलैंची, अदुवा, बेसार, तेलहन र यस्तै मसलावाली, गेडागुडी आदि)बाँस खेती र बाँसजन्य उत्पादनहरु ।

**परम्परागततथाअन्य घरेलु उद्योगहरु**

कृषि औजार निर्माण, फलामबाट बनेका हस्तनिर्मित भांडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हंसिया, कुटो, कोदालो जस्ता परम्परागतऔजारहरु उत्पादन, ढाका बुनाई, हाते तान, खुट्टे तान, , कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाइ, तयारी पोशाकबाहेक र बुनाई, ऊन र पश्मिना, पोशाक, ज्यासलपसल, तामा, पित्तल, ढलौट, कांस र सुन चांदीबाट हस्तनिर्मित गर गहना, वस्तु, वाँस, चोया, बाबियो, अल्लो आदि प्राकृतिक रेशामा परम्परागत संस्कृति, वाजागाजा र कलादर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु ।

**उर्जामूलक उद्योग :** वायो ग्याँस तथा अन्य स्रोतबाट उर्जा पैदा गर्ने उद्योग ।

**खानीजन्य उद्योग धातु तथा अधातु खनिज :** उत्खनन, प्रशोधन, ढुङ्गागिट्टी, वालुवा, रोडा उद्योग

**पर्यटन उद्योग :** ग्रामीण पर्यटन तथापर्या पर्यटन (Eco-tourism), सांस्कृतिक, धार्मिक, सभा सम्मेलनतथा खेलकुदपर्यटन Cultural, Religious, Conference and Sports Tourism पर्यटक आवास, होटेल, रिजोर्टरेष्टुराँ, ट्राभेल एजेन्सी, टुर अप्रेटर, टुरिष्ट गाइड, हिलिङ्ग सेन्टर

**साहसिकपर्यटन** (Adventure Tourism) **:** पाराग्लाइडिङ्ग, वाटर ऱ्याफ्टिङ्ग (Water Rafting), साइक्लिङ, रक क्लाइविङ र अबलोकन । .मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन, Mountain Flight सञ्चालन

**सूचनातथा सञ्चार प्रविधिउद्योग :** टेक्नोलोजीपार्क, आइ टि पार्क, सफ्टवेयर विकास, कम्प्यूटर तथा सम्बन्धित सेवाहरु, तथ्याङ्कप्रशोधन, साइवर क्याफे, डिजिटल म्यापिङ्ग, इन्टरनेट सेवा, टेलिफोन तथा सेलुलर टेलिफोन सेवाहरु, मोवाइल टेलिफोन, टेलिभिजन प्रसारण (स्याटेलाइट तथा केबल टेलिभिजन प्रसारण) सेवा, एफ.एम. रेडियो प्रसारण सेवा

**सेवाउद्योग :** व्यूटी पार्लर, निर्माण भईसकेका पूर्वाधारहरुको सञ्चालन (सभा भवन, खानेपानी, ईन्धनजन्य ग्याँस आपूर्ति, गोदामघर तथा भण्डारण, स्पोर्टस् कम्प्लेकस, कम्प्लेक्स, डिपो, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु, सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय, निर्माण, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, शीत भण्डार सञ्चालन, वायरिङ्ग, फिटिङ्ग र मर्मत, फोहोर मैला सङ्कलन तथा सरसफाइ, खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग, कपडा, प्याकेजिङ्ग, कुरियर, ड्राइक्लिनिङ्ग, सुरक्षा सेवा प्रदान, विज्ञापन, समाचार सम्प्रेषण सेवा, डकुमेन्ट्री टेलीफिल्म उत्पादन तथा प्रसारण, स्वाइल टेष्टिङ्ग सेवा, Health Club, पिउने पानी ढुवानी सेवा, व्यवसाय सम्वर्द्धन सेवा (Business incubation service), व्यापारिक कम्प्लेक्स सञ्चालन, वैदेशिक रोजगार सेवा ।

# अनुसूची २ :सुख्खा ग्रस्त क्षेत्र र व्यवस्थापन (समुत्थानशिलता) का लागि लिइने नीति तथा कार्यक्रमहरु

सावक जिल्ला विकास समितिको प्रतिबेदन तथा श्रेष्ठ,२०१५ को प्रतिवेदनका अनुसार नगरका ८ मध्ये वडा न.१ र ३ बाहेक ६ वटा वडाहरुलाई सुख्खाग्रस्त क्षेत्रमा राखेका छन् । यस नगरको वडा न. ५,६,७,८ र ९ को अधिकांश भाग दक्षिणी मोहडा रहेको र बढी सुख्खा रहने गर्दछ भने  उत्तर,उत्तर पुर्वी मोहडाहरुमा भने तुलानात्मक रुपमा दक्षिणी भागको भन्दा चिस्यान रहने र भौगर्भिक रुपमा पनी पानी भण्डारण गर्न सक्ने भु भाग रहेको देखिन्छ ।

## प्राकृतिक कारण

रामेछापनगरको दक्षिण तर्फ पुर्व पश्चिम फैलिएर महाभारत पर्वत श्रृङ्खला रहेको र यसले गर्दा पछाडी पट्टी रहेका रामेछाप नगरको सुनकोशी कछाडका क्षेत्र बृष्टिछायामा परि सुख्खा रहने गर्दछ । नगरको वडा न. ५,६,७,८ र ९ को अधिकांश भाग यस्तो बृष्टी छायामा रहने र मोहडाको हिसावले पनि अधिकांश सुख्खा रहने दक्षिणी मोहडामा छन् । भौगर्भिक हिसावले समेत यस क्षेत्रमा मूख्यत स्लेट र फिलाईट रहेको र ति चट्टानी तहहरुको ढल्काई पनी सतहको अधिकांश स्थानमा समानान्तर रहेको कारण पाकृतिक रुपमा पानी भण्डारण कम हुने गर्दछ। यसर्थ यस क्षेत्र सुख्खा रहने गर्दछ।

## मानविय कारण

जमीनको सूख्खापन मानिसले गर्ने भू उपयोग र भौगर्भिक दुवै कुराको संयोजनले हुन्छ ।जस्तो हामीले खाने पानीको मुल विशेष भौगर्भिक बनावटमा रहेको हुन्छ र त्यस मुलमा वर्षातमा परेको पानी जमीनमा सोसिएर माटोको सम्पर्कमा रहेर अर्न्तश्रवणको रुपमा महिनौ लगाएर बगेर आएको हुन्छ । मुलमा आउने पानी वर्षात को पानी माटोमा सोसिएर माटोभित्र कै बुदको रुपमा रहेर अर्न्तश्रवणको रुपमा बगेर मुलमा आएका हुन्छ र अन्तर्श्रवणको कममा भित्री भागको चट्टानी तहमा जम्मा भएर ,भरिएर निकासबाट बाहिर निस्कन्छ। पानी मुलको माथीबाट सडक खनिएमा यी दुवै वातावरण विग्रन सक्छ र मुल सूक्छ। माटोलाई माध्य्यम बनाएर मुलमा पानी आएउने कममा बिचमा बाटो जादा पानी प्रसारण हुने माध्ययम टुट्छ अर्थात भनौ पानीको नशा टुट्छ भने चट्टानी तह भएमा डोजर लाएमा थर्किएर पानी भण्डारण क्षेत्र खल्बलिन्छ ।यस प्रकृयालाई तल चित्रमा समेत देखाइएको छ ।  तसर्थ कतिपय स्थानमा सडक खनेको एक दुइ वर्षमै सडकको तलतिर पानीका मुल मात्र हैन सडकको दायाबाया सल्ला र सालका बोटहरु समेत सूक्न थालेका छन जस्तो विर्ता लाने सडकको मुडेखोला माथिको भागमा पनि देख्न सकिन्छ ।

**असर :**

खुख्खा,खडेरी पानीका मुल सुक्ने कारण रामेछाप नगरवासीको दैनिकी,सामाजिक आर्थिक जीवन अत्यन्त कष्टकर हुदै गै रहेको छ भने पानीको अभाव कै कारण आन्तरिक र बाह्रय बसाइ सराइ गरेको पाइएको छ । नगर भित्र साना ठुला ६० वटा पानीका मुहानहरुबाट खानेपानीको योजनाहरु सञ्चालन भै रहेको छ भने साविकको खानेपानी तथा सरसफाइ डिभीजन कार्यालय मंथलीबाट क्रमागत रुपामा छतिवने सिमन्तीटार,गोलेखोला लिफ्ट,निर्मल,साघुटार बजार लिखु लिफ्ट,रामेछाप २ लिफ्ट, बावियाखर्क खा.पा., ओखरखोला खा.पा.,हिमगंगा २,खा.पा.आ.,विसौलीखोला लिफ्ट,सिमखेत कार्कीटोल,डाडागाउ कविलास भालुखोप,खोरपानी सल्ले र कात्तिके खा.पा.आ. सञ्चालनमा रहेका छन् । गत २०७४ सालको चैत्र महिनामा यु.एन.डी.पी.को सहयोग तथा साविक भू तथा जलाधार संरक्षण विभागको सहजीकरणमा गरिएको अध्ययन अनुसार नगरको वडा न २ देउरालीमा मात्र ७० वटा कुवा तथा पानीको मुहान रहेको मा ५५ वटा सुकीसकेको र १५ वटा मात्र चालु रहेको अवस्थामा रहेको देखियो भने साघुटारमा कुवा २८ र पानी मुल ४ गरी ३२ वटा मुल रहेको मा २० वटा कुवा र ४ वटा मुल सुकिसकेको र ८ वटा कुवा मात्र जेनतेन चलिरहेको देखिएको छ ।हाल सम्म ५५३ हे.मा परम्परागत कुलोबाट सिंचाई भएको भू उपयोग नक्साबाट देखिएको छन भने सिंचाई भै रहेको स्थानमा पनी खोलाको पानी सुकेर अधिकांश स्थान सिंचाई सुविधा गुमेका छन। प्रसस्त पानीको अभावमा नया सिचाइ योजनाहरुमा बनाउन सकिएको छैन ।



खुख्खा क्षेत्रमा सहज जीवन यापन तथा बढ्दो जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्युनिकरणका लागि मानीसको दैनिक घर ब्यावहार,विकास निर्माण भू उपयोग लगायतका विभिन्न कृयाकलापहरुमा पानी फारो हुने ,संचय गर्ने,माटामा चिस्यान जोगाउने लगायतका विभिन्न उपायहरु अपनाउन अनिवार्य भै सकेकोले ले खुख्खा क्षेत्रमा पानी श्रोत तथा जलाधार ब्यावस्थापनका लागि निम्न कार्यहरु गरिने छन् । सुख्सा क्षेत्रको ब्यावस्थापन,पानीको मुल संरक्षणका कार्यलाई कृषि,पशुपालन,सडक,भू उपयोग योजना,वस्ती विकास र विस्तार लगायतका विविध क्षेत्रमा बहुआयामीक सवाल(क्रस कटिङ सवाल)को रुपमा लिई भूमिगत जललाई पुर्नभरण गर्ने नीति,रणनीति तथा कार्यक्रमहरु प्राथमिकताका साथ संचालन गरिने छ।यसको बजेट तथा कार्यक्रमहरु वडागत बजेट तथा कार्यक्रममा भू तथा जलाधार संरक्षण कार्यक्रम,जलवायु परिवर्तन अनुकुलन तथा खानेपानी तथा ढल निकास,कृषि तथा पशुपालन,सडक लगायतको विषय क्षेत्रमा समाबेश गरिएको छ।खानेपानी तथा सरपसफाई विषय क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कुल बजेटको ३१ वजेट यसै क्षेत्रमा प्रस्ताव गरिएको छ ।

## पानी श्रोत र संरक्षणका उपायहरु




माथि भने झै हामीले खाने पानीको मुल विशेष भौगर्भिक बनावटमा रहेको हुन्छ र त्यस मुलमा वर्षातमा परेको पानी जमीनमा सोसिएर माटोको सम्पर्कमा रहेर अन्तर्श्रवणको रुपमा महिनौ लगाएर बगेर आएको हुन्छ।पानीको मुल सुक्ने नसुक्ने कुरा पानीको मुल भन्दा माथिका पानीको जलाधार (Watershed) क्षेत्र र भौगर्भिक जलाधार क्षेत्र (Springshed) क्षेत्रको भू उपयोग,जमीनको ढकाव,भुगर्भ तथा विकास निर्माण लगायतका कुराहरुमा भर पर्छ । जलाधार क्षेत्र भन्नाले पानीढलो क्षेत्र हो भने भौगर्भिक जलाधार क्षेत्र भन्नाले भित्री चट्टानी ढलोको(चट्टानले बनेको सोली जस्तो भाग)क्षेत्र हो जसमा अन्तर्श्रवण रुपमा बगेर भएर आएको पानी सो मुलमा निस्कन्छ। यदी जलाधार क्षेत्रमा पानी सोसिने किसिमको जमीन छ भने वर्षातको पानी जमीनमा सोसिएर भूभिगत जलभण्डार भरिएर( Rechargeभएर) पानीको मुलको रुपमा पलाउछ । यदी जलाधार क्षेत्र नाङ्गो,बाझो रहेमा,सडक वा अन्य भौतिक कुराले पानीको नशा टुक्याएमा माटोमा पानी सोसिन पाउदैन,वर्षातमा परेको पानी भल पानीको रुपमा बगेर जान्छ अनी पहाडमा खुख्खा रहन्छ तल बेसीमा बाढी र पहिरो आउछ । यसर्थ खुख्खा खडेरी न्यनिकरणका साथै पानीको मुलहरुको संरक्षण गर्न निम्न कार्यहरु गरिने छन् ।




- परम्परागत पानीको मुलको पानीढलो (र संभव भए सम्म विशेष प्राविधिकको सहयोगमा भौगर्भिक पानी ढलो समेत) निर्धारण गरी निर्धारण भएको पानी ढलो क्षेत्रमा वर्षातको पानी बढी भन्दा वढी सोसीने प्रवन्ध मिलाउन जमीन अनुसार विभिन्न कार्यहरु गर्ने जस्तो :



## बारी भएमा

बारीको भित्ता भित्तामा २।३ फिट गहिरो,२ फिट चौडा कुलो खन्ने ,बारीको पाटोमा निस्केका ढुङ्गाहरुले सो कुलो पुरेर माथी माटोले पुर्ने ताकी वाली पनी लाउन होस र वर्षे पानी पनी सोसियोस।त्यसरी बनाएको कुलोमा पानी सोसिएर चिस्यान बस्ने भएकोले भित्तामा लहरा जाने गरी बोडी,सिमी जस्ता लहरेबाली लगाइ फाइदा लिन सकिन्छ ।बारीको डीलडीलमा घासे र कोषे जातको डालेघासको हार बनाउने,गरो धेरै चौडा भएमा समोच्च रेखा पर्ने गरी बीच बीचमा २ ।२ मीटर कोषे घास तथा डालेघासको हार(हेज रो) बनाउने ।

## वनबुट्यान भएमा



वन वा बुट्यानको बीच बीचमा २०।२० मीटरको फरकमा माथिको जस्तै कुलो बनाएमा सो कुलो र तल्लो भागमा चिस्यान रहने भएको ले कुलाको आडमा डालेघासका बेर्नाहरु,बहुउपयोगी विरुवाहरु,उन्नत घासहरु लगाई पाइदा लिने । कुलो वी बीचमा ठाउ ठाउमा पानी सोस्ने साना साना पोखरी रिचार्ज पीटहरु बनाउने र कुलोको मुख या त खोला खोल्सी वा ठुला पोखरीहरुमा जोडेर निकास मिलाउने ।

## खोल्सी गल्छि भएमा



खोल्सी गल्छी भएमा गल्छी कटान र गहीराइ बढ्न नदीन तथा पानी सोसाउन गल्छीको आकार अनसार ढुंगा,बास,बोटविरुवा वा ग्याबियनको चेक ड्याम बनाएर गल्छिको लहरै विरुवाको हार बनाउने ।

## सडकहरु लान परेमा वा बनाइ सकेको भएमा



सडकलानु परेमा मुलको माथि नपार्ने र डोजर पनी नलगाउने ।सडक बनाइ सकेको भएमाबाटोमा भल पानी निकासको कुलो अनिवार्य बनाउने ,कुलोको पानी खोला खोल्सीमा निकास गरी मिल्दो ठाउहरुमा अस्थायी रुपमा पानी समेत अडीने गरी चेक ड्याम बनाई बोट विरुवा लगाई जमीनमा बढी भन्दा बढी पानी सोसाउने । साविकमा खोला खोल्सीमा प्राकृतिक पानीको बहाव जस्तो थियो त्यस्तै गरी सुरक्षित संरचना बनाई पानी सोसिन मद्यत पुग्ने गरी चेक ड्यामहरु बनाई बग्न दिने ।

## जमीन ओशिलो राख्न जलाधार संरक्षणका विशेष कार्यहरु गर्ने



जस्तै : यसका साथै परम्परागत पोखरीहरुको संरक्षण गर्ने, पुरेका पोखरी पूनरुत्थान गर्ने, गाउघरको बाटोमा बग्ने भललाई संकलन गर्ने पोखरी बनाई वढी पानी आउदा खोला खोल्सीमा सुरक्षित निकास बनाउने ,खोल्सीमा बग्ने पानी आवश्यकता अनुसार खेतबारीमा र खेतबारीको बढी पानी सुरक्षित निकास चाहिदा खोल्सी जाने गरी खेत बारीको शिरानमा कुलो पोखरीहरु बनाउने,मध्यम् भिराला बारी ( १५ देखी २१ डीग्री सम्मका लाई) सम्भव भए सम्म गह्रहरु सुधार गर्ने,नभए विचमा विरुवाको हेज रो बनाउने नाङ्गो क्षेत्र,बुट्यन क्षेत्रमा उपयोगी विरुबाहरुको बृक्षारोपण गर्ने,बृक्षारोपण गर्दा अर्ध चन्द्राकार आकारमा १.५ देखी २ मी को आखी भै जस्तो वर्षे पानी संकलन गर्ने दुनो बनाई त्यसको मुनीबाट विरुवा रोप्ने ,विरुवाहरु २ वर्षको ३।४ फिटको हुर्केको विरुवा मात्र रोप्ने ,हरित क्षेत्रको कायमु राख्ने जमीनलाई बाक्लै घास पात लगाई ले लुगा लगाए झै ढाकेर राख्ने ,खेती गर्दा मल्चिङ गर्ने,खेतीवारी संरक्षण गर्ने





- **खानेपानी योजना सञ्चालन गर्दा** : खानेपानीको योजनामा पाइप, टंकी, धारामात्र होइन पानीको मुल र मुहान संरक्षणको कार्य पनि समाबेश गर्ने

**वन ब्यावस्थापन गर्दा**



रनअफ हार्भेष्टिग ड्याम, विरेन्द्रनगर ४, नयाँघुसा, सुर्खेत

पानी मुहानको जलाधार क्षेत्रमा सल्लाको एकल प्रजाती वन भएका चौडापाते मिश्रीत वनको रुपमा कमिक रुपमा रुपान्तरण गर्न डीभिजन वन कार्यालय संग समन्वय गर्ने,सामुदायिक वन भए कार्य योजनामा समोश गरी योजना बनाउने नगर र डीभिजन वनको सहकार्यमा कार्य गर्ने ।

**सुख्खा क्षेत्रमा कृषिमा अनुकुलनका निम्न उपायहरु अपनाउने**

- जमीन ओशिलो राख्न जलाधार संरक्षणका विशेष कार्यहरुमा माथि उल्लेखीत कार्यहरु  गर्ने
- खोला खोल्सीमा वर्षे भल पानी संकलन पोखरी बनाइ सिंचाइ गर्ने
- सिंचाइ हुन नसक्ने पाखो बारीहरुमा सुख्खा खप्ने बालीहरुको जात पहिचान तथा प्रवर्धन (घैया धान, जुनेलो,कागुनो,सितल चिनी( सैजुन),फापर,अदुवा,बेसार,गहत पाकेट क्षेत्रको रुपमा विकास गर्ने ।
- बाली विविधिकरण (कृषि, पशुपालन, मसलाबाली, कन्दमुल, फलफुल)
- सामुदायिक बिउ बैंकको स्थापना
- पानी फारो सिंचाई प्रविधि, थोपा सिंचाइ, जुठेलो सिंचाई
- बोरा खेती, समुच्च रेखामा खेती (Contour Trench Farming)
- मल्चिंग (छापो खेती)
- संरक्षण खेतीपाती

**पशुपालनका अनुकुलनका उपायहरु**

- पानी किफायती पशुपालन (भैंसीको सट्टा बाख्रापालन),बधुवापालन,बांझो जग्गामा घांस व्यवस्थापन,खर्क व्यवस्थापन

**जैविक विविधता**

- डढेलो नियन्त्रण, पुराना कुवा, पोखरी तालहरुको दर्ता तथा सुचिकरण,

**प्रस्तावित कार्यक्रम र सहकार्यका क्षेत्रहरु**

- पानी मुहान संरक्षण,जलाधार संरक्षण सम्बन्धि जनसमुदाय र जनप्रतिनिधि र खास गरी मुल बरीपरिका समुदायमा जनचेतना अभिवृदी गर्ने ।तालिम गोष्ठी,भ्रमणहरु गर्ने,प्रचार प्रसार सामग्री उत्पादन वितरण गर्ने,रेडीयो टेलिभिजनमा प्रसार गर्ने ।
  - एकिकृत जलाधार संरक्षणका प्याकेज कार्यक्रमहरु संचालन गर्ने
  - पानी मुहानहरुको जलाधार क्षेत्र संरक्षण
  - संरक्षण बृक्षारोपण
  - संरक्षण पोखरी ,रिचार्ज पीट निर्माण
  - गह्रा सुधार,हेज रो निर्माण
  - पानी सोसाउने कुलो नालाहरु निर्माण
  - गल्छि पहिरो उपचार,चेक ड्यामहरु निर्माण
  - खेतीबारी संरक्षण,मल्चिङ  तथा पानी फारो प्रविधी ,थोपा सिंचाई
  - आकाशे पानी संकलन पोखरी तथा छतको पानी संकलनको घैला
  - अन्तर पालिका सहकार्यमा खानेपानीको योजना विस्तार

# अनुसूची ३: पर्यटन प्रवर्धनका प्याकेजहरु

रामेछाप नगरलाइ ऐतिहासिक,सांस्कृतिक,धार्मीक र राजनैतिक पर्यटनको रुपमा विकास गर्ने अवसर रहेको छ । यसका साथै प्राकृतिक रुपमा पनि रामेछाप बजार र वरिपरिको क्षेत्र शितल हावापानीको कारण नजीकको शहर र तथा बजार केन्द्रहरुबाट आन्तरिक पर्यटकहरु प्रसस्त आउने संभावन रहेको छ। रामेछाप नगरको विभिन्न क्षेत्रमा रहेका पर्यटकिय आकर्षणहरुलाई प्याकेजको रुपमा क्रमिक रुपमा विकास र विस्तार गर्ने गरी हाललाई निम्न प्याकेजहरु प्रस्ताव गरिएको छ ।

## १. सास्कृतिक र ऐतिहासिकः नगरी ,रामेछाप र भंगेरी

### पर्यटकिय आकर्षणहरु

*ल्याङल्याङ भिमसेन मन्दिर*

वडा नं ९ मा रहेको भिमसेनस्थान यस क्षेत्रको चर्चित मन्दिर हो ।यहा रामेछाप मात्र होइन वरीपरीका जिल्लाहरु र काटमाण्डौ समेतबाट पुजा गर्न आउने गर्दछन । यो मन्दिर करिव १३५ वर्ष पुरानो भएकोले पुरातात्विक महत्वको मानिन्छ।हाल यहा पुरातात्विक विभागबाट अनुसन्धान समेत भै रहेको छ ।त्यस्तै वडा नं ८ को केवलेश्वर मन्दिर नेपालको धार्मीक सम्पदा सुचिमा सुचिकृत रहेको छ ।

*ऐतिहासिक किल्ला तिल्केस्थान र डुगुरशिङडाडा*

रामेछाप र मंथली नगरको सिमामा पर्ने तिल्केस्थान गढी हुदै डुगुरशिङडाडा ऐतिहासिक स्थल हो ।नेपालको स्वाधिनता जोगाउन सन् १८२४ सालमा सिंधुली गढीमा तत्कालिन इष्ट इण्डीया कम्पनीसंग नेपालले विरतापुर्वक लडेर लडाइ जीतेर नेपालको स्वाधिनता जोगाएका थिए।सो बेला अघिल्लो किल्ला सिंधुली गढी र पछिल्लो किल्ला तिल्केस्थान देखी डुगुरशिङ डाडा सम्मको गढी थियो र अघिल्लो गढीमा अंग्रेजलाइ छेक्न नसके यही पछिल्लो गढीमा छेक्ने तयारी थियो । यो किल्ला विरयोद्धा अमरशिङ थापाको आफ्नै हातले नापेर बनाएको ईतिहास उनका छोराद्धारा रणभिम थापाद्धारा लिखित माथवर खण्डकाब्यमा उल्लेखित छ ।

*गङ्गालाल ।पुष्पलाल प्रतिष्ठान।अध्ययान केन्द्र*

रामेछापलाई राष्ट्रियस्तरमा पहिचान दिलाउने राष्ट्रिय ब्यक्तित्वहरु गङ्गालाल, पुष्पलाल, कृष्णलालमध्ये सहिद गङ्गालाल तथा नेपाल कम्युनिष्ट पार्टीका नेता पुष्पलालको जन्म यही नगरपालिकाको वडा नं. ८ भँगेरीमा भएको थियो भने चर्चित मकैपर्वका अभियन्ता कृष्णलालको जन्म छिमेकी मन्थली नगरपालिकाको कठजोरमा भएको थियो । यसैले रामेछाप जिल्लालाई तीन लालको जिल्लाको नामले समेत सुपरिचित छ। यसर्थ नेपालका दुई राष्ट्रिय ब्यक्तित्व गङ्गालाल र पुष्पलालको जन्मस्थल भंगेरी ऐतिहासिक सम्पदास्थल हो । हाल यहाँ पुष्पलाल पार्कको नामबाट पार्क निर्माण कार्य सरकारी स्तरबाट भई रहेको छ ।यसलाइ थप प्रवर्धन गर्न त्याहा मार्क्सबादको पुस्तकालय स्थापना तथा प्रवचन केन्द्र खोलर राजनैतिक पर्यटन प्रवर्धन गर्न सकिन्छ ।

***हायु जातीको संस्कृति र संग्रहालय***

नेपालमा रहेको लापोन्मुख समुदाय हायु जातीको संस्कृति र संग्रहालय,मगर,नेवार,तमाङ संस्कृतिको प्रवर्धन गर्दै पर्यटन प्रवर्धन गर्न सकिन्छ ।

***पहिलो वायु उर्जाको परिक्षण हावा मील***

नेपालको ईतिहासमा सवभन्दा पहिले रामेछापमा नै हावा मिलको निर्माण भएको थियो ।सो बेलामा निर्मीत हावा मिल केही प्राविधिक कारण पछि विग्रीएता पनि हावाबाट उर्जा निकाल्ने उपायको शुत्रधार रामेछापले गरेको थियो र आजको उर्जा संकटको समयमा त्यो बेलाको सोच र सिद्धान्त आज र भोली पर्यन्त उपयोगी रहने छ ।

**कृयाकलापः**

- दृब्यावलोकनःगौरी शंकर हिमश्रंखला,महाभारत पर्वतमाला
- पदयात्रा : रामेछाप,भंगेरी,प्लाटिक पोखरी,डुगुरशिङ डाडा हुदै तिल्केस्थान गढी रामेछाप, ल्याङ ल्याङ भिमसेन स्थान, तिल्केस्थान गढी, डुगुरशिङ डाडा, प्लाटिक पोखरी,भैगेरी रामेछाप
- अध्ययनःगंगालाल पुष्पालाल अध्ययन केन्द्र,हायु संग्रहालय,तामाङ संस्कृति
- तिर्थाटनःभिमसेन दर्शन, निशान भगवती, पशुपति मन्दिर

**२. रामेछापको जुनार,भालुखोप ,ओखेनी र गाइगार**

**पर्यटकिय आकर्षहरु**

ताराखसे पोखरी,भालुखोप भ्यु टावर,भालुखोप बजार,ओखेनी ,कटुन्जे र गाइटार,जुनार बगैचा,तामाङ भाषा संस्कृति

**कृयाकलाप**

दृब्यावलोकन : ताराखसेर बनेको पोखरी,भालुखोप डाडा जसबाट गौरीशंकर हिमश्रृङखला देखी महाभारत पर्वतमाला हेर्न सकिन्छ

पदयात्रा : रामेछाप, ताराखसे पोखरी, भालुखोप भ्युटावर ओखेनी, ओखेनी ,कटुन्जे र गाइटार, जुनार बगैचा

- जुनार बगैचा भ्रमण,अध्ययन,अनुसन्धान,
- जुनार गाउँ,आफै टिपैरै खाउ,रमाउ ,चाखेर अरुलाइ नी बोलाउ

**३. रामेछापको पुर्वीद्धार,हिमगंगा र साघुटार**

**पर्यटकिय आकर्षनः:**

***सबभन्दा पुरानो फलामे पुल र पुर्वी ढोका साघुटार बजार***

साघुटार बजारम झण्डै १३० वर्ष अघिको राणाकालिन पुल रहेको छ जसले साँघुटार बजारको बाटो भएर ओखल्ढुंगा, खोटांग, भोजपुर, संखुवासभा सोलुखुम्वु समेतलाइ जोड्थ्यो । यहिले पनि

साघुटारबाटै ओखलढुङ्गा र सोलुका विभिन्न स्थानमा यसैबाटो भएर आउजाउ गर्दछ । यसठाउबाट नर्मदेश्वरमा तिर्थाटन जाने र आउने पनि गर्दछ ।साघुटार पुरानो बजार केन्द्र हो ।यहा नेवार ,ब्रहण,क्षेत्री,मगर लगायत विभिन्न समुदायहरुको बसोवास रहेको छ। हिमगंगा नामले चिनीने लिखु नदीको किनारमा अवस्थित यो वजारमा भक्तपुरमा हुने जति सम्पुर्ण र्सास्कृतिक पर्वहरु जस्तै गाइजात्रा, हिलेजात्रा, लाखेजात्रा, घिन्तांग घिसि, सिटिनखः, बिस्केट, दशैपर्बका बेला मोहनी, तिहारमा म्हपुजा जस्ता पर्वहरु मनाइन्छ ।

***सगरमाथाको बैकल्पिक पदमार्ग***

बाम्ती जाने मार्गलाइ मध्यपहाडी र लिखु कोरिडरको बाटोमा जोडन सके पोकली झर्ना, एभरेष्ट बेस क्याम्प, सोलु सल्लेरी जाने बेकल्पीक पदमार्ग बन्ने देखिन्छ ।

***हिमगंगा नदी पर्यटन संस्कृति र सम्पदा***

लिखुखोलाको लाई हिमाल गंगा हिमालबाट आउने गंगा नदी भनी पवित्र नदीको रुपमा पुजा गरिन्छ।हिमगंगा नदीले वनाएको ठाउठाउका फाटहरु कृषि उत्पादन मात्र हैन जलयात्राको संगसंगै कृषि पर्यावरणको लागि पनि महत्वपुर्ण छन्।लिखु नदी वरीपरि वस्ने मगर, सुनुवार, माझी लगायतको भाषा, भेष भुषा, जात्रा, मेला, नाचहरुको संरक्षण र प्रवर्धन गर्न सके यसलाई पर्यटकिय संस्कृति र सम्पदाको रुपमा विकास गर्न सकिन्छ।तुरधासी मागर नाच यस क्षेत्रको प्रचलित नाच हो ।लिखु खोला क्षेत्रका सिचाइ हुने फाँटहरुमा ब्यबसायिक खेती, माछापालन, आँप, लिची, कटहर, मसला जस्ता बस्तुहरुको उत्पादन गरि रामेछाप नगरपालिकालाइ धनी बनाउन सकिनेछ

**४. जनजाती र संस्कार,च्यास्कु, चारघरे र गोल्माटार**

रामेछाप नगरको वडा नं ५ र ६ मा तामाङ,मगर, नेवार ,सुनुवार,माझी जस्ता थरी थरीका जनजातीहरुको बसोवास रहेको छ । यी समुदायको आफ्नो भाषा,संस्कृति र परम्पराहरु छन् । तामाङ सेलो अनी डम्फुनाच,मगर समुदायको तुरधासी नाच,नेवारहरुको मारुनी,देउसीरे भैलो,भजन किर्तन, घिन्तांग घिसि, सिटिनखः, बिस्केट, दशैपर्बका बेला मोहनी, तिहारमा म्हपुजा यस क्षेत्रका प्रमुख संस्कृति हुन ।माझी समुदायको कोशी पुजा,श्राद्धकर्म,सुनुवारको मारुनी र मार संस्कृतिक सम्पदाहरु हुन । दशै तिहार बाहेक धान्य पुर्णे जात्रा,बालाचतुर्दशी मेला,बैसाखे पुर्णे प्रमुख चाडपर्वहरु हुन । यी सांस्कृतिक सम्पदालाई समेटेर संरक्षण र प्रवर्धन गर्न सके यस क्षेत्रमा सांस्कृतिक, औद्योगिक पर्यटन प्रवर्धन गर्न सकिन्छ ।

**५. देउराली, थलहरी,गोठगाउ ,कम्तीमा एक चोटी हेर्न जाउ**

परापुर्वकालमा  साघुटार हुदै सालु,रामेछाप,मंथली तथा रामेछापको उत्तरी भु भागमा जाने मुलगौडो देउराली पर्ने भएकोले बास बस्ने बटुवाहरुले धार्मीक आस्थाका साथ देवी देउराली बनाई पुजागर्ने ठाउ देउराली डाडा अनी रामेछाप नगरको सर्वोच्च शिखर थलहरी डाडा र गोठगाउ गोठपानीको चिसो शितल हावा पानी अर्गानिक उत्पादन,दुध,आलुको उत्पादनले रामेछापन नगरको उत्तरी क्षेत्रमा पर्यटन प्रवर्धन गर्ने अवसर दिलाएको छ ।थलहरी डाडा रामेछाप,मंथली र लिखु तामकोशी गा.पा.को संगमस्थल रहेकोले संयुक्त रुपमा पर्यटन प्रवर्धन योजना समेत बनाउन सकिने छ ।

# अनुसुची ४ः रामेछाप नगरपालिका शिक्षा शाखाको सोच पत्र २०७५

**क परिचयात्मक खण्ड**

**१. कार्यालयको नामः** रामेछाप नगरपालिका शिक्षा शाखा

**२. कार्यक्षेत्रः** रामेछाप नगरपालिका भरी

(साविकका गोठगाउँ, देउराली, साँघुटार, हिमगंगा, रामपुर, ओखेनी, सुकाजोर तथा रामेछाप गाविसका सबै वडाहरु र हाल नगरपालिकाका सम्पूर्ण वडाहरु)

**३. प्रदान गर्ने सेवाः**

- माग फाराम संकलन, छानविन, सिफारिस र निकासा
- निकासा ससर्त (पाठयपुस्तक, छात्रवृत्ति आदि)
- निकासा निःशर्त ( मसलन्द, बुककर्नर ...आदि)
- तथ्याँक संकलन
- स्रोतकेन्द्रमा प्र अ बैठक संञ्चालन
- सामाजिक परीक्षण फाराम संकलन र समष्टिगत तयार र प्रस्तुत
- अनुगमन, निरीक्षण, सुपरिवेक्षण
- विद्यालय सुधार योजना निर्माण र अध्यावधिक
- परीक्षा फल प्रमाणित
- भेला बैठकमा सहभागी
- EMIS सम्बन्धित कार्यहरुः वितरण, संकलन विश्लेषण र सत्यापन
- शिक्षकहरुको का स मू सम्बन्धित कार्यहरु
- भौतिक निर्माण सम्बन्धित सिफारिस
- सरकारी तथा गैर सरकारी संघ संस्था संग समन्वय र सहजीकरण
- परीक्षा अनुगमन, सि.उ. विश्लेषण र प्रक्षेपण
- करार शिक्षक छनोटमा पर्यवेक्षण समन्वय र सहजीकरण
- अख्तियार दुरुपयोगका मुद्दा मामिलाहरुमा स्थलगत छानविन र राय सहित प्रतिवेदन

**ख) योजना खण्ड**

**१ वर्तमान स्थितिको विष्लेषण**

- पहुँचमा बृद्धि पहुँचमा वृद्धि (छात्रा,दलित,सिमान्तकृत)
- भौतिक सुविधा विस्तार
- शिक्षक तालिम
- सूचना तथा संचार प्रविधिको उपयोग
- अंग्रेजी भाषाको मोह

## २ यस अघिका कामका सबल पक्ष

- पहुँचमा वृद्धि (छात्रा,दलित,सिमान्तकृत)
- भौतिक सुविधामा बढोत्तरी
- सिकाइ उपलब्धिमा वृद्धि
- कक्षा १ देखि कक्षा ५ सम्म अनिवार्य रुपमा थप अंग्रेजी भाषाको थालनी
- हिमगंगा मा वि साँघुटारमा प्राविधिक धार तर्फको विद्यलय सञ्चालन रहेको

## ३ जनशक्ति

- गौरीशंकर मा वि स्रोतकेन्द्र रामेछाप
- हिमगंगा मा वि स्रोतकेन्द्र साँघुटार
- प्राविधिक शिक्षालय १
- क्याम्पस २
- स्रोतव्यक्ति संख्या २
- करिव ४०० शिक्षक स्टाफ (स.का.,कर्मचारी ,शिक्षक)

## ४ नीति तथा कार्यक्रम

- भौतिक सुविधा विस्तार
- गुणस्तर अभिवृद्धि
- विद्यालय बाहिर रहेका बालबालिका हरुलाई विद्यालयमा भित्र्याउने र टिकाउने
- प्राविधिक शिक्षाको विस्तार

## ५ विगतका प्रमुख उपलब्धि

- समयमा शिक्षकहरुकोसाथै कर्मचारीहरुको निकासा
- भौतिक व्यस्थामा सुधार
- सिकाइ उपलधिमा वृद्धि
- तथ्याँक अद्यावधिक
- भर्नादर, तह पूरागर्ने दर बढ्नु
- दोहोऱ्याउने दर र छाड्ने दर घट्नु
- विद्यालय सुधार योजना निर्माण र अध्यावधिक
- साँघुटार स्रोतकेन्द्रमा प्राविधिक शिक्षालयको स्थापना

## ६. गर्नुपर्ने काम, अवसर र चुनौतिहरुः

| कसं | विषय क्षेत्र | मूख्य सवाल | अवसरहरु | चुनौतिहरु | कैफियत |
|---|---|---|---|---|---|
| | १ | अंग्रेजी माध्यम | शिक्षक विद्यार्थीमा मोह | शिक्षक तालिम,पा.पु.,शैक्षिक सामाग्री | |
| | २ | तथ्याँक व्यवस्थापन ( स्रोतकेन्द्र) तथ्याँक व्यवस्थापन ( विद्यालय) | तथ्याँकलाई व्यवस्थित गर्न सकिने | स्रोतकेन्द्रः ल्यापटप,कम्प्युटर,प्रिन्टर,प्रोजेक्टर,व्यवस्थापन विद्यालयःकम्प्युटर,प्रिन्टर,प्रोजेक्टर | |
| | ३ | लेखा व्यवस्थापन तालिम | ५७ जना लेखापाल र ५७ जना प्र अ ले तालिम पाउँने | विद्यालयको लेखा व्यवस्थित हुने साथै आर्थिक पारदर्शिता । | |
| | ४ | विद्यालय गाभ्ने,कक्षा घटाउने र बन्द गर्ने | अनुत्पादक क्षेत्रको खर्च कटौती | सरोकारवालाहरुको असन्तुष्टी | |
| | ५ | कम्प्युटर सम्बन्धित तालिम | सबै प्र अ, शिक्षकहरुले पाउने | अभिलेखहरु व्यवस्थित राख्ने | |
| | ६ | गौरीशंकर मा वि मा प्राविधिक शिक्षा | विद्यार्थीहरुले प्राविधिक ज्ञान हासिल गर्ने | अनुमति, सञ्चालन र व्यवस्थापन | |
| | ७ | दरवन्दी मिलान | न्यायोचित वितरण | सरोकारवालाहरुमा असन्तुष्टी नियमित गर्न कठिनाइ, | |
| | ८ | न्यून दरवन्दीहुनेलाई अनुदान | सि.उ.मा वृद्धि | न्यून दरवन्दीले पठनपाठनमा बाधा | |
| | ९ | उत्कृष्ट सि उ भएकालाई प्रोत्साहन अनुदान | एस इ इ परीक्षामा र कक्षा ८को परीक्षामा उत्कृष्ट नतिजा ल्याउने ३ ओटा विद्यालयलाई पुरस्कार | आर्थिक समस्या | |
| | १० | न्यून सि उ भएकालाई अनुदान | एस इ इ परीक्षामा र कक्षा ८को परीक्षामा न्यून नतिजा ल्याउने ३ ओटा विद्यालयलाई सुधार गर्न सहयोग | आर्थिक समस्या | |
| | ११ | नमूना विद्यालय भ्रमण | सबै विद्यालयका प्रअ, स्रोतव्यक्ति लगायतको समूह नमूना विद्यालय गई यसको अनुसरण गर्ने | आर्थिक व्यवस्थापन | |

| कसं | विषय क्षेत्र | मूख्य सवाल | अवसरहरु | चुनौतिहरु | कैफियत |
|---|---|---|---|---|---|
| | १२ | विद्यालयमा हरियाली | हरेक विद्यालय हरियाली युक्त हुने | इच्छाशक्तिको कमी | |
| | १३ | विद्यालय घेरावार | विद्यालय भवन र वातावरण सुरक्षित हुने | आर्थिक व्यवस्थापन | |
| | १४ | स्रोतकेन्द्र सुदृढिकरण | स्रोतकेन्द्र व्यवस्थित हुने र सेवा प्रवाहमा कठिनाइ नहुने | आर्थिक समस्या | |
| | १५ | अभिभावक शिक्षा | अभिभावक शिक्षित हुने | अभिभावको चासो कमी, आर्थिक समस्या, विशेषज्ञको अभाव | |
| | १६ | समूह सुपरिवेक्षण | विद्यालयको वास्तविकता ज्ञात | व्यवस्थापनमा कठिनाइ | |
| | १७ | कार्यालय व्यवस्थापन | व्यवस्थित शिक्षा शाखा हुने, सेवा ग्राहीले समयमै सेवा पाउने | आर्थिक, भौतिक,प्रशासनिक र जनशक्ति | |

## ७. दीर्घकालिन सोच

शिक्षित र सम्बृद्ध रामेछाप नगरपालिका

- प्राविधिक शिक्षा युक्त गौरिशंकर मा वि
- जनशक्ति युक्त र भौतिक रुपले परिपूर्ण स्रोतकेन्द्र
- जनशक्ति युक्त र भौतिक रुपले परिपूर्ण शिक्षा शाखा
- अत्याधुनिक सुविधा सम्पन्न हरियाली युक्त विद्यालयहरु

## ८ लक्ष्य

- आगामी ५ वर्ष भित्र सिकाइ उपलब्धि ७० प्रतिशत पुर्‍याउने
- गौरीशंकर मा वि लाई प्राविधिक शिक्षालयको रुपमा विकास गर्ने

## ९ विषयगत क्षेत्र र सूचकहरु

| कसं | प्रस्तावित कार्यक्रम | वर्तमान अवस्था | ५ वर्षको प्रक्षपणमा आधारित सूचकहरु | सूचक पुष्ट्याइका आधार | जोखिम पक्षहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा | पशुविज्ञानमा एकमात्र विद्यालय साँघुटरमा रहेको रामेछापमा नभएको | गौरिशंकर मा वि मा कृषि विज्ञानको विद्यालय स्थापना | शिक्षक व्यवस्थापन,कक्षा व्यवस्थापन,प्रयोगशाला व्यवस्थापन | जनशक्तिको अभाव,आर्थिक अभाव | |
| २ | अंग्रेजी माध्यमको सिकाइ | नेपाली माध्यमबाट अध्यापन भएको | ७५ प्रतिशत विद्यालयहरुमा अंग्रेजी माध्यमबाट सिकाइ हुने | विद्यालयको सिकाइ | जनशक्ति, शै सामग्री र इच्छाशक्तिको अभाव | |
| ३ | नमूना विद्यालय भ्रमण | नमूना विद्यालयको अवलोकन नभएको | सवै विद्यालयका प्रअ र विव्यसहरुले नमूना विद्यालयको भ्रमण गरी आफ्नो विद्यालयको योजना बनाउने | विद्यालय नमूना विद्यालय वन्ने | आर्थिक,भौतिक, इच्छाशक्ति र कार्यान्वयन | |
| ४ | अतिरिक्त कियाकलाप सञ्चालन | विद्यालयमा सञ्चान भएको | हरेक वर्षमा आधारभूत स्तरीय वडा वडामा र मावि स्तरीय पालिकामा | निर्णय पुस्तिका | भौगोलिक विकटता | |
| ५ | उत्कृष्ट सिउ भएकालाई प्रोत्साहन अनुदान ३ ओटा विद्यालयहरुलाई | नभएको | उत्कृष्ट विद्यालयहुन प्रतिस्पर्धा हुने साथै सिकाइ उपलब्धि बढ्ने | सि उ | | |
| ६ | ICTतालिम | नभएको | तालिम प्राप्त जनशक्ति तयार | हाजिरी र विद्यालयको गतिविधिमा परिवर्तन | हरेक विद्यालयमा कम्प्युटर र जनशक्ति नहुनु | |
| ७ | लेखा व्यवस्थापन तालिम | नभएको | तालिम प्राप्त जनशक्ति तयार हुने र लेखा व्यवस्थित हुने | हाजिरी र विद्यालयको गतिविधिमा परिवर्तन | हरेक विद्यालयमा तालिम प्राप्त जनशक्ति नहुनु | |
| ८ | स्रोतकेन्द्र व्यवस्थापन | नभएको | ल्यापटप,बाइक,प्रोजेक्टर, कार्यालय सहयोगी | सुविधा सम्पन्न र व्यवस्थित स्रोतकेन्द्र | आर्थिक अवस्था | |
| ९ | दरवन्दी मिलान | नभएको | विद्यालय गाभ्ने, आवश्यक ठाउँमा थप्ने,कक्षा घटाउने र वन्द गर्ने | दरवन्दी मिलानका निर्णय र कार्यान्वयन | | |
| १० | समूह सुपरिवेक्षण | नभएको | विद्यालयको वास्तविकता ज्ञात | अभिलेख र व्यवहार परिवर्तन | भौगोलिक कठिनाइ | |
| ११ | न्यून दरवन्दी भएकालाई अनुदान | नभएको | न्यून दरवन्दी भएकालाई अनुदान दिने | शिक्षक नियुक्ति | दरवन्दीको अभाव | |
| १२ | नमूना विद्यालयलाई प्रोत्साहन | नभएको | नमूना २ ओटा विद्यालयलाई प्रोत्साहन | प्रतिवेदन | | |

# अनुसुची ५: रामेछाप नगर र नगर स्वास्थ्य शाखाको सोचपत्र

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यवाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँचलाई नागरिकको मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ।प्रतेकनागरिकलाइ स्वस्थ बनाउन रामेछापनगरपालिकाले स्वास्थ्य क्षेत्रमा लगानी  अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्दै सवैको स्वस्थ जीवन प्रत्याभूत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायित्वलाइ पुरा गर्ने नीति लिइएको छ।साथै महिलाहरुको प्रजनन अधिकार थप सुदृढ गरी सेवाको पहुँच तथा उपभोगमा वृद्धि ल्याउनको लागि विभिन्न नीति तथा कार्यक्रमहरु अवलम्बन गरिने छ।

**क. उपचारात्मक सेवा तथा पूर्वाधार सुधारको  सोच पत्र :**

**१. रामेछाप नगर अस्पताल: एक वर्षे**

क. डिजिटल एक्सरे, अल्टासाउण्ड, इसिजी र मेडिकल ल्यावोरेटरी २४ सै घण्टा सेवा हुने गरि बन्दोबस्त गर्ने

ख. यो बर्ष २५ बेड अस्पतालका लागि स्विकृति लिने ।

ग. आउदो आर्थिक बर्ष भित्र इमर्जेन्सी सिजरियन सेक्सनको ब्यबस्था गर्ने ।

घ. यो बर्ष २ जना अनमी र नर्सलाइ इमर्जेन्सी अब्स्टेटिकसको भिडियो एक्सरेको तालिम दिने ।

ङ यो बर्ष देखि डेन्टलको सेवा सुचारु गर्ने ।

च. हरेक वडाहरुमा चिकित्सक सहितको टोलीले कम्तीमा बर्षमा एक पटक दाँत, आँखा, स्त्रीरोग, पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको स्किनिंग सेवा उपलब्ध गराउने ।

छ. आउदो बर्ष देखि एक जना जीपी, एनेष्थेसिया असिष्टेण्ट, र ओटी नर्सको ब्यबस्था गर्ने ।

**२. साघुँटार हेल्थपोष्ट, १५ बेडको अस्पताल**

क आउदो बर्ष देखि १५ बेडको अस्पताल स्विकृति लिने र एक्सरे, ल्यावोरेटरी र इसिजी सेवाको ब्यबस्था गर्ने

ख. २ जना मेडिकल डाक्टरको दरबन्दि राख्ने, एक जना डाक्टरलाइ यसै बर्ष देखि आलोपालो काजमा खटाउने । आवश्यकता अनुसार कर्मचारीहरुको ब्यबस्था गर्ने ।

**३. बोलंगबोलग हेल्थपोष्ट, ३ बेडको प्राथमिक स्वास्थ्य केन्द्र**

क. आउदो बर्ष भित्र बोलगं बोलंगमा एक चिकित्सक सहित,नर्सहरुको ब्यबस्था गरेर  ३ बेडको प्राथमिक स्वास्थ्य केन्द्रको स्थापना गर्ने ।

ख. सबै हेल्थपोष्टहरुमा सामान्य ल्यावोरेटरी र सामान्य १०० एमएमको एक्सरे सेवा उपलब्ध गराउने र महिनामा एक पटक चिकित्सकहरुको सेवा उपलब्ध गराउने ।

## ४.प्रतिकारात्मक सेवाः

१. अस्पतालहरु सहित सम्पुर्ण नगरको फोहोरको ब्यबस्थापन बैज्ञानिक ढंगले कार्बन उत्सर्जन नगरि गर्न हेल्थकेयर फाउण्डेशनको एक्सपर्टिजको उपयोग गरि योजना तर्जुमा गर्ने ।

२. हरेक बिद्यालय र क्याम्पसमा एक नर्सको ब्यबस्था गर्ने । आधारभुत बिद्यालयहरु, उच्च माध्यमिक र क्याम्पसहरुमा किशोरीहरुका लागि नुहाउने स्थान, रुमाल, साबुन र प्याडहरु निशुल्क बितरण गर्ने ।

## ५.प्राबिधिक शिक्षा

१. रामेछाप जिल्ला तथा छिमेकी सिन्धुली जिल्लाहरुको अस्पतालहरुको उपयोग गरि नर्सिग, अनमी, अहेव कलेजहरुको स्थापना गर्ने ।

## ६. कार्ययोजना तथा आवश्यक साधन स्रोत

| प्रस्तावित कार्यक्रमहरु | प्रस्तावित क्रियाकलापहरु | आवश्यक जनशक्ति र साधन स्रोत | अनुमानित रकम |
|---|---|---|---|
| **क. स्वास्थ्य सेवा पुर्वाधारमा थप गर्ने** | | | |
| १. अस्पताल स्तरोन्नती ( हालको अस्पताललाई) | • Emergency operatin<br>• Digital X-ray | बिशेषज्ञ चिकित्सकको ब्यवस्था | |
| २. अस्पताल स्थापना | साँघुटारमा (१५ शैयासम्मको) | जग्गा र भवनको ब्यवस्था रामेछाप अस्पतालको हालको X-ray मर्मत गरी साँघुटारमा पठाउने | कारण : ब्यापारिक केन्द्र, सडकको सुविधा ओखलढुङ्गालाई समेत सेवा पुग्ने |
| ३. प्राथमिक स्वास्थ्य केन्द्र स्थापना | हिमगंगामा | जग्गा र भवनको ब्यवस्था | कारण : भविष्यको ब्यापारिक केन्द्र, सडकको सुविधा (लिखु करिडोर निर्माण हुदै) ओखलढुङ्गालाई समेत सेवा पुग्ने |
| **ख.स्वास्थ्य सेवा विस्तार** | | | |
| १. बिशेषज्ञ घुम्ती स्वास्थ्य सेवा | वडा नं. १, २ र ३<br>वडा नं. ४ ,५ र ६<br>(प्रत्येक स्वास्थ्य संस्थामा २ दिन हरेक महिना) | डाक्टर १ जना<br>ल्या.टे. १ जना<br>ल्याव सामग्री<br>भिडियो एक्स रे<br>औषधी | ५५०००।मासिक (दै. भ्र.भत्ता) १०००००। १५००००। |
| २. नगर आँखा क्लिनिक स्थापना | नगरभित्र १ वटा | घर, कोठा ब्यवस्था | तिलगंगा आखा अस्पतालसँग समन्वय |
| ३. दन्त सेवा विस्तार | साँघुटार र रामेछाप अस्पताल मा हेर्ने गरी | डेन्टल हाईजेनिस्ट ( करार नियुक्ति) | ३०००००। |

| प्रस्तावित कार्यक्रमहरु | प्रस्तावित क्रियाकलापहरु | आवश्यक जनशक्ति र साधन स्रोत | अनुमानित रकम |
|---|---|---|---|
| ४. Training | X-ray -14days<br>USG- 1 months<br>Dental - 1 month<br>Eye -6 months | HA/AHW<br>Dr./Nurse<br>HA/AHW/ANM<br>HA/AHW/ANM | १५००० ६०००० ६०००० १५०००० |
| ५. फोहोर मैला व्यवस्थापन ( बजार क्षेत्रमा) | वडा नं. ३ साघुटार<br>वडा नं. ६ च्यास्कु<br>वडा नं. ७ भालुखोप | HECAF सँग सह कार्य गर्ने । ( फोहोर प्रशोधन प्रविधि भित्र्याउने) | तत्काललाई फोहोर संकलन गर्ने कन्टेनरको व्यवस्था गर्ने |
| ६. प्रेषण प्रणालीलाई व्यवस्थित बनाउने | EPI/FP/MNH/TB/LEPROSY/MALARIA | कार्यरत कर्मचारीलाई प्रोत्साहन कार्यक्रम ( बार्षिक रुपमा उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत गर्ने) | २०००००/- |
| ७. महिनावारी स्वास्थ्य व्यवस्थापन | प्रत्येक विद्यालयमा mens.period को बेलामा नुहाउनको लागि किशोरीको लागि छुट्टै बाथरुम निःशुल्क प्याड बितरण | वडा अध्यक्ष र स्थानीय स्वास्थ्य संस्था प्रमुख | वडा कार्यालय, विद्यालय र स्थानीय नाफामूलक संघसंस्थाको साझेदारीमा |

## ख. समग्र सेवा सुधारका लागि रणनितिहरु

१. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुच हुनेगरी प्रभावकारी सेवा उपलब्ध गराइने छ ।

२. पोषणयुक्त खानेकुराको वारेमा चेतना बढाउदै पोषण कार्यक्रमलाइ थप प्रभावकारी गराइनेछ ।

३ नवजातशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर र वालमृत्युदरहरुलाई घटाई औषत आयु वढाइनेछ ।

४. स्वास्थ्य पुर्वाधार, औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरिनेछ ।

५. स्वास्थ्य क्षेत्रमा सरकारी, सहकारी तथा गैरसरकारी क्षेत्रको समन्वय एवं सहकार्यलाई बढाइनेछ ।

६. स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रवर्धनात्मक सेवा, उपचारात्मक सेवा, पुनर्स्थापनात्मक र परामर्श सेवाहरु समेतका स्वास्थ्यका कार्यक्रमहरु बनाइनेछ ।

७. स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटिहरुको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीलाई थप प्रभावकारी गराइनेछ ।

८. नसर्ने रोगको प्रकोपको न्युनिकरण लागि स्वास्थ्य प्रवर्धनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरिनेछ ।

**बाल स्वास्थ्य सम्वन्धि नीतिहरु**

१. पुर्णखोप सुनिश्चितता वडा तथा न.पा.को अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थाको हरेक वर्ष समिक्षा गरिनेछ साथै न.पा. खोप दिवस मनाई पुर्ण खोपको अवस्थालाई हरेकवर्ष सुनिश्चित रहेको घोषणा गरिनेछ ।

२. खोप कार्यक्रमलाई थप व्यवस्थित वनाउनको लागि खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिइनेछ ।

३. खोप केन्द्रहरुलाई व्यवस्थित तथा निर्माण गरिनेछ क्रमस खोप केन्द्र भवन निर्माण गरिनेछ ।

४. कोल्डचेन व्यवस्थापनको लागि चाहिने सामाग्री तथा स्थानव्इप यवस्थापन गरिनेछ ।

५. गर्भवति महिलालाई हरेक पटक गर्भ जांच गर्न स्वास्थ्य संस्थामा जांदा २ प्याकेट आयोडिन युक्त नुन वितरण गरिनेछ ।

६. पोषण शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

७. स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर राखिनेछ ।पोषीला खानेकुराको प्रदर्शन गर्ने र स्थानीय स्तरका पोषीला खानेकुराहरुको उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने व्यवस्था मिलाइनेछ ।

८. पांच वर्ष मुनिका वच्चाहरुको उपचार व्यवस्था कार्यक्रमलाई प्रभावकारी वनाइने

छ साथै यस कार्यक्रलाई  प्रभावकारी वनाइने छअनि यस कार्यक्रमलाई व्यवस्थित वनाउन रु पचास हजारर एक लाख जिवन जल तथा समोक्सीलिन रिदका लागि विनियोजन गरिएको छ ।

**परिवार स्वास्थ्य कार्यक्रम**

१. वर्षमा एक पटक संघ तथा प्रदेश स्वास्थ्य निकायसंग समन्वय गरी स्थायी वन्ध्याकरण शिविर संचालन गरिनेछ ।

२. नव विवाहीत दम्पतिहरुको पहिचान गरी आवश्यक साधन छनौटको लागि परामर्श प्रदान गरिनेछ ।

३. सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा ५ वटा साधन डिपो र पिल्स र कण्डमर IUCD र इम्पलान्ट हरुको सेवा प्रदान गर्न आवश्यक पहल गरिने छ ।

४. सेवाग्राही मैत्री प.नि. सेवा प्रदान गरिनेछ ।

५.आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाउन यातायात खर्चको वितरण प्रणालीलाई चुस्त बनाइनेछ ।

६. पुर्ण गर्भवति जांच एंव पुर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई लागू गरिने छयसका लागि म.स्वा.स्व.स स्वास्थ्यकर्मी तथा जनप्रतिनिधीहरु परिचालन गरिनेछ यस अभियानको संयोजक उप( प्रमुखलाई वनाइने छ ।

७. गा.पा.र न.पा. स्तरमा एउटा प्रसुति कुरुवा घरको स्थापना गरी त्यस अवधिमा सुत्केरी र एक जना कुरुवाको खाना खर्चको सोधभर्ना गरिने छ ।यसवाट सुत्केरी हुनु अगावै दिनुपर्ने पूर्व तथा उत्तर प्रसुति सेवालाई प्रदान गर्न तथा सेवा उपभोग वढाउन मद्दत पुग्नेछ ।

८. इच्छाइएको गर्भ, सुरक्षित तथा स्वस्थ गर्भ भन्ने मुल नाराका साथ हरेक गर्भलाई परिवारमा तथा समाजमा उत्सवको रुपमा स्थापित गराउन सामाजिक परिचालन गरिनेछ ।

९. आकस्मिक प्रसुति सेवालाई व्यवस्थित तथा थप जिम्वेवार बनाउन वर्थिङ सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा प्रेशण गर्नुपरेमा लाग्ने एम्वुलेन्स खर्च यस न.पा. वाट स्रोध भर्ना गरिनेछ । ( १०००० दस हजार सम्म)

**१. PMTCT कार्यक्रमलाई निरन्तरता दिइनेछ ।**

**१.१ स्वास्थ्य आमा समूहलाई सुदृढीकरण गर्ने कार्यक्रमहरु राखिने छ ।**

**रोग नियन्त्रण कार्यक्रम**

- समयानुकुल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिनेछरमहामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकारी योजना बनाइ लागू गरिनेछ ।
- सर्ने रोग तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।नसर्ने रोगको रोकथामको लागि पेन प्याकेजलाई थप व्यवस्थित गरिनेछ ।यसलाई आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन न. पा. वाट नै गरिने छ ।
- महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि आर आर टि लाइ तयारी अवस्थामा राखिने छ साथै उक्त कार्यलाइ औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरु तयारी हालतमा राखिने छ ।
- क्षयरोगको नयाँ रोगी पत्ता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी परिक्षण शिविर संचालन गरिनेछ ।
- डट्स विधिवाट उपचारात्मक पद्दतिलाई थप प्रभावकारी बनाउने छ यसमा स्वास्थ्य कर्मीको निगरानीलाई बढाइनेछ ।
- जटिल प्रकारका क्षयरोगहरु (म्चरक्म्च )लाई समयमै पहिचान तथा व्यवस्थापन को लागि पहल गरिने छ ।
- क्षयरोग तथा नसर्ने रोगहरुको समयमै पहिचानको लागि ल्याव सेवाको स्थापना तथा विस्तार गरिने छ ।
- क्षयरोगका विरामिलाई पोषण भत्ताको व्यवस्थापन गरिने छ ।
- कुष्ठरोगका विरामि तथा परिवारका लागि जनचेतनामूलक कार्यक्रम ल्याइनेछ ।

**म.स्वा.स्वं.से. कार्यक्रम**

१. म.स्वा.स्वं.से. हरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिने छ ।

२. वन्चितिकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तता गराउने, स्वास्थ्य आमा समुहलाई थप सुढृडिकरण गराउन म.स्वा.स्वं.से. हरुलाई थप उत्प्रेरित गरिनेछ ।

३. सेवाग्राहीको खोजी गर्ने तथा सेवाग्राहीको निरन्तरताको लागि संचार गर्नको निम्ति विशेषत मातृ तथा वालस्वास्थ्य समन्वयका लागी मोबाईल स्वास्थ्य कार्यक्रम संचालानार्थ म.स्वा.स्वं.से. हरुलाई संचार खर्च वापत प्रति महिना रु २०० का दरले प्रदान गरिनेछ ।

४. ६० वर्ष पुरा भएका तथा अन्य कारणले सेवा प्रदान गर्न कठिन भएका म.स्वा.स्वं.से. हरुलाई स (सम्मान विदाइ कार्यक्रम राखिनेछ ।

**स्वास्थ्य संस्थाको फोहोर मैला व्यवस्थापन तथा गुणस्तर सुधार कार्यक्रम**

१.स्वास्थ्य संस्थावाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापनका लागि स्वास्थ्य सेवा विभाग स्वास्थ्य मन्त्रालयको निर्देशिकाको पालना गरिनेछ ।

२.स्वास्थ्य संस्थाको सरसफाइलाई विशेष जोड दिइने छगा.पा.र न.पा. अन्तर्गतका स्वास्थ्य संस्थाहरुको सरसफाइको नियमित अनुगमन गरी उत्कृष्ट सरसफाइ गर्ने संस्था तथा का.स. हरुलाई पुरस्कृत गरिने छ ।

३.हरेक स्वास्थ्य संस्थामा गुणस्तर सुधार समिति गठन गरिनेछ रगुणस्तर सुधारका कार्यक्रमहरु लागू गरिनेछ ।

४. फोहोरमैला व्यवस्थापन तथा गुणस्तर सुधारका लागि आवश्यक पर्ने उपकरण तथा सामाग्रीहरुको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।

५.वर्थिङ सेन्टरहरुमा प्लासेन्टा पिट तथा फोहोर व्यवस्थापन गर्न खाडलहरुको निर्माण अनिवार्य गरिने छ ।

६. स्वास्थ्य संस्थाहरुको मर्मत संभार तथा खानेपानीको व्यवस्थापनको लागि यथेस्ट वजेटको व्यवस्था गरिने छ ।

७. गुणस्तरको स्वमूल्याङ्कन गरी उपभोक्ताको सुन्तुष्टीमा वृद्दि ल्याउने क्रियाकलाप संचालन गरिने छ ।

स्वास्थ्य पुर्वाधार सेवामा सर्वव्यापी पहुंच वृद्धि गर्नको लागि यस न.पा. अन्तरर्गतका वडा स्वास्थ्य संस्था संस्थापना गर्नको निम्ति कम्तिमा ४ रोपनी तत् तत् स्थापनामा जग्गाको व्यवस्थापन गरिनेछ साथै यसको भवन निर्माणको लागि प्राप्त हुने वजेटमा समपुरक वजेटको व्यवस्था समेत गरिनेछ ।

२. यसरी हरेक वडामा स्वास्थ्य संस्था संस्थापना गर्दा पनि सेवाको मुलधारमा आउन नसकेका समुदायलाई आधारमूत स्वास्थ्य प्रदान गर्नको निम्ति स्थानिय स्रोतमा सामुदायिक स्वास्थ्य इकाइको स्थापना गरिने छ ।

३. हरेक गा.पा.रन.पा. मा १५ शैया को अस्पताल स्थापना गर्ने राष्ट्रिय नीति अनुसार सो को स्थापनार्थ आवश्यक पर्ने १२ रोपनी वा जनसंख्याको आधारमा सो भन्दा वढी को जग्गा यसै वर्षमा व्यवस्थापन गरिनेछ ।

**स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली**

स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाइ प्रभावकारी वनाउन निम्न नीति तथा कार्यक्रमहरु अवलम्बन गरिनेछ ।

- स्वास्थ्य संस्थाहरुवाट गरिने मासिक प्रतिवेदन पद्दतिलाई निरन्तरता दिइने छ ।
- म.स्वा.स्वं.से हरुको मासिक समिक्षालाई प्रभावकारी वनाइने छ साथै नियमानुसार उत्प्रेरणा गरिनेछ ।
- स्वास्थ्य संस्था प्रमुखहरुको मासिक वैठक तथा समिक्षालाई निरन्तरता दिइने छ ।
- मासिक अनलाइन तथ्याङ्क प्रवेष्टीकरण को लागि आवश्यक पर्ने इन्टनेट सेवालाई उपलब्ध गराइने छ ।
- स्वास्थ्य सेवाहरुको रेकडिङ तथा रिपोर्टिङको लागि आवश्यक पर्ने फाराम रजिष्टर पाइकमा लागि यथोचित वजेट व्यवस्थापन गरिने छ ।
- स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण कार्यलाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य संस्थाहरुको तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्दि वा तालिम गर्नका लागि स्वास्थ्य संस्था मै कोचिङको लागि सम्वन्धित निकायहरुसंग समन्वय गरिने छ ।
- रेकडिङ रिपोटिङ कार्यमा संम्लग्न स्वास्थ्य कर्मिलाई म्जक्ष्क2 को तालिमको लागि प्रवन्ध मिलाइने छ ।

**सामाजिक सुरक्षा कार्यक्रम**

- राष्ट्रिय विमा कार्यक्रमलाई प्रसार प्रसार गरी थप प्रभावकारी बनाइने छ ।
- विमितहरुको संख्या वृद्दि गर्ने खालका समुदायस्तरमा क्रियाकलापहरु संचालन गरिनेछ । घरदैलो कार्यक्रम, विमा दर्ता शिविरहरु)
- गरीवीको परिचय पत्र प्राप्त गर्न नसकेका विपन्न नागरीकहरुको विमाको लागि गा.पा.र न.पा. को तर्फवाट विमित गर्ने व्यवस्था मिलाइनेछ ।
- विमितहरुको नियमित नवीकरणको लागि प्रोत्साहित गरिने छ ।

**स्वास्थ्य शिक्षा र व्यवहार**

- समयानुकुल प्रभाव पार्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि रेडियो पत्र पत्रिकाहरुमा सन्देश प्रवाहित गरिनेछ ।
- स्थानीय स्तरमा हुने विशेष मेला तथा महोत्सवहरुमा स्वास्थ्य शिक्षा प्रवर्धन गर्ने क्रियाकलापलाइ संचालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा कर्नरको अनिवार्यता गरिने छ ।
- किशोर किशोरीहरु संग स्वास्थ्यकर्मी हरुको अन्तरकृया नियमित गरिनेछ ।
- सम्पुर्ण स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्रि वनाइने छ ।
- माध्यामिक शिक्षामा प्रजनन स्वास्थ्य का विषयहरुको कक्षा स्वास्थ्यकर्मी वाट गरिनेछ ।यसका लागि स्वास्थ्यकर्मी लाई उत्प्रेरीत गरिनेछ ।खाजा खर्च व्यवस्थापन गरिने छ ।
- समय समयमा स्वास्थ्यका विभिन्न विषयहरुमा सडक नाटक, दोहोरी गित, वक्तृत्वकला जस्ता प्रतियोगिता संचालन गरिने छ ।

- स्वास्थ्यका महत्वपुर्ण दिवसहरु म.स्वा.से दिवस, एड्स दिवस, विश्व स्वास्थ्य दिवस, क्षयरोग दिवस, धुम्रपान विरुद्धको दिवस लाई अवसरको रुपमा मनाइने छ ।
- सुर्तिजन्य पदार्थको नियमन ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरिने छ । साथै यसका लागि वजार अनुगमनलाइ नियमित र प्रभावकारी गरिने छ ।
- निशुल्क औषधि तथा भण्डारण कार्यक्रम
- औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरुको भण्डारणको लागि अत्याधुनिक भण्डारण कक्षको निर्माण कार्य शुरु गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा तथा वर्थिङ सेन्टरहरुको औजार उपकरणको खरीद तथा व्यवस्थापनको लागि उचित वजेट व्यवस्थापन गरिने छ ।
- आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निशुल्क औषधिहरुको उपलब्धतालाई सुनिश्चित गरिने छ । यसका लागि संघ, प्रदेश तथा अन्य निकायसंग समन्वय गरीनेछ।निशुल्क औषधि को लागि थप रकम विनियोजन गरिनेछ ।
- न.पा. वाडर स्वास्थ्य संस्थाहरुमा औषधि तथा अन्य सामाग्रीहरुको दुवानी व्यवस्था मिलाइनेछ साथै केन्द्र तथा प्रदेशवाट जिल्ला मार्फत प्राप्त हुन आउने औषधिहरुको समेत ढुवानीको व्यवस्था मिलाइनेछ ।

## राष्ट्रिय यौन तथा एड्स नियन्त्रण  कार्यक्रम

- प्रारम्भिक जाँचमा शंकास्पद देखिएका बिरामीहरूलाई सुनिश्चित गरिने जाँचको सेवा पाईने स्थान सम्म जानको लागी यातयात खर्चको ब्यबस्थापनको लागि पहल गरिने छ ।
- PLHIV हरूलाई उपचार केन्द्र (ART site) सम्म जान यातयात खर्चको  व्यवस्था गरिने छ ।
- एच.आई.भि. प्रभावित बच्चाहरूको पोषण तथा शिक्षाको लागी मासिक १ हजार रूपैया प्रदान गरिने क्रियाकलापलाई निरन्तरता दिईनेछ ।

## जनसंख्या नीति

- विद्यमान आर्थिक, सामाजिक तथा लैङ्गिक असमानतावाट जनसंख्याको वृद्धि, संरचना, वितरण तथा वसाइसराई जस्ता जनसंख्या सम्वन्धि परिसूचकहरुको प्रभावलाई मध्येनजर गरि नीति तय गरिनेछ ।
- प्रजनन दर र मृत्युदरको अध्ययन गरिनेछ ।
- मातृ र शिशु मृत्युदर घटाइनेछ ।
- जेष्ठ नागरिकको रेखदेख, उपचार र सामाजिक सुरक्षा तथा यूवा जनशक्तिको वैदेशिक पलायनको उचित व्यवस्थापन अध्यान गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गरिनेछ ।
- जनसंख्याको असमान वितरण,  आन्तरिक र वाह्य वसाइसराईको असर मूल्याङ्कन गरिनेछ ।
- लैङ्गिक असमानताको अध्यान गरिनेछ ।
- विद्यालय स्तरमा किशोर किशोरी साथि शिक्षा तथा यौन शिक्षा कार्यक्रम लागु गरिनेछ ।
- जनसंख्या पार्श्वचित्र (Population Profile) तयार गरी जनसंख्याका आधारमा योजना तर्जुमा गरिनेछ ।

**अन्य**

- खानेपानी मुहान शुदृढीकरण तथा मुहानको संकलन केन्द्रको सुरक्षा गरी खानेपानीको गुणस्तर सुधार गरिने छ।
- आवश्यकता अनुसार मासिक तथा त्रैमासिक रुपमा खानेपानीको गुणस्तर सुधारकमा लागि  खा.पा. उपभोक्ता समितिलाई थप जवाफदेही वनाइने छ।
- जडिवुटि प्रशोधन केन्द्रको स्थापना गरिने छसाथै आयुर्वेद सेवालाइ थप व्यवस्थित एवं विस्तार गरिने छ।
- स्वास्थ्य क्षेत्र एक वहुआयामिक क्षेत्र भएको हुदा हरेक विषयगत नीतिहरुमा स्वास्थ्यका लक्ष्यहरु हासिल हुनसक्ने नीतिहरु अवलम्बन गरिने छ।
- स्वस्थ घर,  स्वस्थ गांउ तथा स्वस्थ नगर जस्ता अभियानहरु संचालन गरिनेछ।

## अनुसुची ६: नगरको विभिन्न हावापानी र भुगोल अनुसारको भु उपयोग सोचपत्र

नगर भित्रको वर्तमान भू उपयोगको अवस्था विश्लेषण गर्दा करीव ३८ प्रतिशत खेती गरेको जमिन ६० प्रतिशत वन क्षेत्र,१ प्रतिशत भिरपाखा र १ प्रतिशत वस्ती रहेको देखिन्छ। खेती गरीरहेको जमिन मध्ये ३८.१ प्रतिशत मध्ये ३ प्रतिशत खेत, ३१ प्रतिशत वारी र ४ प्रतिशत खेतिगर्न छाडेको वाँझो जग्गा देखिन्छ।

### क. सुनकोशी र लिखु नदी किनारका टार बेसीहरुः

नगरको दक्षिण र पुर्वी भागबाट बग्ने सुनकोशी र लिखु नदी किनारका टार बेसीहरु वलिस्टार, देउराली खोला, फेमेटार, पाम्तीबेसी, गाङटार, गिजनटार, फोन्द्री दोभान, हाडेतार, विर्तांटार, हर्दीनी घाट, धनेघाट लगायतका क्षेत्रहरुमा पुर्ण रुपमा सिचाइ पुर्याइ तीन बाली लगाएर अन्न भण्डारको विकास गरी खाद्यान्न वालीको श्रोत केन्द्र विकास गर्ने छ। यसको लागी वीउ मल प्रविधिको व्यवस्थापन,कृषि यान्त्रीकरण गर्न तर्फ नगरले ध्यान दिने छ।।यस्ता क्षेत्रमा निम्न बमोजिम भू उपयोग गर्न प्रोत्साहित गरिने छ :

१. खाद्यान्नबालीःधान,गहु,मकै
२. तरकारीबालीःलौका,करेला,फर्सी,काको,काउली बन्दा,खुर्सानी
३. मसलाबाली :लसुन,प्याज,खुर्सानी
४. फलफुलबालीःअम्बा,आटी,आप,लिचि,भूइकटहर,रुख कटहर,एभोकाडो
५. कृषि वन बाली :कोइरालो,टाकी,ईपील,किम्बु,,सैजुन(सितल चिनी)
६. तेलहन वालीः तोरी
७. मत्स्यपालन
८.पशुपालनःभैसीपालन, दुग्धजन्य पदार्थ

### ख. मध्य पडाडी क्षेत्र, पहाडी कछाड, दक्षिणी मोहडा,खुख्खा क्षेत्रमा

नगरको (६३३९ हे) ३१ प्रतिशत भिरालो वारीमा वर्षासंगै भू क्षय हुने भएकोले खेतिवारी संरक्षण गर्ने विशेष प्रविधि सहित खाद्यान वाली विशेषगरी (मकै पकेट क्षेत्र) दलहनवाली (गेडागुडी) फलफुलवाली - हावापानी अनुसार उत्तरी मोहडाको ओसिलो क्षेत्रमा जुनार,सुन्तला कागती खुर्पानी र दक्षिण मोहडाको सुख्खा गर्मी क्षेत्रको लागी, (आँप लिची कटहर अम्वा अनार कफी) को संभावना देखिन्छ।यो क्षेत्रको लागि उपयोगी बालीहरु निम्न देखिन्छ :

### १. दक्षिणी मोहडा र खुख्खा क्षेत्रको निजी जग्गा जमीनको लागि

- खाद्यान्नबाली : मलीलो ठाउमा मकै पाकेट क्षेत्र तर रुखो ठाउहरुमा परम्परागत कागुनो,जुनेलो जस्ता लोपोन्मुख बाली जोगाउने
- दलहन वाली : गहत,सिमी,बोडी,रहरी
- नगदेवाली : कपास,सुर्ति,सैजुन, बदाम
- तेलहन वाली : तील,आलस
- तरकारीबाली : लौका,करेला,फर्सी,काको,खुर्सानी,आलु
- मसलाबाली : लसुन,प्याज,खुर्सानी

- फलफुलबाली : आप,भूइकटहर,रुख कटहर,आटी
- कृषि वन बाली संभाब्य समिश्रण ईपील, किम्बु, सिसौ, बकाइनो, टाकी, कोइरालो, मेवा, केरा, कफी, रुख कपास, पिडालु, तरुल, सिमल तरुल, उखु, भूइकटहरु, सैजुन, नेपीयर घास, एन वि २१ घास,
- पशुपालन :उन्नत बाखापालन,गाई गोरु पालन,

**जलवायु**

पर्माचल्चर अर्गानिक उत्पादन र बजारीकरण

**२. उत्तरी मोहडाका लागि**

१. खाद्यान्नबाली:मकै पाकेट क्षेत्रका साथै कोदो,फापर समेत

२. दलहन वाली:सिमी,बोडी,

३. तेलहन वाली तोरी,सुर्यमुखी,सर्स्यू

४.नगदेवाली ।मसलाबाली :पीडालु,अदुवा,बेसार,अलैची

४.तरकारीबाली : हरियो सागपात,काउली,बन्दा,मुला,खुर्सानी,आलु,स्कुश,करेला,बरेला,

५.फलफुलबाली: सून्तलाजात फलफुल(जुनार,कागती,निवुवा,भोगटे),आरु,ओखर,खुर्पानी,किवीफल

७. कृषि वन बाली संभाब्य समिश्रण : उपयोगी डालेघास कोइरालो, टाकी, राइ खन्यु ,पैयु, गजुमा, ईपील, किम्बु, टाकी, कोइरालो, नेपीएर, मोलासेस, भेटीभर, एन वि २१ घास

८. पर्माचल्चर,अर्गानिक उत्पादन र बजारीकरण

**३. दिगो भू ब्यावस्थापन र अर्गानिक उत्पादन**

कृषि उत्पालनलाई विषादी मुक्त राखी अर्गानिक उत्पादनमा जोड दिइने र सो का लागि निम्न बमोजिमका उपायहरु अपनाई दिगो भू ब्यावस्थापन गरिने छ।






## ४. वन अनुसारको व्यावस्थापन

### वन बुट्यान क्षेत्र

बुट्यानक्षेत्रलाई पशुपालनको लागी आवश्यक पर्ने घाँस र डालेघाँसको उत्पादन क्षेत्र वनाइ पशुपालन मार्फत दुध  र मासुमा आत्म निर्भर हुदै आय र रोजगारी वढाउने अवसर रहेको छ। घाँस चरण क्षेत्रमा घुम्ती चरीचरण गरी पोषिलो जातका घाँसहरुको उत्पादन वढाउने अवसर देखिन्छ । वर्षभरीमा चैत्र वैसाख जेठ जस्ता खडेरी लाग्ने महिनाहरुमा पनि धेर थोर वर्षा भइरहेको देखिएकोले सुख्खा खडेरीवाट वच्न सो समयमा परेको पानी संकलन र सदुपयोग गर्न घरमा, खेतवारी ,वन जंगल समेतमा पानी संकलन गर्ने ट्याँकी पोखरी कुलोहरु निर्माण गरी वातावरण सुधार गर्ने संभावना रहेको छ । त्यसको लागि बहुमुल्य,बहुउपयोगी घास,रुख बोट विरुवाको बृक्षारोपन गर्ने र भएको उपयोगी वन वनस्पतीलाई छनौट गरी हुर्काउने ।यस्ता क्षेत्रमा निजी क्षेत्रको सहभागीता र साझेदारिता पनी बढाउन सकिन्छ । जस्तैः

- खुख्खाग्रस्त क्षेत्र पुनरुत्थान रणनीति अन्तर्गत वन बुट्यान क्षेत्रको लागि तोकिएका जल संरक्षणका कार्यहरु गर्ने ।
- पानी परेको बेला पहाडी श्रृंखालामा सिधै नठोकियोस भनेर भुँईमा हरियो तह घासेबालीमा कुश,बावियो,स्टाईलो,मोलासेस,बास गलाउने
- त्यसैगरि, उष्ण र उपोष्ण हावापानिमा हुने स्थानिय र उन्नत जातको बयर,आटीहरुलाई विस्तार गर्ने ।
- आकसवाट पर्ने पानिको शक्तिलाइ सिधै जमिनमा पर्न नदिन बयरका झाँङले राम्रो काम गर्दछ ।

- कतिपय खोल्सी र चिस्यान भएको  तल्लो स्थानमा सविवन अर्थात सितल चिनी रोपण गरेर पनि आय आर्जन गर्न सकिन्छ । सितल चिनीको मून्टा पोषिलो तरकारी हो, कोषा पोषीलो दाना हो, घास पोषिलो हुन्छ भने यसको फुल र जरामा समेत औषधिय गुण हुन्छ
- त्यसै गरी आयुर्वेदिक औषधीको प्रमुख बनस्पती नीम पनी यस्तै रुखो सुख्खा क्षेत्रमा हून्छ।
- बहुमुल्य बनस्पती हर्रो बर्रो अमला, खयर, चिउरी, फरिन, लामपाते, टुनी लगाई औषधी, काठ, मादल, मौरीघारको लागी आबश्यक वन पैदावार उत्पादन गर्ने ।

**वाँझो वारी र निजी वन**

नगरभित्र (८०७ हे)५ प्रतिशत खेति गर्न छाडेको वाँझो वारीमा सम्वन्धीत जग्गा धनिलाइ खेतिगर्न लगाउने वा नगर्ने भएमा सहकारी वा व्यक्तीलाइ भाडामा दिने व्यवस्था मिलाउन सकिन्छ ।

**वन क्षेत्र**

त्यसैगरी कुल भू भागको ६० प्रतिशत वन क्षेत्रले ढाकेकोमा १३ (२६२१हे.)प्रतिशत घना वन १६ प्रतिशत पातलो वन(३३१३) ,३० प्रतिशत वुट्यान क्षेत्र (५९१९) र १ प्रतिशत ३७ हे.चरण क्षेत्र देखिन्छ । वनक्षेत्रलाई वैज्ञानिक वन व्यवस्थापन गरी नगरवासीको लागी आवश्यक पर्ने काठ दाउरा फर्निचरको लागी आवश्यक पर्ने काठ को आपुर्तिमा आत्म निर्भर वनाउने संभावना रहेको छ । घना वन मध्ये आधाजस्तो वन क्षेत्रमा सल्लाको वन रहेकोले खोटो संकलन मार्फत आय र रोजगारी वनाउन सकिने त्यसै गरी १६ प्रतिशत पातलो वनलाई सम्वन्धी निकायको सहकार्यमा घना वन बनाउने अवसर रहेको छ ।

**पानी मुहान क्षेत्रको वन**

पानी मुहान वरीपरिका सल्लाको वनलाइ चोडापातेमा रुपान्तरण गर्ने ।

# अनुसूची ७: एकीकृत वस्ती विकास योजना अवधारणा

वस्ती एउटा मानव निर्मित वातावरण हो, जहाँ मानिसहरु बास बस्छन्, आर्जित सम्पत्तिको भण्डारण गर्छन् र अन्य जीवन सुरक्षित कामहरु गर्दछन् ।नगरको झन्डै ९७% भन्दा बढी भूभाग पहाडी भिरालो क्षेत्रले ओगटेको छ । जुन जटिल र गतिशिल भौगर्भिक धरातल भएकाले अत्यन्त अस्थिर रहेको छ । झन्डै ४०% जनसंख्या समेट्ने वस्तीहरु पहाडी भूभागको भिरालो पाखा, डाँडा, खाल, पुराना बगर क्षेत्र, पुराना पहिरोहरुले थुपारेका स्थानहरुमा रहेका देखिन्छन् । यस्ता धेरै वस्तीहरु भूकम्प र बाढी पहिरोको दृष्टिले जोखिमपूर्ण रहेका छन् ।

२०७२ सालको महाभूकम्पले पुर्याएको क्षति र प्रत्येक वर्ष बाढीपहिरोले पुर्याउने जनधनको नोक्सानीले समेत नेपालका धेरैजसो वस्तीहरु जोखिममा रहेको प्रष्ट हुन्छ । बढ्दो जनसंख्या, अव्यवस्थित शहरीकरण र आवश्यक इन्जिनीयरिङ प्रक्रिया विना गरिएका भौतिक पूर्वाधारहरुको विस्तारले वस्तीहरु अझ बढी जोखिमपूर्ण हुँदै गएकाछन् ।छरिएर रहेका ग्रामीण वस्ती संरचनामा स्थान अनूकुलता अनुसार फेरबदल गरी सुविधा सम्पन्न, सुरक्षित र समृद्ध मानव वस्ती बनाउन वस्ती स्वयं विकासको मुख्य साधन (Instrument) बन्नु आवश्यक छ ।विकासको विद्यमान चुनौती सामना र नयाँ अवसरको प्रयोग गर्न विकास योजनाको स्थलीय आधार (Spatial base), सहभागितामुलक विकास पद्धति, विकास निर्माणका उपलब्धि र प्रकृयामा स्थानीय समुदायको स्वामित्व विकास गर्दै विकास निर्माणमा खर्चिएको लगानीलाई मितव्ययी एवं उपलब्धिपूर्ण बनाउन, सरकारी सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा योजना तलबाट (Planning from Bottom)र विकास भित्रबाट (Development from Within) भन्ने आधुनिक एवं वैज्ञानिक विकास अवधारणालाई कार्यान्वयन गर्न एकीकृत वस्ती विकास एउटा कोशेढुङ्गा सावित हुनसक्दछ ।



## अबको आवश्यकता: एकीकृत वस्ती विकास




**एकीकृत वस्ती विकास योजनाका फाइदाहरु**

- पुर्वाधार तथा सेवा सुबिधा पुर्याउन सहज हुने
- पुर्वाधार विकासमा कम खर्च हुने
- जनताले सेवा सुबिधा सहज प्राप्त गर्नसक्ने
- शहरी योजना तयार गर्न सहज हुने

## रामेछापमा एकीकृत वस्ती विकासका लागि स्थान छनौट विधि



# सन्दर्भ सामग्री


1. नेपालको संविधान, २०७२
2. जिल्ला विकास समिति रामेछापको वार्षिक जिल्ला विकास योजना, २०७२
3. रामेछाप जिल्लाको आवधिक जिल्ला विकास योजना, २०६९
4. चौधौं योजना, राष्ट्रिय योजना आयोग, २०७३
5. वनक्षेत्रको अनुगमन तथा मूल्यांकन रणनीति, २०७३
6. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
7. रामेछाप नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५
8. रामेछाप नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४
9. रामेछाप नगरपालिको स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५
10. रामेछाप नगरपालिकाको सहकारी ऐन, २०७४
11. रामेछाप नगरपालिकाको शिक्षा ऐन, २०७५
12. रामेछाप नगरपालिकाको आर्थिक ऐन, २०७४
13. रामेछाप नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को बजेट तथा कार्यक्रम
14. गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७४
15. स्थानीय तहको वार्षिक योजनातथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
16. स्थानीय सरकार सञ्चालन ऐन,२०७४
17. गाउँपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका, २०७४
18. Geographical Coding of States, Districts and Local units : NPC/CBS, 2017
19. NEPAL Multidimensional Poverty Index, 2018: National Planning Commission
20. A study on Foreign Aid Mobilization in Federal Nepal, Dec. 2017: Ministry of Finance
21. सार्वजनिक खरिद ऐन,२०६३
22. सार्वजनिक खरिद नियमावली, २०६४
23. आर्थिक वर्ष २०७४/०७५को बजेट वक्तव्य, २०७५: अर्थ मन्त्रालय
24. राजस्व परामर्श समितिको प्रतिवेदन,२०७४: अर्थ मन्त्रालय
25. अन्तर सरकारी वित्तीय हस्तान्तरण, आर्थिक वर्ष २०७५/०७६: अर्थ मन्त्रालय २०७५
26. कार्य सञ्चालन निर्देशिका, २०७३: अर्थ मन्त्रालय
27. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४
28. आर्थिक वर्ष २०७५/०७६ का लागि प्रदेश सरकारबाट स्थानीय तहमा हुने सावरी साधन कर बाँडफाँटम्बन्धी सिफारिस, २०७५: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
29. आर्थिक सर्वेक्षण २०७४/०७५: अर्थ मन्त्रालय
30. दिगो विकास लक्ष्य २०३०: राष्ट्रिय योजना आयोग २०७३



रामेछाप नगर कार्यपालिकाको पदाधिकारीज्यूहरु